हाम्रो गौरव, राष्ट्रको पत्रिका

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित,
बहुभाषी राष्ट्रिय दैनिक

# गोरखापत्र

gorkhapatraonline.com

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।




राष्ट्रिय संस्करण | विचार | पर्यटनबाटै अर्थतन्त्रको विकास | 'आगामी वर्षको राजस्व सङ्कलनको लक्ष्य सन्तुलित' १८

वर्ष १२४ | अङ्क ३२ | २०८१ साल जेठ २४ गते बिहीबार | ज्येष्ठ कृष्ण औँसी | नेपाल संवत् ११४४ बछलागा १५ | 2024 June 6 Thursday | पृष्ठ : १२+४+४ | मूल्य : दस रुपियाँ

# 'वर्तमान संविधानबाटै समाजवाद'

- संविधान र गणतन्त्र संस्थागत गर्न हामीले नेतृत्व लिनैपर्ने थियो, लिएका छौँ । अहिलेको अवस्थामा समाजवादसम्म पुग्न र पार्टी रूपान्तरणका लागि पनि सरकारको नेतृत्व जरुरी छ ।
- पाँच लाख प्रत्यक्ष र १० लाख परोक्ष रोजगारीको व्यवस्था गर्ने योजना छ । गण्डकी त्रिभुजमार्फत चितवन, पोखरा र बुटवललाई जोडेर समृद्धिको खाका बनेको छ ।




तस्बिर : फडिन्द्र अधिकारी

**प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेकपा (माओवादी केन्द्र) गण्डकी प्रदेश समितिले बुधबार पोखरामा आयोजना गरेको कार्यक्रममा सम्बोधन गर्नुहुँदै ।**

**फडिन्द्र अधिकारी**
*लेखनाथ, जेठ २३ गते*

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले वर्तमान संविधानबाट समाजवादसम्म पुग्न सकिने र यही संविधानको जगमा समृद्धि हासिल हुने बताउनुभएको छ।

नेकपा (माओवादी केन्द्र) गण्डकी प्रदेश समितिले बुधबार आयोजना गरेको कार्यक्रममा प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र) का अध्यक्ष प्रचण्डले भन्नुभयो, "संविधान र गणतन्त्र संस्थागत गर्न हामीले नेतृत्व लिनैपर्ने थियो, लिएका छौँ । अहिलेको अवस्थामा समाजवादसम्म पुग्न र पार्टी रूपान्तरणका लागि पनि सरकारको नेतृत्व जरुरी छ।"

नेपाली कांग्रेससँगको सहकार्य वैचारिक, राजनीतिक तवरले पनि कठिन भएकाले गठबन्धन परिवर्तन गर्नुपरेको चर्चा गर्दै उहाँले केही खास परिस्थितिमा कम्युनिस्ट र कांग्रेसबिच सहकार्य भएको र उपलब्धिहरूसमेत हासिल भएको बताउनुभयो। उहाँले भन्नुभयो, "कम्युनिस्ट र कांग्रेस नेपालमा मिलिरहने धार होइनन्। दीर्घकालीन मोर्चा बनाएर जान कांग्रेस वा कम्युनिस्टले विचार छाड्नु पर्छ। अहिले प्रदेशहरूमा नयाँ सरकार बनाउन कठिनाइ देखिएकोतर्फ इङ्गित गर्दै उहाँले मधेशमा अब सत्ता गठबन्धनकै सरकार बन्ने बताउनुभयो। गण्डकीमा स्थिर सरकारका लागि पहल भइरहेको उहाँको भनाइ छ। "यहाँ (गण्डकी प्रदेशमा) पनि कसरी राजनीतिक पहल लिन सकिन्छ भनी बल गरेकै छौँ। यहाँको गणितका कारण केही अप्ठेरो भएको हो," उहाँले भन्नुभयो।

कूटनीतिक जगत्मा आफ्नो नेतृत्वको सरकारले ठुलो उपलब्धि हासिल गरेको भन्दै उहाँले अन्तर्राष्ट्रिय मञ्चमा नेपालको उपस्थिति अनिवार्य बनेको र नेपाल जलवायु परिवर्तनको क्षेत्रमा विश्वकै अगुवा ठहरिएको स्पष्ट पार्नुभयो।

सरकारको नीति तथा कार्यक्रम र बजेट सन्तुलित र जनताको पक्षमा रहेको चर्चा गर्दै प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, "पाँच लाख प्रत्यक्ष र १० लाख अप्रत्यक्ष रोजगारीको व्यवस्था गर्ने योजना छ। गण्डकी त्रिभुजमार्फत चितवन, पोखरा र बुटवललाई जोडेर समृद्धिको खाका बनेको छ।"

उहाँले माओवादीमा विभिन्न समस्या रहेको जानकारी दिँदै ती समस्या सुल्झाएर क्रान्तिको नेतृत्व गर्नैपर्ने कार्यभार पूरा गर्न नेता, कार्यकर्तालाई निर्देशन दिनुभयो । माओवादी केन्द्र एकढिक्का भए आफू नेतृत्वको सरकार नै संसद्को बाँकी कार्यकालभरि रहने उहाँले उल्लेख गर्नुभयो।

कार्यक्रममा उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले नेपाली क्रान्तिको अहिलेको बाटो शान्तिपूर्ण भएको धारणा व्यक्त गर्नुभयो। उहाँले शान्तिपूर्ण बाटोमा बारम्बार अवरोध आए जनताले आफ्नो अग्रगामी विकल्प आफैँ रोज्ने बताउनुभयो । उहाँले भन्नुभयो, "सबै कम्युनिस्ट क्रान्तिकारीलाई एकताबद्ध बनाउँदै समाजवादको दिशामा जानै पर्छ। अवरोध भए जनताले जुन बाटो पनि लिन सक्छन्।"

माओवादी केन्द्रका महासचिव देवप्रसाद गुरुङले माओवादीकै नेतृत्वमा कम्युनिस्ट र गैरकम्युनिस्टलाई समेत समेटेर क्रान्ति पूरा गर्न सकिने बताउनुभयो । उहाँले गैरकम्युनिस्टहरू पनि समाजवादमा सहमत भएको अवस्थामा राज्यसत्ताकै माध्यमबाट लक्ष्यमा पुग्न सकिने उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "अब समाजवादको यात्रामा नजाने हो भने कम्युनिस्ट आन्दोलन विसर्जन र विघटनको दिशामा जान सक्ने जोखिमसमेत छ।"

### दक्ष जनशक्ति उत्पादनमा ध्यान दिन आग्रह

यसैबिच पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको सातौँ सभालाई बुधबार सम्बोधन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले पोखरा मेडिकल कलेज सञ्चालनमा आएपछि प्रतिष्ठान चिकित्सा शिक्षाका लागि मुलुककै सबल र भरपर्दो संस्थाका रूपमा विकास हुने विश्वास व्यक्त गर्नुभयो। उहाँले आगामी आर्थिक वर्षदेखि एमबिबिएस तहमा अध्ययन अध्यापन गराउने प्रतिष्ठानको उद्देश्य पूरा भएकाले व्यवस्थित कार्यतालिकासहित प्रतिष्ठानका कामहरू अगाडि बढाउन निर्देशन दिनुभयो।

प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, "चिकित्सा शिक्षाको स्नातकोत्तर तह सञ्चालनमा आएपछि यस प्रतिष्ठान चिकित्सा शिक्षाका लागि मुलुककै सबल र भरपर्दो संस्थाका रूपमा विकास हुने सरकारको अपेक्षा छ। आगामी आर्थिक वर्षदेखि एमबिबिएस तहमा अध्ययन अध्यापन गराउने प्रतिष्ठानको उद्देश्य पूरा भएकाले व्यवस्थित कार्यतालिकासहित प्रतिष्ठानका काम अगाडि बढाउने छ।" उहाँले भरपर्दो र गुणस्तरीय स्वास्थ्य सेवा र समग्र देशकै लागि दक्ष चिकित्सक उत्पादनमा यस प्रतिष्ठानले निर्वाह गरेको भूमिका सबै प्रतिष्ठानका लागि समेत अनुकरणीय रहेको बताउनुभयो । प्रतिष्ठानको विकास, विस्तार र उन्नयनलाई सरकारले उच्च प्राथमिकतामा राखेको भन्दै उहाँले अर्थतन्त्रमा विद्यमान दबाब र स्रोत विनियोजनमा देखिएको सङ्कुचनकाबिच पनि सरकारले प्रतिष्ठानको विकास र सेवा विस्तारमा प्राथमिकता दिएको उल्लेख गर्नुभयो।

## मनसुनजन्य विपत्को जोखिम
# उच्च सतर्कता अपनाउन आवश्यक

जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भएर ६.४ म्याग्निच्युडको भूकम्प गएपछि जाजरकोट र रुकुम आसपासका पहाड कमजोर बनेका छन् ।

**चाँदनी हमाल**
*काठमाडौँ, जेठ २३ गते*

यो वर्षको मनसुन नेपाल भित्रिन करिब एक साता मात्र बाँकी छ। मनसुनमा कर्णाली र कोशी प्रदेशका पहाडमा पहिरो ज्यादा जाने सम्भावना रहेकाले सतर्कता बढी अपनाउनुपर्ने भएको छ।

गत वर्ष जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भएर ६.४ म्याग्निच्युडको भूकम्प गएपछि जाजरकोट र रुकुम आसपासका पहाड कमजोर बनेका छन् । त्यसैले पनि यो वर्षको मनसुनमा बढी पहिरो त्यता जाने सम्भावना बढेकाले उच्च सतर्कता अपनाउन जरुरी रहेको राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले औँल्याएको छ।

मनसुनजन्य विपत् जोखिमको अवस्था कस्तो छ भन्ने जानकारी दिन बुधबार आयोजित पत्रकार सम्मेलनमा प्राधिकरणका कार्यकारी प्रमुख अनिल अधिकारीले जाजरकोट भूकम्पको विस्तृत अध्ययनपछि त्यस स्थानमा मनसुनमा पहिरो बढी जाने आकलन गरिएको बताउनुभयो। कर्णालीको सो क्षेत्रमा भूकम्पले पहाडमा पारेका तीन सय वटाभन्दा बढी चिराको अध्ययन गरी प्राधिकरणले तयार पारेको प्रतिवेदनका आधारमा सो क्षेत्रमा मनसुनमा पहिरोले जनधनमा क्षति पुऱ्याउन सक्ने भएकाले उच्च सतर्कता अपनाउनुपर्ने ठहर गरिएको उहाँले स्पष्ट पार्नुभयो।

उहाँले भन्नुभयो, "त्यस्ता चिरालाई माटोले पुरेर, प्लास्टिकले छोपेर कम्तीमा ३० वटा पहिरो सम्भावित चिरालाई जोगाउन प्रारम्भिक संरक्षण गरिएको छ।" तर ठुलो वर्षा भएको खण्डमा पहिरो जाने जोखिम कायमै छ। पहिरो सम्भावित क्षेत्रमा बस्ती स्थानान्तरण गर्ने योजनाका साथ काम भइरहेको छ । त्यसका लागि अन्यत्र घर बनाउने जग्गासहित तीन लाख रुपियाँ सहयोगको अवधारणामा काम भइरहेको छ । जसले गर्दा पहिरोबाट जनधनको क्षति कम हुन सक्ने अनुमान उहाँले गर्नुभयो।

त्यस्तै पूर्वको कोशी प्रदेशका पहाडमा पनि अघिल्ला वर्षका भूकम्प तथा जथाभाबी खनिएका बाटो, बस्ती र भौतिक पूर्वाधारले पहिरोको जोखिम उच्च बनाएको अधिकारीले बताउनुभयो।

उहाँका अनुसार विपत् प्रभावित दोलखा, ओखलढुङ्गा, म्याग्दी, रसुवा, सिन्धुपाल्चोक, धादिङ, डडेलधुरा तथा ताप्लेजुङ जिल्लाका १४ स्थानको स्थलगत भौगर्भिक अध्ययन गरेर ११ स्थानको प्रतिवेदन तयार पारिएको छ।

प्राधिकरणका हाइड्रोलोजिस्ट राजेन्द्र शर्माले पहिरोको जोखिम वर्षाको पानी व्यवस्थापनसँग जोडिएको जानकारी दिनुभयो। उहाँका अनुसार पानी पर्ने प्रवृत्ति पछिल्लो समय परिवर्तन हुँदै गएको छ । उहाँले भन्नुभयो, "विशेष गरी सुक्खा तथा उजाड पहाडी भूभागमा भिरालो जमिनले थेग्नै नसक्ने गरी वर्षा हुन्छ, त्यसको सही व्यवस्थापन नहुँदा पहिरो गएर गाउँबस्ती नै बगाउने गर्छ।" भूकम्पले भौगर्भिक बनोटलाई त्यसै पनि कमजोर बनाएको छ।

» बाँकी पृष्ठ २ मा

### 'एकद्वार प्रणालीलाई कडाइ गर्छौं'

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २३ गते*

उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले विपत् जोखिम न्यूनीकरणको पूर्वतयारी तथा प्रतिकार्यलगायतमा सरकारको तयारीबारे प्रतिनिधि सभामा जानकारी गराउनुभएको छ । बर्सातको मौसम सुरु भएकाले सरकारको पूर्वतयारीमा सदनमा सांसदले प्रश्न उठाएपछि गृहमन्त्री लामिछानेले सोबारे जानकारी गराउनुभएको हो । उहाँले प्रतिकार्यसम्बन्धी कार्ययोजना पारित भई लागु गरिएको जानकारी दिनुभयो।


प्रतिनिधि सभामा विशेष समय लिएर मन्त्री लामिछानेले यो पटक १८ लाखसम्म नागरिक मौसमी विपत्बाट प्रभावित हुन सक्ने आकलन गरेको र सरकारले सोही अनुसार तयारी गरिरहेको बताउनुभयो । विपत् प्रतिकार्य कमान्ड पोस्टको स्थापना गरिएको पनि सभामा जानकारी दिनुभयो।

विगत्का अनुभवलाई समेत आधार मानेर सरकारले राहतलगायतमा एकद्वार प्रणालीलाई कडाइ गर्ने पनि बताउनुभयो।

» बाँकी पृष्ठ २ मा

## सहकारी रकम दुरुपयोग
# संसदीय छानबिन विशेष समितिले थाल्यो काम

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २३ गते*




समिति सञ्चालन कार्यविधि र आन्तरिक कार्ययोजनाको निर्माणपछि शुक्रबारदेखि समितिले काम सुरु गर्ने छ तर समितिले पाएको तीन महिनाको समयसीमा भने पहिलो बैठकबाटै सुरु हुने छ ।

सहकारी संस्थाको बचत रकम दुरुपयोग सम्बन्धमा छानबिन गर्न गठित संसदीय छानबिन विशेष समितिले कार्य प्रारम्भ गरेको छ। गठनको एक सातापछि बुधबार समितिको पहिलो बैठक बसेको हो। सभामुख देवराज घिमिरेको उपस्थितिमा बैठक बसेको हो। समिति सञ्चालन कार्यविधि र आन्तरिक कार्ययोजनाको निर्माणपछि शुक्रबारदेखि समितिले काम सुरु गर्ने छ तर समितिले पाएको तीन महिनाको समयसीमा भने पहिलो बैठकबाटै सुरु हुने छ।

विशेष समिति सचिव बबिता मिश्रले कार्यविधि र आन्तरिक कार्ययोजनासहितको कार्यतालिका तयारीपछि शुक्रबार बैठक बस्ने बताउनुभयो । सचिवालयले कार्यविधि र कार्यतालिका तयार पारेर बैठकमा पेस गर्ने छ।

सहकारीको रकम हिनामिनामा उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेसमेत संलग्न भएको भन्दै प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले लामो समय संसद् अवरुद्ध गरेपछि समिति गठन भएको थियो। सङ्घीय संसद्मा बजेट पेस गर्न नै अवरोध गर्ने चेतावनीपछि राजनीतिक सहमतिमा जेठ १५ गते समिति गठन भएको थियो।

समिति सभापतिमा एमाले सांसद सूर्यबहादुर थापा क्षेत्रीलाई चयन गरिएको छ। समितिमा नेपाली कांग्रेसका तर्फबाट बद्रीप्रसाद पाण्डे र ईश्वरीदेवी न्यौपाने, नेकपा (एमाले) का तर्फबाट सरिता भुसाल सदस्य हुनुहुन्छ । यस्तै नेकपा (माओवादी केन्द्र) का तर्फबाट लेखनाथ दाहाल, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का तर्फबाट शिशिर खनाल र राष्ट्रिय प्रजातन्त्र पार्टीका तर्फबाट ध्रुवबहादुर प्रधान सदस्य हुनुहुन्छ। समितिलाई सहकारी समस्या समाधानका लागि कानुनी र संस्थागत प्रणालीको नियमन, सुपरिवेक्षण तथा पारदर्शितामा सुझाव दिने कार्यक्षेत्र तोकिएको छ। यस्तै समस्याग्रस्त सहकारीको रकम बचतकर्तालाई फिर्ता गर्ने सम्बन्धमा उपाय सुझाउने पनि अधिकार क्षेत्र तोकिएको छ।

यस्तै सञ्चार माध्यममा प्रश्न उठेका सहकारी र त्यसबाट पैसा गएका कम्पनी, सम्बद्ध व्यक्ति पहिचान र सिफारिसको पनि अधिकार क्षेत्र समितिलाई दिइएको छ । गोर्खा मिडिया नेटवर्क र गृहमन्त्री लामिछानेसमेत जोडिएका सहकारीको नाममा छानबिन गर्ने कार्यादेश समितिलाई दिइएको छ। गृहमन्त्रीको नाम कार्यादेशमै उल्लेख गर्ने वा नगर्ने विषयमा लामो समय दलीय विवाद भएको थियो।

समितिले रकम हिनामिनामा संलग्न रहेका व्यक्ति, संस्थाका प्रतिनिधिसमेतलाई आवश्यक बयान लिन सक्ने छ। विषयविज्ञको सहायता लिने अधिकार पनि समितिलाई दिइएको छ।

# गणतन्त्र खतरामा भन्ने भाष्य गलत

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २३ गते*



सङ्घीयता, समावेशी, समानुपातिक प्रतिनिधित्व, मौलिक हक, प्रेस स्वतन्त्रतासहित सम्पूर्ण अधिकार संविधानले प्रत्याभूत गरेको छ । संविधान अनुसारै दलहरूले देशलाई अघि बढाएमा हामी स्वर्णिम युगमा जान सक्छौँ ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवले संविधानमा भएका व्यवस्था र नागरिकका अधिकारलाई वास्तविक रूपमा लागु गर्न सके देश स्वर्णिम युगमा प्रवेश गर्ने बताउनुभएको छ।

पूर्वराष्ट्रपति डा. यादवले बुधबार गोरखापत्र संस्थानमा आयोजित ऐतिहासिक फोटो प्रदर्शनी अवलोकन गर्दै इतिहासको सङ्घर्षलाई स्मरण गरेर वर्तमानमा रूपान्तरण गरी भविष्य निर्माण गर्नुपर्ने बताउनुभयो।

उहाँले भन्नुभयो, "धेरैको बलिदानले संविधान निर्माण भयो । सङ्घीयता, समावेशी, समानुपातिक प्रतिनिधित्व, मौलिक हक, प्रेस स्वतन्त्रतासहित सम्पूर्ण अधिकार संविधानले प्रत्याभूत गरेको छ । संविधान अनुसारै दलहरूले देशलाई अघि बढाएमा हामी स्वर्णिम युगमा जान सक्छौँ।"

डा. यादवले संविधान निर्माण भएपछि दुई पटक निर्वाचन सम्पन्न भएको र देश क्रमशः आर्थिक र सामाजिक परिवर्तनतर्फ अग्रसर भएको बताउनुभयो । उहाँले विधिको शासनलाई प्राथमिकता दिएर राजनीतिक रूपमा देखिएका सङ्क्रमणलाई अन्त्य गर्नुपर्ने बताउनुभयो । उहाँले सुशासन, लोकतान्त्रिक मूल्य र नागरिकका चाहनाबमोजिमको राजनीतिक व्यवहार गर्न दलहरूलाई सुझाव दिनुभयो।

उहाँले भन्नुभयो, "हाम्रो पुस्ताले देशमा राजनीतिक व्यवस्थापनमै आफ्नो जीवन खर्च गर्नुपरेको थियो। लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था विश्वकै उत्कृष्ट व्यवस्था हो । हामीले देशमा स्थापना पनि गरेका छौँ। मेरै हातले जनताको नासो संविधान जारी भयो । अब सुशासन र समुन्नतिमा ध्यान दिनु पर्छ।"

उहाँले सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले राज्यको अनुभूति दिलाउने गरी काम गर्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "बिस्तारै काम हुँदै छ। नागरिकलाई दिने सेवासुविधा प्रभावकारी भएको छ । अझै व्यवस्थित र छिटोछरितो बनाउनु पर्छ।" डा. यादवले नेताहरूको बोली र व्यवहारलाई जनताले विश्वास गर्ने वातावरण बनाउनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "पहिले नेताको बोलीलाई जनताले विश्वास गर्थे । अहिले गर्न सकेका छैनन्, व्यवहारबाटै काम गरेर नेताहरूले जनताको मन जित्नु पर्छ।"

### 'संविधानमाथि खतरा छैन'

डा. यादवले अहिले केही समूहले भनेजस्तो संविधान र लोकतान्त्रिक गणतन्त्र खतरामा रहेको भाष्य गलत रहेको बताउनुभयो। उहाँले प्रविधिसँग जोडिएको युवा पुस्तालाई समेटेर देश बनाउनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "अहिलेको युवा पुस्ताले लोकतन्त्रको लडाइँ देखेको छैन तर २००७, २०१५ को निर्वाचन, २०१७, २०४६ र २०६२/६३ मा जनताको सङ्घर्ष बिस्तारै बुझाएर प्रविधिसँग जोडिएर अरू देशकै युवा जस्तो बन्ने चाहनालाई पनि समेटेर दलहरू तदारुकतासाथ अघि बढ्नु पर्छ।"

### इतिहास समेटिएका तस्बिर

डा. यादवले गोरखापत्र संस्थानको १२४ वर्षको इतिहासमा देशले धेरै ठुलो उतारचढाव बेहोरेको बताउनुभयो । उहाँले भन्नुभयो, "कुनै राष्ट्रको जीवनमा उतारचढाव हुन्छ। राणाकालदेखि पञ्चायतकाल, २०४६ र २०६२/०६३ पछिको लोकतान्त्रिक गणतन्त्र स्थापनापछिको कालखण्डमा घटनाक्रमलाई ती ऐतिहासिक तस्बिरमार्फत प्रस्तुत गरिएको छ। यसलाई जोगाउनुहोस्।"

उहाँले तत्कालीन समयमा खिचेका गोरखापत्रका तस्बिरको प्रदर्शनीले त्यतिबेलाको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक घटनाक्रमको सिलसिलालाई त्यही समयको वास्तविक दृश्यमार्फत प्रस्तुत गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "इतिहासको कडीलाई पुस्ताँपुस्तासँग जोड्ने माध्यमकै रूपमा फोटोको सङ्कलनले प्रस्तुत गर्छ। यसलाई जोगाउनु पर्छ। डिजिटल प्रविधिको युगमा सम्पूर्ण तस्बिरसङ्ग्रह संरक्षण गर्नुहोला।"

### चुरे जोगाउन पहल गर्नु पर्छ

डा. यादवले तराई मधेशको पानीको स्रोत चुरे संरक्षणमा जोड दिनुभएको छ । उहाँले चुरेको जङ्गलदेखि हिमालसम्म वातावरणको रक्षा गर्न समयमै काम गर्नुपर्ने बताउनुभयो।

» बाँकी पृष्ठ २ मा

विश्व वातावरण दिवस

# जलवायु परिवर्तनको उच्च जोखिममा पर्वतीय मुलुक

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २३ गते*

'हाम्रो भूमि, हाम्रो भविष्य' भन्ने विश्वव्यापी नाराका साथ यो वर्ष विश्व वातावरण दिवस मनाइएको छ । राष्ट्रपतिको कार्यालय, वातावरण मन्त्रालय, विभिन्न पालिका, वातावरण विभागलगायत विभिन्न निकायद्वारा कार्यक्रमको आयोजना गरी बुधबार विश्व वातावरण दिवस मनाइएको हो।

राष्ट्रपति भवन परिसरमा विभिन्न कार्यक्रमको आयोजना गरी यो दिवस मनाइयो। राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रपति भवन परिसरमा पलाँसको बिरुवा रोपेर कार्यक्रमको शुभारम्भ गर्नुभयो । उहाँले भन्नुभयो, "जलवायु परिवर्तन, प्रदूषण र जैविक विविधताको ह्रास जस्ता अन्तरसम्बन्धित सङ्कटसँग नेपाललगायत सम्पूर्ण विश्व जुधिरहेको छ। एक्लो प्रयासले यी सङ्कट समाधान हुन सक्दैनन् भन्ने कुरामा हामी प्रस्ट छौँ।"

राष्ट्रपति पौडेलले जलवायु परिवर्तनको उच्च जोखिममा रहेका नेपाललगायत अन्य पर्वतीय मुलुक विश्वव्यापी सङ्कटको भुमरीमा फसेको बताउनुभयो। उहाँले भन्नुभयो, "म आह्वान गर्न चाहन्छु। यस गम्भीर मुद्दालाई सम्बोधन गर्न विश्व समुदाय एकत्रित भएर लागौँ। हामीलाई अझै ढिला गर्ने सुविधा छैन।" उहाँले राष्ट्रपति वातावरण संरक्षणका लागि चौतारी र पोखरीको हाम्रो पुरानो सभ्यताको जगेर्ना गर्नुपर्ने आवश्यकतामाथि जोड दिनुभयो।

सो अवसरमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, सभामुख देवराज घिमिरे र राष्ट्रिय सभाका अध्यक्ष नारायणसाद दाहालले वृक्षरोपण गर्नुभएको थियो। राष्ट्रपति पौडेलले जलवायु परिवर्तनको असर न्यूनीकरणमा योगदान गरेर भावी पुस्ताको भविष्य सुरक्षित गर्न विश्व समुदायलाई अपिल गर्नुभयो।



तस्बिर : रासस

**राष्ट्रपति रामचन्द्र पौडेल विश्व वातावरण दिवसका अवसरमा राष्ट्रपति कार्यालय शीतल निवासमा बुधबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै ।**

यसैबिच वन तथा वातावरणमन्त्री नवलकिशोर साह सुडीले वातावरण संरक्षण वर्तमानका लागि मात्रै नभएर भावी सन्ततिका लागि पनि अत्यन्तै महत्त्वपूर्ण रहेको बताउनुभयो । विश्व वातावरण दिवसका अवसरमा वन तथा वातावरण मन्त्रालय अन्तर्गतको वातावरण विभागद्वारा बुधबार आयोजित कार्यक्रममा गमलामा रोपिएको बिरुवामा जल सिँचन गरी कार्यक्रमको उद्घाटन गर्दै उहाँले वार्षिक १.५ प्रतिशतका दरले पृथ्वीको तापक्रम बढ्दै गएको बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले जति अक्सिजन खपत गरिरहेका छौँ, त्यति नै अक्सिजन उत्पादन हुने गरी बोटबिरुवा हुर्काउनु पर्छ। यसका लागि सबैको सहयोग आवश्यक छ।"

### वृक्षरोपण कार्यक्रमको आयोजना

त्यसै गरी विश्व वातावरण दिवसका अवसरमा ललितपुर महानगरपालिका र नेपालस्थित भारतीय राजदूतावासद्वारा ललितपुरको कुपन्डोलस्थित बागमती नदी किनारमा वृक्षरोपण कार्यक्रमको आयोजना गरिएको छ। सो अवसरमा वन तथा वातावरणमन्त्री नवलकिशोर साह सुडी, ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जन, नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवलगायतले १५० वटा वृक्ष रोप्नुभएको थियो।

सन् १९७३ देखि जुन ५ लाई विश्व वातावरण दिवसका रूपमा मनाउन सुरु गरिएको हो । सन् १९७२ को ५ जुनदेखि १६ सम्म संयुक्त राष्ट्रसङ्घको महासभाले विश्व वातावरण सम्मेलनको आयोजना गरेको थियो। सोही सम्मेलनको एक वर्षपछि विश्वभर यो दिवस मनाउन थालिएको हो।

# वन्यजन्तुबाट छ वर्षमा २३१ जनाको मृत्यु

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २३ गते*

| आर्थिक वर्ष | घाइते | मृत्यु | क्षतिपूर्ति रकम |
|---|---|---|---|
| २०७५/७६ | ११८ | ३० | आठ करोड ९१ लाख |
| २०७६/७७ | ११० | ३३ | १० करोड ६७ लाख |
| २०७७/७८ | ९८ | ४० | १४ करोड १० लाख |
| २०७८/७९ | ११६ | ५८ | १७ करोड २८ लाख |
| २०७९/८० | १२४ | ३९ | १३ करोड ५४ लाख |
| चालु आर्थिक वर्ष | ८७ | ३१ | नै करोड १२ लाख |

*पाँच वर्षको विवरण*

मानव-वन्यजन्तु द्वन्द्व बढ्दै जाँदा जङ्गली जनावरबाट हुने मानवीय क्षति बढ्दै गएको छ। जङ्गली जनावरको सङ्ख्या बढ्दै जाँदा आहार नपाएपछि मानवसँगै भौतिक क्षति हुने गरेको हो।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक सिन्धुप्रसाद ढुङ्गानाले विगत छ वर्षको अवधिमा ६५३ जना घाइते हुनुका साथै २३१ जनाको मृत्यु भएको जानकारी दिनुभयो। चालु आर्थिक वर्ष २०८०/८१ सालको वैशाखसम्म मात्रै ३१ जनाको ज्यान गइसकेको उहाँले बताउनुभयो। जसमा सबैभन्दा बढी मानवीय क्षति गर्नेमा बाघ, हात्ती र गैँडा छन्। मानव-वन्यजन्तु द्वन्द्वका विषयमा गहिरो खोज अनुसन्धान नहुँदा मानवीयसँगै अन्य धेरै क्षति बेहोर्नु परेको उहाँले जिकिर गर्नुभयो।

"मानव-वन्यजन्तु द्वन्द्व किन बढिरहेको छ भन्नेबारे राम्रोसँग खोज अनुसन्धान भएको छैन । जङ्गलको क्षेत्रफलबमोजिम जनवार के कति बस्न सक्छन् भन्नेबारे अध्ययन गर्न जरुरी छ," उहाँले भन्नुभयो, "राज्यस्तरबाटै अध्ययन भएमा मानवको सुरक्षा र जनावरको व्यवस्थापन सहज हुन्थ्यो । त्यसमा कसैको ध्यान छैन।" मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन नहुँदा मानव र जनावर दुवैतिर क्षति हुने गरेको छ।

वन्यजन्तुले पुऱ्याएको क्षतिको रकम राज्यले पीडितलाई दिने भएकाले त्यसको रकमसमेत बढ्दै गएको छ। गत आर्थिक वर्ष २०७९/८० मा कुल १३ करोड ५४ लाख रुपियाँ वन्यजन्तुबाट हुने क्षतिबापत तिर्नु परेको महानिर्देशक ढुङ्गानाले बताउनुभयो । सरकारले मृत्यु भएका प्रतिव्यक्ति परिवार १० लाख रुपियाँ दिँदै आएको छ। अपाङ्गता, घाइते र बालीनाली, पशुधन र घरमा क्षति गरेको अवस्थामा पनि अवस्था हेरी क्षतिपूर्ति दिने गरिएको छ।

"पछिल्लो समय सबैभन्दा बढी क्षति गर्ने बाघ र गैँडा हो । गैँडाले उति सारो क्षति गर्दैन," उहाँले भन्नुभयो, "अर्को पूर्वी र मध्य नेपालमा हात्तीले मानवीय क्षतिसँगै खेतीपातीमा क्षति गर्छ । त्यो पनि नेपालको नभएर भारतबाट आउने हात्तीबाट ।"

### छ वर्षको अवधिमा गरेको क्षतिको विवरण

जङ्गली जनावरबाट हुने मानवीय क्षति हरेक वर्ष बढ्दै गएको छ। त्यसै गरी राज्यले दिने क्षतिपूर्तिको रकमसमेत बढ्दा राज्यलाई व्ययभार थपिएको छ।

# हिमालबाट उठ्यो ११२ टन फोहर

- १५ शव काठमाडौँ ल्याइयो

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २३ गते*

हिमालमा थुप्रिएको फोहोर सङ्कलनमा जुटेको नेपाली सेनाले आठ हजार मिटरभन्दा अग्ला १० वटा हिमालबाट ११२ टन फोहोर र १५ वटा शव सङ्कलन गरेको छ। विश्व वातावरण दिवसका अवसरमा सैनिक मुख्यालय जङ्गी अड्डामा आयोजना गरिएको 'सफा हिमाल अभियान-२०२४' को समापन समारोहमा सेनाले सगरमाथा, ल्होत्से, मकालु, धौलागिरि, अमादब्लम, कञ्चनजङ्घा, अन्नपूर्ण, बरुन्टसे, नुप्त्सेलगायत १० वटा हिमालबाट ११२ टन फोहोर तथा १५ वटा मानव शव सङ्कलन गरेको जानकारी गरायो।

हिमालको पर्यावरण संरक्षण गरी पर्यटन प्रवर्धन गर्ने उद्देश्यले सरकारले सन् २०१९ देखि 'हिमाल सफा' अभियान सञ्चालन गरेको थियो । जसको नेतृत्व नेपाली सेनाले गर्दै आएको छ।

यस वर्ष 'सफा हिमाल अभियान-२०२४' अन्तर्गत गत चैत २९ देखि विश्व वातावरण दिवस (जेठ २३) सम्मको ५५ दिनमा सगरमाथा, ल्होत्से र नुप्त्से हिमालबाट ११ टन फोहोर र आरोहणका क्रममा ज्यान गुमाएका चार जनाको शव तथा एक मानव अस्थिपञ्जर सङ्कलन गरिएको सेनाले जनाएको छ।

समारोहलाई सम्बोधन गर्नुहुँदै प्रधान सेनापति प्रभुराम शर्माले प्रतिकूल मौसम तथा जटिल भौगोलिक अवस्थाका कारण यस वर्ष ११ टन फोहोर र चार वटा मानव शव र एक मानव अस्थिपञ्जर सङ्कलन गरिनु उपलब्धिमूलक रहेको बताउनुभयो। उहाँले हिमालबाट सङ्कलन गरिएका फोहोरभन्दा यसले दिने खोजेको सन्देश बढी महत्त्वपूर्ण रहेको बताउनुभयो।

उहाँले विसं २०३२ देखि वन्यजन्तु तथा पर्यावरण संरक्षणका लागि नेपाली सेना निरन्तर रूपमा खटिरहेको बताउँदै आवश्यक पर्दा उच्च हिमाली क्षेत्रमा हुन सक्ने विपत् तथा दुर्घटनाको उद्धार तथा राहतमा परिचालन हुने गरी अनुभव प्राप्त गरेको र अन्य मुलुकका सेनालाई समेत यस्तो विशेष प्रकारको तालिम प्रदान गरिरहेको बताउनुभयो।

यस वर्षको अभियानमा सेनाले सहायक रथी सञ्जय देउजाको प्रत्यक्ष निगरानीमा सेनानी आदित्य कार्कीको नेतृत्वमा १३ जना तालिमप्राप्त सैनिक र २८ अनुभवी शेर्पा गरी ४१ जना अनुभवी आरोहीलाई सफाइ अभियानमा खटाएको थियो।

हिमालबाट सङ्कलन गरिएका शव काठमाडौँको त्रिवि शिक्षण अस्पतालमा परीक्षण गरी गृह मन्त्रालयमार्फत सम्बन्धितको परिवारलाई बुझाइने सेनाले जनाएको छ । सर्वोच्च शिखर सगरमाथामा मात्र करिब डेढ लाख टन फोहोर र तीन सयभन्दा बढी आरोहीका मृत शरीर रहेको अनुमान गरिएको छ।

# मुख्यमन्त्रीले पाएनन् विश्वासको मत

**धीरेन्द्रप्रसाद साह**
*जनकपुर, जेठ २३ गते*

मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले बुधबार विश्वासको मत पाउन असफल हुनुभएको छ। बुधबार बसेको प्रदेश सभाको बैठकमा विश्वासको मतका लागि मुख्यमन्त्री यादवले गर्नुभएको प्रस्तावको पक्षमा ५० मत परेको थियो भने विपक्षमा ५३ मत पऱ्यो।

कुल १०७ सदस्य सङ्ख्या रहेको सभाको बैठकमा १०३ जनाको उपस्थिति रहेको थियो । सामान्य बहुमतका लागि ५४ जनाको मत आवश्यक रहेकामा सो प्राप्त गर्न नसकेका कारण मुख्यमन्त्री विश्वासको मत पाउन असफल हुनु भएको हो।

विश्वासको मत प्रस्तावको पक्षमा जनता समाजवादी पार्टी नेपाल, नेपाली कांग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी, लोकतान्त्रिक समाजवादी पार्टीका सांसदले मतदान गर्नुभएको थियो भने विश्वासको मतको विपक्षमा नेकपा (एमाले), जनमत पार्टी, नेकपा (माओवादी केन्द्र), नेकपा (एस) ले मतदान गर्नुभएको थियो।

मुख्यमन्त्री यादवको १७ महिनाको कार्यावधिमा यो पाँचौँ पटक विश्वासको मतका लागि प्रस्ताव गर्नुभएको थियो । यसअघि मधेश प्रदेश सभाको बसेको सो बैठकमा सरकारका कुनै पनि मन्त्री उपस्थित नहुँदा बैठक १० मिनेट स्थगित गरिएको थियो।

प्रदेश सभा सञ्चालन नियमावली २०७५ को परिच्छेद ३ को नियम छ को उपनियम ६ बमोजिम सरकारको (मन्त्री) अनिवार्य उपस्थित हुने व्यवस्था रहेकाले बैठकमा कुनै पनि मन्त्री उपस्थित नहुँदा बैठक स्थगित गरिएको सभामुख रामचन्द्र मण्डलले जनाउनुभएको छ।

बैठक स्थगितपश्चात् मुख्यमन्त्री आएपछि बैठक पुनः सुचारु भएको थियो। मुख्यमन्त्री यादवले पहिलो पटक २०७९ माघ ४ गते, दोस्रो पटक २०८० जेठ ३० गते, तेस्रो पटक २०८० फागुन ६ गते र चौथौ पटक २०८१ वैशाख ४ गते विश्वासको मत लिनुभएको थियो।

# वित्त प्रवाह कार्यान्वयन गर्न आग्रह

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २३ गते*

राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहालले नेपाल सरकारको राष्ट्रिय अनुकूलन योजना र राष्ट्रिय निर्धारित योगदान कार्यान्वयन योजनामा भएका कार्यक्रममा सहयोग केन्द्रित गर्न अन्तर्राष्ट्रिय सङ्घ संस्थालाई अपिल गर्नुभएको छ। उहाँले दुवै कार्यक्रम नेपाली जनताको आवश्यकता र प्राथमिकता समेटेर तयार गरिएको बताउँदै सहयोगका लागि अपिल गर्नुभयो।

काठमाडौँमा बुधबारबाट सुरु भएको 'फोहोर व्यवस्थापन र जलवायु सम्मेलन' को उद्घाटन कार्यक्रममा सभाका अध्यक्ष दाहालले जलवायु न्यायका रूपमा अनुकूलनका लागि घोषणा गरिएको वित्त प्रवाह कार्यान्वयन गर्न आग्रह गर्नुभयो। उहाँले भन्नुभयो, "जलवायु वित्तलाई जलवायु न्यायका रूपमा उपलब्ध गराउन र अनुकूलनका लागि दोब्बर घोषणा गरिएको वित्तको प्रवाह अनुदानस्वरूप प्रदान गर्ने सहमतिको शीघ्र र पूर्ण कार्यान्वयन गर्न विश्व समुदायको ध्यान आकृष्ट गराइएको विषय स्मरण गराउन चाहन्छु।"

गत वर्ष युएईमा सम्पन्न जलवायु परिवर्तनसम्बन्धी २८ औँ सम्मेलनमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले अनुदान सहमतिको कार्यान्वयनमा जोड दिनुभएको थियो । नेपालले जलवायु परिवर्तन नीति २०७६, वातावरण संरक्षण ऐन २०७६ तथा नियमावली २०७७, स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय खाका २०७६, जलवायु उत्थानशील योजना तथा बजेट तर्जुमा निर्देशिका तर्जुमा गरी कार्यान्वयन गर्दै छ।

सम्मेलनमा सभाका अध्यक्ष दाहालले प्रदूषण नियन्त्रण, फोहोरमैला व्यवस्थापन र हरियाली प्रवर्धन गरी नागरिकको स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने अधिकारलाई सुनिश्चित गर्न नेपाल सरकारलाई विशेष आग्रह गर्नुभयो । उहाँले फोहोरको उचित व्यवस्थापन गर्न नसके यसले वातावरण प्रदूषण मात्रै नभएर समस्त प्राणी जगत्कै आधारभूत आवश्यकता परिपूर्तिमा गम्भीर असर पार्ने हुनाले फोहोरको उचित व्यवस्थापनमा जोड दिनुभयो । अध्यक्ष दाहालले भन्नुभयो, "एक ठाउँमा लगेर थुपार्ने तरिका अब पुरानो भइसकेको छ । सङ्कलित फोहोरलाई आधुनिक प्रविधिमार्फत त्यसको प्रशोधन गरी पुनः प्रयोग गर्ने तरिका अपनाउन जरुरी छ।" सम्मेलनमा फोहोर व्यवस्थापन गरेर आर्थिक उपार्जन गर्न सकिने विषयमा छलफल हुने छ। साथै सगरमाथामा प्रदूषित वातावरणले परेको प्रभावलाई न्यूनीकरण गर्ने विषयमा विज्ञहरूसँग अन्तर्क्रिया हुँदै छ।

# कोशी सरकार गठनको मुद्दा पूर्ण इजलासमा

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २३ गते*

सर्वोच्च अदालतले कोशी सरकार गठन विवादको मुद्दालाई पूर्ण इजलासमा पठाउने आदेश दिएको छ। न्यायाधीश तिलप्रसाद श्रेष्ठ र बालकृष्ण ढकालको संयुक्त इजलासले अन्तिम सुनुवाइका लागि मुद्दा पूर्ण इजलासमा पठाएको हो।

निवर्तमान मुख्यमन्त्री केदार कार्कीले दायर गर्नुभएको रिटमा सुनुवाइ गर्दै संयुक्त इजलासले निवेदकले उठाएका विषयवस्तुको निर्क्योल पूर्ण इजलासबाट गर्नु उपयुक्त रहेको भन्दै यस्तो आदेश गरेको हो। यसअघि अदालतले जेठ ९ गते मुख्यमन्त्री हिक्मत कार्कीले विश्वासको मत लिने क्रममा भएका सम्पूर्ण कामकारबाही अदालतमा पेस गर्न आदेश गरेको थियो। उक्त कागजात प्राप्त भएपछि रिटमा पहिलो पटक सुनुवाइ भएको हो।

कोशीमा एमाले संसदीय दलका नेता कार्की संविधानको धारा १६८(५) अनुसार वैशाख २७ गते मुख्यमन्त्री नियुक्त हुनुभएको थियो। कार्कीले वैशाख ३१ गते प्रदेश सभामा विश्वासको मत लिनुभएको थियो । कार्कीको विश्वासको मतको प्रक्रियाअघि नै अदालतमा रिट दर्ता भएको थियो।

निवर्तमान मुख्यमन्त्री केदार कार्कीले वैशाख २७ गते नै रिट दर्ता गर्नुभएको थियो । सरकार गठन असंवैधानिक भएको जिकिर रिटमा गरिएको छ । एक मुख्यमन्त्री बहाल रहेकै बेला प्रदेश प्रमुख पर्शुराम खापुङले एमालेका कार्कीलाई नियुकत गरेको जिकिर रिटमा गरिएको थियो। एकै पटक दुई मुख्यमन्त्री रहने परिकल्पना संविधानले नगरेको र प्रदेश प्रमुखको निर्णय गैरसंवैधानिक भएको दाबी रिटमा गरिएको छ । कोशी सरकार गठनको विवाद यसअघि पनि सर्वोच्चमा पटक पटक पुगेको थियो।

# हिंसा र विभेद घरभित्रबाट हट्नु पर्छ

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २३ गते*

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री भगवती चौधरीले महिलामाथिको हिंसा र विभेद घरभित्रबाटै हटाउनुपर्ने बताउनुभएको छ । अन्तरजातीय विवाहले दलित महिलामाथि हुने हिंसाको असरबारे दलित महिला सङ्घले गरेको अध्ययन प्रतिवेदन सार्वजनिक कार्यक्रममा उहाँले घरभित्रैबाट विभेद अन्त्य गर्नुपर्नेमा जोड दिनुभएको हो।

मन्त्री चौधरीले तराईका डोम र मुसहर समुदायमा महिला विभेदको अन्त्यको काम सुरु गर्नुपर्ने बताउनुभयो । उहाँले ती समुदायका महिलालाई आत्मनिर्भर बनाउन परम्परागत पेसालाई आधुनिकीकरण गर्ने कार्यक्रम मन्त्रालयले ल्याउन लागेको जानकारी दिनुभयो।

दलित महिला सङ्घका अनुसार कास्की, बाँके, कैलाली, सिराहालगायतका जिल्लाका १२० अन्तरजातीय विवाहित जोडीमा गरिएको अध्ययनमा ७१ प्रतिशतले डर, धम्की र त्रासमा जीवन बिताइरहेका छन् । सङ्घकी संस्थापक अध्यक्ष दुर्गा सोबले उनीहरूले सुरक्षित अनुभूति गर्न नसकिरहेको बताउनुभयो।

उहाँका अनुसार ७० प्रतिशतले सार्वजनिक स्थानमा दुर्व्यवहार भोगिरहेका छन् । अन्तरजातीय विवाहित जोडीलाई स्वीकार गरिए पनि घरेलु हिंसा गरिएको छ। अन्तरजातीय जोडीलाई चरित्र हत्या गर्ने, सार्वजनिक स्थानमा गाली बेइजती गर्ने र समाजमा पुनः स्थापित हुन नदिने जस्ता व्यवहार बढिरहेको अध्ययन प्रतिवेदनमा उल्लेख छ।

अन्तरजातीय विवाहबाट जन्मिएका २५ प्रतिशत बालबालिकाको जन्मदर्तासमेत हुन सकेको छैन । दलित पुरुष र गैरदलित महिलाको विवाहमा बढी मात्रामा मुद्दा दर्ता हुने गरेको छ। माइती पक्षले अस्वीकार गर्दा मानव बेचबिखन जस्ता विभिन्न प्रकारका मुद्दा पर्ने गरेको अध्ययनमा उल्लेख छ।

राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्माले अन्तरजातीय विवाहित जोडीको मुद्दामा द्रुत मार्गमा न्याय सम्पादन हुनुपर्ने माग गर्नुभयो। उहाँले पालिकास्तरमा उद्धार सेन्टर र कानुनी सहायतालगायतका व्यवस्थाका साथै कानुन कार्यान्वयन तीव्र बनाउनुपर्नेमा जोड दिनुभयो।

## छुट्टै आचारसंहिता आवश्यक

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २३ गते*

नेपाल प्रेस काउन्सिलले विदेश मामिला पत्रकारिताका लागि छुट्टै आचारसंहितको आवश्यकता औँल्याएको छ। बुधबार विदेश मामिला रिपोर्टिङ र प्रभावकारिता विषयक अन्तर्क्रियामा काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले विदेश मामिलामा काम गर्ने पत्रकारको क्षमता अभिवृद्धिसँगै समाचारको प्रभावकारिता बढाउन आचारयुक्त समाचार प्रकाशन प्रसारण हुनुपर्नेमा जोड दिनुभयो।

विदेशमा नेपालबारे गर्न सकिने प्रवर्धनका विषयलाई समाचारको विषय बनाउन आवश्यक पहल तथा प्रशिक्षणका लागि काउन्सिलले कार्यक्रम ल्याउने जानकारी दिएको छ। काउन्सिलका उपप्रशासकीय अधिकृत राधेश्याम अधिकारी, अन्तर्राष्ट्रिय सम्बन्ध उपसमितिका संयोजक चिरञ्जीवी मास्के, मुख्य अधिकृत झविन्द्र भुसाललगायतले विदेश मामिला रिपोर्टिङ, यसका अवसर तथा चुनौतीबारे प्रकाश पार्नुभएको थियो।

# सापकोटाविरुद्धको रिटमा असार १२ गते निर्णय हुने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २३ गते*

सर्वोच्च अदालतले पूर्वसभामुख अग्निप्रसाद सापकोटाविरुद्ध द्वन्द्वकालमा भएको व्यक्ति हत्या आरोपको जाहेरी दर्ता हुने वा नहुने विषयको विवादमा असार १२ गते अन्तिम आदेश सुनाउने भएको छ। काभ्रेका अर्जुन लामाको हत्या प्रकरणमा जाहेरी दर्ताको माग गर्दै २०६९ मङ्सिर ७ गतेदेखि विचाराधीन विवादमा संवैधानिक इजलासले निर्णय सुनाउने मिति तोकेको हो।

प्रधान न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ र न्यायाधीशहरू प्रकाशमानसिंह राउत, सपना प्रधान मल्ल, प्रकाशकुमार ढुङ्गाना र कुमार रेग्मीको संवैधानिक इजलासले बहस सकेर निर्णय सुनाउने मिति तोकेको सर्वोच्च अदालतका सहायक प्रवक्ता गोविन्दप्रसाद घिमिरेले जानकारी दिनुभयो।

शान्ति प्रक्रिया प्रारम्भ भइसकेको भन्दै जिल्ला प्रहरी कार्यालयले सापकोटाविरुद्धको जाहेरी दर्ता इन्कार गरेको थियो। सोपछि लामा पत्नी पूर्णिमायाले सर्वोच्चमा रिट दायर गर्नुभएको थियो । २०६२ वैशाख १६ मा अपहरणमा पर्नुभएका लामाको अपहरणपछि हत्या भएको थियो।

विवाद अदालतमा विचाराधीन रहेकै बेला सापकोटा मन्त्री नियुक्त हुनुभएपछि उहाँविरुद्ध पुनः अर्को रिट दर्ता भएको थियो तर सर्वोच्चले नियुक्ति बदरको माग अस्वीकार गरेको थियो। मुद्दा विचाराधीन रहेकै अवस्थामा उहाँ सभामुखसमेत निर्वाचित हुनुभएको थियो । संवैधानिक इजलासले उक्त घटनामा सत्य निरूपण तथा मेलमिलाप आयोगमा उजुरी परे वा नपरेको समेत जवाफ माग गरेको थियो।

सापकोटाविरुद्धको मुद्दामा रिट जारी भएका जाहेरी दर्ता र नियमित प्रक्रियाबाट द्वन्द्वकालीन घटनाको अनुसन्धानको प्रक्रिया अघि बढ्ने छ।

# वार्षिकोत्सवको तयारीमा आयोग

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २३ गते*

लोक सेवा आयोग वार्षिकोत्सवको तयारीमा जुटेको छ। आयोगले आगामी असार १ गते ७४ औँ वार्षिकोत्सव मनाउन लागेको हो।

वार्षिकोत्सव तयारीबारे आयोगले बुधबार सरकारी सञ्चार माध्यमका प्रतिनिधिसँग छलफल गरेको छ । वार्षिकोत्सवलाई सफल पार्न आयोगले मूल समारोह समिति तथा अन्य उपसमिति गठन गरेको जनाएको छ। छलफलका क्रममा आयोगले वार्षिकोत्सव कार्यक्रमलाई सफल पार्न अनुरोधसमेत गरेको छ।

आयोगका सदस्य वीरबहादुर राईले आयोगबाट सम्पादन भएका कामलाई जनसमक्ष पुऱ्याइदिन सञ्चारकर्मीलाई अनुरोध गर्नुभयो । वार्षिकोत्सवका लागि यस पटक आयोगले 'योग्यता, स्वच्छता, निष्पक्षता : लोक सेवा आयोगको प्रतिबद्धता' भन्ने नारा तय गरेको छ।

### उच्च सतर्कता ...

त्यसमाथि बढ्दो विकास अत्याचारले नेपालमा पहिरोका घटना बढ्दै गएको शर्माले बताउनुभयो। प्राधिकरणका अनुसार यस वर्षको मनसुनजन्य विपत्ले १८ लाख जनसङ्ख्या प्रभावित हुने अनुमान छ । त्यसमध्ये कर्णालीमा पहिरोको जोखिममा पाँच हजार घरधुरी रहेको प्राधिकरणका प्रवक्ता डिजन भट्टराईले बताउनुभयो । प्रभावितमध्ये पनि दुई हजार पाँच सय बढीलाई तत्काल राहत तथा उद्धार गर्नुपर्ने हुन सक्ने अनुमान उहाँले गर्नुभयो।

त्यस्तै तराई भूभागमा डुबान र मध्यपहाडी भेगमा बाढीको उच्च सम्भावना रहेको छ। जल तथा मौसम विज्ञान विभागले यो वर्ष नेपालमा सरदरभन्दा बढी वर्षा हुने अनुमान गरेकाले पनि सोही अनुसार प्रतिकार्य योजना तयार पारेर जोखिम कम गर्न प्राधिकरणले काम थालेको छ।

### 'एकद्वार ...

यो पटक १० जोखिमयुक्त स्थान पहिचान भएको र त्यसमा नागरिक सचेतनाका लागि टोली परिचालन भएको उहाँले बताउनुभयो। सबै स्थानमा पाँच सदस्यीय टोली पुगेर पूर्वसतर्कताका विषयमा जानकारी गराउने काम भइरहेको मन्त्री लामिछानेले बताउनुभयो।

विपत्पछिको उद्धारका लागि नेपाली सेनाका १० हजारभन्दा बढी, नेपाल प्रहरीका १० हजार र सशस्त्र प्रहरीका तालिमप्राप्त जनशक्ति पनि परिचालन हुने मन्त्री लामिछानेले बताउनुभयो । उद्धारका लागि सेनाको हेलिकोप्टर तयारी अवस्थामा राखिएको पनि उहाँको भनाइ छ । स्वयम्सेवक परिचालन पनि कार्यविधिका आधारमा गरिने उहाँको भनाइ छ । राजनीतिक दलको विपत् व्यवस्थापन शाखा प्रमुखहरूसँग आफूले बिहीबार परामर्श गर्न लागेको पनि उहाँले बताउनुभयो। मन्त्री लामिछानेले राजनीतिक दबाबका कारण कुनै पनि घटनाका आरोपितले उन्मुक्ति नपाउने र ढाकछोप नहुने पनि प्रतिबद्धता जनाउनुभयो।

### गणतन्त्र....

उहाँले भन्नुभयो, "चुरे क्षेत्रका वनजङ्गल मासिएका छन्, त्यहाँबाट निस्कने नदीनालाका ढुङ्गा, बालुवा, गिट्टीको अनियन्त्रित दोहन भइरहेको छ, यसले दूरगामी असर मुलुकलाई पार्ने देखिन्छ । सरकारले यसको संरक्षणमा ध्यान दिनु पर्छ।"उहाँले पर्यावरणमैत्री विकासमा ध्यान दिनुपर्ने बताउँदै आर्थिक नीति, परराष्ट्र नीति, पर्यावरण, शिक्षा, स्वास्थ्य, कृषि नीतिका सन्दर्भमा संसद्मा गम्भीर बहस गरेर निष्कर्षमा पुग्न राजनीतिक दलहरूलाई सुझाब दिनुभयो।

# प्रदेश सरकारसँग योजना माग्नेको लाम

**राममणि दाहाल**
*हेटौँडा, जेठ २३ गते*

बागमती प्रदेश सरकार आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम बागमती प्रदेश सभाबाट बहुमतले स्वीकृत भएसँगै बजेट बनाउने चटारोमा छ। प्रदेशका मन्त्रालय र निकाय प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले दिएको सिलिङ अनुसार बजेट निर्माणसँगै बजेट प्रणालीमा प्रविष्टको तयारीमा छन्।

प्रदेश सरकारले विनियोजन विधेयकका प्राथमिकता र सिद्धान्त ल्याउनुभन्दा अगावैदेखि बजेट माग गर्दै प्रदेशका निकाय, कार्यालयहरू, आयोग, मुख्यमन्त्री कार्यालय, मन्त्रालय निकायदेखि मन्त्री र मुख्यमन्त्रीको निजी आवासमा आउने क्रम अझै रोकिएको छैन। कार्यालय, मन्त्रालयदेखि मन्त्री र मुख्यमन्त्रीको निजी आवासमा दैनिक जसो अहिले बजेट पार्न माग गर्दै आउनेको घुइँचो नै लाग्ने गरेको छ। प्रदेशमा बजेट माग गर्न टोल विकास संस्था, विभिन्न सङ्घ संस्था, वडा जनप्रतिनिधिदेखि सङ्घीय सांसदसम्म आउने गरेका छन्।

यस्तै स्थानीय तह, प्रदेश सभा सदस्यलगायतले विकास आयोजनाका लागि बजेट माग गर्दै गरेको सिफारिसको चाङ व्यवस्थापनमा मन्त्रालयका कर्मचारी व्यस्त छन्। मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयमा मङ्गलबार योजना टिपाउन जाने कार्यकर्ता र प्रदेश सभा सदस्यको भिड उस्तै देखिन्थ्यो।

बजेटको सिलिङ तोकेभन्दा बढीको योजना माग भएर आउने गरेको मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयले जनाएको छ। प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले तोकिएको बजेटको सिलिङभन्दा बढी रकमको योजना माग भएर आइरहेको जनाएको छ। मन्त्रालयका प्रवक्ता सुजन कँडेलले मन्त्रालयलाई तोकिएको बजेटको सिलिङभन्दा दोब्बर बढी योजना माग गर्दै सिफारिस र निवेदन आएको बताउनुभयो। कृषि तथा पशुपन्छी विकास मन्त्रालय जस्तै प्रदेशका मन्त्रालय र कार्यालयको अवस्था छ।



## टुक्रे बजेटलाई निरुत्साहित गर्न माग

गाउँपालिका राष्ट्रिय महासङ्घ बागमती प्रदेश समितिले टुक्रे बजेटलाई निरुत्साहित गर्न माग गरेको छ। बागमती प्रदेशमा बजेट निर्माण सुरु भएको छ वर्ष भइसक्दा पनि प्रदेशले टुक्रे योजनामा दुई/चार लाख रुपियाँ बजेट हाल्ने क्रम नरोकेपछि गाउँपालिका राष्ट्रिय महासङ्घले टुक्रे बजेटलाई निरुत्साहित गर्न माग गरेको हो।

महासङ्घका केन्द्रीय सदस्य लोकबहादुर मुक्तान, बागमती प्रदेश अध्यक्ष कर्णबहादुर मगर, सचिव कान्छालाल जिम्बा र विभिन्न गाउँपालिका अध्यक्षसहितको टोलीले ध्यानाकर्षणपत्र बुझाउँदै टुक्रे बजेटलाई निरुत्साहित गर्न प्रदेश सरकारसमक्ष आग्रह गरेको छ। महासङ्घले बजेट निर्माणको तयारीमा रहेको अवस्थामा बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेल, आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलिया, प्रदेशका प्रमुख सचिव गोविन्दबहादुर कार्की र आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव कृष्णप्रसाद मैनालीलाई ध्यानाकर्षणपत्र बुझाउँदै टुक्रे बजेटलाई निरुत्साहित गर्न आग्रह गरेको हो।

यसै गरी अनुदान कटौतीपछि स्थानीय तह समस्यामा परेपछि गाउँपालिका राष्ट्रिय महासङ्घ बागमती प्रदेश समितिले प्रदेश अनुदानमा सञ्चालित योजनाको रकम भुक्तानी गर्न बागमती प्रदेश सरकारसँग माग गरेको छ।

महासङ्घले प्रदेश सरकारलाई ध्यानाकर्षणपत्र बुझाउँदै वित्तीय हस्तान्तरणमार्फत प्राप्त हुने अनुदान रकम कटौती हुँदा स्थानीय सरकारमाथि विकास योजनाको भुक्तानी गर्नुपर्ने दायित्व बढेकाले योजनाको रकम भुक्तानीको व्यवस्था गर्न माग गरेको हो।

बागमती प्रदेशका सबै पालिकामा समानुपातिक बजेट विनियोजन गर्न र गाउँ कार्यपालिकाले निर्णय गरी पठाएका योजनालाई आगामी आर्थिक वर्ष २०८१/८२ को बजेटमा प्राथमिकतामा राख्न महासङ्घले भनेको छ। मुख्यमन्त्री जम्कट्टेल, आर्थिक मामिला तथा योजनामन्त्री थपलिया, प्रमुख सचिव कार्कीलगायतले गाउँपालिका महासङ्घले उठाएका नीतिगत र व्यावहारिक समस्या समाधान गरिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

वडा समाजवादी कार्यक्रम

# तेह्र जिल्लाका तेह्र वडा छनोट

**मकवानपुर समाचारदाता**
*हेटौँडा, जेठ २३ गते*

बागमती प्रदेश सरकारले प्राथमिकतामा राखेको नमुना वडा समाजवादी कार्यक्रम सञ्चालन गर्न वडाहरू छनोट गरिएको छ।

प्रदेशका १३ जिल्लाको १३ वटा वडामा वडा समाजवादी कार्यक्रम कार्यान्वयन गर्ने गरी बागमती प्रदेशको मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयमा मङ्गलबार बसेको मन्त्रीपरिषद् बैठकले निर्णय गरेको हो।

प्रदेश सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री गङ्गानारायण श्रेष्ठले प्रदेशको १३ जिल्लाका १३ वटा पालिकाका एक/एक वडामा वडा समाजवादी कार्यक्रम कार्यान्वयन गर्न वडा छनोट गरिएको जानकारी दिनुभयो।

प्रदेश र छनोटमा परेका वडाका पालिकाको सहलगानीमा कार्यक्रम सञ्चालन गर्ने गरी नमुना वडा समाजवादी कार्यक्रमको अवधारणा बनाइएको छ। मन्त्री श्रेष्ठले कार्यक्रमका लागि एक करोड रुपियाँ बजेट हुने जानकारी दिँदै ९० लाख रुपियाँ प्रदेश सरकारले उपलब्ध गराउने र सम्बन्धित पालिकाले १० लाख रुपियाँ बजेट व्यवस्था गर्नुपर्ने बताउनुभयो।

गत आवमा २०७९/८० को नीति तथा कार्यक्रम नमुना वडा समाजवादी कार्यक्रमको अवधारणा ल्याएर बजेट व्यवस्था गरेपछि कार्यान्वयनमा आउन सकेको थिएन। चालु आवको नीति तथा कार्यक्रममा नमुना वडा समाजवादी कार्यक्रम सञ्चालन गर्ने पुनः प्रतिबद्धतासँगै १५ करोड रुपियाँ बजेट व्यवस्था गरिएको छ।

गत मङ्सिर १२ गते बसेको मन्त्रीपरिषद् बैठकले नमुना वडा समाजवादी कार्यक्रम कार्यान्वयन कार्यविधि २०८० स्वीकृत गरेसँगै वडा समाजवादी कार्यक्रम कार्यान्वयनका लागि बाटो खुलेको थियो।

अब नमुना वडा समाजवादी कार्यक्रम कार्यान्वयन प्रक्रिया अगाडि बढाइने मन्त्री श्रेष्ठले बताउनुभयो।



**बागमती प्रदेश मन्त्रीपरिषद् बैठकका निर्णयहरू जानकारी गराउँदै बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री गङ्गानारायण श्रेष्ठ।**

मानव सूचकाङ्कमा पछाडि परेका वडाको छनोट गरी कार्यक्रम सञ्चालन गर्ने गरी प्रदेश सरकारले नीति तथा कार्यक्रम र बजेट विनियोजन गरेको छ।

वडा समाजवादी कार्यक्रम कार्यविधिमा व्यवस्था भए अनुसार पालिकाले सञ्चालन गर्ने कार्यक्रमहरू ल्याएर प्रदेशमा पेस गरेपछि प्रदेशबाट पारित भएपछि कार्यान्वयनमा आउने छ।

कार्यक्रम कार्यान्वयनका लागि मकवानपुरको कैलाश गाउँपालिका वडा नं. ७, सिन्धुलीको घ्याङलेख गाउँपालिका वडा नं. १, भक्तपुरको चाँगुनारायण नगरपालिका वडा नं. ४, काठमाडौँको शङ्करापुर नगरपालिका वडा नं. २, ललितपुरको कोन्ज्योसोम गाउँपालिका वडा नं. २ र रामेछापको दोरम्बा शैलुङ गाउँपालिका–७ छनोटमा परेका छन्।

यस्तै बैठकले सिन्धुपाल्चोकको पाँचपोखरी थाङपाल गाउँपालिकाको वडा नं. ३, नुवाकोटको दुप्चेश्वर गाउँपालिकाको वडा नं. ३, रसुवाको नौकुण्ड गाउँपालिकाको वडा नं. ५, धादिङको रुबिभ्याली गाउँपालिका वडा नं. ५, दोलखाको गौरीशङ्कर गाउँपालिका वडा नं. १ र चितवनको माडी नगरपालिका वडा नं. ९ र काभ्रेपलाञ्चोकको महाभारत गाउँपालिकाको वडा नं. १ मा नमुना वडा समाजवादी कार्यक्रम सञ्चालन गरिने छ।

यस्तै मन्त्रीपरिषद् बैठकले प्रदेश सडक गुरुयोजना पारित गरेको छ।

मन्त्री श्रेष्ठले गुरुयोजना अन्तर्गत करिब तीन सय योजना रहेको बताउँदै प्राविधिकसँग सल्लाह गरेपछि योजना थपघट हुने बताउनुभयो।

**मधुपर्क चाँडै बजारमा**


## बोलपत्र आव्हानको सूचना

### श्री स्वदेश उपशाखा, सैनिक सामग्री प्राप्ती निर्देशनालय, संभाररथी विभाग, जङ्गी अड्डा

### नेपाली सेनाको लागि आवश्यक विभिन्न सामग्रीहरु खरिदको बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति : २०८१/०२/२४ गते)

१. नेपाली सेनाको लागि आ.ब. ०८०/८१ मा आवश्यक पर्ने निम्न अनुसारको सामानहरु e-GP System बाट खरिद गरिने हुंदा ईच्छुक योग्य बोलपत्रदाताहरुको लागि यसै सूचनाद्धारा यो बोलपत्र आव्हान गरिएको छ।

| ठेक्का नं. | सामानको विवरण | परिमाण | बैंक जमानी पेश गर्नुपर्ने ने.रु. | बोलपत्र दस्तुर ने.रु. | प्रि-बिड मिटिङ्ग मिति र समय | बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| दोश्रो पटक सूचना प्रकाशन | | | | | | | |
| 056 | Mortuary Van | गोटा-२ | 1,36,000.00 | 3,000.00 | २०८१।०२।२७ गतेको १४०० बजे | २०८१।०२।३१ गतेको १२०० बजे | २०८१।०२।३१ गतेको १३०० बजे |
| 410 | Catering Items for UN | विभिन्न | 2,90,000.00 | 3,000.00 | २०८१।०२।३१ गतेको १४०० बजे | २०८१।०३।०७ गतेको १२०० बजे | २०८१।०३।०७ गतेको १३०० बजे |
| 417 | Office Items for UN | विभिन्न | 1,55,000.00 | 3,000.00 | | | |

२. बोलपत्रदाताहरुले www.bolpatra.gov.np/egp सिष्टम मार्फत विड गर्नु हुन र उक्त सिष्टममा अपलोड भएको बोलपत्र सम्बन्धी कागजादमा उल्लेख भए अनुसारको राजश्व/धरौटी खाताहरुमा रकम जम्मा गरी सो को भौचर पेश गर्नु हुन। साथै सो सम्बन्धी थप जानकारीको लागि यस कार्यालयको फोन नं.: ०१-५९७९१२६ मा सम्पर्क गर्नु हुन समेत जानकारी गराईन्छ।



नेपाल सरकार
श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
पुरातत्व विभाग

### सिलवन्दी बोलपत्र स्वीकृत गर्ने आशयको सूचना नं १३

मिति २०८१।०२।२४

यस विभागबाट गोरखापत्रमा मिति २०८१।०१।१८ मा प्रकाशित सूचना बमोजिम देहायका कार्य गर्नको लागि रीतपूर्वक दर्ता हुनआएका दरभाउपत्रमध्ये न्युनतम मूल्याङ्कित सारभुतरुपमा प्रभावग्राही तपसिल बमोजिमका दरभाउपत्र विभागीय निर्णयानुसार स्वीकृतिको लागि छनौट गरिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं | ठेक्का नं. | कामको विवरण | मु.अ.कर बाहेको कवोल अंक | छनौट भई आएका बोलपत्रदाताको नाम |
|---|---|---|---|---|
| १ | DOA/NCB-11/ MASCP-080/81 | ऐतिहासिक छोङ्ना साँस्कृतिक स्थल संरक्षण कार्य, आम्चोक गा.पा.-४, भोजपुर | 14,08,140.02 | श्री वैठार निर्माण तथा ढुवानी सेवा, उदयपुर |
| २ | DOA/NCB-12/ MASCP-080/81 | साङाग छ्योइफल लिङ गुम्बा संरक्षण गर्ने कार्य, चौरीदेउराली गा.पा-९, गोठपानी, काभ्रेपलाञ्चोक | 18,08,009.43 | श्री मेदिना कन्स्ट्रक्सन, काठमाण्डौं |
| ३ | DOA/NCB-38/ PDRF-080/81 | भक्तपुर दरवार परिसरको कला संग्रहालयसँग जोडिएको लाल वैठकको संरक्षण गर्ने कार्य | 29,90,346.36 | श्री त्रियुन इन्जिनियरिङ्ग एण्ड विल्डर्स प्रा. लि., भक्तपुर |



## Nepal Electricity Authority

Koshi Province, Provincial Office, Biratnagar, Morang

### बोलपत्र/दरभाउपत्र स्वीकृत भएको आशयको सूचना

Notice Publication Date : 2081/02/24

१. बोलपत्र स्वीकृत गर्ने आशयको सूचना :
अनारमनी वितरण केन्द्रः anarmani@nea.org.np, Phone No. : 023-531594,

| सि. नं. | दरभाउपत्र नम्बर | छनोट भएका दरभाउपत्र दाताको नाम र ठेगाना | कबोल रकम (मू.अ.कर समेत) |
|---|---|---|---|
| १ | NEA-ANM-2080/081-06 Re(SQ) | श्री आरुषी कन्स्ट्रक्सन, इटहरी २, सुनसरी। | ४,२८,४५०।८ |
| २ | NEA-ANM-2080/081-07 Re(SQ) | श्री दन्तकाली निर्माण सेवा, गौरीगञ्ज ३ झापा। | ५,३८,६७१।०० |



### अनुमतिपत्र स्वतः रद्द भएको सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१।०२।२४

नेपाल दूरसञ्चार प्राधिकरणबाट ग्रामीण दूरसञ्चार सेवाको अनुमतिपत्र प्राप्त संस्था श्री सि.जि. कम्युनिकेसन्स लिमिटेड, सानेपा, ललितपुर (तत्कालिन एस.टि.एम. टेलिकम सञ्चार प्रा.लि.) ले २१ नोभेम्बर, २००३ मा प्राप्त गरेको ग्रामीण दूरसञ्चार सेवाको अनुमतिपत्र (अनुमतिपत्र नं. RTS–EDR–01) नवीकरणका लागि दूरसञ्चार नियमावली, २०५४ को नियम १२ बमोजिम तोकिएको अवधिभित्र नवीकरण दस्तुर सहित निवेदन पेस नगरेकोले उक्त सेवा प्रदायकलाई प्रदान गरिएको ग्रामीण दूरसञ्चार सेवाको अनुमतिपत्र दूरसञ्चार ऐन, २०५३ को दफा २५(५) बमोजिम २ डिसेम्बर, २०२३ (मिति २०८०/०८/१६) देखि स्वतः रद्द भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**नेपाल दूरसञ्चार प्राधिकरण**
अनुमतिपत्र व्यवस्थापन शाखा
जमल, काठमाडौं।
फोन नं. ९७७-०१-५३५४६८१, फ्याक्स ९७७-०१-५३५५२५०
Email: ntra@nta.gov.np, URL: www.nta.gov.np



### सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८१।०२।२४

यस कार्यालयको मिति २०८१/०१/३० गते राष्ट्रिय दैनिक गोरखापत्रमा पहिलो पटक प्रकाशित सूचना अनुसार प्राप्त हुन आएका सिलबन्दी दरभाउपत्रहरूमध्ये तपसिलमा उल्लिखित दरभाउपत्र दाताको दरभाउपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनोट भएकोले ने.वि.प्रा. आर्थिक प्रशासन विनियमावली २०६८ (संशोधन सहित) को विनियम १५६ तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ बमोजिम सम्बन्धित दरभाउपत्र दाताहरूलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा जानकारी गराइन्छ।

| सि. नं | दरभाउपत्र नं. | कामको विवरण | छनोट भएको दरभाउपत्र दाताको नाम र ठेगाना | कबोल अङ्क (VAT सहित) |
|---|---|---|---|---|
| 1 | NEA-RDC-2080/081-SQ-01 | Construction of LT line at Different Places of Rolpa District. | श्री रेशम स्मृति कन्स्ट्रक्सन प्रा.लि. गंगादेव–२, रमाइ। | रु. ९,७१,३७०।६० |
| 2 | NEA-RDC-2080/081-SQ-02(Civil) | Laying of interlocks Pavers in Office Aagan of NEA Rolpa DC Office, Liwang | श्री शेखर निर्माण सेवा सिद्धार्थनगर–८, रुपन्देही। | रु. ४,९७,६६३।८७ |

**नेपाल विद्युत प्राधिकरण**
रोल्पा वितरण केन्द्र, लिवाङ, रोल्पा।



### Re-Call for Expression of Interest

**Tearfund** is an international relief and development agency with more than 50 years of experience and has grown to be one of the UK's leading development agencies. We work in over 50 countries worldwide, in partnership with local NGOs and other agencies, supporting projects and programmes to tackle the causes and consequences of poverty, through integration of community development, humanitarian response, and recovery approaches.


Tearfund calls for Re-Expression of Interest (EoI) from Nepalese Non-Governmental Organisations (NGOs) for the implementation of a 5-year project titled, ***'Building Resilient Communities through Environmental and Economic Sustainability (EES), and Protection (Combating SGBV & Human Trafficking) Interventions'*** in Bajura, Kanchanpur, Sindhupalchok, and Sunsari districts of Nepal.

Interested organisations with a strong knowledge-base and proven work experience on the project-related themes are invited to submit an EoI (3 pages max.), alongside their supporting organisational documents, to Tearfund Country Office, Pulchowk, Lalitpur, Nepal via email at **tearfundn@gmail.com** within 7 days, 05:00 pm, from the date this call for Re-EoI is first published.

**Additional Notes:**

- Proposals received after the deadline will not be considered.
- Only short-listed NGOs will be notified for further rounds of the selection process.
- For Bajura district, the thematic focus should be EES with Protection integration.
- For Sindhupalchok district, the thematic focus should be Protection with EES integration.
- For Kanchanpur and Sunsari districts, the thematic focus should be Protection focusing on "**Behaviour Change for Gender Equality**".
- The number of districts might be limited to just one or two depending on the strength of the EoIs received.
- Any attempt to influence the selection process by any means will lead to disqualification.
- Tearfund reserves all rights to make decisions and/or cancel the assignment without prior notice.

दुःख र विपत् जीवनका यस्ता दुई पाहुना हुन्,
जो बिनानिमन्त्रण टुप्लुक्किन्छन् ।
- *वाल्मीकि*



## सम्पादकीय

# वातावरणप्रति चिन्ता

**पृथ्वी सम्पूर्ण प्राणी जगत्को साझा घर हो । अहिलेसम्मका वैज्ञानिक खोज र अनुसन्धानबाट जीव अनुकूलन अर्को ग्रह फेला परेको पनि छैन । पृथ्वीमा सृष्टिचक्रदेखि नै विद्यमान प्रकृतिप्रदत्त पारिस्थितिकीय प्रणालीद्वारा सबैको अस्तित्व कायम छ । यद्यपि मानवीय अहम्, विकासका नाममा हुने विनाश तथा प्राकृतिक स्रोतसाधनको अधिक दोहनका कारण उत्पन्न प्रतिकूल पर्यावरणीय परिस्थितिले सिङ्गो पृथ्वीलाई नै प्रदूषित बनाउँदै छ । जसरी साझा घर पृथ्वी हो, त्यसरी नै यसको स्वच्छता कायम राख्नु साझा कर्तव्य भएकोप्रति वातावरणविद्हरूले ध्यानाकर्षण गराउँदै आएका छन् । पर्यावरणीय सङ्कटकै सन्दर्भमा संयुक्त राष्ट्रसङ्घद्वारा जुन ५ लाई विश्व वातावरण दिवसका रूपमा घोषणा गरेर जनचेतनामूलक कार्यक्रमसहित मनाउन सदस्य राष्ट्रहरूलाई आह्वान गरिएको छ । सोही अनुरूप यस पटक 'हाम्रो भूमि : हाम्रो भविष्य' मूल नाराका साथ बुधबार विश्वभर वातावरण दिवस मनाइयो । यस नाराले जमिनको पुनरुत्थान, मरुभूमीकरण र खडेरी थेग्न सक्ने क्षमताको विकास गर्न विश्व समुदाय एकजुट हुनुपर्ने आवश्यकताबोध गराएको छ ।**


**संयुक्त राष्ट्रसङ्घले आह्वान गरेबमोजिम सन् १९७३ देखि यो दिवस मनाइँदै आएको स्मरणीय छ । वातावरण संरक्षणका लागि विश्वमा राजनीतिक तथा सामाजिक सचेतना वृद्धि गराउने उद्देश्यले सन् १९७२, जुन ५–१६ सम्म राष्ट्रसङ्घले स्विडेनको राजधानी स्टकहोममा वातावरणीय विश्व सम्मेलन आयोजना गरेको थियो । 'मात्र एक पृथ्वी' मूल नाराका साथ वातावरण संरक्षणप्रति विश्वको चासो वृद्धि गर्ने उद्देश्यले जुन ५ लाई वातावरण दिवसका रूपमा मनाउन यसै सम्मेलनले पारित गरेको विदित हुन्छ । यसपछि पनि वातावरण विनाशप्रति चिन्ता र चासो व्यक्त गर्दै विश्वमा ठुलठुला सम्मेलन भए । ठुला तथा औद्योगिक राष्ट्रबाट भइरहेको प्राकृतिक स्रोतसाधनको अधिक दोहनले कार्बन उत्सर्जनको नकारात्मक असर बढ्दो छ । विकसित देशका कारण भइरहेको वातावरण विनाशको असर अल्पविकसित तथा विकासशील राष्ट्रले भोग्न बाध्य हुनु परिरहेको अवस्थामा क्षतिभरणसम्बन्धी विषयमा केही समयअघि संयुक्त अरब इमिरेट्समा आयोजित संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी सम्मेलन (कोप–२८) मा गम्भीर बहस भएको स्मरणीय छ । नेपालका तर्फबाट जोडदार रूपमा उठाइएको क्षतिभरणको विषयले आगामी दिनमा मूर्तरूप लिने कार्यदिशा तय भइसकेको छ । यसो हुन सक्दा औद्योगिक एवं आणविक शक्तिराष्ट्रलाई वातावरणीय क्षयीकरणमा आफ्नोतर्फबाट भएको हानिनोक्सानी गल्तीबोध हुने विश्वास गर्न सकिन्छ ।**

**जलवायु परिवर्तनको असरले खास गरी वन तथा जैविक विविधता, जलस्रोत र ऊर्जा, कृषि तथा खाद्य सुरक्षा, मानव स्वास्थ्य र भौतिक पूर्वाधार जस्ता क्षेत्रमा गम्भीर प्रभाव पारेको छ । ध्रुवीय क्षेत्रका हिउँ पग्लने क्रममा वृद्धि हुँदा समुद्री सतह बढिरहेको छ । हिमाल नाङ्गिँदै गएका छन् । टापु तथा तटीय क्षेत्रमा बसोबास गर्ने मानिस, जलाशयमा बस्ने प्राणी यसको प्रभावमा परेका छन् । विभिन्न प्रजाति लोपोन्मुख अवस्थामा पुगेका छन् । पिउने पानीको अभाव बढ्दो छ । युनिसेफले हालै गरेको एक अध्ययन अनुसार विश्वमा दुई अर्ब १० करोड मानिस सुरक्षित तथा व्यवस्थित पिउने पानीबाट वञ्चित छन् । जमिनको उत्पादकत्वमा ह्रास आएर खाद्य सङ्कट निम्तिने खतरा देखिएकाले बेलैमा सचेत नहुने हो भने भोलि आउने सङ्कट भयावह हुन सक्नेतर्फ वातावरणविद्हरूले दिएको चेतावनी मननीय छ । अर्कोतर्फ खाद्य तथा ध्वनि प्रदूषणले मानिसको स्वास्थ्यमा प्रत्यक्ष असर पुऱ्याउनुका साथै विभिन्न खालका रोगव्याधिको सामना गर्नु परेको तितो यथार्थप्रति विश्व बेखबर छैन । जलवायु परिवर्तनबाट उत्पन्न समस्याको समाधान र सम्बोधन गर्न विश्व समुदायमा सहकार्यको आवश्यकताबोध हुनुपर्ने देखिन्छ ।**

**विश्व वातावरण दिवसका सन्दर्भमा नेपालमा पनि विविध कार्यक्रम आयोजना गरियो । राष्ट्रपतिद्वारा व्यक्त शुभकामना सन्देशमा विकास र वातावरण एकआपसमा प्रतिद्वन्द्वी नभई परिपूरक रहेको भन्दै जल, जमिन, जङ्गल तथा जीवहरूको पर्यावरणीय सम्बन्धलाई जीवनमुखी बनाएर संविधानप्रदत्त स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई सार्थक बनाउन प्रण गर्ने दिनका रूपमा लिन आग्रह गरिएको छ । संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक स्थापित गरेको मात्र नभएर वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेसमेत उल्लेख छ । वातावरण संरक्षण तथा सुधारका लागि अवलम्बन गरिएका राष्ट्रियस्तरका वन, वातावरण तथा जलवायु परिवर्तन नीतिहरूबाट निर्देशित विभिन्न कार्यक्रमले वातावरण संरक्षणका क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल हुँदै आएको अनुभूत हुन्छ । खास गरी पछिल्लो चरणमा वातावरण संरक्षणका क्षेत्रमा विश्व मञ्चहरूमा उठाइँदै आएको आवाजलाई निरन्तरता दिन आवश्यक देखिन्छ । नेपालका सन्दर्भमा यो नै वातावरण दिवसको सन्देश पनि हो ।**

## १०० वर्ष अधिको गोर्खापत्र

१९७० साल भाद्र ३ गते सोमबार



प्रार्थना.

हिन्दुस्थानका देशी राजाहरूका तर्फबाट भारत-गवर्नमेण्टका सेवामा एक प्रार्थनापत्र जानेभयाकोछ. जुन प्रार्थनापत्रमा,– "अबदेखी भारत–सर्कारले धनी जिमदार र व्यापारी हरूलाई राजा-महाराजाको पदवी नदिनेगरे असलहुनेथियो" भन्ने लेखिनेछ. प्रार्थना उचितहो भनि बैङ्कटेश्वर लेखतछ.

### प्रार्थना.

हिन्दुस्थानका देशी राजाहरूका तर्फबाट भारत–गवर्नमेण्टका सेवामा एक प्रार्थनापत्र जानेभयाकोछ. जुन प्रार्थनापत्रमा "अबदेखी भारतसर्कारले धनी ज्मिदार र व्यापारीहरूलाई राजा–महाराजाको पदवी नदिनेगरे असलहुनेथियो" भन्ने लेखिनेछ. प्रार्थना उचितहो भनि बैङ्कटेश्वर लेखतछ.



## चिन्तन

**यो ध्रुवाणि परित्यज्य
अध्रुवं परिषेवते ।
ध्रुवाणि तस्य नश्यन्ति
चाध्रुवं नष्टमेव हि ॥**

जसले निश्चितलाई छाडेर अनिश्चितको
सहायता लिन्छ, ऊ निश्चित नष्ट हुन्छ ।
अनिश्चित त स्वयं
नष्ट हुन्छ नै ।

**– संस्कृत सुभाषित**

**लेख प्रतिक्रियाका लागि**
gopafeature@gmail.com
gopashanibar@gmail.com (शनिबारका लागि)

# पर्यटनबाटै अर्थतन्त्रको विकास



डा. अर्जुनकुमार खड्का



नेपालको संविधानको धारा ११९ बमोजिम सङ्घीय संसद्मा जेठ १५ गते आर्थिक वर्ष २०८१/८२ को बजेट प्रस्तुत भई छलफलमा रहेको अवस्था छ । यस बजेटले पाँच उद्देश्य, पाँच प्राथमिकता तथा पाँचै रणनीति लिएको छ । साथै, बजेटले धेरै विषयलाई समावेश गर्ने कार्य गरेको र तीमध्ये पर्यटन प्रवर्धनलाई विदेशी मुद्रा आर्जनको दृष्टिकोणबाट अहम् रूपमा लिएको छ । बजेट कार्यान्वयनको अवधिमा सोह्र लाख पर्यटक भित्र्याउने गरी पर्यटन प्रवर्धनसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने तय गरिएको छ ।

बजेटमार्फत आर्थिक क्षेत्रका सबै गतिविधिमा स्वच्छता, जवाफदेहिता र प्रतिस्पर्धा कायम गर्न नियमनको व्यवस्था गर्दै सर्वाङ्गीण राष्ट्रिय विकासमा प्रोत्साहन र परिचालनलाई जोड दिइने छ । उपलब्ध स्रोतसाधन एवं आर्थिक विकासको प्रतिफल न्यायोचित वितरण गरी सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत उपलब्ध साधनका साथै स्रोतको अधिकतम परिचालन गरिने छ । यसबाट छ प्रतिशत आर्थिक वृद्धि गर्न बजेटको प्राथमिकता तथा उद्देश्यले जोड दिएको छ । यसको अतिरिक्त बजेटले आर्थिक नीति कार्यान्वयन गर्दै विभिन्न कार्यक्रमलाई सफलतापूर्वक कार्यान्वयन गर्ने मूल सोच पनि लिएको छ । समग्रमा बजेटले सुशासन, सामाजिक न्याय र समृद्धिको सोचसहित सोह्रौँ योजनालाई समेत समावेश गरेको कुरामा प्रतिबद्धता व्यक्त गरेको छ । साथै नागरिकको जीवनमा अनुभूति हुने गरी परिवर्तन गर्न सघाउ पुग्ने गरी बजेट तर्जुमा भएको पाइन्छ ।

नेपालको प्राकृतिक तथा सांस्कृतिक सम्पदा एवं वातावरणको संरक्षण र संवर्धन गर्दै पर्यटन व्यवसायको विकास, विस्तार एवं प्रवर्धन गरी अन्तर्राष्ट्रिय रूपमा नेपाललाई आकर्षक तथा भरपर्दो पर्यटन स्थलको रूपमा विकास गरेर राष्ट्रिय उत्पादन, विदेशीमुद्रा आर्जन र रोजगारीका अवसरको सिर्जनामा अधिकतम वृद्धि गर्न सक्ने अवसर रहेको छ । तथापि सोह्र लाख पर्यटक भित्र्याउनका लागि धेरै चुनौतीचाहिँ रहेको देखिन्छ । मुख्य गरी हवाई उड्डयनलाई सुरक्षित, भरपर्दो बनाई नेपाललाई आकर्षक पर्यटकीय स्थलको रूपमा विकास गरी अन्तर्राष्ट्रिय पर्यटनमा नेपालको छविलाई उच्च एवं मर्यादित ढङ्गबाट स्थापित गर्नुपर्ने छ । यसको अलावा पर्यटकलाई गुणात्मक सेवा प्रदान गर्न पर्यटन व्यवसायमा देखापरेका समस्याको निराकरणका उपाय पत्ता लगाउन आवश्यकता अनुसार सार्थक तथा व्यावहारिक रूप दिनुपर्ने देखिन्छ । यस्तै पर्यटकीय स्थलको विकास गर्दा खास गरी ग्रामीण पर्यटकीय स्थलको विकासलाई प्राथमिकता दिने र ग्रामीण पर्यटन विकासका विविध कार्यक्रम सञ्चालन गर्न स्थानीय समुदायलाई उत्प्रेरित गर्नुपर्ने आवश्यकता छ ।

हवाई यातायातबाट राष्ट्रलाई अधिकतम फाइदा प्राप्त हुने गरी सिभिल एभिएसनको विकासलाई प्रोत्साहन हुने परिस्थिति सिर्जना गर्न सिभिल एभिएसनलाई नियन्त्रित र व्यवस्थित गर्नु पर्छ । साथै नेपालमा नागरिक उड्डयनको विकास तथा विस्तार गर्न र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई सम्पर्कका लागि हवाई उडान, हवाई सञ्चार, हवाई पथ प्रदर्शन र एयर ट्रान्सपोर्टेसन सेवाको सञ्चालन सुरक्षित, नियमित, स्तरीय र प्रभावकारी बनाउनु पर्ने आवश्यकता छ ।

पर्यटन व्यवसायको स्थापना, सुधार, विकास, विस्तार, संवर्धन तथा संरक्षण गर्ने सम्बन्धमा पूर्वाधार विकास, पर्यटन सेवा सुविधा विस्तार, जनशक्ति विकास र पर्यटकीय स्थलको पर्यावरण संरक्षण गर्ने कार्यका सम्बन्धमा आवश्यक कार्यक्रम कार्यान्वयन गर्नु पर्छ । यसै गरी आकर्षक पर्यटकीय स्थलको रूपमा विकास गर्ने र पर्यटकका लागि सुविधा वृद्धि गर्ने कार्यक्रमको अभाव पनि देखिएको छ । पर्यटन व्यवसायको विकास र विस्तारका लागि आवश्यक पर्ने प्राविधिक एवं वित्तीय आधार तयार गर्नु पर्छ । सोही अनुसार कार्यक्रम, पर्यटन व्यवसायको विकास, विस्तार र प्रवर्धन गर्न विविध क्रियाकलापमा निजी क्षेत्रको सहभागितालाई अधिकतम मात्रामा प्रोत्साहित गर्नु पर्छ । पर्यटनसँग सम्बन्धित विद्यमान भौतिक पूर्वाधारको व्यवस्थित र प्रभावकारी ढङ्गले उपयोग गरी पर्यटकलाई देशको धार्मिक र सांस्कृतिक महत्त्वका स्थल, उच्च हिमशृङ्खला तथा मनोरम प्राकृतिक सौन्दर्यको दृश्यावलोकन गराउने विषयमा पनि जोड दिनु पर्छ ।

> पर्यटकलाई सेवा प्रदान गर्ने व्यक्ति, संस्था वा निकायको क्रियाकलापमा समन्वय कायम गर्नु पर्छ । कतिपय अवस्थामा नेपाल सरकार, नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल पर्यटन बोर्ड र निजी क्षेत्रबिच समन्वय हुन सकेको छैन । समन्वय नहुँदा पर्यटन क्षेत्रको गुणस्तर कायम हुन सक्दैन ।

पर्यटन व्यवसायसँग जोडिएको अर्को पाटो हवाई उड्डयनको विकासका लागि बजेटमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको दोस्रो टर्मिनल भवन निर्माण कार्य सुरु गर्ने उल्लेख छ । निजगढ अन्तर्राष्ट्रिय विमानस्थल सार्वजनिक तथा निजी साझेदारीमा निर्माण गर्ने कुरामा पनि जोड दिइएको छ, जुन कुरा आवश्यक नै थियो किनकि नेपालसँग हवाई सम्झौता गर्ने राष्ट्रको सङ्ख्यामा धेरै वृद्धि भएको छ । अहिले नेपालबाट विभिन्न देशका ४३ स्थानभन्दा बढी ठाउँमा करिब ३२ भन्दा बढी वायुसेवाले सेवा प्रदान गर्दै आएका छन् । यो सङ्ख्या बढ्दो क्रममा रहेको देखिन्छ तर युरोपेली देशले उठाउँदै आएको हवाई सुरक्षाको विषयलाई बजेटले सम्बोधन गरेको देखिँदैन । यसमा मुख्य गरी नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ लाई दुई भागमा विभाजित गरी नियमन गर्ने र कार्यान्वयन गर्ने निकाय फरक फरक गरी अन्तर्राष्ट्रिय मान्यता अनुरूपको कानुनी व्यवस्था हुनुपर्ने कुरामा युरोपियन युनियनले विगत लामो समयदेखि उठाउँदै आएको छ ।

विमानस्थलको निर्माण, स्तरोन्नति र अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप विमानस्थल तथा एयर नेभिगेसन सेवा सञ्चालन गर्न नेपाल हवाई सेवा प्राधिकरणको स्थापना र व्यवस्था गर्ने कार्यका लागि नेपाल हवाई सेवा प्राधिकरणसम्बन्धी विधेयक र सोबाहेक अन्य कार्य गर्नका लागि नेपाल नागरिक उड्डयन प्राधिकरणको विधेयकको व्यवस्था गर्नुपर्ने छ । तत् अनुरूप कार्य गर्ने अभिप्रायले नै २०७६ सालमा सङ्घीय संसद्मा दुई वटा विधेयक प्रस्तुत भएको थियो तर प्रतिनिधि सभाको कार्यकाल समाप्त भएकाले उक्त दुई वटा विधेयक पारित हुन सकेन । यसले नेपालको वायुसेवाले युरोपबाट सोझै पर्यटक ल्याउन नसक्ने अवस्था बनेको छ । यस्ता विषयमा बजेट मौन छ । हुन त नेपालले हवाई उडान सुरक्षासम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताको अनुमोदन गरी राष्ट्रिय कानुनमा पनि तदनुकूल समसामयिक सुधार गर्दै आएको छ तर हवाई क्षेत्रको नियमन र कार्यान्वयन गर्ने दुई निकायको आवश्यकता रहेको भनेर अन्तर्राष्ट्रिय समुदायले जोड दिँदै आएको छ । पर्यटकलाई सेवा प्रदान गर्ने व्यक्ति, संस्था वा निकायको क्रियाकलापमा समन्वय कायम गर्नु पर्छ । कतिपय अवस्थामा नेपाल सरकार, नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल पर्यटन बोर्ड र निजी क्षेत्रबिच समन्वय हुन सकेको छैन । समन्वय नहुँदा पर्यटन क्षेत्रको गुणस्तर कायम हुन सक्दैन ।

वास्तवमा नेपालभित्र सीमित अन्तर्राष्ट्रिय वायुयानले आफ्नो सेवा प्रदान गर्दै आएकोमा २०५० सालमा सरकारले लिएको खुला हवाई नीतिको कारण अहिले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा धेरै देशका वायुयानले आफ्नो सेवा प्रदान गर्दै आएका छन् । स्वदेशभित्र पनि धेरै निजी वायुसेवाले सेवा दिँदै आएका छन् । यसले नेपालमा हवाई सेवाको विकास तथा विस्तार भइरहेको पुष्टि गर्छ । त्यसैले विश्वव्यापी रूपमा हवाई उडानलाई सुरक्षित तवरले सञ्चालन गर्नका लागि इन्टरनेसनल सिभिल एभिएसन अर्गनाइजेसन (आइसिएओ) ले निर्धारण गरेको मापदण्डलाई नेपालले प्राथमिकता दिएको अवस्था छ तर नेपालमा हवाई उडानसम्बन्धी कानुनी प्रावधानमा समयानुकूल परिमार्जन गरी आन्तरिक तथा अन्तर्राष्ट्रिय विमानस्थलसँग सम्बद्ध व्यवस्थापनलगायत विभिन्न निकायमा कार्यरत व्यक्ति, पदाधिकारी तथा निकाय, निकायबिचको सहयोग, समन्वय, सद्भाव र आफ्नो कामप्रति इमानदारी जस्ता कुरामा सुधार गर्न सके नेपालको नागरिक उड्डयन क्षेत्रको विकास हुने छ ।

अन्त्यमा, माथि उठान गरिएका विषयवस्तुलाई समयमै सम्बोधन भएमा बजेटले लिएको १६ लाख पर्यटक भित्र्याउने लक्ष्य हासिल हुन सक्छ । साथै, सङ्घीय सञ्चित कोष र अन्य सरकारी कोषको सञ्चालन तथा व्यवस्थापन, बजेट तर्जुमा निकासा तथा खर्च, आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन, आन्तरिक नियन्त्रण, लेखापरीक्षण तथा अन्य आर्थिक गतिविधिलाई व्यवस्थित गर्न बजेटले जोड दिएको छ । साथै सङ्घीय वित्तीय व्यवस्थापन प्रणालीलाई जिम्मेवार, पारदर्शी, नतिजामूलक तथा उत्तरदायी बनाउन, समष्टीगत आर्थिक स्थायित्व कायम गर्न र सङ्घ, प्रदेश तथा स्थानीय तहको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्नेलगायतका कुरामा पनि जोड दिएको पाइन्छ । यसर्थ, बजेटले लिएको नेपालमा १६ लाख पर्यटक भित्र्याउने लक्ष्यसहित नेपालको संविधानले परिकल्पना गरेको दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिको न्यायोचित वितरण हुन बजेट कार्यान्वयनले सघाउने छ । आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य पनि पूरा हुने छ ।

# बजेटमा सामाजिक सुरक्षा



डा. लोकनाथ भुसाल

सत्रौँ गणतन्त्र दिवसकै दिन जेठ १५ गते संवैधानिक व्यवस्थाबमोजिम सरकारको आगामी आर्थिक वर्षको आय र व्ययको अनुमान सार्वजनिक भएको छ । यसअघि राष्ट्रपतिबाट जेठ १ गते सरकारको नीति तथा कार्यक्रम सार्वजनिक गरिएको थियो । बजेट राजनीतिक दस्ताबेजसमेत भए पनि यसले मुलुकको अर्थव्यवस्था र समाजमा आमूल परिवर्तन ल्याउने ताकत राख्छ । नेपालको संविधानले समाजवादउन्मुख अर्थतन्त्र र समाजको परिकल्पना गरेको छ । यसलाई हासिल गर्न समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पनि तय गरिएको छ ।

देशलाई उन्नत अवस्थामा पुऱ्याउने एउटा दरिलो आधार सर्वव्यापी सामाजिक सुरक्षा हो । त्यसैले यसलाई 'शान्त क्रान्ति' पनि भनिएको छ । त्यसो त सामाजिक सुरक्षा संविधानप्रदत्त मौलिक हक पनि हो । सामाजिक सुरक्षाले जीवनयापनलाई सहज बनाउँछ । जीवनचक्रका जोखिम नियाल्दा सामाजिक सुरक्षा सबैलाई आवश्यक हुन्छ । पछिल्लो अध्ययनले देशको ३२ प्रतिशत जनसङ्ख्याले कुनै न कुनै प्रकारको सामाजिक सुरक्षा प्राप्त गरेको अनुमान छ । सेवानिवृत्त कर्मचारीलाई प्रदान गरिने पेन्सन र ६८ वर्षमाथिका नागरिकलाई प्रदान गरिने वृद्ध

भत्तासमेतका ८७ वटा सामाजिक सुरक्षाका कार्यक्रम सङ्घीय सरकारले मात्र कार्यान्वयन गरेको छ । प्रदेश र स्थानीय सरकारबाट पनि विभिन्न प्रकारका योगदानरहित सामाजिक सुरक्षाका कार्यक्रम कार्यान्वयन गर्न थालिएको छ । यसले गर्दा सरकारको वित्तीय दायित्व पनि बढ्दै गएको छ । देशको समग्र सामाजिक सुरक्षा व्यवस्थापनमा विभिन्न विषय उठेका छन् ।

नीति तथा कार्यक्रमको बुँदा नं. १७२ मा 'योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीको दायरा विस्तार गरिने छ । सरकारी तथा सङ्गठित क्षेत्रमा कार्यरत अस्थायी, करार, ज्यालादारी कर्मचारीको साथै अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षामा आबद्ध गरिने' उल्लेख छ । वृद्ध भत्तालगायतका सामाजिक सुरक्षाका स्किमबाट प्राप्त हुने सुविधाका लागि योगदान गर्नु नपर्ने भएकाले सामाजिक सुरक्षा खर्च वार्षिक बजेटको १५ प्रतिशतसम्म पुगेको छ । यो पुँजीगत खर्चकै हाराहारी हुन जान्छ । उमेरको हद घटाएको र अन्य सामाजिक सुरक्षाका कार्यक्रमले पनि वितरणकारी पक्षमा जोड दिएकाले पनि यस्ता कार्यक्रमको खर्च ज्यामितीय रूपमा बढ्दै गएको छ । यसको वित्तीय दिगोपना सुनिश्चित गर्न योगदानमूलक सामाजिक सुरक्षातर्फ लाग्नुको विकल्प छैन । अब सक्नेले तिरेर भविष्य सुरक्षित गर्नु पर्छ । विगतमा राजनीतिक लोकप्रियताका लागि ल्याइएका सामाजिक सुरक्षाका कार्यक्रमलाई क्रमशः योगदानमूलक बनाउनु जरुरी छ ।

सामाजिक सुरक्षा कोष यस दिशामा उल्लेखनीय प्रयास भए पनि यसमा हालसम्म आबद्ध भएका करिब १३ लाख श्रमिक पर्याप्त होइनन् । यसलाई अगामी पाँच वर्षमा एक करोड पुऱ्याउने गरी काम गर्न सकेमा मात्र योगदान नगरी पाउने सामाजिक सुरक्षामाथिको व्ययभार घटाउन सकिने छ । गत वर्षको चैतमा सरकारले ल्याएको एकीकृत सामाजिक सुरक्षा संरचना, २०८० को उद्देश्य पनि यही हो । सामाजिक सुरक्षा निजी क्षेत्रका बैङ्कहरूले कोषमा आबद्ध हुन आलटाल गरेकाले अब सरकारी निकायमा कार्यरत सबै प्रकारका श्रम सम्झौताका कर्मचारीलाई कोषमा आबद्ध गरेमा निजी क्षेत्र पनि यसमा आउन बाध्य हुने छ । सामाजिक सुरक्षालाई सरकारको वित्तीय दायित्व सिर्जना नहुने गरी सर्वव्यापी बनाउने दिशामा आएको सरकारी घोषणालाई स्वागतयोग्य मान्नु पर्छ ।

बुँदा नं. १७२ मा नै 'सामाजिक सुरक्षा कोष, कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषबाट सञ्चालित कार्यक्रमबिचको दोहोरोपना हटाउन आवश्यक नीतिगत तथा संस्थागत सुधार गरिने' उल्लेख गरिएको छ । नेपालमा विगतदेखि नै कार्यक्षेत्र स्पष्ट नगरी संस्था जन्माउने रोग छ । यस्तो रोगको सिकार आमनागरिक हुने गरेका छन् भने केही टाठाबाठाले जागिर प्राप्त गरेर सुविधा लिएका छन् । कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषको काममा तात्त्विक अन्तर देखिँदैन । दुवैले कर्मचारीको तलबकट्टी गरी ब्याज खुवाउने र केही सहुलियत दरमा सापटी दिने गरेका छन् । यस्तै काम गर्न अब सामाजिक सुरक्षा कोष पनि थपिएको छ । यस प्रकारको संस्थागत दोहोरोपनाले गर्दा एउटै बचतकर्ताले तीनतिर तलब कट्टाको रकम जम्मा गर्नु परेको छ । यस्तो झन्झट किन ? यही समस्या समाधान गर्ने गरी नीति तथा कार्यक्रममा ल्याइएको व्यवस्था अनुसारको काम छिटो सम्पन्न गरेर परिणाम आउनु जरुरी छ ।

नीति तथा कार्यक्रमलाई बजेटमार्फत कार्यान्वयन गरिन्छ । त्यसैले बजेटको बुँदा नं. २४ मा सामाजिक सुरक्षालाई बजेटका पाँच वटा प्राथमिकतामध्ये चौथौ प्राथमिकता क्रम प्रदान गरिएकाले सरकारले सामाजिक सुरक्षाको आर्थिक–सामाजिक तथा राजनीतिक महत्त्व बुझेको स्पष्ट हुन्छ । बजेट वक्तव्यको बुँदा नं. १४० मा एकीकृत सामाजिक सुरक्षाको अवधारणालाई कार्यान्वयन गर्न सामाजिक सुरक्षा कोष र स्वास्थ्य बिमा कार्यक्रमको बिचमा समन्वय गर्ने घोषणा गरिएको छ । यसबाट सामाजिक सुरक्षा कोषमा आबद्ध भएका श्रमिकले स्वास्थ्य बिमाको सुविधा स्वतः प्राप्त गर्ने छन् । यसबाट सेवाग्राहीलाई सहुलियत प्राप्त हुने र झन्झट घटने छ । बजेटको बुँदा नं. १४१ मा नीति तथा कार्यक्रमको आशयबमोजिम नै 'योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीको दायरा विस्तार गर्ने र यसका लागि अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई क्रमशः सामाजिक सुरक्षा कोषमा आबद्ध गर्दै लगिने' घोषणा गरिएको छ । हाम्रो श्रम बजार अति नै अव्यवस्थित छ । ६० प्रतिशतभन्दा अधिक रोजगारी अनौपचारिक क्षेत्रमा रहेको छ । यस्तो रोजगारीले श्रमका न्यूनतम मापदण्ड पूरा गरेको हुँदैन । नियुक्तिपत्र, न्यूनतम ज्याला, सामाजिक सुरक्षा, बिदालगायतका सेवा सुविधाको समेत प्रत्याभूति नहुने भएकाले यस्तो रोजगारीलाई अनिश्चित तथा असुरक्षित मानिएको छ ।

यसले गर्दा यस्तो काम मर्यादित हुन सक्दैन । शोषण, गरिबी र जोखिम यसका अभिन्न भाग हुन् । यस्तो रोजगारीलाई औपचारिक बनाउन अर्थतन्त्रकै औपचारीकरण गर्नु पर्छ । श्रम निरीक्षणलाई सघन तथा गहन बनाएर सबै प्रकारका कामलाई औपचारिकीकरण गर्न सामाजिक सुरक्षा कोषमा आबद्ध गर्नु जरुरी हुन्छ । यसबाट अन्तत रोजगारदाता, श्रमिक र सरकार सबैलाई फाइदा मिल्ने छ । त्यसैले बजेटमा गरिएको यससम्बन्धी व्यवस्थालाई स्वागत गर्नु पर्छ ।

त्यसै गरी बुँदा नं. २१६ मा सबै नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराउने र यसबाट सामाजिक सुरक्षा भत्ता वितरणमा रहेका चुहावट हटाउने घोषणालाई पनि स्वागत गर्नु पर्छ । बुँदा नं. २१७ मा ज्येष्ठ नागरिकलगायतका लक्षित समूहलाई प्रदान गर्दै आएको सामाजिक सुरक्षा भत्तालाई निरन्तरता प्रदान गर्ने व्यवस्था गरिएको छ । दुई वर्षअगाडि वृद्ध भत्ता पाउने उमेर दुई वर्षले घटाउनुलाई औचित्यपूर्ण मान्न नसकिए पनि यस्तो सुविधालाई निरन्तरता दिनु उपयुक्त हो । विश्वव्यापी रूपमा नगद हस्तान्तरण प्रभावकारी भएको अनुसन्धानबाट पनि देखिएको छ । यसलाई गरिबलाई मात्र दिने गरी पुनर्संरचना गरिनु पर्छ भन्ने मत पनि छन् । गरिबलाई मात्र प्रदान गर्दा अन्ततः भत्ता नै खारेज हुने जोखिमयुक्त अनुभव पनि छन् । २०५२ सालपछि यो भत्ता कायमै रहनुको रहस्य यसबाट धनीहरू पनि लाभान्वित हुनु हो ।

अन्त्यमा, सामाजिक सुरक्षा देश विकासको एउटा खम्बा हो । विश्वको विकासको इतिहासले यो सिद्ध गरेको छ । अनिश्चितता र जोखिमलाई कम गर्दै जीवनयापनलाई सहज बनाउनु नै यसको मुख्य ध्येय हो । यसलाई गरिबलाई गरिबीको रेखामाथि ल्याउने र धनीलाई यस्तो रेखामुनि जानबाट रोक्ने सुनियोजित अस्त्रको रूपमा विश्वभरि प्रयोगमा ल्याइएको छ । यसले ल्याउने परिणाम क्रान्तिले ल्याउने जस्तो रूपान्तरणकारी हुन्छ । वस्तुगत विश्लेषण गर्दा आगामी वर्षको नीति तथा कार्यक्रम र बजेटले यसलाई मनन गरेको अनुभूति मिल्छ । सुरक्षित समाज निर्माणका लागि सबैलाई योगदानमूलक सामाजिक सुरक्षाको दायरामा ल्याउने सतत प्रयास गरिएको स्पष्ट हुन्छ ।

# नेतृत्व, सुशासन र विकास






शिवराम न्यौपाने

सुशासन विकासको अनिवार्य आधारशिला हो । सुशासन कायम भए मात्र विकासले गति लिन सक्छ । विकासका नीति, योजना, रणनीति र कार्यक्रम कार्यान्वयन गर्ने वातावरण कायम हुन सकेमा मात्र उपलब्धि हासिल हुन सक्छ । सुशासनको अवरोधकका रूपमा रहेको भ्रष्टाचार र अनियमितताका कारण सरकारले सञ्चालन गर्ने गरेका विकासका कार्यबाट अपेक्षाकृत उपलब्धि हासिल हुन सकेको छैन । जीवन निर्वाहका आधारभूत सेवा शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत्, खाद्यान्न, आवासलगायतका वस्तु अझै सर्वसुलभ हुन सकेको छैन। आधारभूत आवश्यकताको सुविधालाई दुर्गम क्षेत्रसम्म पुऱ्याउने र जनतालाई सुशासनको अनुभूति गराउने कामले पूर्णता पाउनै सकेन। आधारभूत वस्तु एवं सेवाको सहरी क्षेत्रमा देखिएको उच्च मूल्यका कारण जनतामा निराशा बढ्दै गएको छ।

सरकार र जनताको मिलनविन्दु सार्वजनिक सेवा प्रवाह केन्द्र हो । यस्तो सेवा प्रवाहलाई सर्वसुलभ गराउने कार्यलाई उच्च महत्त्व दिन सकिएको छैन। महँगी, कृतिम अभाव, ठगी, कालोबजारी जस्ता विकृति बढ्दो क्रममा छन्। यस्ता विकृति बढ्दै जानुमा प्रत्यक्ष/परोक्ष राजनीतिक सञ्जालको भूमिका रहेको आमसर्वसाधारणको गुनासो छ । मुलुकको समग्र विकासको जिम्मेवार संयन्त्र राजनीतिक नेतृत्वले समग्र विकास प्रक्रियालाई गति दिनेतर्फ जिम्मेवार र उत्तरदायी हुन आवश्यक छ।

> सरकारप्रतिको जनताको विश्वास कायम राख्न राजनीतिक नेतृत्वले आफ्ना हरेक कार्य एवं व्यवहारमा सुशासनका अवयवलाई अन्तरसम्बन्धित गराउनु अनिवार्य छ । वर्तमान सरकार सुशासन कायम गराउन दृढताका साथ लागेको छ, त्यसमा कर्मचारी संयन्त्रले पूर्ण रूपमा साथ र सहयोग गर्नु पर्छ । राजनीतिक नेतृत्वलाई दोष थोपरेर मात्र सुशासन कायम हुने होइन ।

सरकारले आवधिक रूपमा सञ्चालन गर्ने आर्थिक तथा सामाजिक विकासका कार्यले अपेक्षित उपलब्धि हासिल गर्न नसकेको तथ्य यथार्थ हो । अनुत्पादक प्रशासनिक खर्च, प्रक्रियागत झन्झट, कर्मचारीतन्त्रको परम्परागत सोच र व्यवहार, राजनीतिक नेतृत्वको विकासमा भन्दा सत्तामोहको बढ्दो चाहले विकासको गति अघि बढ्न सकेको छैन। पटक पटकको राजनीतिक व्यवस्था परिवर्तन र शासन प्रणालीको सुधारका कार्यले विकासको गतिलाई सघाउ पुऱ्याउन सकेको छैन । राजनीतिक व्यवस्थाको परिवर्तनपश्चात् कार्यान्वयनमा आउने गरेका नयाँ संविधान, नीति, रणनीति, कानुनी प्रक्रियागत कार्यलगायत प्रशासनिक एवं सामाजिक संरचनाले मुलुकको समग्र विकास र समृद्धिलाई उच्च प्राथमिकतामा राखेको पाइएको छ । यस्ता दस्ताबेजको भावना अनुरूप वार्षिक रूपमा आउनुपर्ने कार्यक्रमलाई व्यवहरतः सम्बोधन गर्न नसक्दा अनुत्पादक प्रशासनिक खर्च बढ्दै जाने तर विकासमा चाहे जस्तो उपलब्धि हुन सकेको छैन । विकास र समृद्धिका लागि भएको लामो समय र स्रोतका लगानीको तुलनामा उत्पादन वा सेवा क्षेत्रमा देखिएको निराशाजनक अवस्थाले सुशासनप्रति शङ्का लाग्नु स्वाभाविक हो।

राजनीतिक नेतृत्व, कर्मचारीतन्त्र, पेशागत सङ्घ संस्था, सामाजिक सङ्घ संस्था, ठेकेदार समेतको कमजोर भूमिकाका कारण मुलुकको समग्र विकास अभियानमा विभिन्न कठिनाइ उत्पन्न भएका छन् । विकासका लागि समानान्तर रूपमा सहकार्य हुनुपर्ने यस्ता क्षेत्रको नेतृत्वमा नैतिक अनुशासन, इमानदारी र राष्ट्रिय हितको भावनाको कमी देखिएको आभास हुँदै छ । व्यक्ति, समूह, गुटका लागि काम गर्ने गराउने प्रवृत्ति बढेको कारण सङ्घीय तहदेखि स्थानीय तहसम्म सार्वजनिक हितका कार्यले गति लिन सकेको छैन। सार्वजनिक काम एवं सम्पत्तिलाई माध्यम बनाई व्यक्ति वा समूहको गैरकानुनी लाभका लागि काम गर्ने/गराउने प्रतिस्पर्धा बढेको छ।

राज्यका विद्यमान कानुनी एवं पद्धतिगत व्यवस्थाको गलत व्याख्या गर्ने प्रवृत्तिका कारण विकास निर्माण, सार्वजनिक खरिद, राजस्व सङ्कलनलगायतको क्षेत्रमा राज्यले ठुलो नोक्सानी बेहोर्नु परेको छ। पूर्वाधार आयोजना महँगा र कम गुणस्तरका हुनुका साथै अस्वाभाविक मर्मत सम्भार खर्चका कारण यस्ता आयोजना सञ्चालन गर्न कठिन हुँदै गएको छ। असुरक्षित र कम गुणस्तरका पूर्वाधार निर्माणको कार्यले मानव जीवन नै जोखिममा पर्ने खतरा बढेको छ। स्वदेशी एवं विदेशी उद्योगी, व्यापारी इमानदार भई लगानीका लागि स्वतःस्फूर्त हुन सकेका छैनन्। सुशासन कमजोर भएकाले प्रत्यक्ष वैदेशिक लगानी ल्याउन कठिन हुँदै गएको छ।

सुशासनको मुख्य आधार कानुनी शासन, इमानदारी एवं पारदर्शिता हो । मसौदा कानुन, पद्धति, कार्य संस्कार, नैतिक अनुशासनलगायतका क्षेत्रलाई सुदृढ गर्ने र निहित स्वार्थका लागि कानुन र पद्धतिको गलत व्याख्या नगर्ने नगराउने प्रवृत्ति विकास गर्नु जरुरी छ। मूलतः राजनीतिक क्षेत्र, कर्मचारीतन्त्र, ठेकेदार, पेसागत सङ्घ संस्थाको मिलेमतोको प्रवृत्तिले सुशासनका लागि जिम्मेवारी लिनुपर्ने अधिकांश क्षेत्र उत्तरदायी हुन सकेका छैनन् । यसले गर्दा व्यक्ति वा समूहको स्वार्थका लागि मिलेमतो, गठबन्धन, साँठगाँठ, अनियमित सहकार्य गर्ने प्रवृत्ति स्थानीय तहसम्म बढेका कारण राज्यका सबै संयन्त्रमा सुशासन कमजोर भएको देखिएको छ । यस सन्दर्भमा राजनीतिक नेतृत्वले सार्वजनिक पदमा रहदा आफ्नो र दलको स्वार्थका लागि नभई देश र जनताको सेवा गर्ने/गराउने प्रतिबद्धता र नैतिक अनुशासन कायम गर्नुपर्ने भएको छ । राजनीतिक नेतृत्व देशको समग्र शासनको मुख्य मियोसमेत भएकाले यस क्षेत्रको सुधारबाट नै राज्यका अन्य सबै संयन्त्र स्वाभाविक रूपमा सुशासनको अभ्यासमा समाहित हुने यथार्थलाई मनन गर्नु पर्छ।

सरकारी संयन्त्रले प्रवाह गर्ने सार्वजनिक सेवाको गुणस्तरका आधारमा सरकारको विश्वसनियता जोगिने गर्छ । सरकारी निकायबाट गरिने काम छिटो, छरितो, सहज, पारदर्शी हुन सक्दा मात्र भ्रष्टाचार गर्ने/गराउने प्रवृत्ति नियन्त्रण हुन्छ। मुलुकको समग्र विकासको मुख्य आधार मानिने कृषि क्षेत्रको व्यवस्थापनमा इमानदारी र नैतिक अनुशासन कायम गर्न सकिएको छैन । उद्योग, व्यापार, पर्यटन, दैनिक जीवन निर्वाह, रोजगारीलगायतको क्षेत्रमा मुख्य योगदान दिन सक्ने कृषि क्षेत्रको व्यवस्थापनमा सुशासन कायम हुन नसकेको महसुस गरिएको छ । कृषि क्षेत्रको अनुदान कृषकमा नपुग्ने र पुगे पनि ठुलै कमिसन दिएर मात्र कृषकले पाउनु पर्ने गुनासा रहेका कारण कृषकको उत्प्रेरणा ह्रास हुँदै गएको छ। कृत्रिम कृषक खडा भई अनुदान कब्जा गर्ने र वास्तविक कृषक अनुदानबाट वञ्चित हुने गरेको गुनासा प्रशस्त आउने गरेका छन्।

स्वास्थ्य सेवा व्यवस्थापनमा समेत अनियमितता हुने गरेको गुनासा छन्। सरकारले निःशुल्क वितरण गरिने भनी घोषणा गरेका औषधी लक्षित वर्गले पाउन नसकेको र यस्ता औषधी स्वास्थ्य संस्थामा काम गर्ने कर्मचारीमार्फत निजी क्लिनिकबाट अनियमित रूपमा बिक्री वितरण हुने गुनासा पनि सँगसँगै आउने गरेका छन्।

सार्वजनिक कार्यको स्वाभाविक गतिशीलताका लागि मसौदा नीति, योजना, रणनीति, कानुन, पद्धतिलाई मुख्य आधार बनाउने संस्कार विकास गर्नु जरुरी छ । व्यक्ति, समूह, दलको स्वार्थका लागि गैरकानुनी दबाब दिने, कानुन एवं प्रक्रियाको गलत व्याख्या गरी आफ्ना व्यक्तिलाई लाभ पुऱ्याउने कार्य नियन्त्रण गर्न आवश्यक छ । सुशासन कायम गराउने संयन्त्रको नेतृत्व राजनीतिक व्यक्ति हुन्छ । केन्द्रीय तहदेखि वडा तहसम्म राजनीतिक नेतृत्वले मुलुकमा सुशासन कायम गराउन छिटोभन्दा छिटो अग्रसरता लिनु पर्छ। राज्यका सबै संयन्त्रमा सुशासन सुदृढ गर्न राजनीतिक नेतृत्वको सोच र व्यवहार परिवर्तन हुनु जरुरी छ । राजनीतिक नेतृत्वको सोच अनुरूपको नीति, योजना, कार्यक्रमलाई विश्वसनीय रूपमा कार्यान्वयनमा ल्याउने जिम्मेवारीमा रहेको कर्मचारीतन्त्रले आफ्नो कार्य प्रवृत्ति र आचरणमा सुधार्न ढिला भइसकेको छ।

सरकारको सफलता वा असफलताको मापन गर्ने मुख्य सूचक सुशासन हो। सुशासनबिना न विकासको गति अगाडि बढ्न सक्छ न त सामाजिक न्याय नै प्राप्त हुन्छ। यस सन्दर्भमा सुशासन र समृद्धिको नारा लिएर जनतासामु प्रतिबद्ध भएका राजनीतिक नेतृत्वले आफ्ना सोच, व्यवहार र कार्यप्रति सिंहावलोकन गर्ने समय भइसकेको छ । सरकारप्रतिको जनताको विश्वास कायमै राख्न राजनीतिक नेतृत्वले आफ्ना हरेक कार्य एवं व्यवहारमा सुशासनका अवयवलाई अन्तरसम्बन्धित गराउनु अनिवार्य छ। वर्तमान सरकार सुशासन कायम गराउन दृढताका साथ लागेको छ, त्यसमा कर्मचारी संयन्त्रले पूर्ण रूपमा साथ र सहयोग गर्नु पर्छ। राजनीतिक नेतृत्वलाई दोष थोपरेर मात्र सुशासन कायम हुने होइन।

संविधानको भावना अनुरूप सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने राज्यको नीतिलाई सोच र व्यवहारमा आत्मसात् गर्नु आवश्यक छ । सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन इमानदारपूर्वक बिनापूर्वाग्रह कामको नेतृत्व गर्नु जरुरी छ। कानुनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासनका माध्यमबाट मात्रै सुशासन स्थापित हुने हो। राज्यका तीनै तहका सरकारले जनभावना बुझेर सुशासन स्थापित गराउने दिशामा अघि बढ्न अब ढिला गर्नु हुँदैन।

# मोदीलाई तेस्रो अवसर



श्रीमन नारायण

भारतमा लोक सभाका लागि भएको निर्वाचनमा प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको भारतीय जनता पार्टीलाई अनपेक्षित हानि पुगेको छ। चुनावअघि विभिन्न सञ्चार माध्यमद्वारा गरिएका सर्वेक्षण र राजनीतिक विश्लेषकको अनुमान विपरीत विपक्षी दलहरूको गठबन्धन इन्डियाले अपेक्षा गरिएभन्दा धेरै सिट जितेको छ। प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको एनडिए गठबन्धनले सरकार गठन गर्न आवश्यक सङ्ख्या २७२ भन्दा बढी सिट जितेको छ । भारतको तल्लो सदन लोक सभाको ५४३ सिटमध्ये २७२ वा सोभन्दा बढी सिट ल्याउने दल वा गठबन्धनका तर्फबाट सरकारको नेतृत्व हुने प्रावधान छ। यस पटकको चुनाव पनि दुई गठबन्धनबिच नै भएको थियो । मोदीको भारतीय जनता पार्टीले भने आवश्यक २७२ सङ्ख्याभन्दा ३२ सिट कम अर्थात् २४० सिट जितेको छ। त्यसैले मोदीको नेतृत्वमा सरकार गठन हुनका लागि गठबन्धनका दलहरूको सहयोग अब अनिवार्य भएको छ । अब एनडिए गठबन्धनमा तेलुगुदेशमा पार्टीका नेता एन चन्द्रबाबु नायडु र बिहारका मुख्यमन्त्री नितिश कुमारको पनि महत्त्वपूर्ण भूमिका हुने देखिएको छ । नायडु र नितिश कुमारलगायतको सहयोग रहिरहेमा मोदी तेस्रो पटक भारतको प्रधानमन्त्री बन्ने छन्।

स्वतन्त्र भारतका प्रथम प्रधानमन्त्री पण्डित जवाहरलाल नेहरूपश्चात् लगातार तीन पटक भारतको प्रधानमन्त्री बन्ने अवसर मोदीलाई आएको छ । यद्यपि मोदी प्रधानमन्त्री बने पनि आफ्नो तेस्रो कार्यकालमा कठोर राजनीतिक निर्णय लिन पाउने छैनन् तर आर्थिक सुधारका पक्षधर चन्द्रबाबु नायडुको दरिलो समर्थनका कारण उनका आर्थिक सुधारका प्रयासले निरन्तरता पाउने निश्चित छ । १८ औँ लोक सभामा विपक्षी पनि अनुभवी, योग्य र दक्ष सांसदको उपस्थिति रहने छ । सत्ताधारी गठबन्धन र विपक्षी गठबन्धनबिच पाँच दर्जन सिटको अन्तर मात्रै रहेका कारण सरकारको स्थायित्व माथि आशङ्का उत्पन्न भएको छ। तीन पटक गुजरातका मुख्यमन्त्री र एक दशकसम्म भारतको प्रधानमन्त्री बनेका मोदीले आफ्ना गठबन्धनका सहयोगीसित समन्वय गरी कार्यकाल पूरा गर्ने अनुमान मात्र यतिखेर गर्न सकिन्छ।

लोकतन्त्रमा जनताको निर्णय सर्वोपरि हुन्छ । जनअपेक्षालाई पूरा गर्न सकिएन भने सत्ताबाट बाहिर हुन पनि बेर लाग्दैन। सन् २०१४ को आमनिर्वाचनमा २७८ र सन् २०१९ को आमनिर्वाचनमा ३०३ सिट जितेको भाजपाले यस चुनावमा २४० सिट मात्रै जित्न सकेको छ । यस चुनावमा भाजपाले गत चुनावभन्दा ६३ सिट कम प्राप्त गरेको छ। मोदी सरकारले आफ्नो कार्यकालमा निकै उल्लेख्य काम गरे पनि जनताको समर्थन हासिल गर्न नसक्नुको कारणबारे गहन समीक्षा अवश्य नै हुने छ । सन् २००४ मा पनि तत्कालीन प्रधानमन्त्री अटल बिहारी बाजपेयी नेतृत्वको सरकारको चारैतिर प्रशंसा हुने गर्दथ्यो । बाजपेयी सरकारले चुनावमा सफलता पाउने कुरामा विपक्षीलाई पनि आशङ्का थिएन तर राजनीतिक विश्लेषकका अनुमान र मिडिया सर्वेक्षणलाई झुठो साबित गर्दै जनताले कांग्रेस नेतृत्वको युपिएलाई सत्तामा ल्याए।

मोदीका सहयोगीमा तेलुगु देशम पार्टीको १६ सिट, जनता दल युनाइटेडको १२ सिट, शिवसेनाका सात सिट र चिराग पासवानका पाँच सिटका अतिरिक्त साना–साना दलहरूका थप २३ सिटले मोदीलाई तेस्रो पटक प्रधानमन्त्री बन्न सहयोग पुऱ्याउन सक्छ। विपक्षी गठबन्धनका भारतीय राष्ट्रिय कांग्रेस २०१४ मा सत्ताबाट बाहिरिएपछि विगत १० वर्षमा प्रमुख प्रतिपक्षी दलको स्थान बनाउन पनि सफल हुन सकिरहेको थिएन । यस पटक पार्टीले ९९ सिट जितेको छ । भारतको लोक सभाको कुल ५४३ सिट मध्ये १० प्रतिशत (५५ सिट) ल्याउन सक्ने दलले मात्रै विपक्षी दलको मान्यता पाउने प्रावधान रहेको छ। भारतको सबैभन्दा ठुलो प्रान्त उत्तर प्रदेशमा समाजवादी पार्टीले ३७ सिट प्राप्त गरी लोक सभामा तेस्रो स्थान हासिल गर्न सफल भएको छ। सन् २०१९ मा पाँच सिट जितेको पार्टीले यस पटक थप ३२ सिट जितेको छ। भारतीय जनता पार्टीले उत्तर प्रदेशमा यसअघि झन्डै छ दर्जन जति सिट जितेको थियो । यसपालि त्यसको आधाभन्दा पनि कम सिटमा खुम्चिएको छ । विपक्षी गठबन्धनका दलमा ममता बनर्जीका टिमसीले २९, एमके स्टालिनको डिएमकेले २२ सिट जित्न सफल भएको छ । नेपालको सिमानासित जोडिएको बिहारमा लामो समयपछि कम्युनिस्ट पार्टीले दुई सिट जित्न सफलता प्राप्त गरेको छ । बिहारमा लालुप्रसाद यादव नेतृत्वको राष्ट्रिय जनता दलले चार सिट जित्न सफल भएको छ। सन् २०१९ को निर्वाचनमा यस पार्टीले एक सिट पनि जित्न सकेको थिएन।

भारतका विपक्षी राजनीतिक दलहरूले मोदी सरकारको कमीकमजोरीलाई जनतामा पुऱ्याउन सफल रहे। खास गरी रोजगार सिर्जना गर्ने मामिलामा सरकार सफल नरहेको आरोपलाई युवाले पत्याए । महँगीको मुद्दालाई पनि जनताले पत्याए । जनताको क्रयशक्ति कमजोर रहेको अवस्थामा महँगीको विषय जनताका निम्ति महत्त्वपूर्ण हुन जान्छ । कोभिड–१९ पछि भारतमा भएको यो पहिलो आमचुनाव हो । महँगी र बेरोजगारीको मुद्दाले राम मन्दिरको निर्माण र राष्ट्रवादको मुद्दालाई पनि कमजोर बनाउने काम गऱ्यो । एउटा सर्वसाधारण नागरिकका निम्ति न्यूनतम आवश्यकता नै महत्त्वपूर्ण विषय हुन्छ । भारतको जम्मु एवं कश्मिरलाई विशेष अधिकार प्रदान गरिएको सम्बन्धी भारतको संविधानको धारा ३७० मा गरिएको



> विपक्षीहरूले मोदी सरकारले भारतको संविधानमा नै परिवर्तन ल्याउने, लोकतन्त्रलाई कमजोर बनाउने तथा केबल ठुला उद्योगपतिलाई मात्रै सहयोग गर्ने गरेको आरोप लगाए । यस्ता आरोपको सर्वाधिक प्रभाव उत्तर प्रदेश, पश्चिम बङ्गाल र महाराष्ट्रमा देखियो ।

संशोधनलाई पनि त्यहाँका विपक्षी राजनीतिक दलहरूले मोदी सरकारको नियत संविधानमैत्री नरहेको आरोप लगाए। विपक्षीहरूले मोदी सरकारले भारतको संविधानमा नै परिवर्तन ल्याउने, लोकतन्त्रलाई कमजोर बनाउने तथा केवल ठुला उद्योगपतिलाई मात्रै सहयोग गर्ने गरेको आरोप लगाए । यस्ता आरोपको सर्वाधिक प्रभाव उत्तर प्रदेश, पश्चिम बङ्गाल र महाराष्ट्रमा देखियो।

मोदीको १० वर्षको कार्यकालमा लागु गरिएको सामाजिक सुरक्षा कार्यक्रमको व्यापक प्रशंसा भइरहेको छ। खास गरी त्यहाँका ८० करोड नागरिकलाई निःशुल्क खाद्यान्न (रासन) प्रदान गरिन्छ । यो कार्यक्रम आउँदो पाँच वर्षसम्म पनि जारी नै रहन्छ। पिएम किसान र पिएम बाली बिमा जस्ता योजनाबाट ११ करोडभन्दा बढी किसान लाभान्वित भएका छन्। स्वच्छ भारत अभियान अन्तर्गत ११ करोडभन्दा बढी शौचालयको निर्माण गरिएको छ । जलजीवन मिसन एवं अमृत मिसन अन्तर्गत झन्डै १४ करोड नलजल कनेक्सन प्रदान गरिएको छ। सहरी क्षेत्रमा प्रधानमन्त्री स्वनिधि योजना अन्तर्गत फुटपाथका ६३ लाखभन्दा बढी व्यापारीलाई साढे एघार हजार करोड ऋण पुऱ्याइएको छ। प्रधानमन्त्री आवास योजना अन्तर्गत झन्डै चार करोड पक्की घर निर्माण भएका छन्। आगामी पाँच वर्षमा थप तीन करोड आवासको निर्माण हुने छ। उज्ज्वल योजना अन्तर्गत १० करोडभन्दा बढी परिवारमा एलपिजी कनेक्सन दिइएको छ। त्यसै गरी आयुष्मान भारत जस्ता योजनाको माध्यमबाट स्वास्थ्य खर्चमा २५ प्रतिशतसम्म कमी आएको छ। प्रतिवर्ष ५५ करोडभन्दा बढी व्यक्तिलाई पाँच लाख रुपियाँसम्म निःशुल्क उपचार यस योजनाको माध्यमबाट भइरहेको छ। त्यसबाहेक राजमार्ग, रेलमार्ग, विमानस्थल एम्स, आइआइएम, आइआइटी र नयाँ नयाँ विश्वविद्यालयको निर्माण भएका छन् । ५० करोडभन्दा बढी जनधन खाता खोलिएका छन्। तथापि मोदी नेतृत्वको सरकारले जनताको विश्वासलाई पूर्ण रूपमा जित्न सकेन।

भारतका एक दर्जनभन्दा बढी वर्तमान एवं पूर्व मुख्यमन्त्री र वरिष्ठ नेता मोदीको विपक्षमा थिए। जबकि भाजपाका नेता र कार्यकर्ता भने त्यति बढी सक्रिय थिएनन् । करिब एक दशकपश्चात् कांग्रेसले आफ्नो सिट सङ्ख्यालाई झन्डै दोब्बर पार्न सफल भएको छ। भारतको १८ औँ लोक सभामा बलियो प्रतिपक्षको सामना गर्न कुनै पनि सरकार अब बाध्य हुने छ।

## पाठक आवाज

gopafeature@gmail.com
(प्रतिक्रियाका लागि)

### शैक्षिक प्रतिफल सुनिश्चित हुनु पर्छ

आगामी आर्थिक वर्ष २०८१/८२ मा समग्र शिक्षा क्षेत्रका लागि दुई खर्ब तीन अर्ब ६६ करोड रुपियाँ विनियोजन गरिएको छ । यो कुल बजेटको १०.९४ प्रतिशत मात्रै हो । यसमा झन्डै ८० प्रतिशतको हाराहारीमा शिक्षक र कर्मचारीको तलब, भत्तालगायतका प्रशासनिक क्षेत्रमै खर्च हुन्छ। शिक्षण सिकाइ क्रियाकलापलाई रोचक तथा समसामयिक बनाउन आवश्यक सामग्री, तालिम एवं शिक्षक विद्यार्थीकेन्द्रित अध्ययन, अभ्यास, प्रयोगात्मक कक्षाका लागि ज्यादै न्यून बजेट प्राथमिकतामा रहने गरेको छ । शिक्षण संस्थालाई स्रोतसाधनसम्पन्न बनाउने, गुणस्तरीय शिक्षा प्रदान गर्ने तथा विद्यार्थीको उपलब्धिस्तर सुधार्ने सरकारी प्रतिबद्धतामा न्यून बजेटका कारण आशातीत उपलब्धि नहुने अनुमान गर्न सकिन्छ।

नीति तथा कार्यक्रम र छुट्याइएको बजेट सरसर्ती हेर्दा कुनै अध्ययन, अनुसन्धान, आधार र आवश्यकता एवं प्राथमिकतालाई वास्ता गरिएन कि भन्ने शङ्काको सुविधा छ । शिक्षा सुधारका लागि करोडौँ खर्चमा गरिएका आयोगको प्रतिवेदन, विभिन्न अध्ययन अनुसन्धानका सिफारिसका आधारमा नीति तथा कार्यक्रम र सो अनुकूल बजेट विनियोजन भएको भए सार्थकताको आशा गर्न सकिन्थ्यो । अर्कोतर्फ पञ्चायतकालीन शिक्षा ऐनलाई नै टालटुल गरेर अहिलेसम्म शिक्षा क्षेत्र चल्नुले पनि शिक्षा प्राथमिकतामा नपरेको पुष्टि हुन्छ।

'शिक्षामा गुणात्मक सुधार' भन्ने नाराका साथ विभिन्न कार्यक्रम उल्लेख गरिएको छ। विगत वर्षका जस्तै यस पटक पनि केही नयाँ कार्यक्रम बजेट वक्तव्यमा आएका छन्। विगतमा कक्षा ९ देखि १२ सम्म प्रदान गरिँदै आएको छात्रवृत्तिलाई कक्षा ६ देखि १२ सम्म विस्तार गरिने, साथीबाट सिक्ने साथीलाई सिकाउने, मातृभाषा शिक्षण सामग्रीको निर्माण, शिक्षक दरबन्दी मिलान, दिवा खाजा कार्यक्रमको विस्तार, प्रारम्भिक बाल विकासमा परिमार्जन, शिक्षालाई प्राविधिक ज्ञान र सिपको प्रवर्धन तथा उच्च शिक्षामा पनि सङ्ख्यात्मक र गुणात्मक सुधारका लागि विविध कार्यक्रम ल्याएको देखिन्छ । विगत वर्षमा ल्याइएका कार्यक्रमको उपलब्धि लेखाजोखा नगरी नयाँ कार्यक्रम ल्याउने र कार्यान्वयनमा उदासीनता देखाउनाले बजेटका नवीन कार्यक्रम कागजी घोडा मात्र नहोला भन्न सकिन्न।

विकासको मेरुदण्डका रूपमा लिइने शिक्षाको समयानुकूल विकास र विस्तारका लागि धक फुकाएर लगानी गर्न कन्जुस्याइँ गरिनु हुन्न । शिक्षाको विकास भए मात्र सबैखाले विकासका गतिविधिमा प्रभावकारिता आउने वास्तविकता हो । गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि मानवीय तथा भौतिक स्रोतसाधन सम्पन्न शिक्षण संस्था पहिलो प्राथमिकता हो । साथै शिक्षामा गरिएको लगानीको प्रतिफलको औचित्य विद्यार्थीको उपलब्धि स्तरले पुष्टि गर्न सक्नु पर्छ । विभिन्न अध्ययन अनुसन्धानले राष्ट्रिय बजेटको कम्तीमा पनि २० प्रतिशत शिक्षामा लगानी गर्नुपर्ने निष्कर्ष निकालेको छ । २० प्रतिशत बजेट शिक्षामा मात्र विनियोजन गर्दा अन्य क्षेत्रलाई न्याय होला र ? अहिले सरदर ११ प्रतिशत बजेटले शिक्षा सुधारमा कहाँ कहाँ कमी भएको छ ?

एउटा भनाइ पनि छ– बालीनाली लगाउन छ महिना, फलफूल खेतीका लागि १० वर्ष र मानिसलाई शिक्षा दिनका लागि कम्तीमा पनि सय वर्षको योजना बनाउनु पर्छ । हाम्रोमा सेवाग्राहीसँग छलफल नै नगरी नीति तथा कार्यक्रम र बजेट ल्याउने हचुवा परम्पराले गर्दा आशातीत सफलता हासिल गर्न सकिएको छैन। चालु आवमा भएका कार्यक्रमको उपलब्धि र प्रभावकारिताको लेखाजोखा नगरी आगामी वर्षको बजेट ल्याइएको छ।

विगत आवमा अस्थायी शिक्षकलाई 'गोल्डेन ह्यान्डसेक', मानव विकास सूचकाङ्क न्यून रहेका, छात्रा भर्नादर कम भएका र बिचैमा पढाइ छाड्ने प्रवृत्ति बढी भएका सीमान्तकृत एवं विपन्न छात्राको उपलब्धिस्तर उच्च बनाउन क्षेत्रीयस्तरमा स्रोतसाधन सम्पन्न आवासीय विद्यालय स्थापना, विद्यार्थी र शिक्षकको अनुपातका आधारमा दरबन्दी मिलान गर्ने गरी शिक्षक सरुवा, ग्रामीण र दुर्गम क्षेत्रका एक सय सामुदायिक विद्यालयमा परीक्षणका रूपमा 'ब्रोडब्यान्ड इन्टरनेट' माध्यमबाट धेरै विद्यार्थी अनुत्तीर्ण हुने अङ्ग्रेजी, विज्ञान र गणित विषयको अध्यापन परीक्षणको रूपमा सुरुवात, निरक्षरता उन्मूलन गर्न छात्रवृत्तिप्राप्त मेधावी विद्यार्थीको परिचालन, सहरका सुविधासम्पन्न निजी विद्यालयलाई ग्रामीण क्षेत्रका विपन्न र कमजोर उपलब्धिस्तर भएका सामुदायिक विद्यालयसँग सहकार्य गर्न प्रोत्साहित गर्ने जस्ता कतिपय राम्रा नीति कार्यक्रम बजेट वक्तव्यमा थिए। विगत वर्षको बजेटको आकार र विद्यार्थीको उपलब्धिस्तरसँग पर्याप्त तालमेल खाएको पाइँदैन।

शिक्षामा गरिएको लगानीको प्रतिफलको औचित्य विद्यार्थीको उपलब्धिस्तरले पुष्टि गर्न सक्नु पर्छ । विगत वर्षको एसइईको नतिजा र कक्षा ३ र ५ को उपलब्धि परीक्षणको नतिजा हेर्दा विद्यार्थीको उत्तीर्ण प्रतिशत र प्राप्ताङ्क प्रतिशत अहिलेसम्म ५० भन्दा माथि नपुगेको कटु सत्यलाई नकार्न सकिन्न। शिक्षामा गरिएको लगानी अनुसार उपलब्धि नबढ्नु चिन्ता र चिन्तनको विषय हो । सामुदायिक विद्यालयको उपलब्धि स्तर खस्कनुमा विविध कारण हुन सक्छन् । शिक्षकको आफ्नो लामो जागिरे जीवनमा आफूले पढाएको विषयमा एक जना विद्यार्थीलाई पनि पूर्णाङ्क नदिएका बग्रेल्ती उदाहरण पाइन्छ। सामुदायिक विद्यालयमा ९८ प्रतिशतभन्दा बढी तालिमप्राप्त शिक्षक कार्यरत भए पनि थोरै सुविधा र तालिम अप्राप्त शिक्षकले पढाउने संस्थागत विद्यालयको नतिजा उच्च हुनुका कारण के हुन सक्छन् ? वस्तुनिष्ठ र निष्पक्ष भएर खोजिनु पर्छ। सामुदायिक विद्यालय क्रमिक रूपमा विद्यार्थीविहीन हुनुमा को कति जिम्मेवार हुनु पर्छ ?

विद्यालयको लगानी सार्थक बनाउन विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन प्रभावकारी बनाउनुपर्ने, आर्थिक कारोबारलगायत शैक्षिक नेतृत्वका लागि तीनबर्से कार्यकाल रहेको व्यवस्थापन समितिलाई भन्दा पनि योग्य र उत्साही प्रधानाध्यापक छनोट गरी जवाफदेही बनाइनु पर्छ। सामाजिक लेखापरीक्षण तथा आर्थिक लेखापरीक्षण पारदर्शी र वस्तुनिष्ठ बनाउनुपर्ने, विद्यालयमा निकासा हुने बजेट शीर्षक र रकम पारदर्शी रूपमा सार्वजनिक गरिनुपर्ने तथा दरबन्दी मिलान र विद्यालय मर्ज नीतिलाई निष्पक्षतापूर्वक कार्यान्वयन गरी शैक्षिक क्षति न्यूनीकरण गर्नु आवश्यक छ । दूरदर्शी शैक्षिक नीति तथा नेतृत्व, चुस्त व्यवस्थापन, समर्पित शिक्षक, अनुशासित विद्यार्थी, सचेत अभिभावक, जागरुक समुदाय र समसामयिक पाठ्यक्रमको व्यवस्थापनबाट मात्र लगानी अनुसारको उन्नत शैक्षिक प्रतिफल सुनिश्चित हुन सक्छ।

**बाबुकाजी कार्की**
काठमाडौँ

नयाँ नेपाल

गोरखापत्र
gorkhapatraonline.com

समावेशीकरणको दिशामा एउटा फड्को : गोरखापत्रद्वारा प्रकाशित
**जिरेल भाषा पृष्ठ**

# नेवारे जिरेलते कुल पुजा सिन्सुङ



**दोलखा ।** गालाते ल्हो २०८० जेष्ठ १२ ताङ १३ गते नेवारे जिरेलते कुल पुजा खाबातेला थोलो लोला जेष्ठ १७ ताङ १८ गते सम्पन्न ओङसुङ । गौरिशंङ्कर गाँउपालिका वडा १ यार्सा युल्दु नेवारे जिरेलते कुल पुजा सम्पन्न ओङाते ईन् ।

खास खाला कुल पुजा ङिमाजीकला सिन्च्या खास्यीनोङ दि नेवारे जिरेलते कुल पुजा सासीन ङिमा ङि खाकीन सिन्दाते ईन् । काल्बेई च्योक जिरेलते कुल पुजा ग्वाका नुपला ओङच्या खाला दुक । तर नेवारे जिरेलते कुल पुजा सासीन ङिम्मु ओङाते ईन् । गौरिशंङ्कर गाँउपालिका वडा १ यार्सा यल्दुते नेवारे जिरेलते कुल पुजा ङिमा ङिला सम्पन्न ओङाते ईन् । दि युल्गी नेवारे जिरेलते कुल पुजा खित्जीन कुल ल्हे रुपला दादारचेन ल्हाला कुलगी ल्हे रुपला लाकीन पुजा खाबाते ईन् । कुल ल्हा पुजा खित्जीन कुल ल्हाला काताङला पुजा खाला याङराङ ल्हाला थेरुराङ केल्च्या खाबाते जानकारी फोम्बोकी बिन्सुङ । पुजा खित्जीन तिथि ताला खित्च्या खाला दुक । काल्बेई जिरेल जातीते कुल पुजा खिताला क्षेत्रपाते फोम्बो भक्त बहादुर जिरेल डोच्या खास्यीनोङ जुँगू यार्सा थेमे चेत्पु नाङला कुल पुजाला सासीन चेत्पु फोम्बो पुर्ते बहादुर जिरेलकी खिन वाला दुक । क्षेत्रपाते फोम्बो भक्त बहादुर जिरेल कुल पुजा खिताला जिरी लयगायत जूँगु यार्साते देप्लिङगा जिरेले समेत कुल ल्हा छ्योताला ओङच्या खाला दुक । पुजा खिता छोमु पुजारीकी डोमुक्का तुक्पाराङ देत्ला नुवाई धुवाई खाला ल्हाकी थान जोला सजे खाला पुजा तयारी खाला पुजा खित्च्या खाला दुक । थे छोमु डोमुक्का तोर्मा जोला ल्हाला चढे खाला पुजा खिन छे मेन्दो चढे खित्च्या खाला दुक । पुजा खिन खिनला कुलगी नाङ फाप्कान आज्यो न्वाकी खोल्बाते छ्ये छ्योबो ङि ङि चढे खिन पुजा खित्च्या खाला दुक । दि युल्दु नेवारे जिरेलते कुल पुजा खित्जीन खाम्मा गेत आज्यो न्वा जम्मा ओङगीन खाबा ओतान् ।

दोक खालकी पुजा खित्जीन दाक्पोन आज्यो न्वा डिक्ला दामासाही खर्च थोई फाप्ला दुक गाङेकी डिक्ला बराबर गोत्च्या खाबाते जानकारी खाम्मा मिकी जानकारी बिन्सुङ । मुल पुजा छोमु

> **कुल ल्हा पुजा खित्जीन कुल ल्हाला काताङला पुजा खाला याङराङ ल्हाला थेरुराङ केल्च्या खाबाते जानकारी फोम्बोकी बिन्सुङ । पुजा खित्जीन तिथि ताला खित्च्या खाला दुक । काल्बेई जिरेल जातीते कुल पुजा खिताला क्षेत्रपाते फोम्बो भक्त बहादुर जिरेल डोच्या खास्यीनोङ जुँगू यार्सा थेमे चेत्पु नाङला कुल पुजाला सासीन चेत्पु फोम्बो पुर्ते बहादुर जिरेलकी खिन वाला दुक ।**

पुजा खाकीन प्रसाद चोला ओङकान गाङेला तोर्मा टुक्र ताङ स्या प्रसाद रुपला गोला तेरच्या खाला दुक । थे छोमु रोबो सेत्ला युल्बे ताङ डोङबो काताङला सामा ताङ स्या ङ्योम्मो छ्याङ रक्सी तेरच्या खाला दुक । थोसी कामा मेन्दाला वाक चेला लु दुला रमाईला खित्च्या चलनओङ दुक यल्दु । मुल पुजा सिन्दा तिरी डाँरो च्योक्ते याङराङ चेलीवेटीते भाका पुजा खाबा तिरी कामा नेवारे जिरेलते कुल पुजा सिन्च्या खाला दुक ।

दि छोमुङ मुल पुजा छोमु च्योकराङ खुदुकराङ पुजा थान जोला सिङारे खाला साम्मा पुजा थान जोला पुजा खित्च्या खाबा ओताको । माना च्युतम्बा स्योरुकते सामा चोला थे सामाते तोर्मा जोला ल्हाला चढे खिता फाप्च्याको दि छोमुचेन । तोर्मा, फलफुल, भेटी चढे खाला फोम्बोकी कुल पुजा छ्योताला ज्युच्याको । दि छोमुचेन चेलीवेटकी खोल्बाते छ्योबो छ्योत्च्या चलन ओताको । थे ङ्योम्मो मुल खाम्माते छ्योबो दोक्पोई पुजा खाला चेलीवेटकी खोल्बाते छ्योबो छ्योत्च्या चलन ओताको ।

चेलीवेटकी खोल्बाते छ्योबो छ्योता तिरी कामा नेवारे जिरेलते कुल पुजा सिन्च्या चलन ओताको । चेलीवेटीकी खोल्बाते छ्योबो छ्योता तिरी थे नाङदुते स्या चोला ल्हाला चढे खाला थे याङराङा तोर्मा ङ्योम्मो ओङकान डोङबोला गोला तेरच्या चलन ओताको । गोमा छोमु मुल खाम्मा पुजा थेमे डाँरो च्योक्ते चेलिबेटिकी खोल्बाते छ्योबो छ्योता तिरी नेवारे जिरेलते कुल पुजा सिन्च्या खाला दुक ।

तस्वीर स्रोत : सुरज जिरेल ।

# धर्म ताङ रीतिरिवाज

■ **सुमनकृष्ण जिरेल/प्रा.टेक ब. जिरेल**

जिरेल जातिते धर्म बारे चर्चा जिरेलते उत्पत्तिते ङयोम्मोराङ खाकिन सिन्दा ओत । बुद्ध ताङ हिन्दु धर्म छ्यवापा बराबर आस्था ज्याक्ला राष्ट्रिय धर्मते रुपला जीवन पद्धतिला चले खाबाते दि जातिते गोमे धर्म साबाते फोम्बोकी छ्योत्च्याते तान्त्रीक (प्रकृतिक) धर्म राङ ईन् ।

थरिङदुकी पुस्ता सुम स्यी गोमा जिरेल जातिते राङ दोक्पोई ङी मिकी लामा शिक्षा ज्ञान लाबा तिरी कामा फोम्बो सट्टालाङ लामा चले खिताला ज्युबाते ईन् ।

गाङे भन्दा गोमा जिरेल समाजदुकी लामा शिक्षा लिङकान मिओन जिरी गा.पं. वडा -९ कोट देत्कान देवलिङ थरते स्व वोङजुले जिरेल थेमे स्व. गारे जिरेल ईन् ।

दिबा ङिकारला जेठा लामा ताङ कान्छा लामा मिनकी गाङेकी ङो सेयो । दिवेते सन्तानओन थरिङ ओङ, न्वारान, फाङ्माला फोम्बो, मि स्याप बेला थेमे घेवाला लामा थेमे ज्येन पूजापाठला बाहुन चले खिन वाला दुक । थोगी जिरेल जातिला धार्मिक सहिष्णूताते भावनाला आत्मासाथ खित्कान दोक्पोई लेमु जातिते उद्दाहरण रुपला लिङा थुप्क्यो ।

प्रकृतिक श्येत लाक काल्बेई विश्वास खित्च्या, देवी देउरालीला भाकल खित्च्या, त्रिशुल चढे खित्च्या, कुल ल्हे पुजा खित्जीनी

> **दाक्पोन मि, नातागोता काताङला भोज तेरच्या खिओ । दाक्पोन ईच्छा अनुसार पास्नी खित्च्या चलनओङ ओत । फुज्युङ ईन्सीन लो ठुक-दुन ख्योला तिरी आज्याङतेकी टा ठेला, साम्मा खोलाक बिन्ला छेवर खित्च्या चलन ओङ ओत । दि बेलाङ गोप्पोई भोजते आयोजना ओङगो ।**

डीमालाङ ल्हे रुपला पुजा खित्च्या, ल्हे थानदु गाल्ला बत्ती पोरच्या, फुलपाती, भेटी चढेखित्च्या थेमे छयोबो, परेवा, रिऊ -पाठी) बली तेरच्या दि जाति नाङदुते धार्मिन संस्कार नाङदु फाप्क्यो ।

थोकराङ खाला जिरेलओन ल्हे श्येत लाक विश्वास खित्च्या ईन्दाकी शत्रु लाक ग्यालाला, श्येत ङेताला, थोक रोग मेङ्सी साला दाक्पोन-दाक्पोन थर विशेषते कुल ल्हा छयोमु, चेन चेरम्जो ते पुजा खित्च्या फिर्के दवाच्या च्योक लाओन जिरेलते जातिय संस्कार ओन ईन् । दशै, तिहार, माघे संक्रान्ती, साउने संक्रान्ति, चैते दशै चाडओन छयाङ, रक्सी, स्या, सामा सोला औदी धुमधामकी माने खिओ ।

जिरेल समाजला फिजा केबातिरी केबाते ङिमा ङा ठुक नाङदु फिजा आमाकी न्वाई धुवाई खाला, खाम्मा, स्याङका चे ताङ सबीकी स्याले खाला, न्वारान छोमु फालाङते गहुँत थोंला किसीम दुनते सा-सिङ पार्ला फोम्बो बात अनुसार चोखे खित्च्या खिओ । थेमे नक्षेत्र ताला फिजाते मिन ज्यवाच्या खिओ ।

दाक्पोन मि, नातागोता काताङला भोज तेरच्या खिओ । दाक्पोन ईच्छा अनुसार पास्नी खित्च्या चलनओङ ओत । फुज्युङ ईन्सीन लो ठुक-दुन ख्योला तिरी आज्याङतेकी टा ठेला, साम्मा खोलाक बिन्ला छेवर खित्च्या चलन ओङ ओत । दि बेलाङ गोप्पोई भोजते आयोजना ओङगो ।

> **जेन्जी चलन अनुसार सिरच्या ईन् सासीन ख्योको फिजाते उमेर छाडा तिरी ख्योको फिजा छ्यवापे आबा-आमा अथवा दोक विश्वास ओता मिला रक्सीते सुगन बिन्ला फुमुफिजा खाम्मादु तोङगो । फुमुम फिजाते ईन्छाअनुसार ओङ्गो सिराङ थुप्क्यो सासीन मेङ्गो स्यीराङ थुप्क्यो ।**

जिरेल जातिते फाङ्मा खित्च्यातेङ दाक्पोन किसिमतेराङ ओत । फाङ्मा खित्च्ये लो छाडा तिरी फाङ्मा खाला तेरच्ये चलन ओत । दोक्पोईराङ थर नाङदु फाङ्मा खिता मिडियो । दुरु स्यीरा लाईदु देप्पा थरते फुज्युङ फाङ्मा देप्पा थरतेराङ फुमुताङ खिता मिडिओ । देप्पा थरते फुज्युङ फाङ्मा खिताला ज्येनराङ सेर्बा, जुपुले च्योक थरते फुमु छोला फाप्क्यो ।

थरिङङोरो सासीन ख्योको फिजा ताङ फुमु फिजा फ्रोला फाङ्मा खित्च्या चलन वाबा तिरी फ्रोकीन फाङ्मा खाबाते टिक्पी ङिनतिरी ख्योको फिजा छ्यावापा मि काताङला थेबा फाङ्मा मान्यता तेरच्या चलनोङ वाला दुक । थोगी जिरेल समाजदु फ्रोला फाङ्मा खित्च्या चलन काल्बेई रोम्मो थोङगीदुक ।

जेन्जी चलन अनुसार सिरच्या ईन् सासीन ख्योको फिजाते उमेर छाडा तिरी ख्योको फिजा छ्यवापे आबा-आमा अथवा दोक विश्वास ओता मिला रक्सीते सुगन बिन्ला फुमुफिजा खाम्मादु तोङगो ।

फुमुम फिजाते ईन्छाअनुसार ओङ्गो सिराङ थुप्क्यो सासीन मेङ्गो स्यीराङ थुप्क्यो । फाङ्मा खित्च्या ओङसुङ सासीन ख्योको फिजा खाम्मा थेमे फुमु फिजा खाम्मा मि डिक्ला फाङ्मा तयारी खिओ ।

ईन्सीनोङ थे बेला फुमु फिजा आबा-आमाकी साबाते माग ख्योको फिजा छ्यावापेई पुरा खाला तेरा फाप्च्ये चलन ओत ।

फाङ्मा दाक्पोनकी थुप्च्या अनुसार पञ्चेबाजा दुला खित्च्या चलन ओत । फाङ्माला छ्याङ, रक्सी, स्या, सामा काल्बेई चले खित्च्या चलन ओत । जिरेल समाजदु विधुवा फाङ्मा चलनलाङ मान्यता तेरच्या चलन ओत । ईन्सीनेङ आऊकी दाक्पोन छोमु फाङ्मा खित्च्या चलन सासीन मेत ।

जिरेल जाति नाङदु मि स्याप तिरी गोमा-गोमा दिक्च्या चलन ओत्सीनोङ थरिङङोरो सासीन रो सेक्च्या चलन राङ चले खिन दुक । मि स्याप तिरी दिक्पाला अथवा सेक्पाला सूरदु खेँचो । रो कात्रोकी ठाला तामाते गोप्पोई सिला किर्मू च्याकीन देताते च्योक खाला ज्याक्ला, जिरेल लामाकी शंख फुत्कीन, लामा बाजा दुङगिन, रो गोमा गोमा धजा पतङ्गा खुर्ला बन्दुक पोङगिन रो थुर्सासा खेँचो । रो दाक्पोन खाम्मा नाङदु आज्यो न्वाकी कामा दवाप ङेत्क्यो ।

ईन्सीनोङ दाक्पोन नातागोता, युल्गी मि मलामी डोचो । रो थुर्सादु क्येला तिरी दाक्पोन रीति अनुसार दिक्च्या अथवा सेक्च्या खिओ । मि स्यापते ङिमा खाल ङि ताङ च्याङा नाङदु थे मिनला काजक्रिया (घेवा) खिओ । थेमे दि कामला घेवा सिओ ।

घेवाला लामाकी स्याप मि आत्म ज्येन मि जिउला काताङला बात खिओ, थे ला जिरेलओन “सेनसिङ” सिओ । थे छोमुमेई आत्माला सधै लाईदु विदा खाबाते च्योक ओङ्गो । स्याप मि आत्माला लेमु ओङ्सी सिन चौतारा जोच्या बरपिपल जुच्या, धारा ज्यवाच्या, साम्पा लुच्या, लाकुरी दोङ्मो जुच्या च्योक कामओन खिओ ।

# क्षेत्रपादु जिप्दा पुजा ओङसुङ



प्रणाली जडान भएपछि धनजनको क्षति न्यूनीकरण हुनेमा विश्वास व्यक्त गर्दै उहाँले विपत् न्यूनीकरणका लागि प्रदेशमा रहेका तीन वटै गोदाम घरका लागि तीन करोड रुपियाँ बराबरको विपत् सामग्री खरिद गर्ने प्रक्रियामा रहेको जानकारी दिनुभयो।

प्रकृतिमाथि दोहन हुने क्रम बढ्दो रहेकोमा मन्त्री श्रेष्ठले चिन्ता व्यक्त गर्नुभयो। ५० को दशकदेखि ८० को दशकसम्म ३० वर्षको अवधिमा धेरै भत्काउने काम भएको बताउँदै अब भत्काउने र डोजरे विकासमा प्रदेश सरकार नजाने बताउनुभयो। अबको १० वर्षभित्र प्रदेशभर विपत् संस्कृतिको निर्माण गर्नुपर्ने भन्दै मन्त्री श्रेष्ठले भन्नुभयो, "तीनै तहको सरकार मिलेर विपत् व्यवस्थापनमा लाग्नु पर्छ।"

मन्त्रालयका सचिव पूर्णबहादुर दर्जीको सभाध्यक्षतामा भएको कार्यक्रममा मन्त्रालयका अधिकृत रविता कार्कीले विपत् व्यवस्थापनमा भएका प्रयास र आगामी कार्यदिशा, डिभिजन वन कार्यालय राप्ती मनहरीका वन अधिकृत गगन शर्माले डढेलो तथा आगलागी नियन्त्रणमा भएका प्रयास र आगामी कार्यदिशा, हेटौँडा अस्पतालका निमित्त निर्देशक डा. श्रीधर अर्याललले ठुलो सङ्ख्याका घाइते बिरामीको व्यवस्थापनका विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो।

## यमुनाडाँडा र कालिका जोड्ने झोलुङ्गे पुल निर्माण



**स्याँलेखोलामा निर्माण सम्पन्न झोलुङ्गे पुल उद्घाटन गर्दै गापा अध्यक्ष तिमल्सिना, उपाध्यक्ष कान्छी लामालगायत।**

**सिन्धुपाल्चोक समाचारदाता**
*सिन्धुपाल्चोक, जेठ २३ गते*

सिन्धुपाल्चोक सुनकोशी गाउँपालिका–३ र ४ जोड्न स्याँले खोलामा झोलुङ्गे पुल निर्माण सम्पन्न भएको छ। झोलुङ्गे पुलको पालिका अध्यक्ष टपिन्द्रप्रसाद तिमल्सिनाले उद्घाटन गर्नुभयो।

गाउँपालिकाको सात लाख ३८ हजार १५६, सङ्घीय झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रममार्फत ४३ लाख ३६ हजार ३२४, जनसहभागिताबाट एक लाख १३ हजार ५६२ र स्वाप कार्यक्रमबाट सामग्री सहयोग चार लाख ९० हजार गरी ५६ लाख ७८ हजार १२७ रुपियाँको लागतमा पुल निर्माण भएको उपभोक्ता समितिका अध्यक्ष दयाराम भुजेलले जानकारी दिनुभयो।

पुलको उद्घाटन कार्यक्रममा पालिका अध्यक्ष तिमल्सिना, उपाध्यक्ष कान्छी लामा, वडा नम्बर ३ का वडाध्यक्ष ईश्वर तामाङ, ४ का वडाध्यक्ष भोजलाल श्रेष्ठलगायतले पुल निर्माणपछि यमुनाडाँडा, कालिका, ठोकर्पालगायत स्थानका बासिन्दा लाभान्वित हुने बताउनुभयो।

सुनकोशी गाउँपालिकामा यसअघि वडा नं. ४, ५ र ६ नम्बर जोड्ने गरी पाखरखोलामा झोलुङ्गे पुल निर्माण गरिएको थियो।

## फरार प्रतिवादी तिस वर्षपछि पक्राउ

**सिन्धुपाल्चोक समाचारदाता**
*सिन्धुपाल्चोक, जेठ २३ गते*

मानव बेचबिखन मुद्दाका फरार प्रतिवादीलाई सिन्धुपाल्चोक प्रहरीले ३० वर्षपछि पक्राउ गरेको छ। २०३९ साल वैशाखमा दुई जना युवतीलाई ललाइफकाई राम्रो काम लगाइदिन्छु भन्दै भारतको कोलकाता र बम्बई सहरमा लगेर ४० हजार रुपियाँमा बिक्री गर्ने साबिक बरुवा गाविस वडा नं. ८ घर भई हाल पाँचपोखरी थाङ्पाल गाउँपालिका–२ बस्ने वर्ष ६९ का नारायणविक्रम सिलवाललाई प्रहरीले पक्राउ गरेको प्रहरी उपरीक्षक निरञ्जन भट्टराईले जानकारी दिनुभयो।

सिलवाललाई मेलम्ची प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले पक्राउ गरी जिल्ला अदालत सिन्धुपाल्चोकबाट चार दिन म्याद थपेर थप अनुसन्धान सुरु गरिएको भट्टराईले बताउनुभयो। गाउँमा किन दुःख गरेर बस्छौ भन्दै प्रलोभनमा पारेर नारायणले जिल्लाबाट भारतमा लगेर चेलीबेटी बेच्ने गरेको प्रहरी कार्यालयले जनाएको छ।

# स्वामित्व नखुलेका सवारीसाधन लिलामीमा

**मकवानपुर समाचारदाता**
*हेटौँडा, जेठ २३ गते*

जिल्ला प्रहरी कार्यालय मकवानपुर र मातहतका कार्यालयमा वर्षौंदेखि थन्किएर रहेका सरकारी तथा स्वामित्व नखुलेका बेवारिसे सवारीसाधन लिलाम बिक्री गरिएको छ। धुलो र मैलोसहित वर्षौंदेखि स्वामित्व नखुलेका कवाडीमा परिणत भएका सवारीसाधन प्रहरी कार्यालयको सौन्दर्यतासमेत बिग्रने र काममा असहज हुने गरी थन्किएर रहेका थिए।

सरकारी तथा स्वामित्व नखुलेका बेवारिसे मोटरसाइकललगायतका सवारीसाधन लिलाम बिक्री गर्न प्रहरी केन्द्रीय कार्यालयबाट निर्देशन दिएसँगै जिल्ला प्रहरी कार्यालय मकवानपुर तथा मातहतका कार्यालयमा रहेका चारपाङ्ग्रे दुई वटा र दुईपाङ्ग्रेसहित १५९ वटा सवारीसाधन लिलाम बिक्री गरिएको हो।

जिल्ला प्रहरी कार्यालय परिसरमा वर्षौंदेखि असरल्ल अवस्थामा रहेका सवारी दाबी गर्न नआएका सवारीसाधन व्यवस्थापन चुनौती बन्दै गएपछि गत वैशाख ७ गते लिलामी प्रक्रिया अगाडि बढाइएको थियो। बोलपत्र आह्वान गरिएकोमा ती सवारीसाधन मूल्य अभिवृद्धि करसहित १९ लाख ४३ हजार ९३४ रुपियाँ र ४७ पैसामा लिलाम भएका सवारीसाधन उठाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

प्रहरी कार्यालय परिसरमा धुलोमैलो र कतिपय टुटफुटसमेत भएका सवारीसाधनको व्यवस्थापनसँगै चुहावटको समेत चुनौती बढ्दै गएपछि पत्रुसरह लिलामी गर्ने गरी बोलपत्र आह्वान गरिएको थियो।

(पृष्ठ ८ को बाँकी)

| ४. | ऋणीको विवरण | व्यक्तिगत धनजमानीकर्ताको विवरण | सुरक्षणको विवरण |
|---|---|---|---|
| व्यक्तिगत आवधिक कर्जा | **दिपक कुमार शर्मा**<br>ठेगाना : साबिक बडागाऊ–१, सल्यान<br>बाबु : चेत प्रसाद शर्मा<br>बाजे : पर्शुराम शर्मा<br>ना.प्र.नं.: ३६१/८३८, सल्यान<br>मिति : २०५४/१०/२६ | **निर्मला शर्मा**<br>ठेगाना : साबिक कोहलपुर, बाँके<br>पति : दिपक कुमार शर्मा<br>ससुरा : चेत प्रसाद शर्मा<br>ना.प्र.नं.: १४८१५, बाँके<br>मिति : २०६१/११/२३ | पर्शराम शर्माको नाति, चेत प्रसाद शर्माको छोरा दिपक कुमार शर्माको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियामा दर्ता स्रेस्ता कायम रहेको बर्दिया जिल्ला, साबिक गुलरिया–२, स्थित कि.नं. १२६७ को क्षेत्रफल ३३८.६३ व.मि. घर/जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |

| ५. | ऋणी फर्म/कम्पनीको विवरण | प्रोप्राइटरको विवरण | व्यक्तिगत धनजमानीकर्ताको विवरण |
|---|---|---|---|
| व्यावसायिक चालू पूँजी कर्जा | **राधाकृष्ण यादव ट्रेडर्स**<br>ठेगाना : साबिक मैनापोखर–५, बर्दिया<br>दर्ता नं.: .९१४/६६/०६६/०६७, घरेलु तथा साना उद्योग कार्यालय, बर्दिया<br>दर्ता मिति : २०६६/०९/१९, पान नं. : ३०३८७५०२४<br>आन्तरिक राजस्व कार्यालय, नेपालगञ्ज<br>दर्ता मिति : २०६६/०६/२३ | **सुखराम अहिर**<br>ठेगाना : साबिक मैनापोखर–५, बर्दिया<br>बाबु : श्रीराम अहिर<br>बाजे : नन्कौ अहिर<br>ना.प्र.नं.: १३२१, बर्दिया<br>मिति : २०४६/११/१५ | **फुलमती यादव**<br>ठेगाना : साबिक मैनापोखर–५, बर्दिया<br>पति : सुखराम अहिर<br>ससुरा : श्रीराम अहिर<br>ना.प्र.नं.: ६५–०१–७०–००१७१, बर्दिया<br>मिति : २०७०/०१/१२ |
| | **सुरक्षणको विवरण** | | |
| | नन्कौ अहिरको नाति, श्रीराम अहिरको छोरा सुख राम अहिरको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियामा दर्ता स्रेस्ता कायम रहेको बर्दिया जिल्ला, साबिक मैनापोखर–५, स्थित कि.नं. ५१४ र १६६४ को क्षेत्रफल क्रमशः ७४०.०० र १०२७.७४ व.मि. जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | | |

**धनगढी शाखा**

| १. | ऋणी फर्म/कम्पनीहरूको विवरण | | प्रोप्राइटरको विवरण |
|---|---|---|---|
| माइक्रो ईन्टरप्राईज वर्किङ क्यापिटल लोन र बैंक जमानत | **विराट सस उद्योग**<br>ठेगाना : साबिक पुर्नवास–१२, कञ्चनपुर<br>दर्ता नं.: ३९४/३८८३/०७३/०७४, घरेलु तथा साना उद्योग कार्यालय, भीमदत्तनगर, कञ्चनपुर<br>दर्ता मिति : २०७३/१०/१२, पान नं. : ६०५६७६७४३<br>आन्तरिक राजस्व कार्यालय, महेन्द्रनगर<br>दर्ता मिति : २०७३/१०/१२ | **न्यू विराट चाउमीन उद्योग**<br>ठेगाना : साबिक कालिका–४, कञ्चनपुर<br>दर्ता नं.: २३१/१७५९/०६८/०६९, घरेलु तथा साना उद्योग कार्यालय, भीमदत्तनगर, कञ्चनपुर<br>दर्ता मिति : २०६९/०२/३०, पान नं. : ६०५६७६७४३<br>आन्तरिक राजस्व कार्यालय, महेन्द्रनगर<br>दर्ता मिति : २०७३/१०/१२ | **आशा तामाङ**<br>ठेगाना : साबिक कालिका–४, कञ्चनपुर<br>पति : शुक लामा तामाङ<br>ससुरा : छिलमान तामाङ<br>ना.प्र.नं.: ७५३००२/१३४९, कञ्चनपुर<br>मिति : २०६३/११/०८ |
| | **ऋणी फर्म/कम्पनीको विवरण** | **प्रोप्राइटरको विवरण** | **सुरक्षणको विवरण** |
| | **बिजन कन्सट्रक्शन प्रा.लि.**<br>ठेगाना : पुर्नवास न.पा.–३, कञ्चनपुर<br>दर्ता नं.: २४३६२४/०७७/०७८, कम्पनी रजिस्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौँ<br>दर्ता मिति : २०७७/०६/१५, पान नं. : ६०९८१३६६७<br>आन्तरिक राजस्व कार्यालय, महेन्द्रनगर<br>दर्ता मिति : २०७७/०६/१६ | **शुक लामा तामाङ**<br>ठेगाना : साबिक कालिका–४, कञ्चनपुर<br>बाबु : छिलमान तामाङ<br>बाजे : तुला तामाङ<br>ना.प्र.नं.: ७५४६०, कञ्चनपुर<br>मिति : २०५५/०८/२९ | छिलमान तामाङकी बुहारी, शुक लामा तामाङकी श्रीमती आशा तामाङको नाममा मालपोत कार्यालय बेलौरी, कञ्चनपुरमा दर्ता स्रेस्ता कायम रहेको कञ्चनपुर जिल्ला, साबिक कालिका–४, स्थित कि.नं. ८८७ को क्षेत्रफल ३,३८६.३० व.मि. घर/जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |

**नारायणगढ शाखा**

| १. | ऋणी फर्म/कम्पनीको विवरण | प्रोप्राइटरको विवरण | ऋणी/व्यक्तिगत धनजमानीकर्ताको विवरण |
|---|---|---|---|
| चालू पूँजी, व्यक्तिगत आवधिक र शुलभ आवास कर्जा | **प्रसान्त मेडी कन्सर्न**<br>ठेगाना : भरतपुर म.न.पा.–१२, चितवन<br>दर्ता नं.: ९६६/२०७७/२०७८, घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवन<br>दर्ता मिति : २०७७/०८/३०, पान नं. : ६१४५१०४८७<br>आन्तरिक राजस्व कार्यालय, भरतपुर<br>दर्ता मिति : २०७७/०९/०१ | **परशुराम पौडेल**<br>ठेगाना : साबिक भरतपुर–१२, चितवन<br>बाबु : टंकनाथ पौडेल<br>बाजे : खगेश्वर पौडेल<br>ना.प्र.नं.: ५०४२१, चितवन<br>मिति :२०४४/१०/०५ | **शान्ती बराल**<br>ठेगाना : साबिक पोखरा–५, कास्की<br>पति : परशुराम पौडेल<br>ससुरा : टंकनाथ पौडेल<br>ना.प्र.नं.: १३७, कास्की<br>मिति : २०४५/०१/०७ |
| | **व्यक्तिगत धनजमानीकर्ताहरूको विवरण** | | |
| | **प्रशंसा पौडेल**<br>ठेगाना : साबिक भरतपुर म.न.पा.–५, चितवन<br>बाबु : परशुराम पौडेल<br>बाजे : टंकनाथ पौडेल<br>ना.प्र.नं.: ३५–०१–७७–०२४०४, चितवन<br>मिति : २०७७/०७/१९ | **प्रशान्त पौडेल**<br>ठेगाना : भरतपुर न.पा.–१२, चितवन<br>बाबु : परशुराम पौडेल<br>बाजे : टंकनाथ पौडेल<br>ना.प्र.नं.: ३५–०१–७१–०११८३, चितवन<br>मिति : २०७१/०२/०६ | टंकनाथ पौडेलकी बुहारी, परशुराम पौडेलकी श्रीमती शान्ती बराल पौडेलको नाममा मालपोत कार्यालय भरतपुरमा दर्ता स्रेस्ता कायम रहेको चितवन जिल्ला, साबिक भरतपुर–६/क, स्थित कि.नं. ३०४ को क्षेत्रफल ८२९.६३ व.मि. घर/जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |

**CIVIL AVIATION AUTHORITY OF NEPAL**
**CIVIL AVIATION ACADEMY**
**SANOTHIMI, BHAKTAPUR**
**Date of Publication: 24th Jestha, 2081**

**Notice for Issuance Intention to award the Contract**

This is to notify all the concerned bidders that it is our intention to award the contract for the execution of the respective Bids with respective to the bid price as corrected and modified in accordance with the Instructions to Bidders is hereby selected as substantially responsive lowest evaluated bid as per Clause No. 27 (1&2) of PPA 2063.

| S.N. | Project | Name & Address of Bidder | Bid Price (Excluding VAT) |
|---|---|---|---|
| 1. | Facilitation & addition of items in Engineering Labs, Other Labs & associated; CAAN/CAA/EF/Lab_items/2080-81/NCB03 | M/S Marshyangdi Enterprises, Kathmandu, Nepal | NRs. 29,48,000.00 (Twenty-Nine Lakh Forty-Eight Thousand only) |
| 2. | Spare Items and Parts of Different Engineering Labs and Facilities Related; CAAN/CAA/EF/Spare_Parts_Engineering_Labs/2080-81/NCB04 | M/S C.I.T. Computer Suppliers, Kathmandu, Nepal | NRs. 25,98,500.00 (Twenty-Five Lakh Ninety-Eight Thousand Five Hundred only) |

**Citizen Investment Trust**
**New Baneshwor, Kathmandu, Nepal**

**Addendum Notice No. 1**

This is to notify all concerned that the Citizen Investment Trust, New Baneshwor, Kathmandu, Nepal has made the following amendment to the Bid Document for Supply, Delivery, Installation and Commissioning for Renewal of Firewall License, IFB No. CIT/GOODS/NCB-2/2080/81 as per the notices published on Jestha 01, 2081 (May 14, 2024) in the "Gorkhapatra" national daily newspaper and www.bolpatra.gov.np/egp.

| S.No. | Reference | Existing word in the Bid document | Amended as |
|---|---|---|---|
| 1 | Page No. 73, Technical Specification of FortiGate 400E Advanced Threat Protection 3 year License. | It should have subscriptions of IPS, Antivirus, Malware, Web Filter, Email Protection, DLP, Botnet, Application Control and Cloud Sandboxing for the period of three (3) years. | It should have subscriptions IPS, Antivirus, Malware, DLP, Botnet, and Cloud Sandboxing for the period of 3 years. |
| 2 | | Serial no not included | **Serial no for UTP:** FG4H0ETB19903476, FG4H0ETB19903549, FG4H0ETB19903697 **Serial no for ATP:** FG4H0ETB19903446, FG4H0ETB19903559 |

**Kathmandu Metropolitan City**
**यँ मह्लानगरपालिका**
**Office of the Municipal Executive**
**Ward 10, Baneshwor**
**Kathmandu, Bagmati Province, Nepal**

**Invitation for Electronic Bids**

**Notice No. - 07-080-81**
Date of Publication: 2081-02-24, (ने.सं. : ११४४ बछलागा आमाइ, बिहीबार)

1. Kathmandu Metropolitan City, Office of the Municipal Executive has allocated funds from its own resources & GoN towards the cost of following works and intends to apply the funds to cover eligible payments under the contract and is open to all eligible Nepalese Bidders.
2. Kathmandu Metropolitan City, Office of the Municipal Executive invites electronic bids from eligible bidders for the following works.

| IFB No. | Description of Work | Cost of Bidding Document (NRs.) | Bid Bond Amount (NRs.) | Last Date and Time of Bid Submission | Bid Opening Date and Time | Date and Time of Pre-Bid Meeting | Estimate Amount (NRs.) (With VAT and Contingencies) |
|---|---|---|---|---|---|---|---|
| 07-07-NCBG-080-081-WARD10-KMC | Supply, Delivery and Installation of CCTV at Different Locations of KMC-10 | 3,000.00 | 1,25,000.00 (Rupees One Lakhs Twenty Five Thousands Only) | 2081-03-26 12:00 hour 2024-07-10 | 2081-03-26 14:00 hour 2024-07-10 | 2081-03-14 14:00 hour 2024-06-28 | -------------- |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Procurement Unit, Kathmandu Metropolitan City - Ward 10, Baneshwor, Kathmandu, Bagmati Province, Nepal during office hours or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. A complete set of Bidding Documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the above mentioned cost of bidding document in the **NIC Asia Bank Ltd., Kathmandu Metropolitan City, Procurement Unit, Account No. - 0012050061475043.**
5. Pre-bid meeting shall be held at Procurement Unit, Kathmandu Metropolitan City- Ward 10, Baneshwor, Kathmandu, Bagmati Province, Nepal **on above mentioned date and time**.
6. Electronic bids must be submitted to the office Procurement Unit, Kathmandu Metropolitan City - Ward 10, Baneshwor Kathmandu, Bagmati Province, Nepal through PPMO website www.bolpatra.gov.np/egp on or before above mentioned date and time. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on above mentioned date and time at the office of Procurement Unit, Kathmandu Metropolitan City- Ward 10, Baneshwor, Kathmandu, Bagmati Province, Nepal. Bids must be valid for a period of 90 days after bid and must be accompanied by a scanned copy of the bid security in pdf format in case of e-bid, amounting to as mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.
8. The bid security may either be in the form of a bid security issued by authorized Financial Institution according to format provided in Bid Document or cash deposited in **Kathmandu Metropolitan City, Deposit account, NIC Asia Bank Ltd., Account No. 0012050061493005.**
9. The Employer reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all bids at any time prior to contract award, without thereby incurring any liability to Bidders.

**Procurement Unit**
**KMC-Ward 10**

# काठमाडौं महानगरपालिका

यें महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

## संस्थागत विद्यालयलाई कक्षा १० सम्मका कक्षाहरूमा कम्तीमा १० प्रतिशत छात्रवृत्ति उपलब्ध गराउने सम्वन्धी अत्यन्त जरुरी सूचना

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, शिक्षा नियमावली, २०५०, काठमाडौँ महानगरपालिका शिक्षा ऐन, २०७५ तथा काठमाडौँ महानगरपालिका शिक्षा व्यवस्थापन नियमावली, २०७४ अनुसार काठमाडौँ महानगरपालिका भित्र सञ्चालित सबै संस्थागत विद्यालयले कम्तीमा १० प्रतिशत छात्रवृत्ति रीतपूर्वक वितरण गर्नुपर्ने व्यवस्था छ। यो व्यवस्था कार्यान्वयन गराउन पटक पटक अनुरोध गर्दा २०८१/०२/२३ गते सम्ममा देहायका ४७३ संस्थागत विद्यालयहरूले विवरण उपलब्ध गराएका छन्।

यसर्थ, छात्रवृत्ति विवरण पेस हुन बाँकी रहेका विद्यालयहरूले काठमाडौँ महानगरपालिका शिक्षा विभागको लिङ्क https://datacollection.kathmandu.gov.np/#/auth/basic मा ३ (तीन) दिनभित्र माग भएको छात्रवृत्ति विवरण उपलब्ध गराउनुहुन यसै सूचनाबाट पुनः अनुरोध गरिएको छ। यस अवधिभित्र पनि माग भएको विवरण पेस नगर्ने विद्यालयहरूलाई शैक्षिक सत्र २०८१ मा सञ्चालनमा नरही बन्द विद्यालयको रूपमा अभिलेखीकरण गरी यस्ता विद्यालयहरूमा विद्यार्थी भर्ना नगर्न/नगराउन र गराएको भए अन्यत्र स्थानान्तरण गर्न समेत अभिभावकहरूलाई सूचित गरिने व्यहोरा अनुरोध छ। साथै रीतपूर्वक छात्रवृत्ति उपलब्ध नगराउने विद्यालयहरूलाई प्रचलित कानुन बमोजिम हदै सम्मको कारबाही हुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गरिन्छ। यसबाट कुनै जोखिम या असर परे त्यसको पूर्व जवाफदेहिता विद्यालय स्वयंले व्यहोर्नु पर्नेछ।

### विद्यालयको नामावली

| क्र. सं. | Emis नम्बर | विद्यालयको नाम | जम्मा विद्यार्थी सङ्ख्या: | जम्मा छात्रवृत्ति प्रदान गरिएको सङ्ख्या: |
|---|---|---|---|---|
| 1 | 270310829 | Gorakshya Nikhil Jyoti Divya Vidyashram | 229 | 24 |
| 2 | 270310506 | Kamyak School | 527 | 36 |
| 3 | 270310457 | Takshashila Academy | 120 | 11 |
| 4 | 270310646 | Khawalung Basic School | 128 | 48 |
| 5 | 270310814 | Southern Paradise English Boarding School | 200 | 15 |
| 6 | 270310816 | Lotus Feet Boarding School | 96 | 30 |
| 7 | 270310767 | Mount Olympus Montessori School | 49 | 6 |
| 8 | 270310587 | Euro School Nepal | 18 | 5 |
| 9 | 270310320 | Himal Academy | 80 | 10 |
| 10 | 270310635 | Indreni Bal Batika | 36 | 4 |
| 11 | 270310269 | Diptimay Bal Awasiya Bidhyalaya | 43 | 1 |
| 12 | 270310960 | International Joseph Public School | 722 | 92 |
| 13 | 270310868 | Glacier International School | 82 | 10 |
| 14 | 270310349 | Indradhanush English Boarding High School | 187 | 8 |
| 15 | 270310545 | Kathmandu Shikshalaya | 170 | 21 |
| 16 | 270310209 | Shiksharthi Pathshala | 50 | 2 |
| 17 | 270310216 | Blue Wren International Boarding School | 260 | 20 |
| 18 | 270310437 | Nepal Tara School | 305 | 30 |
| 19 | 270310992 | Liverpool Secondary School | 563 | 47 |
| 20 | 270310880 | Nepal Mega School | 331 | 34 |
| 21 | 270310879 | Sigma Secondary School | 347 | 40 |
| 22 | 270310339 | Himalaya English Boarding Secondary School | 290 | 29 |
| 23 | 270310388 | Kathmandu Bernhardt Secondary School | 267 | 30 |
| 24 | 270310686 | Suryodaya Secondary Boarding School | 400 | 48 |
| 25 | 270310924 | Sifal Secondary School | 439 | 44 |
| 26 | 270310062 | Everest Florida High School | 208 | 29 |
| 27 | 270310168 | Himalayan Whitehouse School | 175 | 23 |
| 28 | 270310789 | Hrit Academy | 30 | 3 |
| 29 | 270310789 | Jamia Gausia Ahsanul Barakat | 175 | 12 |
| 30 | 270310254 | Deneb Academy | 71 | 4 |
| 31 | 270310463 | Morning Glory High School | 140 | 10 |
| 32 | 270310606 | Rising Star Secondary School | 215 | 23 |
| 33 | 270310266 | Deep Secondary School | 471 | 6 |
| 34 | 270310737 | Vidyodaya English Secondary School | 119 | 10 |
| 35 | 270310861 | Hems School | 349 | 35 |
| 36 | 270310534 | Bhadra Ghale Shikshya Sadan | 120 | 22 |
| 37 | 270310023 | Aarambha Montessori | 98 | 1 |
| 38 | 270310006 | Euro Kids School Baneshwor Pvt.Ldt. | 26 | 3 |
| 39 | 270310513 | New Florence International Madhyamik Vidyalaya | 231 | 117 |
| 40 | 270310010 | Champs World Pre-School | 40 | 0 |
| 41 | 270310988 | Aims International Academy | 345 | 31 |
| 42 | 270310081 | Harmony Montessori Elementary School | 130 | 6 |
| 43 | 270310737 | Bidhyodaya English Secondary School | 120 | 10 |
| 44 | 270310027 | Madrasa Islamiya School | 191 | 34 |
| 45 | 270310239 | City English School | 95 | 7 |
| 46 | 270310526 | Next Generation Residential Academy | 190 | 22 |
| 47 | 270310159 | Asian Public School | 498 | 44 |
| 48 | 270310172 | Birat Boarding School | 70 | 5 |
| 49 | 270300050 | Three Star English School | 180 | 18 |
| 50 | 270310777 | जिनिअस इङ्लिस बोर्डिङ स्कुल | 61 | 6 |
| 51 | 270310338 | Hilary English High School | 250 | 32 |
| 52 | 270310691 | Swarnim Tara Vidya Sadan | 251 | 20 |
| 53 | 270310434 | Manank Childrens Paradise Secondary School | 296 | 20 |
| 54 | 270310314 | Green Peace Co-Ed School | 399 | 53 |
| 55 | 270310800 | Vaidik Vidyapeeth | 98 | 6 |
| 56 | 270310577 | Precious National Academy | 415 | 43 |
| 57 | 270310311 | Grammar School | 304 | 27 |
| 58 | 270310483 | National Academy | 150 | 24 |
| 59 | 270310372 | Kailash Bodhi Secondary School | 610 | 76 |
| 60 | 270310175 | Heritage High Academy | 98 | 14 |
| 61 | 270310535 | Kathmandu Xaviers Public School | 292 | 23 |
| 62 | 270310087 | St George International School | 140 | 15 |
| 63 | 270310852 | Rastriya Sungava Boarding High School | 379 | 31 |
| 64 | 270310727 | Trivenipublicschool | 192 | 40 |
| 65 | 270310143 | नेपाल पुलिस स्कुल, सामाखुसी | 847 | 475 |
| 66 | 270310824 | Sai Shiksha Niketan High School | 180 | 7 |
| 67 | 270310489 | Cosmic International Academy | 1000 | 141 |
| 68 | 270310425 | Pragya Secondary School | 265 | 25 |
| 69 | 270310408 | Laligurans Batika Secondary School | 777 | 91 |
| 70 | 270310405 | कुमारी आवासीय माध्यमिक विद्यालय | 300 | 22 |
| 71 | 270310941 | Segyu Monastery National School | 128 | 114 |
| 72 | 270310699 | Sahara National School Pvt Ltd | 274 | 27 |
| 73 | 270310724 | Tri-Devi English Secondary Boarding Shool | 198 | 13 |
| 74 | 270310431 | Maitidevi Awasiya Secondary School. | 125 | 20 |
| 75 | 270280058 | Zone Academy | 593 | 63 |
| 76 | 270310459 | Liberty Public School | 100 | 11 |
| 77 | 270310361 | Mahendra Bhawan Secondary Boarding School | 176 | 15 |
| 78 | 270310238 | Boudha Children Heaven Boarding School | 414 | 32 |
| 79 | 270310097 | Angel'S Valley Model School | 150 | 8 |
| 80 | 270310897 | Apple International School | 326 | 30 |
| 81 | 270310138 | Anandakuti Vidyapeeth Public Education Trust | 69 | 7 |
| 82 | 270310421 | Lord Buddha Secondary School | 216 | 33 |
| 83 | 270310523 | New Tulips School | 311 | 32 |
| 84 | 270310441 | Manasarovar Academy | 412 | 27 |
| 85 | 270310596 | Career Building International Academy | 1026 | 137 |
| 86 | 270310104 | Lovely Angels Angreji Awasiya Vidyalaya | 470 | 32 |
| 87 | 270310590 | Wits Academy Secondary School | 298 | 69 |
| 88 | 270310025 | Lyceum Paradise Academy | 287 | 34 |
| 89 | 270310581 | Progressive English Preparatory School | 447 | 65 |
| 90 | 270310776 | Nobel Academy | 238 | 31 |
| 91 | 270310304 | Global Public School | 562 | 62 |
| 92 | 270310400 | Kotdevi Public English Secondary School | 437 | 50 |
| 93 | 270310124 | Albert Einstein Academy Boarding H/S | 200 | 20 |
| 94 | 270310319 | Guheshwari Boarding High School | 411 | 44 |
| 95 | 270310630 | Whitefield Secondary School | 441 | 36 |
| 96 | 270310431 | Maitidevi Awasiya Secondary School | 125 | 20 |
| 97 | 270310992 | Liverpool Secondary School | 563 | 53 |
| 98 | 270310531 | Hardik Academy | 189 | 19 |
| 99 | 270310093 | Texas International Secondary School | 575 | 85 |
| 100 | 270311008 | Pritima English Secondary School | 370 | 38 |
| 101 | 270310436 | Manaslu Public Secondary School | 552 | 67 |
| 102 | 270310147 | Annapurna Secondary School | 561 | 51 |
| 103 | 270310253 | Dallu Awasiya Vidhyalaya | 459 | 33 |
| 104 | 270310685 | Prime Global School | 269 | 20 |
| 105 | 270310223 | Campion Kathmandu School | 187 | 19 |
| 106 | 270310230 | Cambridge Public Hig School | 268 | 0 |
| 107 | 270310963 | Samata School | 665 | 70 |
| 108 | 270310406 | Kumudini Kunj Secondary School | 584 | 70 |
| 109 | 270310141 | Angel Lord (Debdoot) Academy High School | 480 | 47 |
| 110 | 270310918 | Creation Academy | 210 | 15 |
| 111 | 270310542 | Oxford Secondary School | 311 | 51 |
| 112 | 270310098 | Bal Batika School | 380 | 34 |
| 113 | 270310409 | Laxmi Shikshya Sadan Secondary School | 124 | 22 |
| 114 | 270310341 | Brain Heart English Boarding School | 250 | 24 |
| 115 | 270310854 | Elixir Academy | 625 | 82 |
| 116 | 270310968 | Pentagon International Boarding School | 115 | 6 |
| 117 | 270310813 | Shechen Maha Boudha Vidyalala | 291 | 214 |
| 118 | 270310736 | Venus English School | 95 | 10 |
| 119 | 270310997 | Apex Life School | 412 | 40 |
| 120 | 270310653 | Siddhartha Vanasthali Institute | 1250 | 184 |
| 121 | 270310324 | New Vision Academy | 294 | 38 |
| 122 | 270310959 | Tashi Orphan School | 93 | 93 |
| 123 | 270310356 | Global Valley School (Dps School) | 140 | 10 |
| 124 | 270310043 | Little Star Gurung | 100 | 9 |
| 125 | 270310600 | Ratna Shiksha Sadan Academy | 245 | 28 |
| 126 | 270310529 | Nilkantha Secondary Boarding School | 180 | 9 |
| 127 | 270310660 | Sirjanshil English School | 315 | 28 |
| 128 | 270310524 | New Zenith English Model School | 790 | 61 |
| 129 | 270310198 | Bhrikuti Secondary School | 107 | 8 |
| 130 | 270310455 | Minar English Boarding School | 232 | 19 |
| 131 | 270310856 | प्रस्फुटन इन्टरनेशनल एकेडेमी | 276 | 29 |
| 132 | 270310640 | Sewa Sadan E B School | 200 | 15 |
| 133 | 270310551 | Kautilya Secondary School | 540 | 62 |
| 134 | 270310561 | Peace Point Boarding School | 292 | 27 |
| 135 | 270310687 | Suryodaya Sadan Ebs | 368 | 35 |
| 136 | 270310413 | Kadambari Euro School | 178 | 20 |
| 137 | 270310544 | Supreme Secondary School | 133 | 14 |
| 138 | 270310583 | Best Group Vision English Secondary School | 513 | 49 |
| 139 | 270310456 | Mini Land Secondary School | 182 | 49 |
| 140 | 270310500 | नीलगिरि स्कूल | 370 | 38 |
| 141 | 270310297 | Graded Educational Merit School (Gems) | 415 | 34 |
| 142 | 270310872 | Triton Secondary School | 360 | 36 |
| 143 | 270310863 | Sathya Sai School | 153 | 40 |
| 144 | 270310779 | Shikshantar School | 400 | 32 |
| 145 | 270310609 | Royal Public | 480 | 35 |
| 146 | 270310393 | Kathmandu Little Blossoms School | 250 | 25 |
| 147 | 270310471 | माउण्ट सेब स्कुल | 409 | 34 |
| 148 | 270310661 | Kathmandu National School Pvt.Ltd. | 268 | 22 |
| 149 | 270310743 | Oriental Academy | 380 | 27 |
| 150 | 270310895 | Kids Learning School | 701 | 46 |
| 151 | 270310930 | Janaknath Memorial Secondary School | 132 | 30 |
| 152 | 270310300 | Vibhuti Vidhya Mandir | 703 | 78 |
| 153 | 270310233 | Care English School | 330 | 34 |
| 154 | 270310649 | Highland English Secondary School | 244 | 31 |
| 155 | 270310916 | Sunaulo Kshitiz Shikshyalaya | 144 | 14 |
| 156 | 270310234 | Central Public School | 16 | 2 |
| 157 | 270310889 | John Dewey Higher Secondary School | 304 | 30 |
| 158 | 270310905 | Indrawati Public School | 228 | 5 |
| 159 | 270310699 | Sahara National School | 274 | 27 |
| 160 | 270310167 | Yuganta School Pvt. Ltd | 88 | 8 |
| 161 | 270310150 | Arunima Secondary School | 989 | 129 |
| 162 | 270310321 | Pathshala Nepal Foundation | 600 | 84 |
| 163 | 270310149 | Arunima Shikshya Sadan Secondary School | 463 | 63 |
| 164 | 270310146 | Annapurna Vinayak School | 300 | 31 |
| 165 | 270310225 | British Gorkha Academy | 117 | 10 |
| 166 | 270310969 | Nasa National Secondary School | 160 | 17 |
| 167 | 270310174 | Vinayak Shanti Niketan Secondary School | 410 | 35 |
| 168 | 270310296 | Gautam High School | 187 | 19 |
| 169 | 270310048 | Modern Nepal Academy | 485 | 48 |
| 170 | 270310889 | John Dewey Hs School | 304 | 40 |
| 171 | 270310527 | Niharika Shishu Kunja Secondary School | 320 | 39 |
| 172 | 270310213 | Kings Town School | 169 | 14 |
| 173 | 270310621 | Sambotta High School | 340 | 30 |
| 174 | 270310602 | Rehdon Secondary School | 410 | 41 |
| 175 | 270350007 | Uniglobe Secondary School | 191 | 9 |
| 176 | 270310634 | Satya Sai Academy | 155 | 27 |
| 177 | 270310110 | Kohinoor School Pvt Ltd | 231 | 22 |
| 178 | 270310958 | Genesis Academy | 263 | 20 |
| 179 | 270310360 | Jagriti Academy | 488 | 41 |
| 180 | 270310265 | Rising Academy | 270 | 22 |
| 181 | 270310679 | Subhash Gurukul National Academy | 289 | 37 |
| 182 | 270310133 | Ambition Academy Secondary School | 560 | 55 |
| 183 | 270310454 | Nava Jeewan Shishu Niketan | 194 | 14 |
| 184 | 270310705 | The Elites Co-Ed | 58 | 7 |
| 185 | 270310525 | Newton Childrens Academy | 501 | 42 |
| 186 | 270310330 | Gyanmala English High School | 357 | 36 |
| 187 | 270310626 | Samriddhi School | 705 | 87 |
| 188 | 270310978 | Nepal Everest Montessori School Pvt.Ltd | 108 | 9 |
| 189 | 270310121 | Ekata English School | 151 | 7 |
| 190 | 270310278 | Ekita International School | 0 | 0 |
| 191 | 301951245 | Little Buddhas Academy | 228 | 41 |
| 192 | 270310337 | Hebron Public School | 360 | 36 |
| 193 | 270310591 | Rajan Memorial International School | 248 | 38 |
| 194 | 270310379 | Nepal Central High School | 512 | 42 |
| 195 | 270310601 | Rayners Residential High School | 320 | 34 |
| 196 | 270310113 | Adarsha Yog-Hari Secondary School | 165 | 17 |
| 197 | 270310926 | Xavier International School | 392 | 72 |
| 198 | 270310563 | Pennwood Academy | 192 | 20 |
| 199 | 270310733 | Universal College Preparatory School | 300 | 30 |
| 200 | 270310414 | Little Flower Secondary School | 198 | 22 |
| 201 | 270310810 | Alpine Valley School | 126 | 12 |
| 202 | 270300053 | Kaustuv Academy | 555 | 56 |
| 203 | 270310205 | Bagmati Boarding Secondary School | 988 | 142 |
| 204 | 270310142 | Bright Field Education Academy | 265 | 29 |
| 205 | 270310232 | Canvas Boarding School | 183 | 21 |
| 206 | 270310451 | Shristi School | 59 | 10 |
| 207 | 270310617 | Saipal Academy | 162 | 20 |
| 208 | 270310782 | Awareness International Academy | 552 | 66 |
| 209 | 270310511 | सेन्ट लरेन्स सेकेण्डरी स्कूल | 146 | 20 |
| 210 | 270310257 | Deepika School | 167 | 21 |
| 211 | 270310794 | Jalajala Shishu Sadan Secondary School | 290 | 29 |
| 212 | 270310633 | Siddhartha Public Academy | 362 | 29 |
| 213 | 270310927 | National Creative Co-Educational School | 593 | 59 |
| 214 | 270310416 | Elite Grand School | 403 | 37 |
| 215 | 270310537 | Oliver Public High School | 148 | 16 |
| 216 | 270310676 | Srongtsen Bhrikuti Boarding High School | 589 | 59 |
| 217 | 270310983 | Skylight School | 386 | 28 |
| 218 | 270310158 | Ashraya Vidhya Sadan | 296 | 27 |
| 219 | 270310846 | Ullens School Kathmandu | 328 | 32 |
| 220 | 270300049 | Mila Academy | 30 | 3 |
| 221 | 270310703 | The Chandbagh School | 559 | 88 |
| 222 | 270311000 | Ace School | 370 | 37 |
| 223 | 270310243 | Himali Boarding School Kathmandu Pvt Ltd | 251 | 26 |
| 224 | 270310507 | Vidhyabani Pathshala | 149 | 18 |
| 225 | 270310710 | Navodit Vidya Kunja Secondary School | 415 | 40 |
| 226 | 270310451 | Shristi Academy | 125 | 12 |
| 227 | 270310962 | Himsheela Boarding School | 334 | 31 |
| 228 | 270310835 | Ashirvad Boarding School | 364 | 37 |
| 229 | 270310224 | Brihaspati Vidyasadan | 1025 | 176 |
| 230 | 270310214 | New Knowledge Boarding School | 300 | 24 |
| 231 | 270310352 | Innovative English School | 520 | 53 |
| 232 | 270310221 | Bright Heaven Boarding School | 511 | 38 |
| 233 | 270310821 | Rastriya Tara Secondary School | 78 | 9 |
| 234 | 270310313 | Brooklyn Academy Secondary School | 207 | 23 |
| 235 | 270310766 | Tara Sadan English School | 300 | 28 |
| 236 | 270310392 | Kathmandu International School | 730 | 70 |
| 237 | 270310644 | Emile Academy International | 544 | 65 |
| 238 | 270310728 | Bishwa Shiksha Sadan Secondary School | 240 | 26 |
| 239 | 270310582 | Prolific English Boarding Higher Secondary School | 188 | 19 |
| 240 | 270310292 | Gandaki Public Boarding School | 411 | 51 |
| 241 | 270310295 | Gangchen Samling School | 453 | 49 |
| 242 | 270310514 | Toddlers School Pvt.Ltd. | 200 | 15 |
| 243 | 270310555 | Parijat Viddhya Punja Secondary School | 189 | 8 |
| 244 | 270300047 | Kathmandu Vidya Mandir | 210 | 30 |
| 245 | 270310211 | Asha Mandir English Boarding Secondary School | 170 | 13 |
| 246 | 270310553 | Paragon Public School | 980 | 204 |
| 247 | 270310299 | Geetanjali English Secondary School | 365 | 34 |
| 248 | 270310170 | Babylon National School | 780 | 67 |
| 249 | 270310148 | Arniko Secondary Boarding School | 246 | 30 |
| 250 | 270310475 | Nava Jyoti Secondary School | 474 | 47 |
| 251 | 270310390 | Kathmandu English School | 340 | 28 |
| 252 | 270310049 | Shree Krishna Prabha Primary School | 100 | 9 |
| 253 | 270310428 | Mahan Siddhartha High School | 387 | 42 |
| 254 | 270310496 | Nava Indradhanush English Boarding School | 60 | 16 |
| 255 | 270310438 | Mangal Dvip Boarding High School | 466 | 390 |
| 256 | 270310682 | Mokshada School | 365 | 40 |
| 257 | 270310252 | Divine Buds Educational Academy | 122 | 6 |
| 258 | 270310645 | Gyan Niketan Secondary English School | 600 | 75 |
| 259 | 270310719 | The Spangle Boarding High School | 210 | 21 |
| 260 | 270310693 | Ketaaketi English School | 125 | 65 |
| 261 | 270310701 | The Acme Academy | 99 | 10 |
| 262 | 270310859 | Kavya School | 542 | 64 |
| 263 | 270310032 | जगत सुन्दर ब्वनेकुथि माद्यामिक विद्यालय | 267 | 15 |
| 264 | 270310208 | Shubharambha Secondary School | 60 | 4 |
| 265 | 270310076 | Shambhavi School | 170 | 13 |
| 266 | 270310322 | Gyan Jyoti Academy | 188 | 21 |
| 267 | 270310832 | Learning Zone Academy | 300 | 26 |
| 268 | 270310700 | Teresa Academy | 340 | 300 |
| 269 | 270310084 | Saraswati Academy English School | 200 | 20 |
| 270 | 270310178 | Neric Academy | 199 | 23 |
| 271 | 270310466 | Mount Glory English Boarding High School | 587 | 52 |
| 272 | 270310939 | फ्युचर स्टार इङलिस सेकेण्डरी स्कुल | 291 | 29 |
| 273 | 270310822 | Trilok Childrens Academy | 296 | 63 |
| 274 | 270310020 | Seraphims Public School | 102 | 14 |
| 275 | 270310308 | Gorakhkali English Boarding Secondary School | 539 | 66 |
| 276 | 270310450 | Little Wonders School | 378 | 28 |
| 277 | 270310611 | Sagarmatha Educational Academy | 348 | 30 |
| 278 | 270310108 | Abhishek Gyan Mandir Ma. Vi, | 200 | 21 |
| 279 | 270310979 | स्टाइनर एकेडेमी | 207 | 23 |
| 280 | 270310199 | Nepal Vidhya Sadan | 125 | 16 |
| 281 | 270310161 | Asphodel Public School | 412 | 34 |
| 282 | 270310637 | Saurdeep Boarding School | 305 | 31 |
| 283 | 270310990 | Edify International School | 247 | 21 |
| 284 | 270310119 | Akashganga International Academy | 375 | 57 |
| 285 | 270310432 | Maitri Shishu Vidyalay | 468 | 44 |
| 286 | 270310432 | Maitri Shishu Vidyalaya | 502 | 44 |
| 287 | 270310841 | Dakshin Bindu Awashiya Madhyamik Vidyalaya | 184 | 20 |
| 288 | 270310042 | Supreme International School | 294 | 66 |
| 289 | 270310571 | Mother International Academy | 137 | 10 |
| 290 | 270310546 | Kmc School | 1188 | 176 |
| 291 | 270310882 | Kathmandu Bonsai Academy | 103 | 12 |
| 292 | 270310585 | Nirman Nepal Residential School | 50 | 3 |
| 293 | 270310015 | Sarbeshwor School | 34 | 4 |
| 294 | 270310290 | Galaxy Public School | 835 | 21 |
| 295 | 270310407 | Sunakhari Pathshala | 180 | 19 |
| 296 | 270310598 | Kathmandu Columbus School | 144 | 17 |
| 297 | 270310543 | Occidental Public School | 797 | 96 |
| 298 | 270310206 | Vinayk English High School | 232 | 31 |
| 299 | 270310346 | Holy Garden School | 362 | 36 |
| 300 | 270310572 | Pragya Jyoti English Boarding School | 80 | 8 |
| 301 | 270310607 | Rosebud School | 1758 | 226 |
| 302 | 270310792 | Bal Batika International School | 432 | 28 |
| 303 | 270310688 | Swapna Vatika School | 121 | 20 |
| 304 | 270310151 | Aruni Secondary English Boarding School | 297 | 31 |
| 305 | 270310182 | Kathmandu Unified City Secondary School | 185 | 16 |
| 306 | 270310255 | Akshar Academy | 225 | 23 |
| 307 | 270310647 | Grande School | 87 | 10 |
| 308 | 270310458 | Mission Public School | 225 | 17 |
| 309 | 270310568 | Pragati Awasiya Madhyamik Vidhyalaya | 255 | 22 |
| 310 | 270310350 | Boston English High School | 205 | 31 |
| 311 | 270310051 | Shree Kumari Secondary School | 370 | 38 |
| 312 | 270310786 | Clinton School | 326 | 35 |
| 313 | 270310724 | Tri-Devi English Secondary Boarding School | 140 | 18 |
| 314 | 270310047 | Gateway Academy | 326 | 33 |
| 316 | 270310668 | Annapurna Vidya Sadan | 230 | 23 |
| 317 | 270310241 | Constellation Academic Garden English Boarding High School | 224 | 25 |
| 318 | 270310547 | Sanskar Shikshyalaya | 135 | 4 |
| 319 | 270310578 | Prerana Boarding High School | 410 | 42 |
| 320 | 270310347 | Holy Vision Secondary School | 230 | 26 |
| 321 | 270310215 | Kathmandu Gurukul English School | 439 | 44 |
| 322 | 270311024 | The Rolling Stones School | 248 | 25 |
| 323 | 270310470 | Mount View High School | 150 | 14 |
| 324 | 270310727 | Triveni Public School | 191 | 39 |
| 325 | 270310426 | Lyceum Model School | 223 | 26 |
| 326 | 270310187 | Canvas Basanta Ritu School | 385 | 42 |
| 327 | 270310286 | Everest Secondary Boarding School | 269 | 23 |
| 328 | 270310769 | Bhanubhakta Memorial School | 1338 | 134 |
| 329 | 270311022 | Shiva Baba School | 253 | 12 |
| 330 | 270310562 | Supreme Shiva Baba School | 271 | 25 |
| 331 | 270310514 | Toddlers Academy | 194 | 12 |
| 332 | 270310052 | Zenith English Secondary School, Bafal | 154 | 15 |
| 333 | 270310136 | Stephens School | 74 | 10 |
| 334 | 270310344 | Capitol Hill Academy Secondary School | 127 | 13 |
| 335 | 270310052 | Zenith English Secondary School | 154 | 15 |
| 336 | 270310285 | Tashi Waldorf School | 60 | 5 |
| 337 | 270310376 | Kamal Netra Chhuna Muna Secondary School | 308 | 34 |
| 338 | 270310326 | Gyandeep Shiksha Sadan | 184 | 12 |
| 339 | 270310807 | Lumbini Academy Secondary School | 260 | 23 |
| 340 | 270310604 | Wisdom English Academy | 663 | 101 |
| 341 | 270310752 | Ganga Secondary School | 410 | 44 |
| 342 | 270310323 | Gyanamandir Secondary School | 447 | 52 |

(बाँकी पृष्ठ ११ मा)

# फाइदा लिँदै आलीतालका किसान

**अमरगढी समाचारदाता**
*डडेलधुरा, जेठ २३ गते*

दस वर्षपहिले माइतीबाट ल्याएको एक बाख्रा पालेकी कल्पनादेवी पातलीको खोरमा अहिले २२ वटा माउ बाख्रा पुगेका छन्।

आलीताल गाउँपालिका–१, चम्सालकी पातली एक बाख्राबाट मात्रै वर्षमा ५० हजार रुपियाँ आम्दानी गर्न सफल भएपछि हाल बाख्रापालनतर्फ रुचि बढ्दै गएको बताउनुहुन्छ। उहाँले भन्नुभयो, “मैले माइतबाट ल्याएको एउटा बाख्रा एक वर्षमा दुई पटक पनि ब्यायो। अहिले ११ बेत ब्याइसकेपछि मेरो गोठभरि बाख्रा छन्।”

खसीबोका बेचेर मैले एक बाख्राबाट मात्रै वर्षमा ५० हजार रुपियाँभन्दा बढी कमाए। अब त २२ वटा माउ बाख्रा मात्रै पुगेका छन्। बाख्रापालनबाट वर्षमा थोरैमा पनि सात/आठ लाख रुपियाँ कमाउन सकिने उहाँले सुनाउनुभयो।

खोर बनाउन ७० हजार रुपियाँ जति अनुदानमा पाएपछि हाल खोरको आकार बढाई बाख्राको सङ्ख्या थपेको उहाँले बताउनुभयो। बाख्रापालन गर्दै आएका किसानलाई पशु अस्पताल तथा विज्ञ केन्द्र डडेलधुराले खोर बनाउन अनुदानमा सहयोग गरेपछि सहज भएको उहाँले बताउनुभयो। पहिले सानो खोर बनाएर बाख्रापालन गर्दै आएका किसानलाई खोर निर्माणमा सहयोग भएपछि यहाँका चम्साल, मेलखर्क, देउवागाउँका किसानले व्यावसायिक रूपमा खोर निर्माण गरेर बाख्रापालन गरिरहेका छन्।

बृहत् बाख्रापालन पकेट क्षेत्रका रूपमा विकास गर्न यस क्षेत्रका किसानलाई अनुदानमा खोर निर्माणका लागि पशु अस्पताल तथा विज्ञ केन्द्रको २० लाख रुपियाँ विनियोजन भएको कार्यालय प्रमुख देवराज भट्टले बताउनुभयो।



तस्बिर : पुष्कर भण्डारी

**डडेलधुराको चम्साल गाउँमा बनाइएको बाख्राको खोर।**

खोर निर्माणका लागि यो रकमबाट ५० प्रतिशत अनुदान दिने गरिएको छ। उहाँले भन्नुभयो, “यस क्षेत्रका किसान पहिलेदेखि नै बाख्रापालन गर्दै आएका थिए। हाल यो क्षेत्रमा कम्तीमा पनि दुई हजार बाख्रापालन गर्न बृहत् बाख्रापालन पकेट क्षेत्र बनाएका छौँ। यहाँका २७ परिवारले काठका खोर निर्माण गरेर व्यावसायिक रूपमा बाख्रापालन गर्न थालेका छन्।”

अनुदान रकम भुक्तानी हुनुअगावै एक हजार एक सय बाख्रा किसानका खोरमा भएको उहाँले जानकारी दिनुभयो। किसानको समिति बनाई खोर निर्माण गर्न लगाएको उहाँले जानकारी दिनुभयो। यहाँका किसानले दुई लाख रुपियाँभन्दा कम खर्चमा नै खोर निर्माण गर्न सकेको आलीताल बाख्रापालन बहुउद्देश्यीय कृषक समितिका अध्यक्ष लक्ष्मण जोशीले जानकारी दिनुभयो। एक सयभन्दा बढी बाख्रापालन गर्दै आएका जोशीले वर्षमा कम्तीमा पनि १० लाख रुपियाँ आम्दानी गरेको बताउनुभयो। उहाँले भन्नुभयो, “मैले बाख्रापालनलाई व्यावसायिक रूपमा अँगाल्ने आँट गरेपछि गाउँका अरू किसानलाई पनि हौसला बढ्यो, अहिले बाख्रा नभएको यहाँ घर छैन।”

परम्परागत रूपमा बाख्रापालन गर्दै आइरहेका यहाँका किसानलाई बेला बेला देखिने रोगको समस्याले पीडा दिने गरेको छ। सरसफाइ र आधुनिक खोर नहुँदा रोगको सङ्क्रमण फैलिने भएकाले सरसफाइमा ध्यान दिन प्रमुख भट्टले स्थानीयलाई आग्रह गर्नुभएको छ।

### डोजरे विकासको प्रभाव

# मुहान सुक्दै, खोलाको दूषित पानी बोक्दै

**बाजुरा समाचारदाता**
*बाजुरा, जेठ २३ गते*

बाजुराका अधिकांश ठाउँमा पानीका मुहान सुक्न थालेपछि यहाँका बासिन्दा खोलाको पानी खान बाध्य भएका छन्। बाजुराको हिमाली, जगन्नाथ, स्वामीकार्तिक, खप्तडछेडेदह गाउँपालिका, बुढीनन्दा, बडीमालिका, गौमूल, बुढीगङ्गा र त्रिवेणी नगरपालिकाका अधिकांश बासिन्दा खोलाको दूषित पानी खान बाध्य भएका हुन्। पछिल्लो समय पानीका मुहान बिस्तारै सुक्न थालेपछि घण्टौँ टाढा हिँडेर खोलाको पानी खान बाध्य भएको स्थानीयवासीले गुनासो गरेका छन्।

पछिल्लो समय विकास निर्माणका नाउँमा गाउँमा जताततै डोजरको प्रयोग गर्दै सडक निर्माण गरिने प्रवृत्ति र पटक पटक आएका भूकम्पका कारण पानीका मुहान सुक्दै गएपछि गाउँमा खानेपानीको समस्या हुन थालेको बुढीगङ्गा नगरपालिका–१० का हिरा सार्कीले बताउनुभयो।

बदेडा गाउँको रोल, पल्लो मुग्रा, ओल्लो मुग्रा, छारे, माथि खेत र गाउँका धारा बिस्तारै सुक्न थालेपछि खानेपानीको हाहाकार हुन थालेको सार्कीले बताउनुभयो।

उहाँले भन्नुभयो, “केही पहिलेसम्म गाउँमाथिका मुहानको पानीले बदेडा गाउँका सबैलाई पिउनका लागि समस्या हुन्थेन तर अहिले मूलको पानी बिस्तारै घट्दै जाँदा समस्या देखिन थालेको छ।”

कतिपय ठाउँमा धानको बेर्ना राख्नका लागि समेत यी मूलको पानी प्रयोग गरिन्थ्यो तर अचेल आकासे पानीको भर पर्नु परेको कुरा उहाँले बताउनुभयो।

बदेडावासीले रोल र मुग्राको पानीले यहाँका कालापातल रोललगायतका खेतमा रोपाइँ गर्दै आएका थिए।

विकासको नाममा वन विनाश गर्नु, वनमा जताततै डढेलो लगाउनु र वन फँडानी गर्दै जानुले यहाँका पानीका मुहान बिस्तारै सुक्दै गएका डिभिजन वन कार्यालय बाजुराका प्रमुख भोजराज पाठकले बताउनुभयो।

यसरी दिनप्रतिदिन सुक्दै गएका पानीका मुहान बचाउन पानीका स्रोत वरपर बोटबिरुवा रोपेर हरियाली बनाउनुपर्ने पाठकले बताउनुभयो।

# ‘गइया बेढ्ना’ चलन हराउँदै

**धनगढी समाचारदाता**
*धनगढी, जेठ २३ गते*

गर्मीले काकाकुल भएका बेला विगतमा थारू समुदायका महिलाले पुरुषको भेषमा ‘गइया बेढ्ना’ कार्यक्रम गर्ने चलन थियो। त्यसो गर्दा खडेरीमा पनि वर्षा हुने जनविश्वास रहेको छ। थारू बस्तीमा अचेल त्यो चलन हराउन थालेको छ। कार्यव्यस्ततासँगै आधुनिक चालचलनको प्रभावले गर्दा ‘गइया बेढ्ना’ चलन थारू समुदायमा हराउन थालेको हो। जेठमा थारू बस्तीका महिलाले पुरुष भेषमा ‘गइया बेढ्ना’ कार्यक्रम गरेको देखिन्थ्यो। अचेल सुक्खा लम्बिँदै गइरहँदा थारू बस्तीमा विगतको जस्तो ‘गइया बेढ्ना’ कार्यक्रमको रौनक देखिँदैन।

खास गरेर युवा पुस्तामा संस्कृति हस्तान्तरण हुन नसकेका कारण ‘गइया बेढ्ना’ लगायत अन्य परम्परागत चालचलन हराउन थालेको कैलारी गाउँपालिका–५, बैजपुरकी कविता चौधरीले बताउनुभयो।

उहाँको बुझाइमा युवा पुस्ता अध्ययन वा रोजगारीको सिलसिलामा देशविदेश पुगेका कारण त्यस्तो हुन सकिरहेको छैन। “अहिलेको पुस्ताले संस्कृति जान्ने बुझ्नेतिर त्यति ध्यान दिएको देखिँदैन,” चौधरीले भन्नुभयो, “उनीहरूको ध्यान अध्ययन वा जागिरतिर छ।”

थारू समुदायका महिलाका अनुसार लामो समय सुक्खा भएपछि गाउँवासीको सल्लाह अनुसार टन्टलापुर घाममा ‘गइया बेढ्ना’ कार्यक्रम गर्ने गरिन्छ। यसमा पुरुषको वेशभूषामा महिला मात्रै सहभागी हुने चलन रहेको छ।

‘गइया बेढ्ना’ कार्यक्रममा सहभागिता जनाएका महिला सामूहिक रूपमा गीत गाउँदै, डुल्दै कुनै एक गाउँबाट एक जना महिलालाई पक्रेर ल्याउने चलन रहेको स्थानीय कालीदेवी चौधरी बताउनुहुन्छ।

उहाँका अनुसार त्यसरी पक्रेर ल्याएका महिलालाई नै गइया वा बन्दी भन्ने गरिन्छ। बन्दी बनाएर ल्याएका महिलालाई पक्रेर ल्याउनेहरूले आफ्नो गाउँमा आदरसम्मानका साथ राख्ने र मिठा मिठा परिकार खुवाएर स्वागतसत्कार गर्ने चलन रहेको छ। त्यसपछि बन्दी बनेर आएकी महिलाका गाउँका महिलाहरू पनि पुरुष भेषमै बन्दी छुटाउन आउने गरेको बताइएको छ।

“बन्दीको गाउँका महिला बन्दी छुटाउन आएपछि दुवै गाउँका महिलाबिच भलमनसाको घरमा गीतमार्फत एक दिन एक रातसम्म लडाइँ हुने गर्दछ,” चौधरीले भन्नुभयो, “बन्दी पक्रेर ल्याउनेले गीतमा प्रश्न गर्ने र बन्दीको गाउँका महिलाले त्यसको जवाफ दिने गर्छन्।”

दुवै गाउँका महिला गीतमा रमाइलो गरिसकेपछि बन्दीतर्फका महिलालाई खानपान गराएर बन्दी फिर्तासहित बिदाइ गर्ने चलन रहेको छ। ‘गइया बेढ्ना’ कार्यक्रमको अन्तिम दिन महिलाले पुरुष भेषमा गीत गाउँदै गाउँघरका बारीमा पुगेर भिन्डी, करेला, लौकालगायतका तरकारी सङ्कलन गर्ने र खुसियालीका रूपमा पिकनिक (चुक्की) खाएर कार्यक्रम समापन गर्ने गरेको बताइएको छ।

# सुधारिँदै विश्वविद्यालयको शैक्षिक कार्यक्रम

**टीकापुर समाचारदाता**
*टीकापुर, जेठ २३ गते*

सुदूरपश्चिम विश्वविद्यालयका उपकुलपति प्राडा हेमराज पन्तले पाठ्यक्रम, पाठ्यपुस्तक, परीक्षाको नतिजामा भइरहेको ढिलाइमा विश्वविद्यालयले सुधार गर्ने बताउनुभएको छ।

सो विश्वविद्यालयको आङ्गिक क्याम्पस टीकापुर बहुमुखी क्याम्पस भ्रमणका क्रममा प्राडा पन्तले सेमेस्टर प्रणालीले उच्च शिक्षाको गुणस्तर बढेको बताउनुभयो।

त्यस्तै स्थानीय राजनीतिक दलका प्रतिनिधि, प्राध्यापक र विद्यार्थीले विश्वविद्यालयले शैक्षिक क्यालेन्डर अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्ने, क्याम्पसको अतिक्रमित जग्गा खाली गरिनुपर्ने र सेवा आयोग खुल्नुपर्नेलगायतका माग राखेका छन्।

सुदूरपश्चिम विश्वविद्यालयका रजिस्ट्रार प्राध्यापक यज्ञराज पाठकले यस विश्वविद्यालयले सबैभन्दा कम शुल्कमा कृषि विज्ञानको पठनपाठन गरिरहेको, हालसम्म आफ्नै स्रोतले चलेको जानकारी दिँदै यसलाई कृषि शिक्षाको हबका रूपमा विकास गर्न लागेको बताउनुभयो।

उहाँले जग्गा खाली गर्न त्यहाँका बासिन्दाका लागि उपयुक्त व्यवस्था गरिदिन स्थानीय सरकार र राजनीतिक दलको सहयोगको अपेक्षा गर्नुभयो। कृषि विज्ञान सङ्कायका डिन डा. विष्णुविलास अधिकारीले कृषि कार्यक्रमका लागि २५ बिघा जमिन नपुगेको र थप जग्गाका लागि पहल थालिनुपर्ने बताउनुभयो।

टीकापुर बहुमुखी क्याम्पसका संस्थापक क्याम्पस प्रमुख प्राडा जगतबहादुर सिंह रावल र कार्यालय सहयोगी कालुसिंह खड्का सेवानिवृत्त हुनुभएकामा सम्मान गरिएको छ। प्राडा रावल हाल सुदूरपश्चिम प्रदेश नीति तथा योजना आयोगको सदस्य हुनुहुन्छ।

# बाढीसम्बन्धी घटना कृत्रिम अभ्यास

**नेपालगन्ज समाचारदाता**
*नेपालगन्ज, जेठ २३ गते*

जिल्ला विपत् व्यवस्थापन समिति बाँकेको आयोजनामा बुधबार बिहान नेपालगन्जस्थित वाटरपार्कमा बाढीसम्बन्धी कृत्रिम घटना अभ्यास गरिएको छ।

नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटी र स्वास्थ्यकर्मीको सहभागितामा सो बाढी कृत्रिम घटना अभ्यास गरिएको जिल्ला विपत् व्यवस्थापन समितिका संयोजक तथा बाँकेका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालले बताउनुभयो।

उहाँले वर्षा नजिकिँदै गएकाले जिल्लामा बाढी र डुबान जस्तो विपत्बाट हुन सक्ने सम्भावित जनधनको क्षति कम गर्न यो बाढी कृत्रिम घटना अभ्यास गरेर सम्बन्धित सबै निकायलाई तयारी अवस्थामा राखिएको बताउनुभयो।

बाढी र डुबान जस्ता विपत्बाट हुने क्षति न्यूनीकरणका लागि हरेक वर्ष पूर्वतयारी स्वरूप बाँकेको राप्ती नदी र वाटरपार्कमा बाढी विपत्को कृत्रिम घटना अभ्यास गरिँदै आएको जिल्ला विपत् व्यवस्थापन समितिले जनाएको छ।

समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी रिजालले कृत्रिम घटना अभ्यासले उद्धारकर्मीको क्षमता वृद्धि हुने र भएका कमीकमजोरीलाई सुधार गर्न मिल्ने हुँदा यो अति नै राम्रो कार्य भएको बताउनुभयो।

बाँकेको तटीय क्षेत्रमा रहेका गाउँबस्ती बाढीको बढी जोखिममा रहेको हुँदा बाढी विपत्को बेलामा बाढी कृत्रिम अभ्यासले पूर्वतयारीमा र जनचेतना जगाउन ठुलो सहयोग गर्दै आएको छ।

सो बाढीसम्बन्धी घटना कृत्रिम अभ्यासमा नेपाली सेनाको मेडिकल टिम र नेपाल रेडक्रस सोसाइटी बाँकेले बाढीको जोखिमबाट घाइते भएकालाई प्राथमिक उपचार सेवा प्रदान गरी थप उपचारका लागि अस्पताल पुऱ्याएका थिए।

एमाले पोलिटब्युरो सदस्य लीला गिरी, लुम्बिनी प्रदेश कमिटी अध्यक्ष राधाकृष्ण कँडेलगायतले पार्टी सङ्गठनलाई बलियो बनाएर मात्र देश निर्माणमा जुट्न सकिने बताउनुभएको थियो। अधिवेशन उद्घाटन सत्रमा एमाले रुपन्देहीका अध्यक्ष तेजेन्द्र केसी, सचिव यज्ञ गैरेलगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो। जिल्लाका १६ पालिकाका १५५ वडा, २३ जनसङ्गठन र आयोजक कमिटीबाट चयन भएका कुल ८५३ जना प्रतिनिधि अधिवेशनमा सहभागी छन्। अधिवेशनले एक अध्यक्ष, एक उपाध्यक्ष, एक सचिव र दुई उपसचिवसहित १४१ सदस्यीय जिल्ला कमिटी निर्वाचित गर्ने छ। बन्द सत्रमा राजनीतिक प्रतिवेदन, साङ्गठनिक प्रतिवेदन, आर्थिक प्रतिवेदन पेस गरिएको छ। रुपन्देहीमा एमालेका १७ हजार ९८ पार्टी सदस्य सङ्गठित रहेको र उत्तिकै सङ्ख्यामा शुभेच्छुक रहेको अध्यक्ष तेजेन्द्र केसीले बताउनुभयो।



नेकपा (एमाले) उपाध्यक्ष विष्णु पौडेल अधिवेशन उद्घाटनमा मन्तव्य व्यक्त गर्दै ।

## 'कार्यान्वयन हुनु पर्छ नीति तथा कार्यक्रम'

**बुटवल समाचारदाता**
*बुटवल, जेठ २३ गते*

लुम्बिनी प्रदेशका सभासदले प्रदेश सरकारको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न सरकारको ध्यानाकर्षण गराएका छन्। हरेक वर्ष प्रदेश सभामा प्रस्तुत हुने नीति तथा कार्यक्रम आश्वासनको पोका हुने गरेको गुनासो गर्दै सभासदले नीति तथा कार्यक्रम बजेटमा समावेश गरी कार्यान्वयनतर्फ लैजान आग्रह गरेका हुन्।

सभासद् सन्तोषकुमार पाण्डेले प्रदेश सरकारको नीति तथा कार्यक्रम हरेक वर्ष आउने गरेको बताउँदै अहिलेको कार्यक्रम विगतभन्दा फरक ढङ्गले आउन नसकेको गुनासो गर्नुभयो। उहाँले अर्बौं रुपियाँ खर्च गरेर बनेको अन्तर्राष्ट्रिय गौतम बुद्ध विमानस्थल सञ्चालन नहुँदा लुम्बिनीको पर्यटन क्षेत्रमा असर परेको बताउँदै नीति तथा कार्यक्रममा विमानस्थल सञ्चालनका विषयमा कुनै सम्बोधन नभएको बताउनुभयो। सभासद् चन्द्रकेश गुप्ताले अर्बौं लगानीमा बनेको विमानस्थल सञ्चालनका लागि प्रदेश सरकारले पनि पहल गर्नुपर्ने बताउँदै नीति तथा कार्यक्रममा सम्बोधन नभए पनि बजेटले लुम्बिनीको पर्यटन क्षेत्रलाई चलायमान बनाउन ठोस कार्यक्रम ल्याउनुपर्ने माग गर्नुभयो।

सभासद् सुशीला बादीले प्रदेश सरकारको नीति तथा कार्यक्रम पुरानै कार्यक्रममा केही नयाँ थपेर पूर्णता दिएको बताउँदै नीति तथा कार्यक्रम 'कपी पेस्ट' मात्रै नहोस् भन्ने सुझाव दिनुभयो। उहाँले बादी समुदाय निकै पिछडिएको भए पनि उनीहरूलाई नीति तथा कार्यक्रममा सम्बोधन नगरिएकोमा गुनासो गर्नुभयो। सभासद् नवराज लामिछानेले भूमिहीन दलित र भूमिहीन सुकुमवासीले पुर्जा पाउने आशामा बर्सौं बिताए पनि अझै पनि पुर्जा नपाउँदा उनीहरूको जीवन कष्टकर बनेकोले नीति तथा कार्यक्रमले यो विषयलाई समेट्नुपर्नेमा सुझाव दिनुभयो।

अर्का सभासद् डिल्लीराज भुसालले अधुरा आयोजना पूरा गर्नेतर्फ नीति तथा कार्यक्रमले ठोस कार्यक्रम प्रस्तुत गर्न नसकेको टिप्पणी गर्नुभयो। उहाँले पुराना आयोजना सम्पन्न गरेपछि मात्रै नयाँ योजना बनाउनुपर्नेमा जोड दिनुभयो।सभासद् वसन्ती न्यौपानेले महिलाका लागि नीति तथा कार्यक्रम अनुसारको बजेट आएर कार्यान्वयन भए त्यो महत्त्वपूर्ण हुने उल्लेख गर्नुभयो। सभासद् दुर्गाप्रसाद चौधरीले हरेक वर्षको नीति तथा कार्यक्रममा भूमि बैङ्कको कुरा समावेश हुने गरे पनि कार्यान्वयनमा भने आउन नसक्नु चिन्ताको कुरा भएको बताउनुभयो।

त्यसै गरी प्रदेश सभा बैठकमा प्रदेश सभा सदस्यहरू भोजप्रसाद श्रेष्ठ, बसिउद्दीन खान, जन्मजय तिमिल्सिना, मीनाकुमारी श्रेष्ठलगायतले बोल्दै नीति तथा कार्यक्रममा उल्लेख भएका विषयवस्तुलाई समेटेर बजेट ल्याउन सरकारको ध्यानाकर्षण गराउनुभएको थियो। यसैबिच लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रदेश सभा बैठकले पास गरेको छ। नीति तथा कार्यक्रम पास भएसँगै प्रदेश सरकारलाई असार १ गते प्रदेश सभामा बजेट प्रस्तुत गर्न बाटो खुलेको छ।

## कुकुरको बन्ध्याकरण

**प्युठान समाचारदाता**
*प्युठान, जेठ २३ गते*

प्युठान जिल्लामा रेबिज रोग नियन्त्रण गर्न सामुदायिक कुकुरको बन्ध्याकरण गरिएको छ। एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयले शिविर सञ्चालन गरेर ७५ वटा कुकुरको बन्ध्याकरण गरिएको हो। सामुदायिक कुकुरका कारण समस्या बढेपछि शिविर राखेर बन्ध्याकरण गरिएको कार्यालयले जनाएको छ।

## बाँकेमा चौवन्न हेक्टरमा वृक्षरोपण

**नेपालगन्ज समाचारदाता**
*नेपालगन्ज, जेठ २३ गते*

वातावरण संरक्षणका लागि हरेक वर्ष ठुलो परिमाणमा बिरुवा उत्पादन गर्दै आएको डिभिजन वन कार्यालय बाँकेले यस वर्ष तीन लाख बिरुवा उत्पादन गरेको छ। बिरुवा उत्पादन गरी वितरण तथा आफैँले विभिन्न सामुदायिक तथा राष्ट्रिय वनमा वृक्षरोपण गर्दै आएको डिभिजन वन कार्यालयले माग अनुरूप बिरुवा भने वितरण गर्न नसकेको डिभिजन वन कार्यालय नेपालगन्जका सूचना अधिकारी वीरेन्द्र रोकाले बताउनुभयो।

उहाँले यस वर्ष बाँकेमा ५४ हेक्टरमा ८६ हजार चार सय वृक्षरोपण गर्ने लक्ष्य रहेकोमा गत साउनमा २८ हेक्टरमा ४४ हजार आठ सय बिरुवा रोपिसकेको र असार महिनामा २६ हेक्टरमा ४१ हजार छ सय बिरुवा रोपिने बताउनुभयो।

"बिरुवाको माग बढ्दो छ, हामीले माग अनुसार बिरुवा दिन सकेका छैनौँ," सूचना अधिकारी रोकाले भन्नुभयो, "यस वर्ष तीन लाख बिरुवा उत्पादन भएको छ तर त्यो अपर्याप्त हो।"

केही वर्ष यता आएर बिरुवा रोप्नु पर्छ भन्ने सचेतना समुदायमा व्यापक रूपमा बढेका कारण बिरुवाको माग बढ्दै गएको डिभिजन वन कार्यालय बाँकेले जनाएको छ।

डिभिजन वन कार्यालयले विभिन्न कार्यक्रम, किसानको माग तथा सामुदायिक वन, राष्ट्रिय वनमा वृक्षरोपणका लागि बिरुवा वितरण गर्दै आएको छ।

"हामीले बिरुवा वितरणका लागि सूचना प्रकाशित गरी माग गर्छौं र वितरण गर्छौं," डिभिजन वन कार्यालय नेपालगन्जका सूचना अधिकारी रोकाले भन्नुभयो, "प्राथमिकता अनुसार सामुदायिक तथा राष्ट्रिय वनलाई दिने गरेका छौँ।" ठुलो परिमाणमा वृक्षरोपण गर्दा त्यसको संरक्षण र हुर्किने वातावरण पनि हुनुपर्ने भएकाले असार र साउनमा बिरुवा वितरण हुने गरेको डिभिजन वन कार्यालय नेपालगन्जले जनाएको छ।

सो कार्यालयका अनुसार डिभिजन वन कार्यालय नेपालगन्ज, सबडिभिजन वन कार्यालय कोहलपुर, शमशेरगन्ज, मेहमानपुर, सिक्टा डिभिजनमा रहेको नर्सरीमा बिरुवा उत्पादन गर्ने गरिएको छ। डिभिजन वन कार्यालयले नरैनापुर र ढकेरीमा पनि नर्सरी स्थापनाका लागि टेन्डर भएर काम भइरहेको जनाएको छ। नर्सरीको निर्माण पूरा भएपछि बिरुवा उत्पादन बढ्ने जनाइएको छ।

यसैबिच वातावरण दिवसका अवसरमा बुधबार बाँकेमा विभिन्न कार्यक्रम गरिएको छ। डिभिजन वन कार्यालयको आयोजनामा कोहलपुर-८ मा रहेको शीतल छाया सामुदायिक वनमा एक कार्यक्रमको आयोजना गरेर वृक्षरोपण गरिएको छ।

### न जग्गा न त परिचय

# आसे जीवनमा बाँधिएका मुक्त कमैया

**लीलाधर वली**
*घोराही, जेठ २३ गते*

सरकारी ढिलासुस्तीका कारण कमैयाले दुःख पाउनुपर्ने अवस्था छ

दाङको घोराही उपमहानगरपालिका-१६, कपासीस्थित मुक्त कमैया बस्तीमा सावी चौधरी बस्न थालेको दुई दशकभन्दा बढी भइसकेको छ। जिल्ला प्रशासन कार्यालयको स्वामित्वमा रहेको जग्गामा बस्दै आउनुभएकी चौधरीको आफ्नै जग्गा भने छैन।

घरबासविहीन भएको अवस्थामा २०६२/६३ सालतिर अर्को व्यवस्था नहुँदासम्मका लागि कपासीमा बसोबासको व्यवस्था गरिएको उहाँ बताउनुहुन्छ। अस्थायी रूपमा व्यवस्थापन गरिएको लामो समय भइसक्दा पनि स्थायी बसोबासको टुङ्गो नहुँदा अन्योलमा परेको उहाँको गुनासो छ। "जहाँ भए पनि स्थायी बसोबासको व्यवस्था भइदिए त्यही अनुसारको काम गर्नु हुन्थ्यो," उहाँ भन्नुहुन्छ।

स्थायी बसोबासको अझै केही टुङ्गो नलाग्दा बसेकै जग्गा रोकाउँदै बस्नेबाहेक अरू केही नभएको उहाँको भनाइ छ।

अहिले बसोबास गरिरहेको स्थानमा बस्नलाई बास मात्र भएको भन्दै उहाँले कृषि तथा पशुपालनसम्बन्धी केही व्यवसाय गरौँ भने पनि आफ्नो जग्गा नभएको बताउनुहुन्छ। जसले गर्दा बजारमा मजदुरी गरेर खर्च जुटाउनुपर्ने बाध्यता भएको उहाँ बताउनुहुन्छ।

मुक्त कमैयाको परिचयपत्र नहुँदा पाउने सुविधाबाट वञ्चित हुनु परेको भन्दै चौधरी भन्नुहुन्छ, "सरकारी ढिलासुस्तीले म मुक्त कमैया हुँ भन्ने परिचयपत्र पनि छैन। कुनै ठाउँमा गएर कुरा राख्दा परिचयपत्र माग्छन्। परिचयपत्र नहुँदा निःशुल्क सिप सिक्नदेखि कमैयाले पाउने सहयोगबाट वञ्चित हुनु परेको छ।"

यसै गरी राप्ती गाउँपालिका-१, लालमटियाको सुकुम्बारी टोलमा बस्दै आउनुभएका टेकबहादुर रावतले लामो समयदेखि आफूहरूको समस्या सुनुवाइ हुन नसकेको बताउनुभयो। उहाँले जिल्लामा रहेका कमैयाको अवस्थामा अझै पनि सुधार हुन नसकेको बताउनुहुन्छ। जिल्लामा परिचयपत्र प्राप्त गरेका मुक्त कमैयाले थोरै भए पनि सरकारबाट सहयोग प्राप्त गरे पनि आफूहरू जस्ता परिचयपत्रविहीन मुक्त कमैयाले कुनै पनि सुविधा नभएको बताउनुहुन्छ।

परिपच प्राप्त गर्नुभएका मुक्त कमैयाले जग्गासँगै घर निर्माणको काठदाउरालगायतको सहयोग मिले पनि आफूहरू जस्ताका लागि सहयोग नमिल्ने गरेको भन्दै उहाँ भन्नुहुन्छ, "सरकारी ढिलासुस्तीका कारण कमैयाले दुःख पाउनुपर्ने अवस्था छ, जति सक्यो चाँडै व्यवस्थापन गरिदिए हाम्रा लागि राहत मिल्ने थियो।"

घोराही उपमहानगरपालिका-१६ निवासी गीता थापाको अवस्था पनि उहाँहरूकै जस्तो छ। उहाँले गरिबका लागि बोलिदिने कोही नभएको बताउनुहुन्छ। उहाँले भन्नुभयो, "हामीमाथि राजनीति धेरै गरियो। गरिबको समस्या कहिले समाधान भएन। काम हुँदै छ भन्न लागेको पनि बर्सौं बित्यो। जग्गा र पहिचानकै लागि हामीले धेरै दुःख बेहोर्‍यौँ तर हाम्रा बालबालिकाले पनि उही नियति भोग्नुपर्ने भइसक्यो।"

दाङमा सात सयभन्दा बढी मुक्त कमैयाले घरबासका लागि जग्गा प्राप्त गरेका छन्। मुक्त कमैया समाज दाङका अनुसार एक हजार ४२६ जनाले मुक्त कमैयाको परिचयपत्र पाएका छन्। तीमध्ये ७०५ जनाले जग्गा र लालपुर्जा प्राप्त गरेको मुक्त कमैया समाज दाङका अध्यक्ष हरिचन्द्र चौधरी बताउनुहुन्छ।

उहाँका अनुसार जिल्लामा लालपुर्जा पाएकामध्ये १६ परिवारले अझैसम्म जग्गा प्राप्त गर्न सक्नुभएको छैन। कमैयाले प्राप्त गरेको जग्गा राप्ती नदी तथा अन्य विभिन्न खोला र विवादित जग्गामा पर्ने भएका कारण जग्गा प्राप्त गरे पनि उपभोग गर्ने अवस्था नरहेको उहाँ बताउनुहुन्छ। उहाँका अनुसार सरकारले मुक्त कमैया व्यवस्थापनमा ढिलाइ गर्दा जिल्लामा तीन हजार ३८५ जना मुक्त कमैयाले परिचयपत्र पाउन नसकेका हुन्। भूमिसुधार कार्यालयले २०५७ र २०५९ सालमा मुक्त कमैयाको लगत लिएर रातो, निलो, पहेँलो र सेतो परिचयपत्र वितरण गरेको थियो।

घरबारविहीनलाई रातो, ऐलानी जग्गा ओगटेर बसेकालाई निलो, दुई कट्ठासम्म जग्गा भएकालाई पहेँलो र दुई कट्ठाभन्दा बढी जग्गा भएकालाई सेतो परिचयपत्र वितरण गरिएको उहाँ बताउनुहुन्छ। उनीहरूमध्ये रातो र निलो परिचयपत्र पाएकालाई पाँच कट्ठा जग्गा वितरण गरिएको थियो।

## वाटरपार्क पर्यटकले भरिभराउ

**नेपालगन्ज समाचारदाता**
*नेपालगन्ज, जेठ २३ गते*

अत्यधिक गर्मीबाट जोगिन अहिले बाँकेलगायत छिमेकी भारतीय सहरका सर्वसाधारणको प्रमुख गन्तव्य नेपालगन्जका वाटरपार्क र पौडीपोखरी बनेका छन्। तातो हावा लु र अत्यधिक गर्मीबाट जोगिन यहाँ निर्माण गरिएका वाटरपार्क र विभिन्न होटल तथा अन्य स्थानमा निर्माण गरिएका स्विमिङ पुलमा धेरै ठुलो सङ्ख्यामा नेपाली तथा भारतीय पुग्ने गरेका छन्।

गर्मी छल्न सीमापारि भारतका बहराइच, नानपारा, बाबागन्ज, मिहिपुरवा, कैसरगन्जलगायत विभिन्न सहर र नेपालगन्ज, कोहलपुर तथा सो वरिपरिबाट आउनेले यहाँका पौडीपोखरी र वाटरपार्क भरिभराउ छन्। नेपालगन्जको बालेगाउँमा निर्माण गरिएको 'मेरो प्लानेट' नामक वाटरपार्कका सञ्चालक डा. ओम मिश्राले बाँके र भारतका विभिन्न स्थानका विद्यार्थीदेखि महिला पुरुष सर्वसाधारणले गर्दा अहिले वाटरपार्क बिहानदेखि बेलुकासम्म भरिभराउ हुने गरेको बताउनुभयो।

उहाँले अत्यधिक गर्मीका कारण वाटरपार्कमा नुहाउन आउनेहरू बढ्दै गएपछि कतिपयले त ठाउँ नपाएर फर्किने गरेको बताउनुभयो। डा. मिश्राले भारतबाट गर्मी छल्न आउनेहरू धेरै ठुलो सङ्ख्यामा रहेको बताउनुभयो।

सोही प्रकारको भिड नेपालगन्जको वन्डरलैन्ड र कोहलपुरको हैप्पी वर्ड नामक वाटरपार्कमा पनि हुने गरेको छ। चरम गर्मी छल्न टाढा टाढाबाट ती स्थानमा दिनभरि नुहाउनका लागि धेरै मानिस पुग्ने गरेका छन्।

वाटरपार्कबाहेक नेपालगन्ज रङ्गशालामा रहेको स्विमिङ पुल, खजुरा मिनीपार्कमा रहेको स्विमिङ पुललगायत करिब दुई दर्जनभन्दा बढी होटलमा रहेका स्विमिङ पुल पनि गर्मी छल्नेहरूले भरिभराउ छन्।

धेरै गर्मी लागेपछि परिवारसहित गर्मी छल्न नेपालगन्जस्थित मेरो प्लानेटमा पुग्नुभएका नेपालगन्ज-११ का सहीर खानले दिनभरि पानीमा खेलेर रमाएपछि बल्ल केही राहत महसुस भएको बताउनुभयो। उहाँले एक दुई दिनमा फेरि पनि अर्को वाटरपार्कमा जाने तयारी भइरहेको बताउनुभयो।

भारतीय सिमानासँग जोडिएको र पश्चिम नेपालको प्रमुख केन्द्र बनेको नेपालगन्जमा निर्माण गरिएका वाटरपार्कले नेपालका आन्तरिक तथा भारतका पर्यटकलाई ठुलो सङ्ख्यामा आकर्षित गरिरहेका छन्।


नेपाल नागरिक उड्डयन प्राधिकरण
त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय
**प्राप्ती शाखा**
गौचर, काठमाडौं ।

**सिलवन्दी वोलपत्र (e-bid) आव्हानको सूचना !**

प्रकाशित मिति २०८१।०२।२४ (6th June, 2024)

यस कार्यालयको लागि आवश्यक तपसिल बमोजिमका सेवा/सामानहरु खरिद गर्ने सम्बन्धमा e-bid को माध्यमबाट बोलपत्र आव्हान गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । विस्तृत विवरण तथा बोलपत्र सम्बन्धि सम्पूर्ण काम/कारवाहीको लागि PPMO को website www.bolpatra.gov.np/egp मा Login गर्नुहुन अनुरोध छ ।

| S.No. | Description of Work |
|---|---|
| 1 | Supply, Delivery and Testing of Spare Parts of FIDS and Accessories, (Re-invitation), NCB/36/PROSEC/2080/81 |
| 2 | Supply, Delivery, Replace, Repair, Installation, Automation and Testing of Rolling Shutter Installed at Cargo Building of TIACAO, NCB/51/PROSEC/2080/81 |

Civil Aviation Authority of Nepal
Tribhuvan International Airport Civil Aviation Office
Gauchar, Kathmandu, Nepal

**Notice for Intent to accept the bid**

Date of publiction – 6th June, 2024 (2081/02/24)

This is to notify (as per section 27 (2) of public procurement Act, 2063) to all the concerned bidders, our intention to award following contract to following bidder selected as substantially responsive evaluated bids.

| S.No. | Bid Description | Selected Bidder | Total Accepted Bid Price (without VAT) |
|---|---|---|---|
| 1 | Annual Maintenance Contract for the CCTV Surveillance and Control System at TIA, NCB/41/PROSEC/2080/81 | M/S Subisu International Pvt.Ltd., Baluwatar, Kathmandu | NRs. 18,50,000/- (Eighteen Lakhs Fifty Thousand) |
| 2 | Supply and Delivery of Tyre Tubes for ARFF Vehicles, Transport Vehicles, CED Vehicles and Other Associated Vehicles at TIACAO, NCB/27/PROSEC/2080/81 | M/S New Supreme-Goodwill JV, Baneshwor- 10, Kathmandu | NRs. 93,40,000/- (Ninety-three Lakhs Forty thousand) |

**मालपोत कार्यालय, टोखा सरस्वती, काठमाडौँबाट जारी भएको छुट जग्गा दर्ता हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

माहिला मानन्धरको नाति शेर बहादुर मानन्धरको छोरा का.जि., का.म.न.पा. वडा नं. ५ हाँडीगाउँ बस्ने वर्ष ८० को गणेश बहादुर मानन्धरले तपसिलमा उल्लिखित जग्गा मेरो पिता शेर बहादुर मानन्धरको नाममा स्रेस्ता कायम भई नाप नक्सा भएको उल्लिखित जग्गा निज पिता शेर बहादुर मानन्धरको नाममा साबिक दर्ता लगत मौजा टोखा रैन १४८८ साङलामध्ये भिडाई म निवेदक समेतको नाममा दर्ता ना.सा. गरी पाऊँ भनी द.नं. ४९३२ मिति २०८१।२।१ को निवेदनबाट माग दाबी गरेकोमा माग बमोजिम निवेदकका नाममा दर्ता/ना.सा./दा.खा. गर्न नमिल्ने कुनै कारण भए वा सरकारी सार्वजनिक सम्पत्तिको नोक्सानी हुने भए ठोस प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा सप्रमाण दाबी उजुर गर्न आउनुहोला। सूचना गर्नुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। **तपसिल**

| गा.वि.स. | वडा नं. | कि. नं. | क्षे.फ. | मोही | ज. ध. | किसानको व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| साङला | ६क | ६४ | १ – ३ – २–० | लाल बहादुर श्रेष्ठ, का.ई., साङला | - | शेर बहादुर मानन्धर का.ई. हाँडी गाउँ बस्नेको जग्गा हो। कमाई खाएको छु। | |
| साङला | ६क | ६५ | ० – ४ – ०–० | लाल बहादुर श्रेष्ठ, का.ई., साङला | - | शेर बहादुर मानन्धर का.ई. हाँडी गाउँ बस्नेको जग्गा हो। कमाई खाएको छु। | |
| साङला | ६क | ८१ | ० – ५ – ३–० | लाल बहादुर श्रेष्ठ, का.ई., साङला | - | शेर बहादुर मानन्धर का.ई. हाँडी गाउँ बस्नेको जग्गा हो। कमाई खाएको छु। | |
| साङला | ६क | २१७ | २ – ११ – २–० | लाल बहादुर श्रेष्ठ, का.ई., साङला | - | शेर बहादुर मानन्धर का.ई. हाँडी गाउँ बस्ने शेर बहादुरलाई तिरी खाएको छु। | |

**पुनश्च** : मि.नं. २० मिति २०५६।०३।०८ को निर्णयले तामेली भनी स्रेस्तामा जनिएको देखिन्छ।

**भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।**

जि. सिन्धुपाल्चोक, ईन्द्रावती गा.पा. वडा नं. ४ बस्ने लक्ष्मीश्वरी खोखाली समेत जना ३ ले काका ससुरा तथा कान्छा बाजे बिष्णुलाल ख्वकालीको नाउँमा मोठ स्रेस्ता दर्ता कायम रहेको भक्तपुर जिल्ला, नगरकोट गा.वि.स. वडा नं. ३ (क) को कित्ता नं. ४२, २२९ को क्षेत्रफल १-१३-१-०, ८-९-०-० जग्गाहरूको दर्तावाला बिष्णुलाल ख्वकालीको २००९ सालमा अविवाहित अवस्थामा मृत्यु भएको, निजको नजिकको हक खाने हकदार पिता बखत बहादुरको १९८० मा, निजकी श्रीमती बिष्णु कुमारीको १९८३ मा, निजहरूका छोरो जितलालको २०२० मा, निजका २ पत्नीहरू जेठी सेतीको १९७६ मा, कान्छी श्रीमती शिबमायाको २०४९।५।३ मा, निजहरूका ३ छोराहरू जेठी तर्फको माधब लालको २०४९।१०।२२ मा र हरिलालको २०६४।१२।७ मा, निजकी श्रीमती गंगामायाको २०४६।१।१५ मा, निजहरूको छोरा रामचन्द्र लाल-१ र कान्छी तर्फको गोबिन्दलालको २०७६।४।२९ मा, निजकी श्रीमती जय लक्ष्मी-१, निजहरूको छोरा गंगालाल, रबिन्द्रलाल जना २ र माधबलालका ३ श्रीमतीहरूमा जेठी तिल कुमारीको २०१५ मा, निजको तर्फबाट छोरा इनद्रलाल-१, माइली पत्नी सानुमायाको २०४४।१२।१५ मा निःसन्तान अवस्थामा र कान्छी श्रीमती लक्ष्मीश्वरी खोखाली-१, निजको तर्फका छोराहरू आनन्दलाल, मदनलाल, महेन्द्रलाल जना ३ रहेकोमा महेन्द्रलालको २०६०।१।२० मा, निजकी श्रीमती उषकिरणको २०५६।१०।२२ मा, निज मृतकहरूको नजिकको हक खाने हकदार जम्मा ६ जना भएको हुँदा निज दर्तावाला काका ससुरा तथा कान्छा बाजे बिष्णुलाल ख्वकालीको नाउँबाट निजका हकदारहरू जय लक्ष्मी खोखाली-१, लक्ष्मीश्वरी खोखाली-१, रामचन्द्र लाल खोखाली-१ जना ३ को संयुक्त नाउँमा नामसारी हुन ख्वकाली र खोखाली भन्ने नाम थर गरेको एकै भएको भनी माग निवेदन गरेको हुँदा यसमा निवेदकहरू बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम हुन नपर्ने कुनै मनासिव कारण भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैँतीस) दिनभित्र आफूसँग भएको स-प्रमाण सहित मालपोत कार्यालय भक्तपुरमा हकदाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा सरोकारवाला सबैमा यो सूचना प्रकाशित गरिएको व्यहोरा जानकारी गराइन्छ।

**भूमिसुधार तथा मालपोत कार्यालय, डिल्लीबजार काठमाडौँबाट जारी भएको का.जि., का.म.न.पा. वडा नं. ८ बस्ने ज.ध.हरू लक्ष्मी प्रभा राजवंशी...१, अरविन्द राजवंशी...१ र सम निरञ्जन प्रधान....१, समेत जना ३ का नाउँको विशेष अदालत ऐन २०५९ को दफा १० (९) बमोजिम म्याद सरहको उपस्थित हुन आउने बारेको ३० दिने सार्वजनिक सूचना।**

का.जि. पुखुलाछी वडा नं. ९/ग कि.नं. ११६ को क्षे.फ. २-७-०-० को मोही मावली बाजे तुल्सी नारायण श्रेष्ठ र बज्यै धनमाया श्रेष्ठको परलोक भई हकदार एक मात्र छोरी मेरी आमा रत्न माया श्रेष्ठको पनि परलोक भई हाल हकदारमा नातिहरू म बालगोपाल श्रेष्ठ समेत भएकोले मोही नामसारी गरी दक्षिण तर्फबाट आधा मोहीलाई हुने गरी बाँडफाँट समेत गरी पाऊँ भनी गरेको निवेदन माग उपर तपाईं ज.ध. हरूका नाउँमा म्याद जारी गर्दा ज.ध.मध्ये गोविन्द प्रसाद श्रेष्ठले म्याद बुझी सुरु म्यादै गुजारी बसेको र तपाईं ज.ध. को हकमा उल्लिखित ठेगानामा गई खोज तलास गर्दा घर ठेगाना फेला नपरेको भनी तामेलदारबाट म्याद फिर्ता भएको हुँदा निवेदकको माग बमोजिम मोही नामसारी तथा बाँडफाँट हुनु नपर्ने कुनै कारण भए म्यादभित्र स-प्रमाण सहित उपस्थित हुन आउनुहोला। म्यादभित्र उजुरबाजुर नगरे कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**भूमिसुधार तथा मालपोत कार्यालय, ललितपुरबाट जारी भएको छुट जग्गा दर्ता सहितको नामसारी हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

यसमा ललितपुर महानगरपालिका वडा नं. २७ ललितपुर बस्ने बालकृष्ण थापा मगरले मेरी कुप्रो हजुरआमा पदम कुमारी थापा मगरको मिति २०३०।०४।०६ मा, निजको श्रीमान् मेरो कुप्रो हजुरबुबा कृष्ण बहादुर थापा मगरको मिति २००५।१२।१५ मा मृत्यु भएको, निजहरूबाट जायजन्म भएको छोरा मेरो हजुरबुबा अकल बहादुर थापा मगर र निजकी पत्नी मेरी हजुरआमा चम्पा थापा मगरको क्रमशः मिति २०२१।०९।१० र २०२०।०५।२० मा मृत्यु भएको, निजहरूबाट जायजन्म भएको छोरा मेरो बुवा गोविन्द थापा मगर र निजकी पत्नी मेरी आमा लक्ष्मी थापा मगरको क्रमशः मिति २०८०।०८।२८ र मिति २०७०।१२।१६ मा मृत्यु भएको, निजहरूबाट जायजन्म भएका हामी दुई छोराहरू मध्ये मेरो दाइ श्री कृष्ण थापा मगर विगत १३ वर्षदेखि अविवाहित अवस्थामै बेपत्ता भई कसैसँग पनि सम्पर्कमा नरहेको हुँदा मेरो कुप्रो हजुरआमा पदम कुमारी थापा मगरको नाममा नाप-नक्सा भई दर्ता बाँकी रहेको साविक सुनाकोठी-०२ क को कि.नं. २२६ को क्षेत्रफल ०-११-२-० जग्गा तथा मेरी आमा लक्ष्मी थापा मगरको नाममा दर्ता कायम रहेको सुनाकोठी-०२क को कि.नं. २२५ को क्षेत्रफल ०-४-०-० जग्गाको निजहरूको शेष पछिको हक खाने हकदार म बालकृष्ण थापा मगर मात्र भएकोले उल्लिखित जग्गा मेरो नाममा दर्ता/नामसारी तथा नामसारी गरी पाऊँ भन्ने समेत व्यहोरा खुलाई यस कार्यालयमा द.नं. १९०५ मिति २०८१।०१।३० मा निवेदन मागदाबी रहेकोमा निवेदकहरू बाहेक उल्लिखित जग्गामा अन्य कसैको हकदाबी भए वा दर्ता माग गरेको जग्गा निवेदकका नाममा दर्ता नामसारी गरी जग्गाधनी प्रमाण पुर्जा दिन नमिल्ने कुनै कारण भए वा कसैले उल्लिखित कित्ता जग्गाको हकमा दर्ता नामसारीका लागि यसपूर्व मिसिल भिडाई दर्ता प्रक्रियामा रहे/भएको भए वा उल्लिखित जग्गाको हक भोग स्वामित्वमा असर पर्न जाने भए सूचना प्रकाशित/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैँतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी गर्न आउनुहोला/सूचना गर्न आउनुहोला। तोकिएको म्यादभित्र कोही कसैको दाबी विरोध नपरे निवेदकहरूको माग दाबीलाई स्वीकार गरेको मानी कानून बमोजिम जग्गा दर्ता नामसारी समेत भई जानेछ र यस विषयमा पछि कसैको कुनै दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ।

| क्षेत्र | वडा | कि.नं. | क्षेत्रफल | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| सुनाकोठी | २क | २२६ | ०-११-२-० | पदम कुमारी थापा मगर | यो जग्गा मेरो लोग्ने कृष्ण बहादुरको दर्ता हो मैले अंशबाट खाएको हो। |
| सुनाकोठी | २क | २२५ | ०-४-०-० | दर्तावाला-लक्ष्मी थापा मगर | |

**पुनश्चः**- कि.नं. २२५ जग्गाको नामसारीको सम्बन्धमा यस कार्यालयमा मि.नं. १०-२०७३/७४
**इति संवत् २०८१ साल जेठ महिना २१ गते रोज ०२ शुभम् ।**



स्थानीय तहमा जनप्रतिनिधि

# विकासका आधार खडा गरिसकेका छौँ

**खिमबहादुर थापा**
अध्यक्ष कालीगण्डकी, गाउँपालिका

कालीगण्डकी नदीको तटमा रहेको स्याङ्ज़ाको कालीगण्डकी गाउँपालिकामा समथर भूभागदेखि विकट पहाडी क्षेत्र समेटिएको छ। साबिकको श्रीकृष्णगण्डकी, बिर्घा, आलमदेवी र चण्डीभन्ज्याङ गाविस मिलाएर यो गाउँपालिका बनाइएको हो। २०७९ सालको स्थानीय तहको चुनावमा गाउँपालिकाको अध्यक्षमा खिमबहादुर थापा दोस्रो कार्यकालका लागि निर्वाचित हुनुभएको छ। गाउँपालिका महासङ्घ नेपालको राष्ट्रिय महासचिवसमेत रहनुभएका अध्यक्ष थापासँग स्थानीय तहले गरेको विकास निर्माण, सम्भावना र चुनौतीलगायतका विषयमा गोरखापत्रका वालिङ समाचारदाता **राधाकृष्ण डुम्रे**ले गर्नुभएको कुराकानीको सारसङ्क्षेप :

**यहाँ निर्वाचित भइसकेपछि आफ्नो पालिकाको विकास र समृद्धिका आधारहरू के कसरी तय गर्नुभएको छ ?**

हामीले कालीगण्डकीको विकास र समृद्धिका लागि यहाँको भूगोल, माटो सुहाउँदो हुने गरी विकास र समृद्धिका आधारहरू तय गरेका छौँ। कृषि, पर्यटन, ऊर्जा, स्वास्थ्य, खानेपानी, रोजगार, शिक्षा र कृषिमा आधारित उद्यमलाई हामीले हाम्रो विकास र समृद्धिको आधार भएकाले यी क्षेत्रलाई प्राथमिकतामा राखी कार्यक्रम निर्माण गरेका छौँ र सोही अनुसार सालबसाल कार्यक्रम कार्यान्वियन भइरहेका छन्। जसले गर्दा यहाँका बासिन्दाले प्रतिफल देख्न थालेका छन्।

**यहाँ लगातार दोस्रो कार्यकाल अध्यक्ष भएर काम गर्दै हुनुहुन्छ, पहिलो कार्यकालभन्दा यो पटक के फरक महसुस गरिरहनुभएको छ ?**

पहिलो कार्यकालको सुरुवाती चरणमा ऐन, कानुन, कर्मचारी, प्रशासकीय भवनको अभावका साथै सूचना प्रविधिको यथेष्ट प्रयोग गर्न नसक्नुलगायतका समस्या थिए। त्यति हुँदाहुँदै पनि हामी अगाडि बढ्यौँ। पहिलो कार्यकालमा विकास र समृद्धिको जग बसाल्न हामी सफल भयौँ। शिक्षा, स्वास्थ्य, यातायात, व्यवसायमूलक कृषि र पशुपालनमा हामीले जग बसाल्यौँ। जसका कारण गाउँपालिकाभित्रका धेरै जनता लाभान्वित भएका छन्। फलस्वरूप स्थानीय सरकारको कार्यसम्पादनले मलाई पुनः दोस्रो पटक गाउँपालिका अध्यक्ष हुने अवसर प्राप्त भयो। पहिलो पटकको कामले यहाँ विकास र समृद्धिको आधार बनेको हुँदा थप काम गर्न पहिलेभन्दा सजिलो महसुस भएको छ।

**पूर्वाधार निर्माण र पर्यटन प्रवर्धनका लागि कस्तो काम भइरहेको छ ?**

स्याङ्जाको दुर्गम भनेर चिनिएको यो क्षेत्र पूर्वाधारको क्षेत्रमा निकै पछाडि रहेको थियो। हामी निर्वाचित भएर आइसकेपछि यहाँको पूर्वाधार क्षेत्रमा निकै ठूलो फड्को मारेका छौँ। ४४ किमी पक्की सडक, २४ किमी ग्राभेल, १४० किमी कच्ची सडक थप भएका छन् भने वडा नं. २ बाहेक सबै वडा कार्यालयमा पक्की सडकको पहुँच पुगेको छ। वडा नं. २ मा पनि यस आर्थिक वर्षमा पुग्ने छ। हामी निर्वाचित हुनुपूर्व एक बेलिब्रिज मात्र रहेकोमा हाल यस क्षेत्रमा तीन वटा पक्की पुल सम्पन्न भएका छन् पाँच वटा पक्की पुल निर्माणाधीन अवस्थामा छन्। नौ वटा झोलुङ्गे पुल रहेका छन्। आगामी आर्थिक वर्षसम्ममा प्रत्येक सामुदायिक माध्यमिक विद्यालयमा कालोपत्रेले जोड्ने योजना रहेको छ। वडा नं. ३ बाहेक सबै वडाले आफ्नै भवनबाट सेवा प्रवाह गरिरहेको छ। वडा नं. ३ को भवन पनि निर्माण सम्पन्न हुँदै छ। त्यस्तै खानेपानीका क्षेत्रमा एक घर एक धारा पूर्ण रूपमा कार्यान्वयन गरी सबै घरमा एक घर, एक धारा पुऱ्याउँदै छौँ। हालसम्म चार हजार २१५ घरमा धारा पुगिसकेका छन्। सिँचाइका कुलो निर्माण गरी टारहरूमा लिफ्टिङ सिँचाइमार्फत खेतीयोग्य जमिन सिञ्चित गर्ने गरिएको छ। जसअन्तर्गत बिर्घाटार लिफ्टिङ सिँचाइ सम्पन्न भएको छ भने प्युँघा, टङ्लेहवा, बारीचौर र मिर्मी फाँटको सिँचाइ सम्पन्न हुँदै छ, जसले कालीगण्डकीको मुहार फेरिने छ। पालिकाले सुरुवाती समयदेखि नै पर्यटन पूर्वाधार निर्माण, संरचनाको मर्मतसम्भारका कार्य गर्दै आइरहेको छ। पर्यटकीयस्थलमा सडक पहुँच पुऱ्याइएको छ भने पर्यटकीयस्थल आलमदेवी, कालीगण्डकी ए जलविद्युत्‌लाई रानीमहल, सेतीवेणी जस्ता स्थलसँग जोड्ने कार्य भएका छन्। त्यस्तै पर्यटकको बसाइ लामो गराउने गरी हामीले वातावरण निर्माण गरेका छौँ। त्यसका लागि होटल व्यवसायीलाई हस्पिटालिटी र कुकिङ तालिम दिने काम भएको छ भने स्थानीय संस्कृतिको संरक्षणसँगै घरबास कार्यक्रम सञ्चालन गरिएको छ। साथै खेलकुदका क्षेत्रमा एक वडा, एक मैदान निर्माण गरिएको छ भने पालिकास्तरमा गुणस्तरीय खेल मैदान निर्माण गरेका छौँ। जहाँ नियमित खेलकुद गतिविधि हुने गरेका छन्।

**कृषि क्षेत्रमा कस्ता कार्यक्रम सञ्चालन भइरहेका छन् ?**

यहाँका किसानलाई व्यावसायिक बनाई आत्मनिर्भर बनाउन हामी केन्द्रित छौँ। करिब ६० हजार कागतीका बिरुवा शतप्रतिशत अनुदानका रूपमा किसानलाई वितरण गरिएको छ। जसमध्ये करिब ३० हजार बिरुवाबाट किसानले उत्पादन र आम्दानी गर्न सुरु गरिसकेका छन्। हामीले तीन वर्ष अगाडिदेखि किसानसँग साझेदारीमा व्यावसायिक फूल खेती कार्यक्रम सञ्चालन गरी प्रत्येक वर्ष लाखौँ रुपियाँको फूल निर्यात गरेका छौँ। करिब ४५ रोपनी क्षेत्रफलमा फूल खेती भइरहेको छ। नवप्रवर्तनका क्षेत्रमा हामीले पहिलो वर्ष करिब एक लाख केराका बिरुवा वितरण गऱ्यौँ। केराका बहुउपयोगी प्रयोग गर्ने गरी हस्तकलाका सामग्री बनाउने अभ्यास गऱ्याँ। त्यस्तै बाँझो तथा उपभोगविहीन कृषि भूमि उपयोग गर्ने गरी हामीले कार्यक्रम बनाएका छौँ। यसले रोजगारी सिर्जनासँगै उत्पादन बढ्ने अपेक्षा लिएका छौँ। अहिले हामी ७० रोपनी जग्गामा नगदे बालीको सामूहिक खेती सञ्चालन गरेका छौँ भने २३ रोपनी जग्गामा ड्र्यागन बगैँचा सञ्चालन गरी रोजगारी सिर्जना गर्ने र आम्दानी गर्ने दुवै काम गरिरहेका छौँ। सामूहिक खेती प्रणालीको अभ्यास पनि गरेका छौँ । पशुपालनको क्षेत्रको कुरा गर्दा तीन वर्ष अगाडिसम्म मासु आयात गर्थ्यौँ भने हाल खसीबोका निर्यात गरी बङ्गुर, कुखुरा र अन्डामा आत्मनिर्भर बनेका छौँ।

**प्रदेश र सङ्घ सरकारसँग समन्वय र सहयोग भएको छ ?**

हामीले सहकारितामूलक सङ्घीयता अवलम्बन गरेका छौँ। स्वाभाविक रूपमा सहयोग र समन्वय हुनु पर्छ र भइरहेको पनि छ। फेरि म आफैँ गाउँपालिका राष्ट्रिय महासङ्घको महासचिव भएको हुँदा निरन्तर समन्वय भइरहेको छ। विभिन्न मुद्दा र समस्याका सन्दर्भमा म आफू व्यक्तिगत र महासङ्घको संस्थागत रूपमा लागिपरेका छौँ।

**स्वास्थ्य, शिक्षा र सामाजिक क्षेत्रमा कसरी काम गर्नुभएको छ ?**

प्रत्येक नागरिकको स्वास्थ्य बिमा निःशुल्क गरेका छौँ। यसबाट यहाँका नागरिकको वार्षिक २५ करोडभन्दा धेरै रकम बचत भएको छ। आफ्नै लगानीमा १५ शय्ययाको कालीगण्डकी अस्पताल सञ्चालन गरी सम्पूर्ण उपचार निःशुल्क गर्ने व्यवस्था मिलाइएको छ। गर्भवती महिलाका लागि निःशुल्क एम्बुलेन्स सेवा सञ्चालनमा ल्याइएको छ। गर्भवती तथा सुत्केरी र कुपोषित बच्चालाई दैनिक एक वटा दरले अन्डा वितरण गरिएको छ। घर घरमा गएर 'ल्याब इन ब्याग' मार्फत २७ प्रकारका स्वास्थ्य मापदण्ड सूचक जाँच गरिएको छ। पोषणमैत्री स्थानीय तह घोषणाको तयारी गरिएको छ। स्थानीय पाठ्यक्रम तयार गरी निःशुल्क उपलब्ध गराइएको छ। विद्यालयमा कालीगण्डकी पठनसिप विकास कार्यक्रम लागु भएको छ। सबै विद्यालयमा बालमैत्री पुस्तकालय र पठनसिप विकास कार्यक्रम लागु भएको देशभरिकै पहिलो पालिका कालीगण्डकी गाउँपालिका हो। जसका कारण कक्षा १ र २ का विद्यार्थीले प्रत्येक वर्ष २७४ वटा पुस्तक अध्ययन गर्दछन्। माध्यमिक तथा आधारभूत तहका विद्यालयमा आइसिटीको व्यवस्थापन, विद्यालयमा निःसर्त अनुदानको व्यवस्था गरिएको छ। समुदायमा टोल सिकाइ कार्यक्रम सञ्चालन गरी बालबालिकामा पढ्ने बानीको विकास गरिएको छ।

**सुशासन र पारदर्शितामा गाउँपालिकाको अवस्था कस्तो छ ?**

पहिलो कुरा सबै कर्मचारी १० बजे कार्यालयमा आई राष्ट्रिय गान र पालिका गानमा सहभागी हुन्छन्। सुरुवातदेखि नै गण्डकी प्रदेशको हकमा सबैभन्दा कम बेरुजु हुने स्थानीय तहमध्ये कालीगण्डकी हो। वित्त आयोगको मूल्याङ्कन जस्ता सूचकमा सधैँ अब्बल देखिएको छ। पारदर्शिताका सन्दर्भमा हामीले नियमित रूपमा सार्वजनिक सुनुवाइ गरेका छौँ। नियमित रूपमा आर्थिक विवरणहरू सार्वजनिक गर्ने गरेका छौँ। पालिका, वडा तथा सबै कार्यालयमा सबै सेवा अनलाइनमार्फत हुने व्यवस्था गरिएको छ साथै विद्युतीय टेन्डर प्रक्रियालाई पूर्ण रूपमा कार्यान्वयन गरिएको छ। हाम्रा सूचनाहरू नियमित रूपमा वेबसाइटमा अपडेट हुन्छन्।

**यहाँका भावी योजना के के छन् ?**

यहाँ रहेको खेतीयोग्य जमिनमा लिफ्टिङ सिँचाइमार्फत सिँचाइ गरी कृषिमा आत्मनिर्भर बनाउने, कालीगण्डकी बृहत् खानेपानी योजना कार्यान्वयन गर्ने, पालिकाबाट कृषि क्षेत्रमा सहभागितामूलक र प्रविधियुक्त उत्पादन, प्रशोधन भण्डारण र प्याकेजिङ तथा बजारीकरण दीर्घकालीन भूउपयोग र सामुदायिक खेती प्रणालीको विकास गर्ने तयारीमा छौँ।

# तरकारी बेचेर वार्षिक पाँच करोड



**ठाकुरप्रसाद आचार्य**
*म्याग्दी, जेठ २३ गते*

पर्वतको जलजला गाउँपालिका–६, सालिजा गाउँका किसानले तरकारी खेतीबाट वार्षिक रूपमा पाँच करोड रुपियाँभन्दा बढी कमाउने गरेका छन्। म्याग्दीको बेनीसँग सिमाना जोडिएको सालिजा गाउँ तरकारी उत्पादनको पकेट क्षेत्र हो। तरकारी खेतीको आम्दानीले यहाँको जीवनस्तरमा निकै ठुलो परिवर्तन आएको छ। यहाँ उत्पादन भएको आलु, काउली, बन्दागोभीलगायतका ताजा तरकारी म्याग्दीको सदरमुकाम बेनी, पर्वतको कुस्मा, बागलुङ बजार र पोखरासम्म पुग्ने गर्दछ।

उच्च भूभाग, चिसो हावापानी र खेतीयोग्य जमिन भएकाले यहाँ तरकारी खेती राम्रो फस्ट्याउने गरेको छ। सालिजामा बसोबास गर्ने करिब आठ सय घरधुरी व्यावसायिक तरकारी खेतीमा लागेका छन्। यहाँ तरकारी खेती गरेर हरेक घरपरिवारले वार्षिक रूपमा दुई लाखदेखि १० लाख रुपियाँसम्म आम्दानी गर्ने जलजला गाउँपालिका–६, सालिजाका पूर्ववडाध्यक्ष होमबहादुर पुनले बताउनुभयो।

उहाँका अनुसार सालिजाको मुख्य उत्पादन आलु हो। सालिजाको आलु भनेपछि बजारका उपभोक्ताले खोसाखोस नै गर्दछन्। खान स्वादिलो भएकाले यहाँको आलु बजारमा महँगो मूल्यमा बिक्री हुने गरेको छ। आलु बिक्री गरेर मात्र गाउँमा करिब एक करोड रुपियाँ भित्रिने गरेको किसान बताउँछन्। पुस, माघ महिनामा लगाएको आलु खेतीको फसलले अचेल गाउँभरि आलु नै आलु देखिने गरेको छ। अहिले किसानले आलु खन्न थालेका छन्।

माथिल्लो सालिजा, तारे, पातलखर्क, ओख्रेनी र तल्लो सालिजाको भोटेडाँडा, दिप, स्वारा, गामलगायतका गाउँमा आलु र ताजा तरकारी उत्पादनका लागि उपयुक्त मानिन्छन्। राम्रो सिँचाइ र उत्पादित कृषि उपजको बजारीकरणमा सरकारी निकायले सहयोग गरे अझै ताजा तरकारी उत्पादनमा वृद्धि हुने पुनले बताउनुभयो।

सालिजा गाउँमा २५ मुरीदेखि ५० मुरीसम्म आलु फलाउने किसान भएको कृषक वीरबहादुर पुनले बताउनुभयो। उहाँका अनुसार सालिजामा दुई लाखदेखि छ लाख रुपियाँसम्मको आलु बिक्री गर्ने किसान छन्। १४ वर्षदेखि निरन्तर रूपमा आलु खेती गर्दै आउनुभएका पुनले उत्पादन भएको आलु बिक्रीका लागि कुनै समस्या नभएको बताउनुभयो। घरबाटै बिउ आलुलाई दुई सयदेखि २५० रुपियाँ पाथीसम्म बिक्री गर्न सकिने उहाँको भनाइ छ।

यो वर्ष लामो खडेरी परेकाले आलु उत्पादनमा कमी आउन सक्ने उहाँले बताउनुभयो। जलजला गाउँपालिकाले आलुको बिउमा आत्मनिर्भर बनाउन बिउ उत्पादनलाई जोड दिएको गाउँपालिका अध्यक्ष राजुप्रसाद आचार्यले बताउनुभयो। गाउँपालिकाले व्यावसायिक किसानलाई प्रोत्साहन गर्न तालिम, उपकरण र बिउमा अनुदान जस्ता कार्यक्रम सञ्चालन गरेको उहाँको भनाइ छ।

# छ जना चालक पक्राउ

**स्याङ्जा समाचारदाता**
*स्याङ्जा, जेठ २३ गते*

अवैध लागुपदार्थ सेवन गरी सार्वजनिक सवारीसाधन चलाउने छ जना चालकलाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय स्याङ्जा र ट्राफिक प्रहरी कार्यालय स्याङ्जाले संयुक्त रूपमा पुतलीबजार नगरपालिका–४, नौडाँडालगायत सिद्धार्थ राजमार्गमा जाँच गर्ने क्रममा पक्राउ गरेको हो।

प्रहरी नायब उपरीक्षक इन्द्रबहादुर रानाले सडक दुर्घटना न्यूनीकरण एवं सार्वजनिक यातायातलाई थप सुरक्षित, मर्यादित र भरपर्दो बनाउने उद्देश्यले जाँच गर्दा सवारीसाधन चलाउनेलाई पक्राउ गरिएको बताउनुभयो।

# द्वन्द्वपीडितले सहयोग नपाएको गुनासो

**म्याग्दी समाचारदाता**
*म्याग्दी, जेठ २३ गते*

म्याग्दीका द्वन्द्वपीडितले राज्य र राज्यका निकायबाट आवश्यक सहयोग तथा राहत नपाएको गुनासो गरेका छन्। म्याग्दीको बेनीमा द्वन्द्वपीडित महिला राष्ट्रिय सञ्जाल म्याग्दीको आयोजना तथा नागरिक आवाज काठमाडौँको सहकार्यमा सम्पन्न द्वन्द्वपीडित महिलाको सवालमा स्थानीय सरोकारवालाको कार्यक्रममा द्वन्द्वपीडितले यस्तो गुनासो गरेका छन्।

पीडित परिवारले देशमा तीन तहका सरकार भएर पनि द्वन्द्वबाट पीडित बनेको लामो समयसम्म आफूहरूले उचित राहत र क्षतिपूर्ति नपाएको बताएका छन्। द्वन्द्वपीडित अधिकार समाज म्याग्दीका अध्यक्ष भीमबहादुर रिजालले स्थानीय सरकारले द्वन्द्वपीडितको पक्षमा काम नगरेको आरोप लगाउनुभयो।

उहाँले राज्यबाट पाउनुपर्ने शिक्षा, स्वास्थ्य, रोजगारलगायत सेवासुविधाबाट द्वन्द्वपीडित वञ्चित हुनु परेको समेत गुनासो गर्नुभयो। वास्तविक द्वन्द्वपीडितले अहिलेसम्म पनि राहत, क्षतिपूर्ति र आर्थिक सहयोग पाउन नसकेको बताउँदै पीडितको नाममा आएको सहयोग तथा राहत टाठाबाठा र पहुँच हुने तथा हुने खाने वर्गको हातमा पुग्ने गरेको उहाँले बताउनुभयो। युद्धका कारण परिवारका सदस्य गुमाएर पीडित बनेकालाई हातमुख जोर्नसम्म कठिनाइ भएको कार्यक्रममा पीडितले बताए।

द्वन्द्वपीडितले समाजमा आत्मसम्मानपूर्वक बाँच्न पाउनुपर्ने, द्वन्द्वपीडितलाई राज्यबाट परिचयपत्रको व्यवस्था हुनुपर्ने, उपचारका लागि निःशुल्क स्वास्थ्य बिमाको व्यवस्था गरिनुपर्ने, तीनै तहका सरकारले पीडितलाई राहत दिनुपर्ने, द्वन्द्वपीडितका छोराछोरीलाई अध्ययन तथा अध्यापनमा सघाउनुपर्ने, आर्थिक सहयोग एवं ऋण नपाएको जस्ता थुप्रै गुनासा पीडितले सुनाएका थिए।

# दर्बुङ फाँटदेखि फिस्लिङसम्म कालोपत्रे हुँदै

**गुणबहादुर रोका**
*सुलीकोट, जेठ २३ गते*

गोरखाको गण्डकी गाउँपालिकाको दर्बुङ फाँटदेखि लाकुरीबोट दलभन्ज्याङ हुँदै पृथ्वी राजमार्ग जोड्ने फिस्लिङसम्म पुग्ने वैकल्पिक सडक कालोपत्रे हुने भएको छ। गण्डकी गाउँपालिकाको मुख्य तरकारी उत्पादनको पकेट क्षेत्रका रूपमा रहेको दर्बुङ फाँटदेखि झन्डै १० किलोमिटर सडक कालोपत्रे हुन लागेको हो।

२०६५ सालमा दर्बुङ गाउँ विकास समितिले ट्र्याक खुलाए पनि १६ वर्षपछि सङ्घीय सरकारको भौतिक पूर्वाधार मन्त्रालय अन्तर्गतको गोरखा सडक योजना कार्यालय गोरखामार्फत कालोपत्रे गर्न लागेको गण्डकी गाउँपालिकाका अध्यक्ष दीपक तिमिल्सिनाले जानकारी दिनुभयो। सडक कालोपत्रे हुने भएपछि दर्बुङ फाँटका स्थानीयलाई महँगो ढुवानी तिरेर तरकारी बेच्नुपर्ने अवस्था अन्त्य हुने गाउँपालिकाका अध्यक्षको भनाइ छ।

कृषि क्षेत्रको पकेट मानिएको स्थानमा कालोपत्रे भएपछि स्थानीय खुसी भएका छन्। धेरै समयको प्रयासपछि अहिले आएर कालोपत्रे हुन लागेको गण्डकी गाउँपालिकाका तिमिल्सिनाले बताउनुभयो। गण्डकी गाउँपालिकाको विशेष पहलमा सङ्घीय सरकारको बजेटबाट गोरखा सडक योजना कार्यालय गोरखामार्फत कालोपत्रे गर्न लागिएको हो। सडक कालोपत्रे योजनाका लागि रायमाझी नवकान्तिपुर जेभी कम्पनीसँग २०७९ साल असार १० गते सम्झौता भएर काम अघि बढेको गोरखा सडक योजना कार्यालय गोरखका प्रमुख अमिन्द्र खड्काले जानकारी दिनुभयो। २०८१ साल असार २० गते सम्पन्न गर्नुपर्ने सडकको काम अन्तिम अवस्थामा पुगेको साथै समयसीमाभित्र रहेर काम सम्पन्न हुने गरी निर्माण कम्पनीले लगभग अन्तिम चरणमा पुऱ्याएको उहाँको भनाइ छ। विषेश गरी गण्डकी गाउँपालिकावासी तथा दर्बुङवासीलाई फिस्लिङसम्म पुग्न सामान्य मर्मत गरेर सञ्चालन हुँदै आएको कच्ची सडकमा हिलो र धुलोको सामान गर्दै जोखिम र सास्तीपूर्ण यात्रा गर्दै आएकोमा दुर्बङवासीमा कालोपत्रे हुने भएपछि खुसी मिलेको हो।

# भैँसी पालेर मनग्गे आम्दानी

**सुलीकोट समाचारदाता**
*सुलीकोट, जेठ २३ गते*

सहिद लखन गाउँपालिका–८, छापथोक मोचाबारीका युवाले गाउँमै बसेर मनग्गे आम्दानी गरिरहेका छन्। गाउँका केही युवाले सन्तानेश्वर कृषि सहकारीमार्फत व्यक्तिको १५ रोपनी जग्गा भाडामा लिएर १० वर्षदेखि बाँझो रहेको खेतबारीमा व्यावसायिक घाँस उत्पादन गरी भैँसी पालेर दुध बेची राम्रो आम्दानी गर्न थालेका छन्।

दुई वर्षदेखि युवाले भैँसीको दुध बेचेर मासिक दुई लाखसम्म रुपियाँ आम्दानी गर्न थालेका हुन्। सहिद लखन गाउँपालिका–८, छापथोक मोचाबारीको क्षेत्रमा उत्पादित दुध स्थानीय बजार तथा नजिकै रहेको गोरखा सदरमुकामसम्म खपत हुने गरेको भैँसीपालनमा आबद्ध युवा उद्यमी अमृतबाबु श्रेष्ठले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "गरे गाउँमै नाम र दाम कमाउन सकिन्छ। धन कमाउन बाहिर धेरै खर्च गरी जोखिम मोलेर जानुभन्दा आफ्नै परिवारमा बसी परिश्रम गर्ने हो भने विदेश जानु पर्दैन।"

अहिले भैँसीपालनबाट तीन जना युवालाई मासिक १८ हजार रुपियाँका दरले ५४ हजार दिएर अरू बाँकी सन्तानेश्वर कृषि सहकारी संस्थालाई राम्रै नाफा भएको छ। गाउँमा वृद्ध बाआमालाई घर घरमा दुध पुऱ्याएर सेवा दिइएको छ। बिहान ४ देखि बेलुका ८ बजेसम्म भैँसी र पाडापाडीको स्याहारसुसार, घाँस, कुँडोपानीको व्यवस्थापनमा युवाले समय व्यतीत गर्छन्। छोटो समयमा उनीहरू सफल भएका छन्। अहिले १३ वटा दुहुनो भैँसीबाट दैनिक ११० लिटर बिहान र बेलुका एक सय लिटरसम्म दुध बिक्रीवितरण हुन्छ। अहिलेसम्म त्यस फार्ममा करिब २५ लाखसम्म लगानी भइसकेको उद्यमी युवा बताउँछन्।

**भू.सु. तथा मा.पो.का. भक्तपुरबाट जारी भएको भ.पु.जि. भ.न.पा.–१७ को हाल १ बस्ने मोही हरिदास कर्मीका नामको विशेष अदालत ऐन २०५९ को दफा १०(९) बमोजिमको म्याद सरहको उपस्थित हुन आउने बारेको ३० दिने सार्वजनिक सूचना।**

भ.पु.जि. कटुन्जे वडा नं. ६/ग कि.नं. ३६७ को क्षे.फ. ०–४–२–० जग्गालाई उत्तर दक्षिण चिरा गरी पूर्वतर्फ ज.ध.लाई र पश्चिमतर्फ मोहीलाई हुने गरी जग्गा बाँडफाँट गरिपाऊँ भनी ज.ध. मन्जु खोतेजाले माग निवेदन गरेकोमा, मोहीलाई म्याद जारी गर्दा निजको घर ठेगाना फेला नपरेकोले सो म्याद भ.न.पा.–१ वडा कार्यालयमा टाँस भई आएको देखिँदा यो ३० दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। म्यादभित्र स–प्रमाण उपस्थित हुन आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**नापी कार्यालय डिल्लीबजार, काठमाडौँको हकदाबी सम्बन्धी ३५ दिने सूचना।**

का.जि., का.म.न.पा. वडा नं. २५ बाङ्गेमुढा (साबिक वडा नं. २८) बस्ने नबिनकाजी स्थापित (वारेस रुबेन राई) को निवेदन अनुसार सर्भे नापीका बखत नाप नक्सा भई फिल्डबुकको किसानको व्यहोरामा बज्यै अष्टमाया स्थापित कायम भई हालसम्म दर्ता नभई दर्ता छुट भएकोले साबिक जग्गाधनी अष्टमाया स्थापितको मिति २०५१/०५/२१ मा र बाजे बेखारत्न स्थापितको मिति २००७ सालमा आ–आफ्नो कालगतिबाट परलोक हुनुभएको हुँदा बजै अष्टमाया स्थापितको नाउँमा साबिक लगत मौजा बालाजु रै.नं. ४७७ मध्येबाट भिडाई छुट जग्गा दर्ता ना.सा. गरी पाऊँ भनी दिएको निवेदन अनुसार निवेदकले मागदाबी गरेको जग्गा निज निवेदकहरू बाहेक अन्य कसैको हक लाग्ने हो होइन निज निवेदकको नाउँमा नामसारी स्रेस्ता प्रमाणित हुनु नपर्ने कुनै कारण भए वा अन्य कसैको हक लाग्ने भए सो सम्बन्धी हकदाबी ३५ (पैँतीस) दिनभित्र सबुद प्रमाण सहित हकदाबी गर्नुहोला अन्यथा कानून बमोजिम भइजाने व्यहोरा समेत जानकारी गराइन्छ। **तपसिल**

| गा.वि.स. | वडा नं. | कि.नं. | क्षे.फ. | मोहीको नाम, थर | ज.ध. को नाम थर | किसानको व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| चण्डेश्वरी | १ख | ९६ | १–९–०–० | धनस्याम देबकोटा का.ई. टोखा फुलबारीको दाजु हस्ते दुर्गादत्त देबकोटा का.ई. टोखा फुलबारी। द.ल्या. | x | यो जग्गा का.ई. टोखा फुलबारी बस्ने धनस्याम देबकोटा मैले तलसिङ का.ई बाङ्गेमुढा न्हुबहाल बस्ने अष्टमायालाई तिरो तिरी कमाई खाई आएको। द. ल्या. | x |

**मालपोत कार्यालय साँखुबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

काठमाडौँ जिल्ला, का.म.न.पा. वडा नं. ३२ (साबिक का.म.न.पा.–३५) बस्ने भोला कार्कीले पिता पूर्ण बहादुर कार्कीको नाममा नापनक्सा भई निज नापीवालाकै नाममा हालसम्मै दर्ता बाँकी रहेको तपसिलमा उल्लिखित जग्गाका निज नापीवाला पिता पूर्ण बहादुर कार्कीको २०३० सालमा र निजकी पत्नी पूर्ण कुमारी कार्कीको मिति २०६७/०५/०२ मा मृत्यु भई हकदारमा छोराहरू भोला कार्की–१ र शम्भु कार्की–१ समेत जना २ भएकोमा शम्भु कार्कीको मिति २०६९/०९/०९ मा मृत्यु भई हकदारहरूमा पत्नी सानु कार्की–१ छोराहरू राजकुमार कार्की–१ र कृष्ण कुमार कार्की–१ समेत जना ३ भएको तपसिल बमोजिमको जग्गाको सम्बन्धमा माथि उल्लिखित हकदारको नाउँमा दर्ता/नामसारी गरिपाऊँ भनी माग निवेदन गरेको, साथै उक्त जग्गामा अन्य हकदार कोही भए वा निवेदकको हक नलाग्ने कुनै कारण भए वा अन्य कसैको हक लाग्ने भए वा सरकारी, ऐलानी, पर्ती, गुठी अधीनस्थ इत्यादि कुनै प्रकृतिको जग्गा भए वा अन्य कसैले कुनै कारबाही चलाएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैँतीस) दिनभित्र आफूसँग भएको प्रमाण सहित मालपोत कार्यालय साँखुमा स–प्रमाण दाबी गर्न आउनुहोला/सूचना गर्न आउनुहोला। तोकिएको म्यादभित्र कोही कसैको दाबी विरोध नपरे निवेदकको माग दाबीलाई स्वीकार गरेको मानी कानून बमोजिम जग्गा दर्ता नामसारी समेत भइजानेछ र यस विषयमा पछि कसैको दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ। **फिल्डबुकको विवरण तपसिल**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| ईन्द्रायणी | ७ | १५३ | १–५–१–० | पूर्ण बहादुर कार्कि क्षेत्रि ७ नं. वडा उखुटार बस्ने निजको हस्ते सही गर्ने छोरा शम्भु कार्कि। | यो जग्गा मेरै नाउँको रैकर हो जोत भोग गरी खाएको छु। |
| ईन्द्रायणी | ७ | १६७ | १–५–०–० | | |
| ईन्द्रायणी | ७ | १६८ | ०–५–०–० | | |

**भूमिसुधार तथा मालपोत कार्यालय, ललितपुरबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

साविक ललितपुर जिल्ला, कोन्ज्योसोम, दलचोकीबाट बसाई सराई गरी मकवानपुर जिल्ला (साबिक श्रीपुर छतिवन वडा नं. ३) बकैया गा.पा.–७ बस्ने पोष बहादुर घिमिरे समेतले मेरा बाजे श्रीकृष्ण घिमिरे जैसीका नाममा २०२१ सालको नापीमा सर्भे नापनक्सा भएको साबिक लेले अन्तर्गतको तपसिलको दर्ता बाँकी जग्गाको जग्गाधनी निज श्रीकृष्ण घिमिरे जैसीको मिति २०३५/१०/२ सालमा परलोक भएको, निजका दुई श्रीमती जेठी कृष्णमाया घिमिरेको मिति २०१७/१/५ मा र कान्छी सावित्री देवी घिमिरेको मिति २०२२/८/२५ मा परलोक भई जेठीतर्फ जेठा छोरा गोपिलाल घिमिरेको मिति २०७४/११/०१ गते मृत्यु भएको, कान्छो छोरा बाल कृष्ण घिमिरे भएको, जेठी श्रीमतीको र कान्छी श्रीमती पट्टि जेठो छोरा दल बहादुर घिमिरेको मिति २०७९/१०/१६ गते कालगतिले मृत्यु भएको, माइलो छोरा डम्बर बहादुर घिमिरेको मिति २०६२/५/२६ मा कालगतिले मृत्यु भएको र कान्छो छोरा टिका बहादुर घिमिरे पनि मिति २०७६/३/१७ गते कालगतिले मृत्यु भएको, गोपिलाल घिमिरेका दुई श्रीमती पहिलो भुवनेश्वरी घिमिरेको मिति २०७७/७/२५ गते कालगतिले मृत्यु भएको र कान्छी श्रीमती सकुन्तला गुरुङ घिमिरे २०५६/२/१० मा मृत्यु भएको र माथि उल्लिखित कान्छी श्रीमती पट्टिको जेठा छोरा दल बहादुर घिमिरकी श्रीमती बाल कुमारी घिमिरेको मिति २०८०/११/०२ मा मृत्यु भएको, माइलो छोरा डम्बर बहादुर घिमिरेकी श्रीमती पदम कुमारी घिमिरेको मिति २०४६/२/१७ गते मृत्यु भएको र कान्छा छोरा टिका बहादुर घिमिरेकी श्रीमती पदम कुमारी घिमिरेको २०७२/६/२८ गते मृत्यु भएको, गोपिलाल घिमिरेकी पहिलो श्रीमती पट्टिबाट दुई छोराहरू जेठा छोरा गणेश प्रसाद घिमिरे र कान्छो छोरा अर्जुन प्रसाद घिमिरे हकदार रहेको, कान्छीबाट दुई छोरा जेठो रामकाजी घिमिरेको मिति २०७३/३/१२ गते कालगतिले मृत्यु भएको र कान्छो छोरा हस्त बहादुर घिमिरेको मिति २०६१/२/२६ गते मृत्यु भएको र हस्त बहादुर घिमिरे, श्रीमती सुनिता घिमिरेको मिति २०७१/५/३ मा मृत्यु भएको, जेठो रामकाजी घिमिरेकी श्रीमती बिष्णुमाया घिमिरे र मृतक कान्छो छोरा हस्त बहादुर घिमिरे छोरा महेन्द्र बहादुर घिमिरे निजका छोरीहरू विवाह भई अन्यत्र गई सकेको सो जग्गाको हकदारहरू हरि बहादुर घिमिरे, युक्त बहादुर घिमिरे मृतक निजकी श्रीमती तुल्सी घिमिरे, भिम बहादुर घिमिरे, रामकाजी घिमिरे, भरत कुमार घिमिरे, पोष बहादुर घिमिरे, तेज बहादुर घिमिरे, ईन्द्र बहादुर घिमिरे रहेको, अन्य हकवाला कोही नभएको हुँदा उल्लिखित कित्ता जग्गा हामीहरूका नाउँमा दर्ता नामसारी गरी पाऊँ भनी बकैया गाउँपालिका–४ मकवानपुरको च.नं. १७५० मिति २०८१/१/२५ को सिफारिस संलग्न राखी दर्ता नामसारी माग गरेको देखिँदा उक्त जग्गामा यी निवेदक बाहेक अरू कसैको हकदाबी छ, छैन, अन्य हकदार छन् छैनन्, निवेदकको माग बमोजिम दर्ता नामसारी गरी दिँदा अन्य कसैको हक भोग स्वामित्वमा असर पर्न जाने हो वा होइनन् ? कसैले उल्लिखित कित्ता जग्गाको हकमा दर्ता नामसारीका लागि यस पूर्व मिसिल भिडाई दर्ता प्रक्रियामा रहे/भएको भए तथा अन्य कसैको हकदाबी भए वा निजका नाउँमा दर्ता नामसारी हुनु नपर्ने कुनै मनासिव कारण भए यो सूचना प्रकाशित/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैँतीस) दिनभित्र यस कार्यालयमा स–प्रमाण दाबी गर्न आउनुहोला/सूचना गर्न आउनुहोला। तोकिएको म्यादभित्र कोही कसैको दाबी विरोध नपरे निवेदकको माग दाबीलाई स्वीकार गरेको मानी कानून बमोजिम भई निवेदकका नाउँमा दर्ता नामसारी भइजानेछ र यस विषयमा पछि कुनै दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ। **तपसिल**

| क्षेत्र | वडा | कि.नं. | क्षे.फ. | मोही | किसानको व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|
| लेले | ५ग | २३ | ४–७–०–० | चित्र बहादुर खत्री क्षत्री लेले–सानडाँडा–५ | यो जग्गा ल.पु. सिलिङ्गे बस्ने श्रीकृष्ण जैसीको हो मैले कुत तिरी जोती आएको छु। | |

# बालविवाह अन्त्यका लागि अभियान




बालविवाह अन्त्यका लागि निकालिएको जनचेतनामूलक र्‍याली ।

**महोत्तरी समाचारदाता**
*महोत्तरी, जेठ २३ गते*

महोत्तरीका पालिकाले बालविवाहविरुद्ध सचेतना तथा जागरूप अभियान सञ्चालन गरी बालविवाहमुक्त पालिका निर्माण गर्ने कार्यमा जुटेका छन्। यस कार्यक्रमले राष्ट्रिय नीतिलाई सफल बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

कतिपय पालिकाले बालविवाहलाई अन्त्य गर्न नीति कार्यक्रम नै बनाएर अभियान सञ्चालन गरिरहेका छन् भने कतिपयले 'बालविवाहमुक्त पालिका कार्यविधि' जारी गरी रचनात्मक कार्यक्रम सञ्चालन गर्दै आएका छन् । नेपाल सरकारले सन् २०३० सम्ममा नेपालबाट बालविवाह अन्त्य गर्ने लक्ष्य राखेको छ । पिपरा गाउँपालिकाले बालविवाहमुक्त पालिका घोषणा गर्नका लागि 'बालविवाहमुक्त पालिका कार्यविधि २०८०' जारी गरिसकेको छ।

'बालविवाह, जीवन तवाह' मूल नाराका साथ 'बालविवाहविरुद्धको बृहत् भेला' को आयोजना गरी असार मसान्तसम्ममा बालविवाहमुक्त पालिका घोषणा गर्ने जनाइएको छ । पालिकाका अध्यक्ष रामजानकी यादवले सङ्घीय सरकारले अवलम्बन गरेको बालविवाहमुक्त गर्ने राष्ट्रिय नीतिलाई सफल तुल्याइने बताउनुभयो।

आफूले कार्यविधि नै ल्याएर आउँदो असार मसान्तसम्ममा पालिकालाई बालविवाहमुक्त गर्ने लक्ष्य राखेको जानकारी उहाँले दिनुभयो। यस नगरपालिकामा ४२ प्रतिशत बालविवाह हुने गरेको तथ्याङ्कले देखाएको छ। बालविवाह कार्यमा सहभागिता जनाउने पण्डित, धर्मगुरु, मौलानालगायत अगुवालाई समावेश गरेर सर्वपक्षीय प्रचारप्रसार, सचेतना कार्यक्रम र जागरण अभियान चलाएर बालविवाहमुक्त पालिका घोषणा गरिने उहाँले बताउनुभयो।

'नगरौँ विवाहको कुरा, भएको छैन २० वर्ष पूरा' भन्दै मटिहानी नगरपालिकाले विगतको वर्ष नै नीति योजना बनाएर बालविवाहमुक्त अभियान सञ्चालन गर्दै आएको छ । नगरप्रमुख हरिप्रसाद मण्डलले बालविवाह तथा दाइजो प्रथाको अन्त्यका लागि निकै प्रयास भइरहेको जानकारी दिनुभयो।

यसअघि निक्कै प्रयास गरिए पनि सफल हुन नसकेपछि नीति तथा कार्यक्रममा औपचारिक रूपमा नै बालविवाह तथा दाइजोप्रथा उन्मूलन घोषणा गरी सोही अनुसार वडा वडामा कार्यक्रमहरू तीव्रताका साथ भइरहेको उहाँले बताउनुभयो। बालविवाह तथा दाइजो प्रथालाई निरुत्साहित गरेको भन्दै नगरपालिकाले २५ घरका अभिभावकलाई सामूहिक सम्मान गरेको छ। बालविवाह न्यूनीकरणका लागि जिल्लाको सात स्थानीय तहमा विभिन्न गैरसरकारी सङ्घ संस्थामार्फत सचेतनामूलक कार्यक्रम सञ्चालन भइरहेका छन्।

त्यस्तै बालविवाह न्यूनीकरण गर्न स्थानीय प्रणाली शुद्धीकरण परियोजना सञ्चालन हुँदै आएको छ । जलेश्वर, मटिहानी, लोहारपट्टी, बलबा र मनरासिसवा नगरपालिका तथा पिपरा र महोत्तरी गाउँपालिकामा उक्त परियोजना सञ्चालनमा छ । यो परियोजना अन्तर्गत सात वटै स्थानीय तहका ४९ वटा विद्यालयमा बालविवाह अन्त्यका लागि जीवन उपयोगी शिक्षा तथा व्यवहार परिवर्तनसम्बन्धी अध्ययन अध्यापन भइरहेको छ । बालविवाह न्यूनीकरणका लागि स्थानीय सरकारले बालबालिका, अभिभावकबिच जनचेतनामूलक कार्यक्रम, सडक नाटक प्रदर्शन, बालक्लबको गठन, तालिम, बालमैत्री शासन आदि कार्यक्रम गरिरहेका छन्।

जिल्ला प्रहरी कार्यालयले पनि बालविवाह न्यूनीकरणका लागि सामुदायिक प्रहरीमार्फत अलि बढी बालविवाह हुने डोम, चमार, हलखोरलगायत विभिन्न जातजातिको बस्ती तथा समुदायमा पुगेर जनचेतनामूलक कार्यक्रम गर्दै आएको छ । बर्दीबास नगरपालिकाको १० र ११ नम्बर वडालाई बालविवाहमुक्त वडा घोषणा भइसकेको छ।

### बालविवाहविरुद्ध कानुनी व्यवस्था

संविधानको धारा ३९ मा रहेको बालबालिकाको हकमा बालविवाह गर्न नपाइने व्यवस्था छ । धारा ३९ को उपधारा ५ मा कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न बन्धक बनाउन पाइने छैन भन्ने व्यवस्था छ।

यो उपधाराविपरीतका कार्य दण्डनीय हुने व्यवस्था पनि संविधानमा नै उल्लेख छ। बालविवाहको कसुर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र ३० हजार रुपियाँसम्म जरिबानाको व्यवस्था गरिएको छ। मुलुकी देवानीसंहिता २०७४ ले विवाह गर्ने उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था छ । उमेर नपुगी विवाह गरेको पाइएमा स्वतः बदर हुने र प्रारम्भदेखि नै अमान्य हुने व्यवस्था गरिएको छ।

नेपालमा भएको पछिल्लो जनगणना अनुसार तराई मधेशको २० वटा जिल्लामा बालविवाह ४२.२ प्रतिशत रहेको छ । महोत्तरीमा ४३.३ प्रतिशत रहेको देखिएको छ । मटिहानी नगरपालिकाको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाका प्रमुख दीपाकुमारी दासले कमजोर आर्थिक अवस्था र सामाजिक विकास, कमजोर शैक्षिक अवस्था, उच्च जन्मदर, उच्च मातृदर तथा अहिले भागी विवाहका कारणले पनि मधेशमा धेरै बालविवाह हुने गरेको बताउनुभयो।

उहाँले मधेशको तल्लो तहमा यो सङ्ख्या विकराल देखिएकाले पालिकाहरू जनचेतनामूलक कार्यक्रमलाई तीव्रता दिइरहेको बताउनुभयो । बालविवाह गर्न प्रोत्साहन गर्ने, सहयोग गर्ने र सहभागी हुनेलाई कानुनी कारबाही गरिने जनाइएको छ।

# दुर्घटनामा दुई जनाको मृत्यु

**सर्लाही समाचारदाता**
*सर्लाही, जेठ २३ गते*

सर्लाही जिल्ला अन्तर्गत पूर्वपश्चिम राजमार्गमा भएका बेग्लाबेग्लै सवारी दुर्घटनामा दुई जनाको मृत्यु भएको छ। बागमती नगरपालिका–१, मिलनचोकमा आफ्नै छोराले चलाएको मोटरसाइकल दुर्घटनामा बुवाको मृत्यु भएको छ।

सो दुर्घटनामा बाराको कोल्हबी नगरपालिका–१ का ६५ वर्षीय नीलबहादुर प्रसाईंको मृत्यु भएको हो। नीलबहादुर मङ्गलबार दिउँसोपख छोरा ३६ वर्षीय राजु प्रसाईंले चलाएको बा ९१ प ९३६२ नम्बरको मोटरसाइकल अनियन्त्रित भई राजमार्गमा पल्टँदा गम्भीर घाइते हुनुभएको थियो।

उहाँको उपचारका क्रममा बुधबार बिहान एलएस न्युरो अस्पताल कलैयामा मृत्यु भएको इलाका प्रहरी कार्यालय हरिवनले जनाएको छ । यस्तै हरिवन नगरपालिका–१०, सुखेपोखरीमा ट्रकले मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकलचालकको मृत्यु भएको छ।

मङ्गलबार राति नयाँरोडबाट हरिवनतर्फ आउँदै गरेको ना ६ ख ४९८९ नम्बरको ट्रकले विपरीत दिशाबाट गइरहेको ना ६४ प ६०२५ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा चालक बागमती नगरपालिका–२, डुम्री टोल बस्ने २० वर्षीय दीपशरण चालिसेको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ।

# किसानलाई कृषि चुन वितरण

**ढल्केबर समाचारदाता**
*ढल्केबर, जेठ २३ गते*

अर्गानिक खेतीलाई प्रोत्साहन गर्न ७५ प्रतिशत अनुदानमा ढैँचा (हरियो) मल वितरण गरेको धनुषाको मिथिला नगरपालिकाले माटोको उर्वराशक्ति बढाउन ठुलो मात्रामा कृषि चुन वितरण गरिरहेको छ। नगरपालिकाले २८० टन कृषि चुन खरिद गरेर नगर क्षेत्रभित्रका किसानलाई वितरण गर्न सुरु गरेको हो।

नगरपालिकाका कृषि शाखा प्रमुख सञ्जयकुमार महतोले माटोको अवस्थामा सुधार ल्याउन ७५ प्रतिशत अनुदानमा किसानलाई कृषि चुन वितरण गरिरहेको बताउनुभयो । माटो परीक्षणको नतिजा अनुसार नगर क्षेत्रभित्रको ६५ प्रतिशत खेतियोग्य माटो बिग्रिएको अवस्थामा देखा परेपछि त्यसमा सुधार ल्याउन किसानलाई कृषि चुन उपलब्ध गराउन सुरु गरिएको उहाँले जानकारी दिनुभयो।

कृषि शाखाका प्राविधिक उमेश महतोले केही दिनअगाडि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ मधेश प्रदेश र मिथिला नगरपालिका कृषि शाखाको समन्वयमा सञ्चालन गरिएको माटो परीक्षण शिविरबाट नगर क्षेत्रभित्रको ६५ प्रतिशत खेतीयोग्य माटोको उर्वराशक्ति कमजोर अवस्थामा पुगेको पत्ता लागेको बताउनुभयो । तीन दिनसम्म चलेको उक्त शिविरमा ३३७ स्थानको माटो परीक्षण गरिएको उहाँले जानकारी दिनुभयो।

"किसानको खेतबारीबाट माटो ल्याएर परीक्षण गर्दा माटोमा अम्लीयपना एक रूपता देखिएन । सामान्यतया माटोमा पिएचको मात्रा ६.५ देखि ७.५ सम्मलाई उत्पादनका लागि उपयुक्त मानिन्छ तर यहाँ ४.५ देखि ८.५ पिएचसम्म देखियो। उल्लेखित मात्राभन्दा कम भए खराब र बढी भए पनि बिग्रिएको मानिन्छ," कृषि प्राविधिक उमेशले भन्नुभयो।

रासायनिक मल तथा विषादीको बढ्दो प्रयोग एवं बाली चक्र नअपनाउने जस्ता कारणले माटोमा अम्लीयपना घटबढ भएर उर्वराशक्तिमा ह्रास आउने गरेको छ। विशेष गरी तरकारी खेती गरिने खेतबारीमा अम्लीयपना बढी देखिएको उहाँको भनाइ छ।

माटोमा उर्वराशक्ति कमजोर हुनु चिन्ताको विषय भएको बताउँदै उहाँले त्यसैले माटोमा सुधार ल्याउन ढैँचा मल र कृषि चुन वितरणमा जोड दिइएको बताउनुभयो । माटोको अवस्था हेरेर एक रोपनीमा ३५ देखि ५० किलोका दरले कृषि चुन प्रयोग गर्न सकिने उहाँले जानकारी दिनुभयो।

# वातावरणीय सचेतनाका लागि वृक्षरोपण

**बर्दीबास समाचारदाता**
*बर्दीबास, जेठ २३ गते*

विश्व वातावरण दिवसको अवसरमा बर्दीबासमा सचेतनामूलक कार्यक्रम आयोजना गरिएको छ । वातावरण विनाश र जलवायु परिवर्तनले ल्याएको समस्याप्रति चेतना जगाउन उक्त कार्यक्रम आयोजना गरिएको हो।

पर्यावरणीय दृष्टिले बर्दीबास जिल्लाकै अति संवेदनशील क्षेत्र हो। यहाँको वातावरणीय गतिविधिले जिल्लाको दक्षिणी भेगसहित भारतीय क्षेत्रलाईसमेत प्रभाव पार्ने गरेको वातावरणविद्को भनाइ छ। पातलिँदै गएको जङ्गल, घट्दो क्रममा रहेको वन क्षेत्र, विनाशमा परेको चुरे र नासिँदै गएको जैविक विविधताले बर्दीबासको वातावरण संरक्षणमा चुनौती थपिएको छ । यस क्षेत्रको वनजङ्गल, नदीनाला तथा चुरेको विनाश नरोकेसम्म दक्षिणी भेगसम्मका बस्तीमा खानेपानीलगायत वातावरणीय समस्या बढ्दै जाने विज्ञ बताउँछन्।




*तस्बिर : रवीन्द्र उप्रेती*

विश्व वातावरण दिवसको अवसरमा जाकारान्डा फूलको बिरुवा रोप्दै ।

यसको संरक्षणप्रति सबैलाई जागरुक गराउन यो दिवस मनाइएको जानकारी आयोजकले दिएको छ । सो अवसरमा बर्दीबास औरही सडकखण्डको दुई किलोमिटर क्षेत्रमा वृक्षरोपण गरिएको छ । नगरप्रमुख प्रह्लाद क्षेत्रीको सहभागितामा सडकखण्डको दायाँबायाँ जाकारान्डा फूलका पाँच सय बिरुवा रोपिएको हो।

'हाम्रो भूमि हाम्रो भविष्य' नारासाथ सुरु भएको विश्व वातावरण दिवसमा वडाध्यक्षहरू विजय महतो र अक्कलबहादुर तामाङ, होटल तथा पर्यटन महासङ्घ मधेश प्रदेशका अध्यक्ष हिरा गौतम, रोटरी क्लबका अध्यक्ष कृष्ण गौतम, खानेपानी अध्यक्ष भुलन सेन ठकुरीलगायत सहभागीले सामूहिक वृक्षरोपण गर्नुभएको थियो।

नेपाल सरकार
**खानेपानी मन्त्रालय**
बढुवा समितिको सचिवालय
सिंहदरवार, काठमाण्डौ

**बढुवा सिफारिस सम्वन्धी सूचना**

सूचना प्रकाशित मितिः २०८१।०२।२४

लोक सेवा आयोगको मिति २०८०।१०।२४ मा प्रकाशित देहायको बढुवा सूचना नं., सेवा, समूह, उपसमूह, श्रेणीको रिक्त पदमा बढुवा समितिको मिति २०८१।०२।२३ को निर्णयानुसार देहाय बमोजिम योग्यताक्रमका उम्मेदवारलाई बढुवाको लागि सिफारिस गर्ने निर्णय गरिएकोले निजामती सेवा ऐन, २०४९ को दफा २४च. प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ।

बढुवा सूचना नं. ४३२/०८०-०८१ नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल इन्जिनियरिङ्ग समूह, स्यानिटरी उपसमूह, राजपत्र अनंकित प्रथम श्रेणी, सब-इन्जिनियर

| योग्यता क्रम नं. | कर्मचारी संकेत नं. | उम्मेदवारको नाम, थर |
|---|---|---|
| १ | १९१८२७ | शोभाराम रावल |

**निजामती कर्मचारी अस्पताल**
मीनभवन, काठमाडौं

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मितिः २०८१/०२/२४

यस अस्पतालको तपसिल बमोजिमको ठेक्कामा प्राप्त बोलपत्र मध्ये तपसिल अनुसारको बोलपत्रदाताको बोलपत्र छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन २०६३, को दफा २७ को उपदफा २ को प्रयोजनार्थ उक्त बोलपत्रसँग सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको निमित्त समेत यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| ठेक्का नं. | विवरण | छनौट भएको बोलपत्रदाता | कबोल अङ्क (मू.अ.कर सहित) |
|---|---|---|---|
| CSH/NCB/GB/10/2080/81 | Procurement of Spare Parts of Medical Equipments | Fair Trade Pvt.Ltd | 7,00,000/- |
| | | Shisas Trading Concern Pvt.Ltd. | 8,66,250/- |
| | | The Medical Solutions Pvt.Ltd. | 17,75,000/- |

**आशयपत्र (Expression of Intrest) सम्बन्धी सार्वजनिक सूचना**

सूचना प्रकाशित मिति : २०८१/०२/२४

समाज कल्याण परिषद्सँग सम्झौता गरी तथा परियोजना स्वीकृत सम्झौता गरी कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्थाहरुद्वारा सञ्चालित परियोजनाहरुको मुल्याँकन गर्ने प्रयोजनको लागि कार्यक्रम विज्ञ (टोली नेता), आर्थिक विज्ञ र कानून बमोजिम दर्ता भएका परामर्श सेवा दिने फर्म/कम्पनीहरुबाट आशयपत्र (EoI) माग गरिएको छ। यो सूचना प्रकाशित मितिले १५ (पंन्ध्र) दिन भित्र समाज कल्याण परिषद् केन्द्रीय कार्यालय हरिहरभवन, पुल्चोकमा निवेदन साथ आफ्नो अद्यावधिक Bio-data, Fact sheet र Supporting Documents (शैक्षिक योग्यता र अनुभवको प्रमाणित प्रतिलिपि) बुझाउनु हुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ। साथै यस अघि परिषद्को मुल्याङ्कन सम्बन्धी रोष्टरमा रहेका विज्ञहरुले पुनः (EoI) पेश गर्न नपर्ने तर आफ्नो थप योग्यता, अनुभव तथा सम्पर्क ठेगाना पेश गरी अद्यावधिक गर्न समेत सूचित गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारी परिषद्को वेबसाइट www.swc.org.np मा हेर्न सकिनेछ।

ठेगाना
**समाज कल्याण परिषद्**
हरिहरभवन, पुल्चोक, ललितपुर ।
टेलिफोन नं : ०१-५५५५४४८
(Ext: 205, 206)

**कमेरोटार जग्गा एकीकरण आयोजना**
मध्यपुर थिमि, भक्तपुर
फोनं. ०१-५०९३११५

**विकसित घडेरी विक्रीको सिलवन्दी बोलपत्र आव्हान सम्वन्धी सूचना**

(गोरखापत्र दैनिकमा प्रकाशित मिति २०८१/०२/२४)

यस जग्गा एकीकरण आयोजनाको आयोजना व्यवस्थापन उप-समितिको मिति २०७९/११/१५ को बैठकको निर्णयानुसार तपसिल बमोजिमका विकसित घडेरीहरु (प्लट) गोप्य सिलवन्दी बोलपत्रद्वारा बढाबढ गरी बिक्री गरिने भएको हुँदा इच्छुक नेपाली नागरिकहरुले आफूले खरीद गर्न चाहेको प्लटको जम्मा मूल्य अंक र अक्षर दुवैमा प्रष्ट उल्लेख गरी नागरिकताको प्रतिलिपी सहित यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र कार्यालय समयमा बोलपत्र फाराम खरिद गरी ३१ औं दिन दिनको १२:०० बजे भित्र गोप्य सिलवन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना गरिएको छ।

१. खरीद गर्न चाहेको प्लटको आफूले कबोल गरेको कूल अंकको १०% प्रतिशतले हुन आउने रकम नेपाल बैंक लिमिटेड, थिमि शाखामा रहेको धरौती खाता नं. २३३००१००६१५५४१०००००४ मा जम्मा गरेको सक्कल बैंक भौचर संलग्न गर्नु पर्नेछ।
२. प्राप्त सिलबन्दी बोलपत्रहरु ३१ औं दिन दिनको २:०० बजे निवेदनकर्ता वा निजका अधिकार प्राप्त प्रतिनिधिको उपस्थितीमा खोलिनेछ। उक्त समयमा सिलवन्दी बोलपत्र पेश गर्ने ब्यक्ति वा निजको प्रतिनिधी उपस्थित नभएपनि बोलपत्र खोल्न वाधा पुग्ने छैन। सिलवन्दी बोलपत्र खरिद गर्ने र पेश गर्ने अन्तिम दिन विदा परेमा सो विदा पछिको कार्यालय खोलिएको दिनमा उपरोक्त बमोजिम हुनेछ।
३. विकसित घडेरी (प्लट) खरीदको लागि छनौट भएका व्यक्तिहरुले बाँकी ९०% रकम बोलपत्र स्वीकृत भै सो को सूचना आयोजनाको सूचना पाटीमा टाँस भएको मितिले १५ (पन्ध्र) दिनभित्र रकम जम्मा गरि सक्नु पर्नेछ। अन्यथा प्लट दावी गर्न पाईने छैन।
४. घडेरी जग्गा खरीद गर्ने सिलवन्दी बोलपत्र फाराम देहाय बमोजिमको रकम **(फिर्ता नहुने गरी)** नगद तिरी यस आयोजना कार्यालयबाट खरीद गर्न सकिनेछ।
५. अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।
६. रकम जम्मा गरेको सक्कल बैंक भौचरको पछाडि सिलवन्दी बोलपत्र दाताको नाम, थर, (तीन पुस्ते) ठेगाना र फोन नं. उल्लेख गर्नु पर्नेछ।
७. सिलवन्दी बोलपत्र स्वीकृत नहुने व्यक्तिहरुको धरौटी रकम A/C Payee चेकद्वारा फिर्ता गरिनेछ।
८. अन्य कुरा बुझ्नु परेमा ०१-५०९३११५ मा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।
९. अन्य कुरा नेपालको प्रचलित ऐन नियम अनुसार हुनेछ।
१०. रित नपुगेको र म्याद नाघी आएको निवेदन उपर कारवाही हुने छैन।
११. प्राप्त सिलवन्दी बोलपत्रहरु स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ।
१२. खरिद कर्ता आफैले रजिष्ट्रेशन दस्तुर, राजश्व व्यहोर्नु पर्नेछ।

| सि. नं | सिट.नं/ वडा नं. | कि. नं. | क्षेत्रफल | | वाटोको चौडा मी. | मोहोडा मी. | | प्लटको न्यूनतम मूल्य रु. | | बोलपत्र फारामको दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | व.मी. | रोपनी | | मी. | तर्फ | प्रति आना | प्लटको मूल्य रु. | |
| सेक्टर १ | | | | | | | | | | |
| 1 | 102-1191-22/11 | 25 | 137.60 | 0-4-1-1.2 | 7.5 | 15.64 | उत्तर | 5000000.00 | 21637771.75 | 3000.00 |
| 2 | 102-1191-21/12 | 137 मध्ये पश्चिमतर्फ | 148.10 | 0-4-2-2.5 | 7.5 | 7.9 | उत्तर | 5500000.00 | 25617800.84 | 3000.00 |
| सेक्टर २ | | | | | | | | | | |
| 3 | 102-1190-20/12 | 59 मध्ये उत्तरतर्फ | 143.31 | 0-4-2-0.1 | 7.5 | 9.86 | पूर्व | 4500000.00 | 20282108.74 | 3000.00 |
| 4 | 102-1190-20/12 | 59 मध्ये बीचतर्फ | 143.31 | 0-4-2-0.1 | 7.5 | 9.86 | पूर्व | 4500000.00 | 20282108.74 | 3000.00 |
| 5 | 102-1190-20/12 | 59 मध्ये दक्षिणतर्फ | 143.31 | 0-4-2-0.1 | 7.5 | 7.15 | पूर्व | 4500000.00 | 20282108.74 | 3000.00 |
| सेक्टर ३ | | | | | | | | | | |
| 6 | 102-1191-12/10 | 43 | 196.16 | 0-6-0-2.7 | 20*7.5*9 | 12.18*17.4 *12.3 | उत्तर/पूर्व/दक्षिण | 5000000.00 | 30846404.84 | 3000.00 |
| 7 | 102-1191-12/10 | 155 | 82.04 | 0-2-2-1.3 | | | | | | |
| | 102-1191-12/10 | 264 | 160.09 | 0-5-0-0.6 | | | | | | |
| | | | 242.13 | 0-7-2-1.8 | 7.5 | 7.24 | उत्तर | 3700000.00 | 28175681.09 | 3000.00 |
| सेक्टर ५ | | | | | | | | | | |
| 8 | 102-1190-15/9 | 78 | 118.73 | 0-3-2-3.7 | 11 | 6.24 | उत्तर | 5500000.00 | 20537484.77 | 3000.00 |

निमित्त आयोजना प्रमुख

# बाल अधिकार सुनिश्चित गर्न सहकार्य

चालु आर्थिक वर्षको अहिलेसम्मको तथ्याङ्क अनुसार नेपालमा ७०९ बालबालिका हराए, जसमध्ये ८६ प्रतिशत खोजी गर्दा भेटिए र बाँकी १४ प्रतिशत बालबालिका हराएका छन् ।

**सुनसरी समाचारदाता**
*इटहरी, जेठ २३ गते*

सङ्घीय सरकारका महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री भगवती चौधरीले बालबालिकाको हक, हित र अधिकार सुनिश्चित गर्ने क्षेत्रमा काम गर्दा सङ्घीय सरकारले प्रादेशिक र स्थानीय गरी दुवै तहसँगको प्रत्यक्ष समन्वय र सहकार्यमा काम गरिरहेको बताउनुभएको छ । मन्त्री चौधरीले आफ्नो मन्त्रालयले बालबालिकाको समग्र विकास, विस्तार र अधिकारको सुनिश्चित गर्ने क्षेत्र अन्तर्गत विभिन्न अभियान र कार्यक्रम सञ्चालन गर्दा तिनै तहका सरकारसँग मिलेर काम गर्दै आएको बताउनुभएको हो।

इटहरीमा 'बालबालिकामा लगानी, सुनिश्चित भविष्यको थालनी' भन्ने नाराका साथ बालबालिका खोजतलास सेवा (१०४) सञ्चालन तथा बाल संरक्षण घटना व्यवस्थापनसम्बन्धी तालिम उद्घाटन गर्दै उहाँले सो दाबी गर्नुभएको हो।

बालबालिका र महिला सेलमा कार्यरत प्रहरीलाई युनिसेफ र भ्वाइस अफ चिल्ड्रेनको सहकार्यमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको राष्ट्रिय बाल अधिकार परिषद्ले सो तालिमको आयोजना गरेको हो।

चालु आर्थिक वर्षको अहिलेसम्मको तथ्याङ्क अनुसार नेपालमा ७०९ बालबालिका हराए, जसमध्ये ८६ प्रतिशत खोजी गर्दा भेटिएको र बाँकी १४ प्रतिशत बालबालिका हराएको उहाँको भनाइ छ । हराइरहेका बालबालिकाको खोजतलासका लागि मन्त्रालय मातहतका निकाय र नेपाल प्रहरी अन्तर्गत रहेको बालबालिका र महिला सेलमा कार्यरत प्रहरी निरन्तर परिचालित रहेको मन्त्री चौधरीले जानकारी दिनुभयो । सो अवसरमा राष्ट्रिय बाल अधिकार परिषद्का उपाध्यक्ष बमबहादुर बानियाँले मुलुकका सबै स्थानीय तहमा बाल अधिकार संयन्त्र निर्माणका लागि काम भइरहेको बताउनुभयो।

उहाँले विगतमा केन्द्रीय बाल कल्याण समिति रहँदा मुलुकमा तत्कालीन ७५ जिल्लामा बालबालिका संयन्त्र रहेको नीतिलाई परिमार्जन गरेर अहिले सबै ७५३ स्थानीय तहमा बाल संयन्त्र निर्माण गरेर अगाडि बढ्ने काम भइरहेको जानकारी पनि दिनुभयो।

सो तालिममा कोशी प्रदेश प्रहरी नायब महानिरीक्षक चन्द्रकुबेर खापुङले बालबालिका खोजतलाससम्बन्धी १०४ डेडिकेटेड टिममा नयाँ दरबन्दी आवश्यक रहेको बताउनुभयो।

बालबालिका खोजतलास १०४ सेवा सञ्चालन तथा बाल संरक्षण घटना व्यवस्थापनसम्बन्धी तालिममा कोशी प्रदेशका १४ जिल्लामा कार्यरत ४० जना प्रहरीको सहभागिता थियो।

## प्राप्चाको खानेपानी समस्या समाधान

**ओखलढुङ्गा समाचारदाता**
*ओखलढुङ्गा, जेठ २३ गते*

ओखलढुङ्गाको मोलुङ गाउँपालिका प्राप्चाको बर्सौंदेखिको खानेपानी समस्या समाधान भएको छ । गडी भुलभुले खानेपानी आयोजना सञ्चालन भएसँगै मोलुङ गाउँपालिका–३ र ५ को खानेपानीको समस्या समाधान भएको हो।

नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा ओखलढुङ्गा अन्तर्गत सञ्चालित 'दिगो र समावेशी, स्वच्छता तथा सरसफाइ प्रवर्धन (वास)' परियोजना र मोलुङ गाउँपालिकाको सहलगानी तथा समुदायको श्रमदानबाट आयोजना सम्पन्न भएको हो। खानेपानी आयोजना सम्पन्न भएसँगै वडा नं. ३ र ५ का स्थानीयवासीको खानेपानीको समस्या समाधान भएको मोलुङ गाउँपालिकाका अध्यक्ष उत्तम राईले बताउनुभयो।

नेपाल रेडक्रस सोसाइटीको ७० लाख सात हजार ८२४ रुपियाँ, मोलुङ गाउँपालिकाको ३८ लाख ३७ हजार ६३५ रुपियाँ ८९ पैसा र समुदायको २४ लाख १३ हजार २७६ रुपियाँ ६९ पैसा बराबरको श्रमदान गरी कुल एक करोड ३२ लाख ५८ हजार ७३६ रुपियाँ ९५ पैसा लागतमा खानेपानी आयोजना सम्पन्न भएको नेपाल रेडक्रस सोसाइटी जिल्ला सभापति नारायणप्रसाद दाहालले जानकारी दिनुभयो।

# सगरमाथा विमानस्थल चर्चामा मात्रै



प्रस्तावित सगरमाथा विमानस्थलका लागि रुख हटाएर खाली गराइएको जग्गा ।

**भक्तिविलास पोखरेल**
*गाईघाट, जेठ २३ गते*

उदयपुरको त्रियुगा नगरपालिका–२ स्थित जोगीदहमा निर्माण गरिने भनिएको प्रस्तावित सगरमाथा विमानस्थलका लागि सरकारले बजेट विनियोजन नगरेकामा स्थानीय निराश भएका छन्।

अघिल्ला वर्षहरूदेखि नै त्रियुगा नगरपालिका–१ र २ जोगीदहमा निर्माण सुरु गरिएको उक्त विमानस्थलको रुख कटान गरी १५६ हेक्टर सामुदायिक वनको जग्गा खाली गराएर विमानस्थल निर्माणका लागि प्रक्रिया अगाडि बढाइएको थियो । यही जेठ १५ गते अर्थमन्त्री वर्षमान पुनले संसद्को संयुक्त बैठकमा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८१/८२ को बजेटमा सगरमाथा विमानस्थललाई बजेट विनियोजन नभएको पाइएपछि स्थानीय निराश बनेका हुन्।

सरकारले प्राप्त बजेट नछुट्याउँदा रुख कटानबाहेकका काम अघि बढ्न सकेको छैन। तीन अर्बभन्दा बढी निर्माण लागत लाग्ने विमानस्थलमा चालु आवमा पाँच करोड विनियोजन भएकामा उक्त रकम खर्च भएको जनाइएको छ । आगामी आव २०८१/८२ का लागि भने सरकारले बजेट नछुट्याएकाले आफूहरू मर्माहत भएको निर्माण समितिले जनाएको छ।

सगरमाथा विमानस्थल निर्माण समितिका संयोजक वीरेन्द्र बस्नेतका अनुसार आव २०८१/८२ को बजेट वक्तव्यमा विमानस्थलका लागि बजेट विनियोजन नभए पनि उदयपुर निर्वाचन क्षेत्र नं. १ का सङ्घीय सांसद डा. नारायण खड्काले संसदीय विकास तथा पूर्वाधारका लागि प्राप्त बजेटबाट एक करोड रुपियाँ उपलब्ध गराउने प्रतिबद्धता जनाएको र गत वर्षको बाँकी रकमबाट घेराबार लाउने, माटो सम्याउने, खाल्टाखुल्टी भर्ने र काटिएका रुखका जरा निकाल्ने काम गरिने बताउनुभयो।

त्रियुगा नगरपालिका–१ र २ मा पर्ने कङ्ग र मोतीयाही सामुदायिक वनको १३ हजार ६३७ वटा रुख कटान गरेर घाटगद्दी भएको छ। सामुदायिक वनले उक्त काठ बिक्री गर्न सकिरहेको छैन भने अहिले विमानस्थल निर्माणसम्बन्धी कुनै पनि काम अगाडि बढ्न सकेको छैन।

पूर्वअर्थमन्त्री डा. प्रकाशशरण महतले तत्कालका लागि दुई करोड उपलब्ध गराउने भने पनि सरकार फेरिएपछि अर्थ मन्त्रालयको रणनीति पनि बदलिएको अध्यक्ष बस्नेतले बताउनुभयो।

दुई किलोमिटर लम्बाइ र ६० मिटर चौडाइको धावनमार्ग बनाउने गरी निर्माण थालिएको भए पनि निर्वाचनका समयमा मात्र विमानस्थल निर्माणको चर्चा हुने गरेको र अन्य समयमा यसको चर्चा नआउने गरेको स्थानीय वृषबहादुर श्रेष्ठ बताउनुहुन्छ।

२०३० सालदेखि उदयपुरमा विमानस्थल बनाउने भनेर योजना अघि बढाइएको भए पनि गाईघाटको हवाई फिल्ड साँघुरो हुनुका साथै बस्ती उठाउन नसकिने भएकाले पछि जग्गा खोजी गर्दै जाँदा त्रियुगा नपा–१ र २ को सामुदायिक वन क्षेत्रको बाँझो जग्गामा उक्त विमानस्थल निर्माण गर्ने सर्वदलीय निर्णय अनुसार काम अगाडि बढेको हो ।

छ वर्षअघि त्रियुगा नगरपालिकाका तत्कालीन नगरप्रमुख बलदेव चौधरीका पालामा स्थानीय सरकारको योजनाका रूपमा तत्कालीन प्रदेश १ का पर्यटन, वन तथा वातावरणमन्त्री जगदीश कुसियतमार्फत प्रदेश सरकारबाट स्वीकृति प्राप्त गरी सङ्घीय सरकारमा योजना पेस भएको थियो । हालसम्ममा विमानस्थल निर्माणको काम बजेट व्यवस्थापन हुन नसक्दा अलमलमा परेको छ।

## हरिपुर शाखा नहर सफाइ गरिँदै

**वराहक्षेत्र समाचारदाता**
*वराहक्षेत्र, जेठ २३ गते*

बर्सौंदेखि नहरको सरसफाइ नभएका कारण नहर साँघुरिएर पानी कम आउँदा खेती सिञ्चित गर्न नपाएको किसानको समस्या समाधान भएको छ। सुनसरीको महेन्द्रनगर, प्रकाशपुर, भोक्राहालगायत क्षेत्रका किसानले खेतमा पर्याप्त मात्रामा सिँचाइ गर्न नपाइरहेको अवस्थामा नहरको सरसफाइ सुरु गरि एसँगै समस्या समाधान भएको हो।

सुनसरीको सुकसेना नहरको हरिपुर शाखा नहरको सरसफाइ नहुँदा किसानले सिँचाइको समस्या भोग्दै आएका थिए । सुकसेना नहरको हरिपुर शाखा नहरमा पाँच वर्षदेखि सफाइ नहुँदा किसानले खेतीमा पानी लगाउन पाएका थिएनन् । यसैले अन्न उत्पादनमासमेत कमी हुँदै आएको थियो। पाँच वर्षपछि नहरको सफाइ सुरु गरिएको हो। सुकसेना नहरको हरिपुर शाखा नहरको सफाइ सुरु गरिएसँगै अब नहरमा पर्याप्त मात्रामा पानी आउने भएको छ। सुनसरी मोरङ सिँचाइ आयोजनाको बजेटबाट वरहाक्षेत्र महेन्द्रनगरको मुहानदेखि ३७ आरडीसम्मको हरिपुर शाखा नहरको सफाइ गरिँदै आएको छ। एक महिनादेखि नहरको सफाइ गरिँदै आएको सुकसेना शाखा नहर उपभोक्ता समितिका अध्यक्ष सुकदेव मेहताले बताउनुभयो।

सप्तकोशी नदीको चतरा मूल नहर हुँदै सुकसेना शाखा नहरमा पानी आउने गरेको छ । नहरमा आउने सप्तकोशीको पानीसँगै लेदो, थेग्रेन आउँदा प्रत्येक वर्ष नहरमा थेग्रेन जम्दै जाँदा नहर साँघुरिँदै गएको थियो। नहर साँघुरिँदै जाँदा थोरै पानीले पनि नहर भरिने र नहर फुट्ने समस्या हुँदै आएको हरिपुर ब्लक उपभोक्ता समितिका अध्यक्ष हिरालाल मेहताले बताउनुभयो । सफाइ सुरु भएसँगै नहरको दुवैपट्टीको डिलको र नहरभित्रको माटो दुई वटा जेसिबी मेसिनको प्रयोग गरी माटो बाहिर निकाल्ने कार्य भइरहेको उहाँले बताउनुभयो।

# प्रजिअमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र

**सङ्खुवासभा समाचारदाता**
*सङ्खुवासभा, जेठ २३ गते*

सङ्खुवासभाका राजनीतिक दलहरूले प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाएका छन् । मङ्गलबार सङ्खुवासभा आउनुभएका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' लाई बुझाउने भनेर तयार गरेको ज्ञापनपत्र बुधबार प्रजिअमार्फत पठाएका हुन्।

जिल्लामा निर्माणाधीन नौ सय मेगावाट क्षमताको अरुण तेस्रो जलविद्युत् आयोजनाको सुरुङ छिचोल्न (ब्रेक थ्रु) सङ्खुवासभा आउनुभएका प्रधानमन्त्री दाहाललाई ज्ञापनपत्र बुझाउन तयारी गरिएको थियो तर पूर्वनिर्धारित तालिकाबमोजिम कार्यक्रम सञ्चालन नभएपछि बुझाउन पाएका थिएनन्।

मकालु गाउँपालिका–५ स्थित आम्राङमा सुरुङको 'ब्रेक थ्रु' गरेपछि विद्युत्गृह निर्माणस्थल पुखुवामा औपचारिक कार्यक्रमको तयारी गरिएको थियो। आम्राङमा 'ब्रेक थ्रु' पछि पुखुवा आउने क्रममा हेलिकोप्टर अवतरण गर्न नसकेपछि त्यहाँ कार्यक्रम हुन पाएन। त्यसैले उक्त कार्यक्रममा प्रधानमन्त्रीलाई बुझाउन तयारी गरिएको ज्ञापनपत्र प्रजिअमार्फत प्रधानमन्त्रीलाई पठाइएको हो।

ज्ञापनपत्रमा जिल्लाका समसामयिक आठ वटा समस्याको समाधान गर्न ध्यानाकर्षण गराइएको छ । अरुण तेस्रो प्रवेशमार्गको छुट मुआब्जा तत्काल वितरण गर्नुपर्ने, किमाथाङ्का नाका खुलेको तथा सडक सञ्जालसमेत जोडिन लागेकाले किमाथाङ्कामा बिओपी, चीनसँग सिमाना छुटिने कामुखोलामा पक्की पुल निर्माण, सुक्खा बन्दरगाह र क्वारेन्टाइनलगायतका पूर्वाधार निर्माण गर्न माग गरिएको छ । त्यस्तै योगमाया आयुर्वेद विश्वविद्यालयको ऐनबमोजिम प्रथम बैठकको आयोजना, पूर्वाधार निर्माण र थप जग्गाको व्यवस्थापनलगायतका अत्यावश्यक कार्य तत्काल गराउन ज्ञापनपत्रमा माग गरिएको छ।

दलहरूले चतरा–लेगुवास सडकका लागि आवश्यक बजेट व्यवस्था, अरुण कोरिडोर सडक आयोजनाको कार्यालय स्थापना गरी निर्माण कार्यलाई तीव्रता दिनुपर्ने माग राखेका छन् । त्यस्तै अरुण नदीमा जल यातायात सञ्चालनको समेत ज्ञापनपत्रमार्फत माग गरिएको छ। जिल्लाको धार्मिक तीर्थस्थलका रूपमा रहेको वरुण नदीमा जलविद्युत् आयोजनालगायतका कुनै पनि ठुला आयोजना सञ्चालन गर्न नदिनसमेत माग गरिएको छ।

जिल्लाको राजनीतिक दलको संयुक्त ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी ध्रुवबहादुर खड्काले बुधबार नै प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा पठाउने बताउनुभयो।

ज्ञापनपत्रमा जिल्लास्थित नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेकपा (एकीकृत समाजवादी) पार्टी र जनता समाजवादी पार्टीका प्रमुख तथा प्रतिनिधिले हस्ताक्षर गरेका छन्।

# बिरुवा रोपेपछि संरक्षण अनिवार्य

**ताप्लेजुङ समाचारदाता**
*ताप्लेजुङ, जेठ २३ गते*

वृक्षरोपण अर्थात् बिरुवा रोपेपछि संरक्षण गर्नु अनिवार्य भएको सरोकारवालाले बताएका छन् । विश्व वातावरण दिवसको अवसरमा बुधबार ताप्लेजुङमा आयोजित एक अन्तर्क्रियामा सहभागी सरोकारवालाले उचित हेरचाह र संरक्षण नभएमा बिरुवा रोप्नुको कुनै अर्थ नहुने बताएका हुन्।

सदरमुकाम फुङलिङमा आयोजित अन्तर्क्रियामा जिल्ला समन्वय समिति प्रमुख छिरिङ लामाले वातावरण सन्तुलनका लागि वृक्षरोपण आवश्यक भएको बताउनुभयो । जिल्ला वन क्षेत्र समन्वय समितिका अध्यक्षसमेत रहनुभएका लामाले वृक्षरोपण अर्थात् बिरुवा रोपेपछि हुर्काउन र बढाउनका लागि संरक्षण गर्न आवश्यक हुने बताउनुभयो । उचित संरक्षणको अभावमा बिरुवा नहुर्किने गरेको उहाँले बताउनुभयो । मिक्वाखोला गाउँपालिकाका अध्यक्ष भक्तबहादुर कार्कीले वृक्षरोपण र त्यसपछि संरक्षण अनिवार्य हुनुपर्ने बताउनुभयो। आयस्रोतका रूपमा हुर्किसकेका तथा छिप्पिएका रुख कटान गर्नुपर्ने र सो ठाउँमा पुनः वृक्षरोपण गरी वनजङ्गल बढाउनुपर्नेमा अध्यक्ष कार्कीले जोड दिनुभयो । स्वच्छ र सन्तुलित वातावरणका लागि बुढा रुखभन्दा हरियाली नयाँ बोटबिरुवा आवश्यक हुने उहाँले बताउनुभयो।

## आमा समूहको सुत्केरी भेट प्रभावकारी

**खोटाङ समाचारदाता**
*खोटाङ, जेठ २३ गते*

खोटाङका केही स्थानीय तहमा आमा समूहले सुत्केरी भेटघाट कार्यक्रम सञ्चालन गरिरहेका छन् । विशेष गरी दिक्तेलरूपाकोट बझुवागढी नगरपालिकाका वडामा आमा समूहले सुत्केरी भेटघाट कार्यक्रम गरिरहेका हुन्।

गाउँमा महिला सुत्केरी भएपछि पोषणको सन्देश बोकेर आमाहरू सुत्केरीको घरमा पुग्ने गरेका छन् । समूहभित्र रहेका आमाले सबैको घरमा भएका पोषणयुक्त स्थानीय चामल, गेडागुडी, सागसब्जी, घिउ, फलफूल, अन्डा, गुन्द्रुक, मसला, आलु, काउली, ज्वानोलगायतका सामग्री लिएर सुत्केरी भेट्न जाने गर्छन्। कतिपय समूहले लोकल कुखुराको भालेसमेत लैजाने गरेका छन् । ५/१० रुपियाँ रकम सङ्कलन गरेर बच्चालाई न्यानो कपडासमेत आमा समूहले लाने गरेको बताउँछन्।

केही दिनअघि मात्र दिक्तेलरूपाकोट बझुवागढी नगरपालिका–१, दिक्तेलको एकता स्वास्थ्य आमा समूहले पोसिलो खानेकुरासहित सुत्केरीलाई भेट गरे। स्वास्थ्य आमा समूहले दिक्तेल हाटडाँडाकी दुई महिनाकी सुत्केरी देउकुमारी बस्नेतलाई कोसेलीका रूपमा पोसिलो खानेकुरा प्रदान गर्दै भेट गरेको हो।

सुत्केरी अवस्थाका आमाका लागि आवश्यक पोषणयुक्त खानेकुराको अभाव पूर्ति गर्दै आमा र बच्चाको स्वास्थ्यका लागि पोसिलो खानेकुरा लिएर सुत्केरी भेट गर्ने गरिएको हो। आफ्नो घरमा जे उपलब्ध छ त्यही खानेकुरा लगेर सुत्केरीलाई प्रदान गर्ने गरिएको एकता स्वास्थ्य आमा समूहका अध्यक्ष मीनादेवी पाण्डेले बताउनुभयो। हालसम्म एकता स्वास्थ्य आमा समूहले दुई वर्ष अवधिमा २२ जना सुत्केरीलाई भेट गरेको अध्यक्ष पाण्डेको भनाइ छ।

२०७६ सालमा नगरपालिकाले सुत्केरी भेट कार्यक्रमका लागि तालिमसँगै आमा समूहलाई नाङ्लो दिएको थियो। त्यसपछि सोही नाङ्लोमा आमा समूहले पोसिलो खानेकुरा लिएर सुत्केरी भेट्न जाने गरेका छन् । स्वयंसेविकासँगको समन्वयमा विभिन्न सन्देशमूलक गीतसमेत सुत्केरीका परिवारलाई आमा समूहले सुनाएर पोषणसम्बन्धी सन्देश दिने गरेका छन् । सुरुमा केही आमा समूहले सुरु गरेको यो कार्यक्रम अहिले नगरभित्रका अधिकांश आमा समूहले सुरु गरेको स्वास्थ्य शाखा प्रमुख खेमराज आचार्यले बताउनुभयो।

समूहमा आबद्ध आमाहरू, स्वयंसेविका र स्वास्थ्यकर्मीसमेत पुगेर सञ्चालन भइरहेको यो कार्यक्रमले सुत्केरी आमा र नवजात शिशुको स्वास्थ्य र पोषणको विषयमा धेरै राम्रो काम गरिरहेको स्वास्थ्य शाखा प्रमुख आचार्यले बताउनुभयो। हाल नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाले पनि यो कार्यक्रमलाई सहजीकरण गरिरहेको छ। आमा समूहको सुत्केरी भेटले आर्थिक अवस्था नाजुक भएका परिवारका सुत्केरी सबैभन्दा बढी लाभान्वित भएका छन् । अन्य स्थानीय तहका केही वडामा वडाले नै बजेट विनियोजन गरेर सुत्केरी भेट कार्यक्रम सञ्चालन गरिरहेको छ।

**श्री भूमिसुधार तथा मालपोत कार्यालय डिल्लिबजार, काठमाडौँबाट जारी भएको, हाल काठमाडौँ जिल्ला, का.म.न.पा. ३१, एकता केन्द्र (ज.ध. पुर्जामा रिद्धी कुमारी के.सि. का.जि., का.म.न.पा. वडा नं. २४) बस्ने रिद्धी कुमारी खत्री क्षेत्रीनीका नामको विशेष अदालत ऐन २०५९ को दफा १०(९) बमोजिम म्याद सरहको उपस्थित हुन आउने बारेको ३० दिने सार्वजनिक सूचना ।**
यसमा का.जि., साबिक गोठाटार गा.वि.स. वडा नं. ६/क कि.नं. ३८३ को क्षे.फ. १–४–२–०, ऐ.ऐ. कि.नं. ३९६ को हाल साबिक भई हाल वडा नं. ५ सिट नं. ११५०–०१ कि.नं. ६९ को क्षे.फ. ५५४.१० व.मि. जग्गाको मोही चित्र बहादुर पुरीको हकदार छोरा नारायण पुरीले मोही हक नामसारी गरी दुवै कित्ता जग्गाको पूर्व पश्चिम चिरा पारी उत्तर तर्फबाट आधा जग्गा मोहीलाई र दुवै कित्ताको दक्षिण तर्फबाट आधा जग्गा जग्गाधनीलाई कित्ता काट गर्दा घटबड भएमा दामासाहीले बराबर व्यहोर्ने गरी जग्गा बाँडफाँट गरिपाऊँ भन्ने निवेदन माग उपर तपाईं जग्गाधनीका नाममा म्याद जारी गरी पठाउँदा म्याद बुझ्न नमानेको हुँदा पत्रिका मार्फत सूचना प्रकाशित गरिपाऊँ भनी मोहीका हकदार नारायण पुरीको द.नं. २८८१ मिति २०७८।५।९ मा म्याद फिर्ता सहितको निवेदन पेस हुँदा निवेदक मोहीको माग बमोजिम भू.सु. ऐन २०२१ को दफा २६(१) र २६ (घ) बमोजिम मोही नामसारी तथा बाँडफाँट हुनु नपर्ने कुनै कारण भए यो म्याद सरहको उपस्थित हुन आउने बारेको ३० (तीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । म्यादभित्र उपस्थित नभएमा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**मालपोत कार्यालय साँखुबाट जारी भएको हकदाबी सम्बन्धमा ३५ दिने सार्वजनिक सूचना ।**
काठमाडौँ जिल्ला, शंखरापुर नगरपालिका वडा नं.–६ (साविक पुखुलाछी ८ नं. वडा) बस्ने मनोज कुमार श्रेष्ठले मेरो ठुलो बुबा बसन्त बहादुर श्रेष्ठको नाममा नापनक्सा भई स्रेस्ता कायम रहेको तपसिलमा उल्लिखित जग्गाहरू मिति २०२७।०४।१३ सालको अंशबण्डा अनुसार मेरो बाबु भिम बहादुर श्रेष्ठको नाममा बण्डा भएको र निज भिम बहादुर श्रेष्ठको मिति २०५५।०९।१६ सालमा र निजकी पत्नी मिश्रिमाया श्रेष्ठको मिति २०७७।१०।१५ सालमा आफ्नो कालगतिले परलोक भएकोले निजहरूको हकदारमा मनोज कुमार श्रेष्ठ–१ मात्र भएकोले म हकदारको नाममा दर्ता ना.सा. गरी पाऊँ भनी माग गरेको। साथै उक्त जग्गामा अन्य हकदार कोही भए वा निवेदकको हक नलाग्ने कुनै कारण भए वा अन्य कसैको हक लाग्ने भए वा सरकारी, ऐलानी, पर्ती, गुठी अधीनस्थ इत्यादि कुनै प्रकृतिको जग्गा भए वा अन्य कसैले कुनै कारबाही चलाएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफूसँग भएको प्रमाण सहित मालपोत कार्यालय साँखुमा उपस्थित हुनुहोला। अन्यथा कानून बमोजिम भई जानेछ।

**फिल्डबुकको व्यहोरा तपसिल**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ | मोहीको विवरण | ज.ध.को व्यहोरा | किसानको व्यहोरा |
|---|---|---|---|---|---|---|
| सुन्टोल | ८।क | ९ | ०–३–१–० | जुद्ध वहादुर कटुवाल क्षेत्री काई साँखु गाउसुली। | वसन्त बहादुर श्रेष्ठ काई साँखु ईपाटोल। | काई साँखु ईपाटोल बस्ने भिम बहादुर श्रेष्ठको हो मैले जोती खाई आएको छु। |
| सुन्टोल | ८।क | ९३ | ०–१२–०–० | जुद्ध वहादुर कटुवाल क्षेत्री काई साँखु गाउसुली। | वसन्त बहादुर श्रेष्ठ काई साँखु ईपाटोल। | काई साँखु ईपाटोल बस्ने भिम बहादुर श्रेष्ठको हो मैले जोती खाई आएको छु। |

**पुनश्च** : ■ माथि उल्लिखित जग्गाहरूको ठेली स्रेस्ता झुत्रो भएकाले ज.ध. नाम नभई साविक कित्ता नम्बर मात्र रहेको। ■ मौजा साँखु रै.नं. ३६ भिम बहादुरबाट लगत भिडाई दर्ता नामसारी माग निवेदन प्राप्त भएको।

**भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।**
भ.पु.जि. म.थि.न.पा.–६ को हाल ७ बस्ने पूर्ण बहादुर होनाले मेरो पिता पूर्ण कुमार होनाका नाममा नापनक्सा भई दर्ता बाँकी रहेको तपसिल बमोजिमको कित्ता जग्गा साविक लगत घरसारको लिखतबाट शे.ब. दिने दाता स्व. पुन सिं होनाको पिता स्व. न्हुछेराम होनाका नामको १८ नं. कानाब्यासी रैकर परिणत तर्फको सि.नं. २५३ न.नं. ४५१ रो–१॥S मध्येबाट भिडी दर्ता हुने जग्गा भएकोमा, दर्तावाला पिता पूर्ण कुमार होनाको २०४८/०९/१५ मा, निजकी पत्नी चुरी माया होनाको २०६८/०६/१९ मा मृत्यु भई हक खाने १ मात्र छोरा पूर्ण बहादुर होना भएकोले मेरा नाउँमा दर्ता/ना.सा./दा.खा. गरिपाऊँ भनी माग निवेदन गरेकोले निवेदक बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम दर्ता/ना.सा./दा.खा. हुनुनपर्ने कुनै मनासिव कारण भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक, गुठी, व्यक्तिगत लगायत अन्य जग्गा तथा संरचनालाई प्रतिकूल असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण सहित हकदाबी गर्न आउनुहोला । अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । **फिल्डबुकको व्यहोरा**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | ज.ध. | किसानको व्यहोरा |
|---|---|---|---|---|---|---|
| सिद्दिगणेश | ५ | ३५१ | ०–६–०–० | पूर्ण कुमार होना भ.पु. नगदेश, न्हछेजोल | बाजे न्हुछे राम होनाबाट हक खाने पूर्ण कुमार होना भ.पु.ई. नगदेश । | आफ्नै रैकर |

**नोट** : यो जग्गा बाजे न्हुछेराम होनाको नाउँको हो निजबाट अंश हक हुन आएको दा.खा. बाँकी भनी फि.बु.मा उल्लेख भएको।

**भूमिसुधार तथा मालपोत कार्यालय, ललितपुरबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**
यसमा ललितपुर जिल्ला, साबिक सिद्धिपुर–५ (सानागाउँ), हाल महालक्ष्मी नगरपालिका वडा नं. ०६ बस्ने हिरामान महर्जनको नाति, वस्त बहादुर महर्जनको छोरा सन्तराम महर्जनको माग निवेदन अनुसार मेरा बुबा बस बहादुर भन्ने वस्त बहादुर महर्जनका नाउँमा कायम रहेको सानागाउँ–५ कि.नं. ५४, ६३ र ६८ क्षे.फ. ०–३–२–०, ०–१–२–० र ०–१–०–० जग्गाको ज.ध. बस बहादुर भन्ने वस्त बहादुर महर्जनको मिति २०४५/०७/२२ मा र निजको शेषपछि हक खाने हकदारहरूमा निजकी एक मात्र पत्नी मेरी आमा बिष्णुमाया महर्जन रहेकोमा निजको पनि मिति २०६३/१०/०२ मा आ–आफ्नो कालगतिले मृत्यु भएको हुँदा निजको शेषपछि हक खाने हकदारहरूमा एक मात्र छोरा सन्तराम महर्जन मात्र भएको हुँदा माथि उल्लिखित जग्गा हाम्रो नाउँमा एकलौटी दर्ता नामसारी गरिपाऊँ भनी माग निवेदन गरेको हुँदा उल्लिखित कित्ता जग्गा दर्ता नामसारी गर्न यी निवेदक बाहेक अन्य हकदार छन्, छैनन् ? उक्त जग्गामा यी निवेदक बाहेक अरू कसैको हकदाबी छ, छैन ? ज.ध. बस बहादुर भन्ने वस्त बहादुर महर्जन फरक फरक व्यक्ति हुन् कि एकै व्यक्ति हुन् ? निवेदकको माग बमोजिम दर्ता नामसारी गरी दिँदा अन्य कसैको हकभोग स्वामित्वमा असर पर्न जाने हो वा होइन ? कसैले उल्लिखित कित्ता जग्गाको हकमा दर्ता नामसारी लगायतका फैसला दा.खा.का लागि यसपूर्व मिसिल भिडाई दर्ता प्रक्रियामा रहे/भएको भए तथा अन्य कसैको हकदाबी भए वा निजका नाउँमा दर्ता नामसारी हुनु नपर्ने कुनै मनासिव कारण भए सूचना प्रकाशित/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा स–प्रमाण दाबी गर्न आउनुहोला/सूचना गर्न आउनुहोला । तोकिएको म्यादभित्र कोही कसैको दाबी विरोध नपरे निवेदकको मागदाबीलाई स्वीकार गरेको मानी कानून बमोजिम भई निवेदकका नाउँमा दर्ता नामसारी भइजानेछ र यस विषयमा पछि कुनै दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ । **तपसिलः–**

| क्षेत्र | वडा | कि.नं. | क्षे.फ. | मोही | किसानको व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|
| साना गाउँ | ५ | ५४<br>६३<br>६८ | ०–३–२–०<br>०–१–२–०<br>०–१–०–० | – बस बहादुर महर्जन सिद्धिपुर–५ बस्ने। | – यो जग्गा भक्तपुर मालमा पैसा तिरो तिरी कमाई आएको छु।<br>– यो जग्गा भक्तपुर मालमा ६/३ दाम तिरो तिरी कमाई खाएको छु।<br>– ऐ.ऐ. | |

**इति संवत् २०८१ वैशाख ३० रोज १ शुभम् ... ।**

**भूमिसुधार तथा मालपोत कार्यालय, ललितपुरबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**
ललितपुर जिल्ला, साविक लेले–२ बस्ने हरि बहादुर सिल्वाल समेतले मेरो पिता ठूलो गोवरधन भन्ने गोवरधन खत्री सिल्वालका नाममा २०२१ सालको नापीमा सर्भे नाप नक्सा भएको साविक लेले अन्तर्गतको तपसिलको दर्ता बाँकी जग्गाको जग्गाधनी निज ठूलो गोवरधन भन्ने गोवरधन खत्री सिल्वालको मिति २०३४/३/१५ मा निजको परलोक भई निजको शेष पछिको हक खाने पत्नी गोपिनी खत्रीको मिति २०३४/९/१२ मा मृत्यु निजहरूको शेष पछिको हक खाने छोराहरू हरि बहादुर सिल्वाल, रामपुकार के.सी. खत्री बाहेक अन्य कोही पनि नभएकोले उल्लिखित जग्गा हामीहरूका नाउँमा दर्ता नामसारी गरी पाऊँ भनी गोदावरी नगरपालिका–५ लेले ललितपुरको च.नं. १६५२ मिति २०८०/१२/२० को सिफारिस संलग्न राखी दर्ता नामसारी माग गरेको देखिँदा उक्त जग्गामा यी निवेदक बाहेक अरू कसैको हकदाबी छ, छैन, अन्य हकदार छन् छैनन्, निवेदकको माग बमोजिम दर्ता नामसारी गरी दिँदा अन्य कसैको हक भोग स्वामित्वमा असर पर्न जाने हो वा होइन ? कसैले उल्लिखित कित्ता जग्गाको हकमा दर्ता नामसारीका लागि यस पूर्व मिसिल भिडाई दर्ता प्रक्रियामा रहे/भएको भए तथा अन्य कसैको हकदाबी भए वा निजका नाउँमा दर्ता नामसारी हुनु नपर्ने कुनै मनासिव कारण भए यो सूचना प्रकाशित/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा स–प्रमाण दाबी गर्न आउनुहोला/सूचना गर्न आउनुहोला । तोकिएको म्यादभित्र कोही कसैको दाबी विरोध नपरे निवेदकको माग दाबीलाई स्वीकार गरेको मानी कानून बमोजिम भई निवेदकका नाउँमा दर्ता नामसारी भई जानेछ र यस विषयमा पछि कुनै दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ । **तपसिल**

| क्षेत्र | वडा | कि.नं. | क्षे.फ. | मोही | किसानको व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|
| लेले | २क | २६ | ०–९–१–० | गोवर्धन खत्री क्षेत्री २ नं. वडा | यो जग्गा बाबुको दर्ता भई अंशमा पाई जोती खाई आएको छु। | यो कित्ता जग्गा बावु लाल बहादुरको दर्ता हो अंशबाट हक भएको नामसारी दर्ता गर्न बाँकी छ भनी ठूलो गोवरधन पर्देस हुँदा हकमा सही गर्ने दाजु भद्र बहादुर |
| ऐ. | ऐ. | १७६ | ०–९–०–० | ऐ. | यो जग्गा दाई रुद्र बहादुरको दर्ता भई अंशमा पाई जोती खाई आएको छु। | ऐ. |
| ऐ. | ऐ. | २६९ | ०–८–०–० | ऐ. | ऐ. | ऐ. |
| ऐ. | ऐ. | २६२ | ०–१३–०–० | ऐ. | ऐ. | ऐ. |
| ऐ. | ऐ. | १९५ | ०–१२–०–० | ऐ. | ऐ. | ऐ. |
| ऐ. | ऐ. | २०९ | १–२–२–० | ऐ. | ऐ. | ऐ. |

गोरखापत्र
gorkhapatraonline.com

# अर्थबजार

**सुनचाँदी** (प्रतितोला रुपियाँमा)

| | | |
|---|---|---|
| छापावाल सुन | : | १४२२०० ▼ |
| तेजाबी सुन | : | १४१५०० ▼ |
| चाँदी | : | १८२५ |

**सेयर बजार**

| | | |
|---|---|---|
| नेप्से इन्डेक्स | : | २०७९.७१ (-५.५८) ▼ |
| कारोबार रकम | : | ३,९९२,९७६,४९२ ▼ |
| कारोबार भएका सेयर | : | ८,०४२,७६७ |
| कारोबार सङ्ख्या | : | ४९,७३३ |
| कारोबार भएका कम्पनी | : | ३०६ |

## ‘आगामी वर्षको राजस्व सङ्कलनको लक्ष्य सन्तुलित’

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २३ गते*



अर्थमन्त्री वर्षमान पुनले राजस्व पहिचानलाई यथार्थपरक बनाउन राजस्व अनुमान चालु आर्थिक वर्षभन्दा कम गरिएको बताउनुभएको छ।

प्रतिनिधि सभामा आगामी वर्षको बजेटको राजस्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै मन्त्री पुनले कर प्रणाली सुधारसम्बन्धी उच्चस्तरीय सुझाव समितिको प्रतिवेदन क्रमशः कार्यान्वयन गरिने प्रतिबद्धता पनि जनाउनुभयो।

उहाँले आगामी वर्षको राजस्व सङ्कलनको लक्ष्य सन्तुलित रहेको बताउनुभयो। उहाँले राजस्व सङ्कलनको लक्ष्य पूरा गर्न सकिने अवस्थाको रहेको बताउनुभयो।

मन्त्री पुनले मूल्य अभिवृद्धि कर छुटका वस्तु र सेवाको सूची घटाउँदै लगिएको, सूचना प्रविधिको उपयोगमा वृद्धि, कर प्रणालीमा सुधारलगायतबाट करको दायरा विस्तार हुने मन्त्री पुनको भनाइ छ।

उहाँले कोइला र पेट्रोलियम पदार्थमा पनि हरित कर सुरुवात गरिएको बताउनुभयो। सीमावर्ती बजारमा हुने चोरीपैठारीलाई मध्यनजर गरेर कतिपय वस्तुमा करका दरलाई हेरफेर गरिएको मन्त्री पुनको भनाइ छ। आन्तरिक उत्पादनमा समेत मूल्य अभिवृद्धि कर लागेकाले आलु प्याजको भ्याट हटाइएको उहाँले बताउनुभयो।

मन्त्री पुनले भन्नुभयो, “गत वर्ष आलु, प्याज र स्याउलगायतका तरकारी एवं फलफूलमा मूल्य अभिवृद्धि कर लगाइएकोमा प्रशासनिक हिसाबले आयातमा मात्र मूल्य अभिवृद्धि कर लगाउन जटिल भएको र आन्तरिक उत्पादनमा समेत मूल्य अभिवृद्धि कर लागेकाले आन्तरिक उत्पादनलाई संरक्षण दिन मूल्य अभिवृद्धि कर हटाई आयातमा अग्रिम आयकर लिने व्यवस्था गरिएको हो।”

संसद्को उद्योग वाणिज्य र श्रम तथा उपभोक्ता समितिको निर्देशन अनुसार स्पन्ज आइरनको भन्सार महसुल दर वृद्धि तथा बिलेट आयातमा लाग्ने अन्तःशुल्क हटाइएको मन्त्री पुनको भनाइ छ।

सरकारको नीतिले स्पन्ज आइरन र बिलेट प्रयोग गरी डन्डी उत्पादन गर्ने दुवै उद्योगलाई बजारमा प्रतिस्पर्धाको समान अवसर भएको उहाँले बताउनुभयो।

राजस्व परामर्श समितिको छलफलका आधारमा निजी विद्युतीय सवारीसाधनमा लाग्ने भन्सार महसुल र अन्तःशुल्कमा केही वृद्धि गरिएको उहाँको भनाइ छ। ठुला तथा सार्वजनिक सवारीसाधनलाई कर वृद्धि नभएको उहाँले बताउनुभयो।

### विगतको तुलनामा सन्तुलित

उहाँले आगामी बजेट आफूले आर्थिक सुधारको वर्षका रूपमा लिएको बताउनुभयो। बजेटले विभिन्न पाँच उद्देश्य, पाँच प्राथमिकता, पाँच रणनीति र पाँच रूपान्तरणकारी क्षेत्र पहिचान गरेको मन्त्री पुनको भनाइ छ।

उहाँले अर्थतन्त्र चलायमान हुँदै गएको, निजी क्षेत्रको मनोबल बढ्दै गएकाले वित्तीय क्षेत्रबाट लगानीयोग्य पुँजी थप परिचालन हुने विश्वास व्यक्त गर्नुभयो। बजेटमा प्रस्ताव गरिएका नीति तथा कार्यक्रमको कार्यान्वयनबाट छ प्रतिशतको आर्थिक वृद्धि हासिल हुने विश्वास मन्त्री पुनले व्यक्त गर्नुभयो।

सार्वजनिक वित्तको अवस्था र विगतको तुलनामा बजेट सन्तुलित रहेको दाबी उहाँले गर्नुभयो। बजेट वितरणमुखी नभई उत्पादनमुखी रहेको उहाँको भनाइ छ। प्रदेश र स्थानीय तहमा जाने रकममा चालु वर्षभन्दा बढिरहेको उहाँको भनाइ छ।

पुँजीगत खर्च गर्ने क्षमता वृद्धि गर्न तथा बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन आयोजना अवधिभर आयोजना प्रमुखको सरुवा नगर्ने प्रतिबद्धता मन्त्री पुनले जनाउनुभयो। राष्ट्रिय प्राथमिकताका आयोजनामा दुई सिफ्टमा काम गर्ने, विकास आयोजना कार्यान्वयनसम्बन्धी कानुन तर्जुमा गर्ने, बजेट कार्यान्वयन कार्ययोजना असार मसान्तभित्र तयार गर्ने प्रतिबद्धता पनि उहाँले संसद्मा जनाउनुभयो। नयाँ चरणको आर्थिक सुधारका लागि उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग गठनको व्यवस्था बजेटले गरेको पनि मन्त्री पुनको भनाइ छ।

सार्वजनिक खर्च पुनरवलोकन आयोगको सुझाव क्रमशः कार्यान्वयनको प्रतिबद्धता पनि उहाँले जनाउनुभयो। राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनामा स्रोतको कमी हुन नदिने पनि उहाँको भनाइ छ।

सरकारले आगामी बजेट शिक्षा र स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेको पनि बताउनुभयो। उत्पादन र रोजगारीमा योगदान गर्ने सम्भावना रहेका रुग्ण तथा बन्द उद्योगलाई सार्वजनिक निजी साझेदारीमा सञ्चालन गर्ने पनि उहाँको भनाइ थियो।

## सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी रणनीति तयार

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २३ गते*

सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी स्थितिमा सुधार गर्ने उद्देश्यसहित सरकारले यसको रणनीतिलाई अन्तिम रूप दिएको छ। अर्थमन्त्रीले अध्यक्षता गर्ने सम्पत्ति शुद्धीकरण निर्देशक समितिको बुधबार बसेको पहिलो बैठकले उक्त रणनीतिको मसौदा परिमार्जनसहित पारित गरेको हो। मन्त्रीपरिषद्ले अनुमोदन गरेपछि उक्त रणनीति कार्यान्वयनमा आउने अर्थ मन्त्रालयले जनाएको छ।

‘सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना’ नाम दिइएको उक्त रणनीतिले मुलुकको वित्तीय प्रणाली र समग्र अर्थतन्त्रलाई वित्तीय अपराधको जोखिमबाट संरक्षण गरी स्थायित्व प्रदान गर्ने विषयलाई जोड दिएको अर्थ मन्त्रालयका सहसचिव एवं आर्थिक नीति विश्लेषण महाशाखा प्रमुख महेश आचार्यले जानकारी दिनुभयो। भ्रष्टाचार, राजस्व छली, हुन्डी र क्रिप्टो करेन्सीको कारोबार जस्ता वित्तीय अपराध न्यूनीकरणका क्षेत्रमा रणनीति अनुसार काम हुने उहाँले बताउनुभयो। लागुऔषध ओसारपसार, सङ्गठित अपराध, आपराधिक लाभ, आन्तरिक आतङ्कवाद, ठगी, चोरी, नक्कली मुद्राको कारोबार, कालोबजारी तथा तस्करी, किर्तेलगायतका अपराध नियन्त्रणजस्ता विषय पनि रणनीतिमा समावेश गरिएको उहाँले जानकारी दिनुभयो।

सम्पत्ति शुद्धीकरण मामिलाबारे निगरानी राख्ने अन्तर्राष्ट्रिय संस्था फाइनान्सियल एक्सन टास्कफोर्स (एफएटिएफ) र एफटिएफसँगको सहकार्यमा काम गरिरहेको एसिया प्रशान्त समूह (एपिजी) ले नेपालको सम्पत्ति शुद्धीकरणको अवस्थाबारे गत वर्ष प्राविधिक मूल्याङ्कन गरेको थियो।

एपिजीले २०७९ असोजमा गरेको पारस्परिक मूल्याङ्कनपछि सम्पत्ति शुद्धीकरणका क्षेत्रमा नेपालले गर्नुपर्ने प्राविधिक पक्ष (कानुनी, नीतिगत र संरचनागत) सुधार तथा प्रभावकारिताको मूल्याङ्कन गरी सुझाव दिएको थियो। एपिजीको नेपाल पनि सदस्य राष्ट्र हो। एफटिएफ र एपिजीको सुझावका आधारमा नेपालले संसद्बाट सम्पत्ति शुद्धीकरण निवारण ऐन संशोधन गरिसकेको छ। एपिजीको प्रतिनिधि मण्डल अर्को चरणको अध्ययनका लागि आगामी असोजमा फेरि नेपाल आउँदै छ। ती दुवै संस्थाले सम्पत्ति शुद्धीकरणसम्बन्धी अवस्थामा सुधारका लागि विद्यमान कानुनी व्यवस्थाको कार्यान्वयन गर्न र ती व्यवस्थालाई समयानुकूल परिमार्जन गर्न सुझाव दिँदै आएका छन्। एफटिएफले विद्यमान अवस्थामा सुधार नभए सम्पत्ति शुद्धीकरण सम्बन्धमा नेपाल जोखिम (ग्रे लिस्ट) मा पर्न सक्ने चेतावनी दिँदै आएको छ। सम्पत्ति शुद्धीकरणको ‘ग्रे’ लिस्टमा परेको अवस्थामा अन्तर ष्ट्रिय स्तरमा मुलुकको साख गिर्नुका साथै वैदेशिक सहायता, ऋण र लगानीमा कमी आउने तथा अन्तर्राष्ट्रिय बैङ्किङ कारोबार चुनौतीपूर्ण हुने छ। यस्तै विप्रेषण आप्रवाह घटेर हुन्डी कारोबारमा वृद्धि हुने र समग्र अर्थतन्त्रमै सङ्कट आइपर्ने खतरा रहन्छ।

प्रतिनिधि सभाले संसद्को अघिल्लो अधिवेशन (२४ माघ २०८०) मा ‘सम्पत्ति शुद्धीकरण निवारण तथा व्यावसायिक वातावरण प्रवर्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक २०८०’ पारित गरेको थियो। जसमार्फत सम्पत्ति शुद्धीकरणसम्बन्धी विभिन्न १९ वटा ऐनको संशोधन गरी समयानुकूल बनाइएको छ।

ऐनले सम्पत्ति शुद्धीकरण सम्बन्धमा सूचना सङ्कलन र अभियोजनलगायत विषयमा प्रहरीको अधिकार क्षेत्र वृद्धि, क्यासिनोको नियमन, हुन्डी कारोबारलाई फौजदारी कसुरमा समावेश गर्ने जस्ता व्यवस्था गरेको छ। ऐनले विद्युतीय र डिजिटल माध्यमबाट हुने कारोबारलाई पनि सम्पत्ति शुद्धीकरणको दायरामा समावेश गरेको छ।

ऐनले निर्देशक समितिलाई सम्पत्ति शुद्धीकरणसम्बन्धी नीति र कार्यक्रमको मसौदा तयार पार्ने, सम्पत्ति शुद्धीकरणका लागि गर्नुपर्ने काम, त्यसका लागि आवश्यक संयन्त्र निर्माणका साथै सङ्घ, प्रदेश र स्थानीय सरकारका सबै निकायबिच संयोजन र अनुगमनको अधिकार दिएको छ। सम्पत्ति शुद्धीकरण निवारण ऐन कार्यान्वयनका लागि समितिले निर्देशन दिनुका साथै कारबाहीसमेत गर्न सक्छ। यस्तै निर्देशक समितिले समन्वय समितिले पठाएको सम्पत्ति शुद्धीकरणसम्बन्धी राष्ट्रिय जोखिम मूल्याङ्कन प्रतिवेदन स्वीकृत गर्नुका साथै सम्पत्ति शुद्धीकरण सम्बन्धमा वार्षिक प्रतिवेदन तयार पारी मन्त्रीपरिषद्मा पेस गर्ने छ।

## धवलागिरिमा आरोहण हुन सकेन

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २३ गते*

प्रतिकूल मौसमका कारण विश्वको सातौँ अग्लो हिमाल धवलागिरिमा यो वर्ष आरोहण हुन सकेन। म्याग्दीको धवलागिरी गाउँपालिका–४ मा पर्ने आठ हजार १६७ मिटर अग्लो हिमाल आरोहणका लागि यो वर्ष तीन समूहका ३० जना आरोहीले अनुमति लिएका थिए।

पर्यटन विभागका साहसिक पर्यटन तथा पर्वतारोहण शाखाका निर्देशक राकेश गुरुङले भन्नुभयो, “वसन्तयाममा धवलागिरि आरोहणका लागि स्वदेशी र विदेशी गरी ३० जना आरोहीले अनुमति लिएका थिए। अन्तिम समयसम्मै मौसममा उतारचढाव आएपछि यस पटक कसैले चुचुरो टेक्न सकेनन्।”

वसन्तयामका लागि धवलागिरि आरोहण गर्न २२ जना पुरुष र आठ जना महिलाले अनुमति लिएको उहाँले बताउनुभयो। मौसमले साथ नदिएपछि आरोहणमा गएका आरोही, शेर्पा तथा भरिया फर्किसकेको उहाँले जानकारी दिनुभयो। यस वर्ष धवलागिरिमा आरोहण अनुमति दिएबापत ७१ लाख ७० हजार ७५० रुपियाँ हिमाली दस्तुर सङ्कलन भएको छ। गत वर्षको वसन्तयाममा चार समूहका १२ महिलासहित ३७ जनाले धवलागिरि हिमाल आरोहण गर्दा ८६ लाख २४ हजार ३३० रुपियाँ राजस्व सङ्कलन भएको थियो। त्यस्तै गत वर्षको शरद ऋतुमा चार समूहका १२ पुरुष र ११ महिला पर्वतारोहीले धवलागिरि हिमाल आरोहणका लागि अनुमति लिएका थिए।

## ‘नेपालमै रोजगारी खोज्न श्रमाधान रोजगार मेला’

**रुपन्देही समाचारदाता**
*रुपन्देही, जेठ २३ गते*

बुटवलमा बुधबारदेखि ‘श्रमाधान रोजगार मेला’ सुरु भएको छ। मेलाको एक समारोहका बिच श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले उद्घाटन गर्नुभयो।

बिहीबारसम्म सञ्चालन हुने मेलाको उद्घाटन गर्दै मन्त्री अर्यालले नेपालमा रोजगारीका अवसर हुँदाहुँदै पनि युवाहरू विदेशमा रोजगारीमा जान बाध्य भइरहेको बताउँदै अब नेपालमै रोजगारीका अवसर सिर्जना गर्ने रोजगारदाता र श्रमिकले पहल गर्नुपर्ने बताउनुभयो।

उहाँले रोजगारदाता र श्रमिकबिचको खाडल गहिरो रहेको बताउँदै त्यसलाई कम गरेर नेपालमै रोजगारी खोज्न श्रमाधान रोजगार मेलाले सहयोग पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो।

बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले हाम्रा विश्वविद्यालयले अब सिपमा आधारित शिक्षा दिनुपर्ने बताउनुभयो।



मास्टर डिग्री गरेका युवाहरू सिप नभएकै कारण नेपालमा काम नपाउँदा विदेश पलायन हुन बाध्य भइरहेकाले अब सिपमा आधारित शिक्षामा जोड दिनुपर्ने बताउनुभयो।

बुटवल अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा सुरु भएको मेला भोलि बिहीबारसम्म सञ्चालन हुने छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, उद्योग पर्यटन तथा सहकारी मन्त्रालय लुम्बिनी प्रदेश, नेपाल उद्योग परिसङ्घ र बुटवल उपमहानगरपालिकाको संयुक्त आयोजनामा श्रमाधान रोजगार मेला भएको हो।

रोजगार मेलाले रोजगार खोज्ने, रोजगारदाता र विभिन्न क्षेत्रका सरोकारवालालाई एकै ठाउँमा ल्याउने विश्वास लिइएको छ। मेलामा बेरोजगार युवाको ज्ञान, सिप, क्षमताका आधारमा विवरण सङ्कलन पनि गरिने छ।

श्रम तथा रोजगार कार्यालय बुटवलका प्रमुख कृष्णप्रसाद खनालले रोजगारी खोज्ने र रोजगारदातालाई जोड्ने गरी मेलाको आयोजना गरिएको बताउनुभयो।

मेलामा करिब २० हजार मानिसको सहभागिता हुने र सात सय जनाले मेलाबाट रोजगार प्राप्त गर्न सक्ने अपेक्षा आयोजकले गरेका छन्। मेलामा रोजगारदाताको सूचीकरण र रोजगारीका अवसरको पहिचान गरिने छ।

## सेयर बजार ओरालो कारोबार पनि घट्यो

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २३ गते*

सम्हालिन खोजेको सेयर बजार ओरालो लागेको छ। साताको चौथो दिन सेयर बजार झन्डै छ अङ्कले ओरालो लागेको छ भने कारोबार रकम पनि चार अर्बबाट तल झरेको छ।

बुधबार सेयर बजार मापक नेप्से परिसूचक ५.५८ अङ्कले ओरालो लागेर २०७९.७१ को विन्दुमा पुगेर रोकिएको छ। सेन्सेटिभ इन्डेक्स पनि ०.४१ अङ्कले ओरालो लागेर ३७१.६१ को विन्दुमा पुगेर रोकिएको छ।

समग्रमा चौथो दिनको नेप्से ०.२६ प्रतिशत र सेन्सेटिभ इन्डेक्स ०.११ प्रतिशतले ओरालो लागेको छ।


बुधबार ३०६ कम्पनीको ८० लाख ४२ हजार ७६७ कित्ता सेयर ४९ हजार ७३३ पटक खरिदबिक्री हुँदा तीन अर्ब ९९ करोड २९ लाख ७६ हजार ४९२ रुपियाँ बराबरको सेयर कारोबार भएको छ। जुन अघिल्लो दिनको तुलनामा नौ करोड रुपियाँले कमी हो।

चौथो दिन १९ करोड तीन लाख ७९ हजार ५७६ रुपियाँ बराबरको सेयर कारोबार भएर एनआरएन इन्फ्रास्ट्रक्चर डेभलपमेन्टको सर्वाधिक सेयर कारोबार भएको छ।

बुधबार कारोबारमा आएका १३ उपसमूहमध्ये वित्त, उत्पादन तथा प्रशोधन, लघुवित्त र म्युचुअल फन्डबाहेक बाँकी नौ उपसमूहको परिसूचक उकालो लागेको छ। लगानी उपसमूह भने स्थिर रहेको छ।

## नाका खुल्दा लप्चीवासी उत्साही

**दोलखा समाचारदाता**
*दोलखा, जेठ २३ गते*



चीन सरकारले बिगु गाउँपालिका–१, लप्चीको पुरानो व्यापारिक नाका फलाक (रोङसिया) खोलेपछि स्थानीयवासी उत्साहित भएका छन्। सो नाका खुलेसँगै लामो समयको प्रतीक्षा पूरा भएको स्थानीयवासी बताउँछन्।

चिनियाँ पक्षले नाका खोल्यो, अब हाम्रोतिरको सडक र अन्य संरचना व्यवस्थित गर्न लाग्नुपर्ने बेला आएको गाउँपालिकाका अध्यक्ष सञ्जीव ओलीले बताउनुभयो। तिब्बतसँग सीमा जोडिएको यस गाउँपालिकामा दुई वटा नाका रहेका छन्।

फलाक नाका नेपालको ६१ नम्बर पिल्लरबाट जान्छ। यो समुद्री सतहबाट २५ सय १३ मिटर उचाइमा पर्छ। यो नाका तातोपानी नाका सडक मार्ग खोल्नुअघि काठमाडौँसँगको व्यापारिक नाका पनि हो। लप्ची नाकाबाट तिब्बतको छुप्साङ बजार जान्छ। यो नाका कोरोना कहरपछि बन्द गरिएको थियो। चार वर्षपछि नाका खुलेपछि स्थानीयका लागि दैनिक उपभोग्य वस्तु खरिद बिक्री र चौँरीजन्य उत्पादन बिक्रीवितरण सहज हुने बताइएको छ।

त्यस्तै अर्को नाका तिब्बतको न्यालम काउन्टी अन्तर्गत रान्मुदिमामा जोडिन्छ। दुवै नाका खुलेपछि चीनसँगको व्यापार हुने र लामाबगर क्षेत्रको चहलपहल बढ्ने स्थानीयको अपेक्षा छ। लामाबगरसहित १४ नाका एकैसाथ खोलेसँगै दोलखाको लामाबगर र तिब्बतबिचको पुरानो व्यापारिक कारोबार नियमित हुने भएको छ।

लामाबगरका व्यापारीले २०६८ सालसम्म तिब्बतको फलाक (रोङ्सिया) बजारबाट सामान ल्याउने गरेका थिए। लामाबगरमा सडकबाट गाडी पुगेपछि व्यापारिक कारोबार बन्द थियो।

चिनियाँ पक्षले सीमा खोलेसँगै बिगु गाउँपालिकाका जनप्रतिनिधिलाई पनि आमन्त्रण गरेको थियो। सो कार्यक्रममा वडा नम्बर १ का वडाध्यक्ष मेम्बा तमाङ, कार्यपालिका सदस्य लोकबहादुर नेपालीसहितको टोली पुगेर फर्किएको छ।

रोङ्जिङ पुगेर फर्किएका वडाध्यक्ष तामाङका अनुसार चिनियाँ पक्षले अब व्यापारीलाई चीन पठाइदिन आग्रह गरेका छन्। व्यापारीहरू जाँदा बस्नका लागि पनि भव्य भवन बनाएको र बजार नै भएकाले पुरानै लयमा व्यापार हुनेमा चिनियाँ पक्षले जोड दिएका छन्।



# कृषियोग्य जमिनमा सिँचाइ पुर्‍याउने सरकारको लक्ष्य

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २३ गते*

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले सिँचाइ मन्त्रालयसँग समन्वय गरी आगामी आर्थिक वर्षमा १५ हजार पाँच सय हेक्टर कृषियोग्य भूमिमा सिँचाइ सुविधा विस्तार गर्ने लक्ष्य लिएको छ।

सरकारले यो कुरालाई नीति तथा कार्यक्रममा समावेश गरेको छ। देशभर ४१ लाख हेक्टर कृषियोग्य जमिन भए पनि हालसम्म पाँच लाख हेक्टरमा मात्र सिँचाइको पहुँच रहेको छ। आगामी आवमा १५ हजार पाँच सय हेक्टरमा सिँचाइ पुर्‍याउने लक्ष्य रहेको कृषि मन्त्रालयले जनाएको छ।

कृषि मन्त्रालयले सिँचाइ र कृषिका कार्यक्रममा सामाञ्जस्यता कायम गरी सिञ्चित क्षेत्रमा सघन कृषि प्रसार सेवा प्रदान गरिने जनाएको छ । सिँचाइ सुविधा नपुगेका कृषि भूमिमा साना सतह तथा भूमिगत सिँचाइको प्रबन्ध गरिने कृषि मन्त्रालयले जनाएको छ।

कृषियोग्य भूमिमा बर्सैभरि दिगो एवं भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराउन पूर्वाधार निर्माण र वितरण प्रणाली सुदृढ गरिने भनी नीति तथा कार्यक्रममा पनि उल्लेख गरिएको छ।

तराई मधेशका तीन लाख १८ हजार हेक्टर खेतीयोग्य जमिनमा क्लस्टरमा आधारित स्यालो तथा डिप ट्युबवेलबाट सिँचाइ विस्तार गरिने उल्लेख गर्दै पहाडी तथा हिमाली क्षेत्रका नदी छेउछाउका कृषियोग्य टारमा सिँचाइ सुविधा विस्तार गर्न नदी बेसिनमा आधारित एकीकृत नदी बेसिन सिँचाइ तथा जलस्रोत व्यवस्थापन कार्यक्रम अगाडि बढाइने बताइएको छ।

त्यसै गरी प्रदेश र स्थानीय तहको सहकार्यमा लिफ्ट एवं भूमिगत सिँचाइका लागि विद्युत् सुविधा उपलब्ध गराइने सरकारको योजना रहेको छ।

राष्ट्रिय गौरवका सिक्टा, बबई, रानीजमरा, कुलरिया, महाकाली तेस्रो, भेरी–बबई डाइभर्सन र सुनकोशी–मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजनाको निर्माण कार्यलाई तीव्रता दिइने योजना पनि सरकारले लिएको छ।

सर्लाही र रौतहट जिल्लामा भूमिगत जलस्रोतमा आधारित नवीन यान्त्रिक सिँचाइ आयोजना र कैलाली जिल्लामा भूमिगत सिँचाइ आयोजना सुरु गरिने कृषि मन्त्रालयले जनाएको छ। कर्णाली प्रदेशमा 'एकीकृत कर्णाली सिँचाइ विशेष कार्यक्रम' कार्यान्वयन गरिने पनि भनिएको छ।

भूमिगत जल भण्डारको पुनर्भरण र सिँचाइ सुविधा विस्तारका लागि पानी सञ्चय पोखरी निर्माणलाई निरन्तरता दिइने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ।

बृहत् सिँचाइ प्रणालीको मर्मतसम्भार, पुनर्स्थापना तथा व्यवस्थापन सुधारमा प्राथमिकता दिइने भनिएको छ।

# दालमा लगाएको अग्रिम आयकर फिर्ता लिन माग

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २३ गते*



उद्योगी व्यवसायीले दालमा लगाएको अग्रिम आयकर फिर्ता लिन आग्रह गरेका छन् । बुधबार दाल, चामल र मैदा उद्योगका लागि कच्चा दाल गेडागुडीमा १० प्रतिशत धान र गहुँ आयातमा २.५ प्रतिशत लगाइएको अग्रिम आयकरले उद्योगलाई परेको प्रभावबारे आयोजना गरिएको पत्रकार सम्मेलनमा उद्योगी व्यवसायीले आयकरका कारण बजारमा मूल्य बढ्न सक्ने भन्दै फिर्ता लिन सरकारसमक्ष माग गरेका हुन्।

नेपाल चामल, दाल र तेल उद्योग सङ्घले आगामी आर्थिक वर्षको बजेटले नेपालीको भान्सामा दैनिक प्रयोग हुने अत्यावश्यक खाद्यान्नको प्रशोधन गरी बिक्रीवितरण गर्ने चामल, दाल, उद्योगलगायतका उद्योगको कच्चा पदार्थ (धान र दाल गेडागुडी) आयातमा क्रमश २.५ प्रतिशत र १० प्रतिशत अग्रिम आयकर लगाएको भन्दै विरोध गरेको छ।

सङ्घका अध्यक्ष कुमुद दुगडले अग्रिम आयकरका कारण बजारमा दालमा २० प्रतिशत तथा चामलमा एक सय रुपियाँ मूल्य बढ्ने जानकारी दिनुभयो। अतिरिक्त महसुलले चामल र दालको मूल्य बढ्ने र यसले मुद्रास्फीतिमा प्रत्यक्ष असर पर्ने उहाँको भनाइ छ।

कच्चा पदार्थ आयातमा १० प्रतिशत अग्रिम आयकर लगाउँदा आयातित तयारी दाल गेडागुडी र खुला सिमानाबाट आयात हुने दाल गेडागुडीसँग नेपाली उद्योगले प्रतिस्पर्धा गर्न नसकी बन्द हुने अवस्थामा पुग्ने नेपाल दाल, चामल उद्योग सङ्घका अध्यक्ष कुमुद दुगडले बताए।

"कच्चा दाल आयातमा १० प्रतिशत अग्रिम आयकर थपिँदा स्वदेशी उद्योग चल्न सक्ने अवस्थामा रहँदैनन्," उहाँले भन्नुभयो, "अहिले नै मिलको कच्चा दाल र गेडागुडी आयातमा १० प्रतिशत भन्सार महसुल लागिरहेको छ अब कुल आयातको अतिरिक्त १० प्रतिशत अग्रिम आयकर भन्सारमै बुझाउने व्यवस्था गरेको छ ।" यसले नेपालका उद्योग बन्द हुनुका साथै नेपालीको भान्सासमेत महँगिन पुग्ने छ।

कच्चा पदार्थको अभावले खाद्य उद्योग सङ्कटमा रहेको अवस्थामा खाद्य उद्योगमाथि बजेटले आक्रमण गरेकाले सरकारले फिर्ता नलिए उद्योगहरू छ महिनामा बन्द हुने उहाँको भनाइ छ । सरकारको निर्णयले अर्बौंको स्वदेशी लगानी डुब्ने सम्भावना रहेको र यसले रोजगारीमा प्रत्यक्ष असर पार्ने उहाँको भनाइ छ।

नेपाल उद्योग वाणिज्य महासङ्घका वस्तुगत उपाध्यक्ष हेमराज ढकालले अग्रिम करसहित दल, धान, चामल, गहुँ, भटमासमा लागेको सबै कर हटाउनुपर्ने बताउनुभयो।

सो अवसरमा उद्योग वाणिज्य सङ्घ वीरगन्जका अध्यक्ष अनिल अग्रवालले सरकारले उक्त अग्रिम आयकर फिर्ता नलिएमा उद्योगीहरू आन्दोलनमा आउने र कडा प्रतिवादमा उत्रिने चेतावनी दिनुभयो।

सरकारले सपन्ज आइरनमा कर लगाउँदा पनि नेपालीको अर्बौं रुपियाँ डुब्ने समस्या आएको व्यवासायीको भनाइ छ।

सरकारले तत्काल यस्तो निर्णय फिर्ता नलिए नेपालका उद्योगहरू धराशायी हुने उद्योगीको भनाइ छ । नेपालका करिब ३५ अर्ब रुपियाँ बराबरको लगानी भई पाँच हजार बढीलाई रोजगारी दिइरहेको दाल उद्योगमा सरकारले गिद्धेनजर लगाउँदा स्वदेशी उद्योग सञ्चालन हुन कठिन हुने उद्योगीको भनाइ छ।

कृषि उद्यम केन्द्रका सभापति डिबी बस्नेतले दाल तथा गेडागुडीमा लगाइएको अग्रिम करले व्यवसायीको व्यवसाय मात्र नभई नेपालीको भान्सामा पनि प्रत्यक्ष असर गरेको बताउनुभयो। अग्रिम करका कारण देशमा खाद्यान्न सङ्कट पर्न सक्ने भएकाले पनि यसलाई तत्काल फिर्ता लिनुपर्नेमा उद्योगीहरूले जोड दिएका छन्।

# पचास प्रतिशत धान रोपाइँ सम्पन्न

**हुम्ला समाचारदाता**
*हुम्ला, जेठ २३ गते*

हिमाली जिल्ला हुम्लामा जेठ तेस्रो हप्ता लाग्दासम्म जिल्लाभर ५० प्रतिशत धान रोपाइँ पूरा भएको पाइएको छ। समयमा पानी नपर्नु र सिँचाइको व्यवस्था नभएका कारण रोपाइँ कार्यमा ढिलाइ भएको हो।

जिल्लामै सबैभन्दा बढी धान उत्पादन हुने चङ्खेली गाउँपालिका–२ का वृषबहादुर सिंहले हालसम्म आधा रोपाइँ सम्पन्न भएको र रोपाइँ कार्य जारी रहेको बताउनुभयो । पानी नपरेको र सिँचाइ कुलोको मुहानमा पानीका स्रोत कम भएका कारण रोपाइँ ढिलो भइरहेको उहाँले बताउनुभयो।

गत वर्ष यो अवधिसम्म ९० प्रतिशत रोपाइँ सम्पन्न भएको थियो। सिँचाइको व्यवस्था गर्न समस्या भएपछि किसान मर्कामा परेको उहाँले बताउनुभयो । यता सर्केगाड गाउँपालिका–३, उनापानी गाउँका किसान दानबहादुर फडेराले आफ्नो वडामा आधा जति रोपाइँ पूरा भएको र रोपाइँ जारी रहेको बताउनुभयो। यसरी रोपाइँ ढिलो हुनुमा गत वर्ष साउन महिनामा गएको बाढीले सिँचाइ कुलोलाई पुर्‍याएको क्षति मुख्य कारण भएको उहाँले बताउनुभयो।

रोपाइँ जारी रहेको र सिँचाइको सुविधा नभएका कारण रोपाइँमा समस्या भएको किसानबाट जानकारी आएको कृषि विकास कार्यालयका प्रमुख बखत खड्काले बताउनुभयो। उहाँले हालसम्म आधा रोपाइँ सकिएको सूचना गाउँपालिकाबाट प्राप्त भएको र पालो कुरेर किसानले सिँचाइ गरिरहेको बताउनुभयो।

जिल्लाका सात वटामध्ये ताँजाकोट, अदानचुली, चङ्खेली, सर्केगाड र खार्पुना गरी पाँच वटा गाउँपालिकामा धान खेती राम्रो हुने गर्छ भने सिमकोट गाउँपालिका केही मात्रामा धान खेती हुन्छ। नाम्खा गाउँपालिकामा धान खेती नै हुँदैन।


राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजत पत्र प्राप्त संस्था

## राष्ट्रिय वाणिज्य बैंक लि. बाट लिएको कर्जा तथा जमानत रकम भुक्तान गर्न आह्वान गरिएको र भुक्तान नगरेमा कालो सूचीमा राख्ने बारेको सूचना।

(सूचना प्रकाशित मिति २०८१/०२/२४)

यस बैंकको निम्न उल्लिखित शाखा कार्यालयहरुबाट कर्जा/सुविधा लिई सो कर्जा/सुविधाको भाखा नाघेका ऋणी, प्रोप्राइटर, सञ्चालक, तथा जमानत दाताहरू समेतलाई कर्जा/सुविधा, चुक्ता/नियमित गर्नको लागि सम्पर्क, पत्राचार गर्दा कतिपयको पत्र फिर्ता आउने, कतिपयले बैंकको अनुरोधलाई बेवास्ता गर्ने गरेको सन्दर्भमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कर्जा/सुविधा बापतको रकम भुक्तान गर्नको लागि ऋणी, प्रोप्राइटर तथा सञ्चालकलाई यसै सूचनाबाट जानकारी गराइन्छ, साथै ऋणी, प्रोप्राइटर तथा सञ्चालकले ३५ दिनभित्र कर्जा/सुविधा बापतको रकम भुक्तान नगरेमा सो पश्चात जमानत दाताहरूलाई ९० दिनभित्र जमानत बापतको रकम भुक्तान गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ।

ऋणी, प्रोप्राइटर तथा सञ्चालकले यो सूचना प्रकाशित मितिले ३५ (पैंतीस) दिनभित्र बैंकको लेना रकम भुक्तान नगरेको अवस्थामा नेपाल राष्ट्र बैंकबाट "क", "ख" र "ग" वर्गका इजाजत पत्र प्राप्त संस्थाहरूलाई जारी गरिएको एकिकृत निर्देशन इ.प्रा. निर्देशन नं. १२/०८० को बुँदा ११ मा भएको व्यवस्था अनुसार ऋणी, प्रोप्राइटर तथा सञ्चालकको नाम कालो सूचीमा समावेश गरिने तथा जमानत दाताहरूले ९० दिनभित्र जमानत बापतको रकम भुक्तानी नगरेको अवस्थामा नेपाल राष्ट्र बैंकबाट "क", "ख" र "ग" वर्गका इजाजत पत्र प्राप्त संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन इ.प्रा. निर्देशन नं. १२/०८० को बुँदा ९ को उपबुँदा ३(घ) मा भएको संशोधित व्यवस्था अनुसार जमानतदातहरु समेतको नाम कालो सूचीमा समावेश गरिने भएकोले यस सूचनाबाट कसैको मान प्रतिष्ठामा कुनै आँच आएमा यस बैंक जवाफदेही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गराइन्छ।

**१) शाखा कार्यालय कावासोती।**

| ऋणीको विवरण | जमानत दाताको विवरण |
|---|---|
| **श्री बहुउद्धेश्यीय पशुपालन फर्म,** कावासोती न.पा. ११ नवलपरासी। (प्रमाण पत्र नं.३०६३ मिति २०७६/१०/०७, कावासोती नगरपालिका, नगरकार्यपालिकाको कार्यालय नवलपरासी, वर्दघाट सुस्ता पुर्व), व्यवसायी : रेखादेवी सापकोटा (ना.प्र.नं. ३६३०१५/७६४ नवलपरासी) ठेगाना : पिठौली ८ नवलपरासी, हाल कावासोती न.पा. १ नवलपरासी पुर्व। बाबु : कलाधर गौतम, पति : काशीराम सापकोटा, ससुरा : मनिरत्न सापकोटा (महिला उद्यमशिलता कर्जा नं. ३२००१०००००००१६२०) | हिमलाल सापकोटाको नाति, मनिरत्न सापकोटाको छोरा **काशीराम सापकोटा**। ठेगाना : पिठौली ८ नवलपरासी, हाल कावासोती न.पा. ११ नवलपरासी। |
| | प्रभानन्द सापकाटाको नाति हिमलाल सापकोटाको छोरा **मनिरत्न सापकोटा**। कावासोती न.पा.११ नवलपरासी। |
| | मनिरत्न सापकोटाको नाति काशीराम सापकोटाको छोरा **मित्रलाल सापकोटा**। ठेगाना : पिठौली ८ नवलपरासी, हाल कावासोती न.पा. ११ नवलपरासी। |

**२) शाखा कार्यालय बाँसगढी।**

| ऋणीको विवरण | जमानत दाताको विवरण |
|---|---|
| **अर्पण भैंसी पालन फर्म,** बासगढी न.पा.७ बर्दिया। (प्रा.फ.द. र.नं. १३१/४४३, मिति २०७५/०९/२६, घरेलु तथा साना उद्योग कार्यलय गुलरीया, बर्दिया), प्रोप्राइटर : रजरानी थारु (ना.प्र.नं. ६५१००७/ ४२ बर्दिया), ठेगाना : पदनाहा ७ बर्दिया, हाल बाँसगढी न.पा ७ बर्दिया। बाबु : दरवारी थारु, पति : राधे किसुन थारु, ससुरा : तुलसी राम थारु (महिला उद्यमशिलता कर्जा नं. ४५६०१०००००००१६२०) | कल्लु थारुको नाति, तुलसी राम थारुको छोरा **राधे किसुन थारु**। ठेगाना : पदनाहा ७ बर्दिया, हाल बासगढी न.पा.७ बर्दिया। |

**३) शाखा कार्यालय गाईघाट।**

| ऋणीको विवरण | जमानत दाताको विवरण |
|---|---|
| **सो इच्छा बाखा पालन फर्म,** त्रियुगा न.पा.१४ उदयपुर (लघु उद्यम दर्ता नं.२६७२/०७४/०७५ त्रियुगा नगरकार्यपालिका, उद्योग विकास शाखा, उदयपुर), सञ्चालक : राम कुमार राई (ना.प्र.नं.१४१०१२/१०६०४२ उदयपुर) ठेगाना : साउने २ उदयपुर, हाल त्रियुगा न.पा. १४ उदयपुर। बाबु : लाल सुन्दर राई, बाजे : पुर्ण बहादुर राई (व्यवसायिक कृषि तथा पशुपंक्षी कर्जा नं.: २०९०१००००००४३३२०) | सेर बहादुर मगरकी छोरी, लाल सुन्दर राईकी बुहारी, राम कुमार राईकी पत्नी **जिना कुमारी मगर** (ना.प्र.नं.१४१०१३/८९५९४ उदयपुर) ठेगाना : खांबु २ उदयपुर, हाल त्रियुगा न.पा. १४ उदयपुर। |
| | लालसुन्दर राईकी छोरी, कृष्ण बहादुर राईकी पत्नी **इन्द्र कुमारी राई** (ना.प्र.नं. ५९१९७ उदयपुर), ठेगाना : साउने गा.वि.स. ५ उदयपुर, हाल त्रियुगा न.पा.१४ उदयपुर। |
| | अगमसेर राईकी छोरी, लोकमणी थापाकी पत्नी **सुमित्रा राई (मगर)** (ना.प्र.नं.१४३०१२/११६ उदयपुर), ठेगाना : साउने गा.वि.स.५ उदयपुर, हाल त्रियुगा न.पा.१४ उदयपुर। |
| | बिजुलि लामा तामाङ्गकी छोरी **चम्पा माया लोप्चन** (ना.प्र.नं. १९३०८८/२११ सर्लाही), ठेगाना : धुर्कौली २ सर्लाही, हाल त्रियुगा न.पा. १४ उदयपुर। |
| | हर्क ब. राईको छोरा **पृथ्वीमान राई** (ना.प्र.नं. १२१०४९/२७२ खोटाङ), ठेगाना : च्यास्मीटार खोटाङ, हाल त्रियुगा न.पा.१४ उदयपुर। |
| | चतुरमान राईको छोरा **मन्डल राई** (ना.प्र.नं.८३२१७/०२९ उदयपुर), ठेगाना : ताम्लिछा गा.वि.स.९ उदयपुर, हाल त्रियुगा न.पा.१४ उदयपुर। |
| **घनश्याम लाखे,** (ना.प्र.नं.१४१०३३/१०४२२४ उदयपुर), ठेगाना : रिस्कु गा.वि.स.४ उदयपुर हालको कटारी.न.पा.५ उदयपुर। बाबु : कृष्ण बहादुर दमाई, बाजे : लाल बहादुर लाखे दमाई (पेशाकर्मी सरल कर्जा नं.: २०९०१०००००००३१३६०) | कृष्ण बहादुर दमाईकी बुहारी, घनश्याम लाखेकी पत्नी **मोहिता परियार** (ना.प्र.नं. १५२००५/१४३४ ईलाका प्रशासन कार्यालय लहान, सिराहा) ठेगाना : लहान ५ सिराहा। |
| **सगरमाथा खाद्य तथा मसला लघु उद्योग,** त्रियुगा न.पा.९ उदयपुर। (प्रा.फ.र.नं. ११८/०७५/०७६ घरेलु तथा साना उद्योग बिकास समिति मुख्य शाखा कार्यालय, उदयपुर), प्रोप्राइटर : पुनम दनुवार (ना.प्र.नं.४४९९३/ २१५२ उदयपुर), ठेगाना : त्रियुगा न.पा.१२ हाल त्रियुगा न.पा. ९ उदयपुर। पति : केदार कुमार दनुवार, ससुरा : सुक्र बहादुर दनुवार (महिला उद्यमशिलता कर्जा नं.: २०९०१००००००००८६२०) | सुक्रबहादुर दनुवारको नाति, केदार कुमार दनुवारको छोरा **प्रज्वल दनुवार** (ना.प्र.नं. १४-०१-७४-०२७२९ उदयपुर), ठेगाना : त्रियुगा न.पा.९ उदयपुर। |
| | सुक्र बहादुर दनुवारको छोरा **केदार कुमार दनुवार** (ना.प्र.नं. २९०१८/३/२५/५४६७ उदयपुर) ठेगाना : भुमरसुवा गा.वि.स. ८ उदयपुर। |

**४) शाखा कार्यालय जाजरकोट।**

| ऋणीको विवरण | जमानत दाताको विवरण |
|---|---|
| **कर्णाली माहालक्ष्मी ग्रिल उद्योग,** छेडागाड न.पा.५ जाजरकोट। (प्रा.फ.द.नं.७६५/०७५/०७६ घरेलु तथा साना उद्योग बिकास समति शाखा कार्यालय, जाजरकोट) प्रोप्राइटर : कर्ण बहादुर नेपाली (ना.प्र.नं. ६२३०२१/१३७ जाजरकोट), ठेगाना : भुर गा.वि.स.५ जाजरकोट, हाल भेरी न.पा.८ जाजरकोट। बाबु : बलजीत कामी, बाजे : लछे कामी (दलित समुदाय व्यवसाय विकास कर्जा नं. : ४५९०१००००००००२७२०) | हरिमल कामीको नाति, लछे कामीको छोरा बलजीत कामी (ना.प्र.नं.४१४ जाजरकोट), ठेगाना : भुर गा.वि.स. ५ जाजरकोट, हाल भेरी न.पा.८ जाजरकोट। |
| | लछे कामीकी बुहारी, बलजित कामीकी पत्नी **धनसरा कामी** (ना.प्र.नं.१७१३ जाजरकोट) ठेगाना : भुर गा.वि.स.६ जाजरकोट, हाल भेरी न.पा.८ जाजरकोट। |
| | बलजित कामीकी बुहारी, कर्ण बहादुर नेपालीकी पत्नी **जया नेपाली** (ना.प्र.नं.६२३०२१/७८ जाजरकोट), ठेगाना : भुर गा.वि.स.६ जाजरकोट, हाल भेरी न.पा.८ जाजरकोट। |
| **शिखर गार्मेन्ट उद्योग एण्ड युनिफर्म हाउस,** भेरी न.पा.३ जाजरकोट। (उद्योग दर्ता नं. १०८७/०७६/७७ उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, जाजरकोट), प्रोप्राइटर : शान्ता परियार (ना.प्र.नं. ६२१०१७/७० जाजरकोट) ठेगाना : पजारु गा.वि.स.८ जाजरकोट, हाल भेरी न.पा.३ जाजरकोट। पति : अमर बहादुर दमाई, ससुरा : सेते दमाई (महिला उद्यमशिलता कर्जा नं.: ४५९०१००००००००४६२०) | गोरे दमाईको नाति, सेते दमाईको छोरा अमर बहादुर दमाई (ना.प्र.नं. २५९५ जाजरकोट) ठेगाना : छेडागाड न.पा.८ जाजरकोट। |

**५) शाखा कार्यालय बुटवल खस्यौली।**

| ऋणीको विवरण | जमानत दाताको विवरण |
|---|---|
| **नमुना कस्मेटिक तथा किराना पसल,** बुटवल उप म.न.पा.११ रुपन्देही। (प्रा.फ.र.नं.४९७९९/०७७/७८ वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय भैरहवा, रुपन्देही), प्रोप्राइटर : तारा क्षेत्री (ना.प्र.नं.२२०/७५७ दाङ), ठेगाना : हलवार १ दाङ, हाल बुटवल उप म.न.पा.११ रुपन्देही। पति : पदम क्षेत्री, ससुरा : चन्द्र बहादुर भुसाल (महिला उद्यमशिलता कर्जा नं:३१२०१०००००००१३६२०) | चन्द्र बहादुर भुसालको नाति, पदम क्षेत्रीको छोरा **सुदन भुसाल** (ना.प्र.नं.४०१०१५/८१४ अर्घाखाची), ठेगाना : गोखुङ्गा गा.वि.स.३ अर्घाखाची, हाल बुटवल उप म.न.पा. ११ रुपन्देही। |
| **जि एण्ड जि कस्मेटिक एण्ड गिफ्ट हाउस,** तिलोत्तमा न.पा.१ रुपन्देही। (प्रा.फ.र.नं.३८९३५/०७३ वाणिज्य कार्यालय रुपन्देही), प्रोप्राइटर : अञ्जु अधिकारी (ना.प्र.नं.६७१०२१/ ५४१२ कैलाली), ठेगाना : धनगढी उप म.न.पा.१९ कैलाली। बाबु : नवराज अधिकारी, पति : राकेश श्रेष्ठ, ससुरा : अवतार श्रेष्ठ। (महिला उद्यमशिलता कर्जा नं:३१२०१००००००००३६२०) | मथुरा श्रेष्ठको नाति, अवतार श्रेष्ठको छोरा **राकेश श्रेष्ठ** (ना.प्र.नं.३७३०२४/९४३ रुपन्देही) ठेगाना : बुटवल १० (हाल १२) रुपन्देही। |
| | मथुरा श्रेष्ठकी बुहारी, अवतार श्रेष्ठकी पत्नी **गंगा कुमारी क्षेत्री** (ना.प्र.नं.२०५७२ रुपन्देही), ठेगाना : बुटवल ९ रुपन्देही। |

**६) शाखा कार्यालय गल्याङबजार।**

| ऋणीको विवरण | जमानत दाताको विवरण |
|---|---|
| **अंकित रेष्टुरेन्ट,** वालिङ न.पा.९ स्याङ्जा। (प्रा.फ.नं.४४५/०७६/०७७ घरेलु तथा साना उद्योग कार्यालय, स्याङ्जा), प्रोप्राइटर : कल्पना राउत (ना.प्र.नं. ४४३०४१/९० स्याङ्जा), ठेगाना : वालिङ न.पा.९ स्याङ्जा। बाबु : ईश्वरी बहादुर क्षेत्री, पति : होम बहादुर राउत क्षेत्री ससुरा : चन्द्र बहादुर (महिला उद्यमशिलता कर्जा नं.३२५०१००००००००४६२०) | नगेन्द्र बहादुरको छोरा **चन्द्र बहादुर राउत क्षेत्री** (ना.प्र.नं.११५८५ स्याङ्जा)। ठेगाना : पेखुवाघखोर २ स्याङ्जा। |
| | नगेन्द्र बहादुरको नाति, चन्द्र बहादुर राउत क्षेत्रीको छोरा **होम बहादुर राउत क्षेत्री** (ना.प्र.नं. ११६०२ स्याङ्जा), ठेगाना : पेखुवाघखोर २ स्याङ्जा। |
| | चन्द्र बहादुर राउत क्षेत्रीकी नातिनी, होम बहादुर राउत क्षेत्रीकी छोरी **अन्जु राउत क्षेत्री** (ना.प्र.नं. ४२-०२-७६-०४८०१ स्याङ्जा) ठेगाना : वालिङ न.पा.९ स्याङजा। |

**७) शाखा कार्यालय ठमेल।**

| ऋणीको विवरण | जमानत दाताको विवरण |
|---|---|
| **पौडेल मिट शप,** सुर्यविनायक न.पा.४ ठिमी हर्षचोक भक्तपुर। (प्रा.फ.र.नं.३-३३-३७५-१५५९१३/२०७७/०७८ वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग त्रिपुरेश्वर, काठमाडौँ), प्रोप्राइटर : गायत्री पौडेल (ना.प्र.नं.२५६७२ सिन्धुली), ठेगाना : कपिलाकोट ९ सिन्धुली, हाल सुर्यविनायक न.पा.४ ठिमी हर्षचोक भक्तपुर। पति : राज कुमार पौडेल, ससुरा : कुल बहादुर पौडेल (महिला उद्यमशिलता कर्जा नं: ११००१००००००००२४६२०) | पदम बहादुर पौडेलको नाति, कुल बहादुर पौडेलको छोरा **राज कुमार पौडेल** (ना.प्र.नं. २११०१८/२१९४३/५२६१ रामेछाप), ठेगाना : देउराली गा.वि.स.६ रामेछाप, हाल मरिण गा.पा.६ सिन्धुली। |
| | कुल बहादुर पौडेलको नाति, राज कुमार पौडेलको छोरा **आविस्कार पौडेल** (ना.प्र.नं.२०-०१-७२-०२३२६ सिन्धुली) ठेगाना : कपिलाकोट गा.वि.स.९ सिन्धुली, हाल मरिण गा.पा.६ सिन्धुली। |

**८) शाखा कार्यालय कोटिहवा।**

| ऋणीको विवरण | जमानत दाताको विवरण |
|---|---|
| **रोस्नी कोल्ड स्टोर,** तिलोत्तमा न.पा.९ रुपन्देही। (दर्ता नं.१७२/९, मिति २०७५/१२/२६ तिलोत्तमा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रुपन्देही)। व्यवसायी : चुम माया राना (ना.प्र.नं. ३२३४४ स्याङ्जा), ठेगाना : सांखर १ स्याङ्जा, हाल तिलोत्तमा न.पा.९ रुपन्देही। पति : रन बहादुर राना, ससुरा : कर्ण बहादुर राना। (महिला उद्यमशिलता कर्जा नं: ३३९०१००००००००६६२०) | मन बहादुर रानाको नाति, कर्ण बहादुर रानाको छोरा **रन बहादुर राना** (ना.प्र.नं.३३८८ स्याङ्जा), ठेगाना : सांखर १ स्याङ्जा। |
| | कर्ण बहादुर रानाकी नातिनी, रन बहादुर रानाकी छोरी **रोश्नी राना** (ना.प्र.नं.३७-०१-७२-०६६९६ रुपन्देही), ठेगाना : तिलोत्तमा न.पा.१२ रुपन्देही। |
| **रोयल लुम्बिनी वेकरी क्याफे,** सिद्धार्थनगर न.पा. ८ रुपन्देही। (प्रा.फ.दर्ता.नं.२२५०२/०७८/७९ घरेलु तथा साना उद्योग कार्यालय सिद्धार्थनगर, रुपन्देही), फर्मधनी : इन्दिरा राना श्रेष्ठ (ना.प्र.नं.३९१०६६/२२९ पाल्पा)। ठेगाना : सिद्धार्थनगर न.पा. ८ रुपन्देही। पती : ज्ञानेन्द्र श्रेष्ठ, ससुरा : जगत नारायण श्रेष्ठ। (महिला उद्यमशिलता कर्जा नं:३३९०१०००००००१९६२०) | अमर नारायणको नाति, जगत नारायण श्रेष्ठको छोरा **ज्ञानेन्द्र श्रेष्ठ** (ना.प्र.नं.३७/१०२ गुल्मी) ठेगाना : सिद्धार्थनगर न.पा.८ रुपन्देही। |
| **शिशिर रमनको नास्ता पसल,** तिलोत्तमा न.पा.१४ रुपन्देही। (दर्ता नं.४२१ मिति २०७८/०७/२५ तिलोत्तमा नगरपालीका, नगर कार्यापालिकाको कार्यालय, रुपन्देही), ब्यवसायी : माया बस्याल (ना.प्र.नं. ३९१०१६/४४ पाल्पा), ठेगाना : चापपानी ९ पाल्पा, हाल तिलोत्तमा न.पा.१३ रुपन्देही। पती : राम प्रसाद न्यौपाने, ससुरा : चन्द्रमणि न्यौपाने। (महिला उद्यमशिलता कर्जा नं.: ३३९०१०००००००१३६२०) | मोतीलाल न्यौपानेको नाति, चन्द्रमणि न्यौपानेको छोरा **राम प्रसाद न्यौपाने** (ना.प्र.नं. १८७९२ रुपन्देही) ठेगाना : सा. टिकुलीगढ ९ रुपन्देही। |

**९) शाखा कार्यालय सुर्खेत।**

| ऋणीको विवरण | जमानत दाताको विवरण |
|---|---|
| **चेतना प्राकृतिक थेरापी केन्द्र,** वीरेन्द्रनगर न.पा.८ सुर्खेत (प्रा.फ.नं.७८३७/०७७/७८, उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, वीरेन्द्रनगर सुर्खेत), सञ्चालक : जानुका भट्टराई (ना.प्र.नं. २७७०७/२९६६ उदयपुर), ठेगाना : बलमता ४ उदयपुर, हाल वीरेन्द्रनगर न.पा.८ सुर्खेत। बाबु : खडानन्द भट्टराई, पति : प्रताप कुमार गौतम, ससुरा : भिमलाल गौतम (महिला उद्यमशिल कर्जा नं: ४०८०१०००००००२१६२०) | भिमलाल गौतमको छोरा **प्रताप कुमार गौतम** (ना.प्र.नं. ६२९ बर्दिया), ठेगाना : गुलरिया न.पा १ बर्दिया। |
| | दण्ड बहादुर चन्दकी छोरी, भिमलाल गौतमकी पत्नी **चिनु कुमारी गौतम** (ना.प्र.नं.१४७५ बर्दिया), ठेगाना : खैरापुर २ बर्दिया, हाल गुलरिया न.पा १ बर्दिया। |

**१०) शाखा कार्यालय धनगढी।**

| ऋणीको विवरण | जमानत दाताको विवरण |
|---|---|
| **सन्तोष बिष्ट** (ना.प्र.नं.७५-०१-६९-०३६९३ कञ्चनपुर), ठेगाना : भिमदत्त न.पा.१९ बागफांटा, कञ्चनपुर। बुवा : धन वहादुर बिष्ट, बाजे : नर बहादुर बिष्ट (पेशाकर्मी सरल कर्जा नं.४१७०१०००००००६४३६०) | हिरा सिंह कार्कीकी छोरी, धन बहादुर बिष्टकी बुहारी, सन्तोष बिष्टकी पत्नी **निर्जला कार्की बिष्ट** (ना.प्र.नं.७५-०१-७३-०३३४० कन्चनपुर), ठेगाना : भिमदत्त न.पा.१९ बागफाँटा, कञ्चनपुर। |

**राष्ट्रिय वाणिज्य बैंक लि.,केन्द्रीय कार्यालय**
**कर्जा अनुगमन तथा असुली विभाग**
**फोन नम्बर ०१-५७२१२२०, एक्सटेन्सन नं.२६२७**

## आयोजक बयरघारीलाई उपाधि

**स्याङ्जा** (गोरखापत्र), जेठ २३ गते। आयोजक बयरघारी पिस युथ क्लबले बुधबार राङखोला भलिबल क्लबलाई २५–२२, २५–२२ र २५–२१ ले हराएर तेस्रो खुला पुरुष भलिबल प्रतियोगिताको उपाधि जितेको छ। बुद्ध जयन्ती तथा वार्षिकोत्सवको आयोजना गरिएको प्रतियोगिता जितेपछि बयरघारीले ट्रफीसहित एक लाख १० हजार रुपियाँ र उपविजेतामा सीमित राङखोलाले ६५ हजार रुपियाँ हात पारेका छन्।

प्रतियोगितामा न्यु होराइजन भलिबल क्लब तेस्रो बन्दै ३५ हजार रुपियाँ र चौथो बनेको वालिङ भलिबल क्लबले २५ हजार रुपियाँ जिते। प्रतियोगितामा उत्कृष्ट खेलाडी उमेश सेन्चुरी (बयरघारी), उत्कृष्ट स्पाइकर दर्शन गुरुङ (राङखोला), उत्कृष्ट सेटर देवेन्द्र परियार (बयरघारी), उत्कृष्ट ब्लकर लेसन गुरुङ (राङखोला), उत्कृष्ट कुइकर विवश पुलामीमगर (बयरघारी), उत्कृष्ट सर्भर रूपेश नेपाली (न्यु होराइजन), उत्कृष्ट डिफेन्डर दिवस रुचाल (बयरघारी) र इमर्जिङ खेलाडी आयुष थापा (न्यु होराइजन) घोषित हुनुभयो।

## असोजमा पथरीशनिश्चरे गोल्डकप

**उर्लाबारी** (गोरखापत्र), जेठ २३ गते। पथरीशनिश्चरे गोल्डकप फुटबल प्रतियोगिता असोजको पहिलो साता हुने भएको छ। यसअघि जेठ १२ गतेदेखि हुने गरी खेल तालिका सार्वजनिक गरिएको थियो।


छोटो समयमा खेल तालिका बनेको भन्दै राष्ट्रिय लिग खेल्ने फुटबल क्लबले प्रतियोगितामा सामेल हुन नसक्ने जनाएपछि क्लबका प्रशिक्षकको सल्लाह अनुसार नै प्रतियोगिता असोज पहिलो साताका लागि सारिएको हो। भारतको एउटा क्लबसहित १० टिमले भाग लिने प्रतियोगिता पथरीशनिश्चरे–१ को जाँतेमोडस्थित प्रस्तावित नगर रङ्गशालामा हुने छ। प्रतियोगिताका विजेतालाई चार लाख, उपविजेता टिमलाई दुई लाखसहित ट्रफी प्रदान गरिने छ।

## शारीरिक सुगठन टोली माल्दिभ्स जाने

**काठमाडौँ** (गोरखापत्र), जेठ २३ गते। चौधौँ दक्षिण एसियाली शारीरिक सुगठन तथा फिजिक स्पोर्ट्स च्याम्पियनसिपमा सहभागी हुन तीन सदस्यीय नेपाली टोली बिहीबार माल्दिभ्स जाने भएको छ।

जुन ६ देखि १० तारिखसम्म हुने प्रतियोगिताको पुरुष ८० केजीमा कृष्णप्रसाद श्रेष्ठले प्रतिस्पर्धा गर्नुहुने छ। कृष्ण नेपालमा गत वर्ष काठमाडौँमा भएको ५५ औँ एसियाली शारीरिक सुगठनका कांस्य पदक विजेता हुनुहुन्छ।। व्यवस्थापकमा नेपाल शारीरिक सुगठन तथा फिट्नेस महासङ्घका उपाध्यक्ष वकिलमान तुलाधर उदास तथा निर्णायकमा राजेश मुल्मी रहनुभएको छ। माल्दिभ्समै गत वर्ष भएको १३ औँ संस्करणमा ललित धिमालले नेपाललाई स्वर्ण पदक दिलाउनुभएको थियो। राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टङ्कलाल घिसिङ र महासङ्घका वरिष्ठ उपाध्यक्ष विजयलाल कायस्थले बुधवार शुभकामनासहित सो टोलीलाई बिदाइ गर्नुभयो।

# पुलिसको अपराजित यात्रा कायम



**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २३ गते*

प्रधानमन्त्री कप एनभिए पुरुष भलिबल लिगमा बुधबार दुई दाबेदार टिमबिच भएको भिडन्तमा नेपाल पुलिस क्लबले नेपाल आर्मी क्लबलाई हराएको छ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्ड हलमा भएको खेलमा पुलिसले २५–२७, २६–२४, २५–२१, २५–१८ ले खेल जित्यो। यी दुवै टिम पछिल्ला चार खेलमा अपराजित रहँदै एकअर्काविरुद्ध भिडेका थिए। आर्मीले चालु प्रतियोगितामा सेट गुमाएको नै यो पहिलो पटक हो। यसअघिका चार खेलमा आर्मीले बुढानीलकण्ठ भलिबल क्लब, कोशी प्रदेश, एपिएफ र सुदूरपश्चिमलाई सिधा सेटमा पराजित गरेको थियो। सो खेलमा पुलिसका रविन नगरकोटी म्यान अफ दी म्याच बन्नुभयो। पुलिसले जितपछि पाँच खेलबाट सर्वाधिक १४ अङ्क बनाएको छ। पहिलो हार बेहोरेको आर्मीको १२ अङ्क छ। अर्को खेल दुई जितविहीन टिम सुदूरपश्चिम र कोशी प्रदेशबिच भएको थियो। जसमा सुदूरपश्चिमले १९–२५, २५–२१, २५–२२, २५–१६ ३–१ ले बाजी मार्‍यो। पछिल्ला चार खेलमा हार बेहोरेको सुदूरपश्चिमले जितको खाता खोल्यो भने कोशीले पाँचै खेलमा हार बेहोर्‍यो।

प्रधानमन्त्री कप एनभिए महिला भलिबल लिगमा नेपाल आर्मीले बुधबार न्यु डायमन्डविरुद्ध ३–२ सेटको शानदार पुनरागमन जित हात पारेको छ। सुरुका दुई सेट गुमाएको आर्मी तेस्रो सेटमा पनि पछाडि परेपछि हारतर्फ उन्मुख थियो तर आर्मीले शानदार पुनरागमन जनाउँदै बाँकीका तीन सेट २५–१७, २५–२३, १५–१२ ले आफ्नो पक्षमा पार्‍यो। पहिलो जितको नजिक रहेको न्यु डायमन्ड पाँचौँ तथा अन्तिम सेटमा पनि ११–८ ले अगाडि थियो तर आर्मीले लगातार अङ्क जित्दै खेल आफ्नो पक्षमा पार्‍यो। आर्मीको यो चार खेलमा दोस्रो जित हो।

बुधबार भएको पहिलो खेलमा नेपाल पुलिस क्लबले तुलनात्मक रूपमा कमजोर कर्णाली प्रदेशलाई सजिलै २५–७, २५–६, २५–८ ले हरायो। पुलिसको यो लगातार चौथो जित भएको छ। कर्णाली अहिलेसम्म एक सेट पनि जित्न नसकी अङ्कविहीन छ।

# नेपाली कबड्डीले विश्वकप खेल्ने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २३ गते*

चौथो बङ्गबन्धु कप पुरुष अन्तर्राष्ट्रिय कबड्डी प्रतियोगिताको उपविजेता बनेर इतिहास बनाएपछि नेपाल पुरुष कबड्डी टोली सन् २०२५ मा हुने विश्वकपका लागि पनि चयन भएको छ। अखिल नेपाल कबड्डी सङ्घका महासचिव अरविन्दकुमार झाले सो प्रतियोगिताबाट सेमिफाइनलमा पुग्ने चार टिम विश्वकपमा चयन हुने प्रावधान अनुरूप नेपालले आगामी विश्वकप खेल्ने भएको जानकारी दिनुभएको हो।

बङ्गलादेशको ढाकामा सोमबार सम्पन्न प्रतियोगिताको फाइनलमा नेपाल आयोजक राष्ट्र बङ्गलादेशसँग ४५–३१ ले पराजित भएको थियो। विगतका तिनै संस्करणको उपाधि पनि बङ्गलादेशले नै जितेको थियो। फाइनलमा हारे पनि नेपाली कबड्डीको इतिहासमा पुरुष टोलीले हासिल गरेको यो अहिलेसम्मकै ठुलो उपलब्धि हो। नेपाली कबड्डीले एकपछि अर्को सफलता प्राप्त गर्दै आएको छ। पछिल्लो एसियाली खेलकुदमा पनि नेपालको महिला कबड्डी टोलीले कांस्य पदक जितेर इतिहास रचेको थियो। यसअघि पछिल्ला पाँच वर्षमा नेपाली कबड्डीको उपलब्धि भनेको १३ औँ दक्षिण एसियाली खेलकुदमा महिला कबड्डीले जितेको रजत र सन् २०२३ मा दोस्रो जुनियर विश्वकप कबड्डी च्याम्पियनसिपमा कांस्य पदक रहेको छ।

बङ्गबन्धु कप पुरुष अन्तर्राष्ट्रिय कबड्डीमा नेपालसहित विभिन्न १२ राष्ट्रको सहभागिता रहेको थियो। सहभागी टोलीलाई दुई समूहमा विभाजन गरी लिग कम नकआउट आधारमा खेल खेलाइएको थियो। नेपाल समूह 'ए' मा थियो। समूह चरणको खेलमा नेपालले मलेसियालाई ६७–३०, पोल्यान्डलाई ९३–४१, दक्षिण कोरियालाई ६७–४५ र इन्डोनेसियालाई ६३–३५ ले पराजित गरेको थियो। समूह चरणमा बङ्गलादेशसँग ४६–३१ ले चुकेको नेपाल समूह उपविजेता हुँदै सेमिफाइनलमा पुगेको थियो। नेपालले सेमिफाइनलमा नेपालले केन्यालाई पेनाल्टी (५ रेड) मा ९–५ ले हराउँदै बङ्गलादेशसँग उपाधि भिडन्त पक्का गरेको थियो। सेमिफाइनलमा निर्धारित समयको खेल ५०–५० को बराबरीमा टुङ्गिएको थियो।

प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेका नेपालका कप्तान घनश्याम रोकामगर पाँच खेलमा 'म्यान अफ दी म्याच' सहित प्रतियोगिताकै सर्वोत्कृष्ट खेलाडी घोषित हुनुभएको थियो। भारतीय प्रो कबड्डी लिगको १० औँ सिजनमा खेलिसकेका घनश्याम नेपालले जितेको सबै खेलमा 'म्यान अफ दी म्याच' घोषित हुनुभएको थियो। घनश्यामले प्रत्येक 'म्यान अफ दी म्याच' का लागि १५ हजार तथा सर्वोत्कृष्ट खेलाडीका लागि ३० हजार बङ्गलादेशी टाका प्राप्त गर्नुभयो। भारतीय प्रो लिगमा घनश्याम हरियाणा स्टिलर्समा १३ लाख भारतीय रुपियाँमा अनुबन्धित हुनुभएको थियो। प्रो लिगमा नेपाली खेलाडीमध्ये उहाँ सर्वाधिक पारिश्रमिक पाउने खेलाडी हुनुहुन्छ। घनश्यामअघि चार नेपाली खेलाडीले प्रो लिग खेलिसकेका छन्।

# जोकोभिचले वरीयता गुमाउने



**पेरिस**, जेठ २३ गते। विश्वका नम्बर एक टेनिस खेलाडी नोभाक जोकोभिचले घुँडाको चोटका कारण बुधबार फ्रेन्च ओपनको क्वाटरफाइनल खेल परित्याग गर्नुभएको छ। यस निर्णयसँगै जोकोभिचले फ्रेन्च ओपनपछि नम्बर एक स्थान पनि गुमाउने भएका छन्।

सर्वाधिक २४ पटक ग्रान्डस्लाम जितेर कीर्तिमान कायम गर्ने सर्बियाका जोकोभिच उपाधि रक्षा अभियानमा हुनुहुन्थ्यो। उहाँले बुधबार अन्तिम आठमा सातौँ वरीयताका कास्पर रुडविरुद्ध खेल्नुपर्ने थियो। पछिल्लो वर्ष जोकोभिचले रुडलाई नै हराएर फ्रेन्च ओपन जित्नुभएको थियो। सन् २०२२ मा पनि रुड फाइनलमा राफेल नाडालसँग हार्नुभएको थियो।

चौथो चरणमा साढे चार घण्टा चलेको पाँच सेटमा फ्रान्सिस्को सेरुन्डोलोलाई हराएको खेलमा जोकोभिचको घुँडाको चोट बल्झेको थियो। त्यसपछि एमआरआई गरेपछि उहाँले खेल्न नसक्ने जानकारी दिनुभएको हो। जोकोभिचको नम्बर एक स्थान अब अर्को हप्ता इटालीका यानिक सिनरले लिनुहुने छ। दोस्रो वरीयताका सिनर ग्रिगोर डिमिट्रोभलाई ६–२, ६–४, ७–६ (३) ले हराएर सेमिफाइनलमा पुग्नुभएको छ। गत जनवरीमा अस्ट्रेलियन ओपन पनि जितेका सिनर टेनिसमा विश्व नम्बर एक हुने इटालीका पहिलो खेलाडी हुनुहुने छ। **एपी**

# योगेन्द्रले एसियाली कुराँसमा प्रतिस्पर्धा गर्ने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २३ गते*

योगेन्द्र विष्टले १३ औँ एसियाली कुराँस च्याम्पियनसिपमा प्रतिस्पर्धा गर्नुहुने भएको छ। उहाँले पुरुष ८१ केजीमुनि तौल समूहमा नेपालको चुनौती प्रस्तुत गर्नुहुने छ। प्रतियोगिता इरानको तेहरानमा जुन ६ देखि १० तारिखसम्म हुने छ। एसियाली प्रतियोगितामा योगेन्द्रको यो पहिलो सहभागिता हो। योगेन्द्र भारतको केरलामा गत अप्रिलमा भएको प्रथम दक्षिण एसियाली कुराँस प्रतियोगिताका स्वर्ण विजेता हुनुहुन्छ।

योगेन्द्रसँगै मनोज आचार्य र नेपाल कुराँस सङ्घका कार्यवाहक अध्यक्ष जीवन राई पनि इरान जानुहुने छ। मनोज प्रशिक्षक सेमिनार तथा जीवन एसियाली कुराँसको कांग्रेसमा सहभागी हुनुहुने छ। दुवै कार्यक्रम प्रतियोगिताकै दौरानमा हुने छ। सो टोली बिहीबार इरान प्रस्थान गर्ने छ। राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टङ्कलाल घिसिङले बुधबार शुभकामनासहित बिदाइ गर्नुभयो।

# सिन्दिरा चेस ओलम्पियाडमा चयन

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २३ गते*

नेपालकी पूर्वच्याम्पियन सिन्दिरा जोशी बुधबार ४५ औँ चेस ओलम्पियाडमा चयन हुनुभएको छ। नेपाल बुद्धिचाल महासङ्घ र लुम्बिनी इभेन्ट म्यानेजमेन्टको संयुक्त आयोजनामा सञ्चालन भइरहेको २४ औँ खुला र नवौँ राष्ट्रिय महिला बुद्धिचाल प्रतियोगिता अन्तर्गत नवौँ चरण सकिँदा सिन्दराले सर्वाधिक आठ अङ्क बनाएर एकल अग्रता हासिल गर्नुभएको हो। यससँगै सिन्दिरा आगामी सेप्टेम्बर ९ देखि २३ गतेसम्म हङ्गेरीको बुढापेस्टमा हुने चेस ओलम्पियाडमा खेल्न योग्य हुनुभएको छ।

नेपाल बुद्धिचाल महासङ्घले नेपालका शीर्ष रेटेड खेलाडी, नेपाल च्याम्पियन एक र यस प्रतियोगितामा शीर्ष तीन स्थान प्राप्त गर्ने खेलाडीलाई ४५ औँ चेस ओलम्पियाडमा चयन हुने प्रावधान बनाएको छ। सुजना लोहनी नेपाल च्याम्पियन र शीर्ष रेटेड खेलाडी भएकाले यस प्रतियोगिताबाट चार महिला खेलाडी छनोट हुने छन्। ओलम्पियाडमा सहभागी हुने होडमा रहेका शान्ति धिमाल सात अङ्कसहित दोस्रो स्थानमा हुनुहुन्छ। यसै गरी पूजा भण्डारी र कृतिसरा अधिकारी समान ६.५ अङ्कसहित संयुक्त रूपमा तेस्रो स्थानमा रहनुभएको छ। बिहीबार अन्तिम चरणको खेलमा अनुकूल नतिजा निकालेर काठमाडौँकी रिया श्रेष्ठ र विनिता कपाली पनि ओलम्पियाडमा चयन हुने आशामा हुनुहुन्छ। यी दुवैले समान ५.५ अङ्क बनाउनुभएको छ।

यसै गरी पुरुषतर्फ १९५९ रेटेड प्राप्त झापाका राजन सुवेदीले छ खेलमा जित र एकमा बराबर खेल्दै नेपाल च्याम्पियन हुने मार्गमा एकल अग्रता बनाउनुभएको छ। १९६१ रेटेड प्राप्त एआइएम शुश्रुत दाहाल, २११२ रेटेड युवा पुरुषोत्तम सिलवाल र २०८५ रेटेड एफएम क्षितिज भण्डारी समान ६–६ अङ्कसहित संयुक्त रूपमा दोस्रो स्थानमा रहनुभएको छ। नेपालका उत्कृष्ट फिडे रेटेड विवेक थिङ र नेपाल च्याम्पियन रूपेश जैसवालको नाम पक्का गरिसकेको छ। बाँकी तीन जनाले यस प्रतियोगिताबाट ओलम्पियाडमा आआफ्नो स्थान पक्का गर्ने छन्।

## कला/साहित्य

## धनगढीमा बालचलचित्र महोत्सव

**गोदावरी (कैलाली)** (गोरखापत्र), जेठ २३ गते। सुदूरपश्चिमको धनगढीमा राष्ट्रिय बालचलचित्र महोत्सव आयोजना गरिने भएको छ। चलचित्र विकास बोर्डको आयोजनामा असार ७ देखि ९ गतेसम्म महोत्सव आयोजना गरिने जनाइएको छ।

चलचित्र विकास बोर्डका सदस्य तथा राष्ट्रिय बालचलचित्र महोत्सवका संयोजक केएल बुढाथोकीका अनुसार बालबालिकालाई आफ्नो कथा भन्ने र हेर्ने वातावरण तयार गर्न तथा उनीहरूमा सिने साक्षरता बढाउन धनगढीमा बालचलचित्र महोत्सव गर्न लागिएको हो। महोत्सवले बालबालिकालाई सिनेमामार्फत उनीहरूको सोच, विचार, व्यवहार, भावना र धारणामा परिष्कार ल्याउनु सहयोग गर्ने छ। महोत्सवमा बालचलचित्र प्रदर्शनी तथा प्रतिस्पर्धा गरिनुका साथै स्थानीय कला संस्कृति झल्कने झाँकी, सांस्कृतिक कार्यक्रम गरिने जनाइएको छ।

## जुम्लामा नाट्य कार्यशाला




**काठमाडौँ** (गोरखापत्र), जेठ २३ गते। नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानको आयोजनामा जुम्लामा ध्वनि, प्रकाश र निर्देशन र अभिनयसम्बन्धी १५ दिने कार्यशाला सम्पन्न भएको छ। जुम्लाको कसंम नाटकघरमा वैशाख २१ देखि जेठ ४ गतेसम्म आयोजित प्रशिक्षण कार्यशालामा विभिन्न जिल्लाका २२ जना प्रशिक्षार्थी सहभागी भएका थिए।

कार्यशालामा ध्वनि, प्रकाश र निर्देशन र अभिनयसम्बन्धी सैद्धान्तिक एवं प्रयोगात्मक ढाँचामा प्रशिक्षण सञ्चालन गरिएको थियो। भानुभक्त उपाध्याय र सुनील पोखरेलले सहभागी प्रशिक्षार्थीलाई प्रशिक्षण दिनुभएको थियो।

कार्यशाला समापनमा प्रशिक्षार्थीले नाटक मञ्चनसमेत गरेका थिए। समापन कार्यक्रममा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानकी कुलपति निशा शर्माले रङ्ग क्षेत्रमा अघि बढ्न चाहनेलाई उत्प्रेरित र नाटकका सैद्धान्तिक तथा प्रयोगात्मक ज्ञान प्राप्त होस् भन्ने उद्देश्यले कार्यशाला आयोजना गरिएको बताउनुभयो।

उहाँले कार्यशालामा सिकेको सिप र ज्ञानलाई प्रयोगमा ल्याउन आग्रह गर्नुभयो। रङ्गकर्मी सुनील पोखरेलले नेपाली नाटकको संरक्षण र विकास गर्न देशका सबै क्षेत्रबाट युवा सहभागी हुनुपर्नेमा जोड दिनुभयो।

# जागरण कालमा नेपाली नाटक



**सुकृत नेपाल**
*काठमाडौँ, जेठ २३ गते*

> मण्डला थिएटर, गुरुकुल, कौसी थिएटर, शिल्पी थिएटर, कुञ्ज थिएटर अहिले काठमाडौँमा चलेका थिएटर हुन्। काठमाडौँबाहिर सीमित मात्रामा मात्र थिएटर सञ्चालनमा छन्। पोखराको पोखरा थिएटर, झापाको परिवर्तन थिएटर, दमकको कदम थिएटर अहिले नाम चलेका थिएटर हुन्।

नाटक मञ्चनमा दर्शकको भूमिका महत्त्वपूर्ण हुन्छ। समुदाय र कलाकारबिच अन्तर्क्रिया नभएसम्म नाटक मञ्चनले कुनै अर्थ राख्दैन। डबली, सडक नाटकदेखि रङ्गमञ्चसम्म आइपुग्दा नेपाली नाटकले फड्को मारेको पाइन्छ। पछिल्ला केही वर्षयता नेपाली रङ्गमञ्चले मञ्चनका क्षेत्रमा द्रुत गति अघि बढाएको छ।

नाट्यकर्मी अशेष मल्लका अनुसार अहिले रङ्गमञ्च धेरै फराकिलो तवरले अघि बढेको छ। पछिल्लो पाँच/सात वर्षयता रङ्गमञ्चमा रुचि देखाउनेको सङ्ख्या ह्वात्तै बढेको छ। अहिले रङ्गमञ्चबाट धेरै कुराको आशा गर्न सकिन्छ। नेपाली रङ्गमञ्चका लागि यो एक प्रकारको जागरण काल हो। अहिले जति पनि नेपाली नाटक देशबाहिर महोत्सवमा जान्छन्, ती नाटकमा केही पनि कमी छैन तर एउटै कुरा के छ भने रङ्गमञ्चमा हामीले अझै पनि आफ्नो कुरा भन्न सकेका छैनौँ।

उहाँले भन्नुभयो, "लोक संस्कृतिमा हामी यति धनी छौँ कि त्यसलाई हामीले नाटकमा अझै ल्याउन सकेका छैनौँ।" उहाँका अनुसार अहिले भर्खर त नेपाली रङ्गमञ्च उठ्न उठ्न थालेको छ। जसले गर्दा बाहिरी जिल्लामा पनि यसको प्रभाव देखिन थालेको छ। राज्यले पनि खासै साथ दिएको छैन। उहाँले भन्नुभयो, "यस्तो हुँदाहुँदै पनि आफ्नो निजी खर्चमा नाटकलाई यहाँसम्म ल्याउनु भनेको सानो कुरा होइन। नेपाल मात्र यस्तो देश हो रङ्गमञ्चका लागि न स्कुल छ र पाठ्यक्रममा नै यसलाई समावेश गरिएको छ।"

उहाँका अनुसार सबै जिल्लामा त होइन, केही केही ठाउँमा रङ्गमञ्चको जागरण आवश्यक छ। गत महिना नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानले जुम्लाको कसंम नाटकघरमा प्रशिक्षण कार्यशाला तथा तथा नाटक निर्माण गरेको थियो।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानका कुलपति निशा शर्माले प्रतिष्ठानले सडक नाटकभन्दा सांस्कृतिक तथा अन्य नाटकमा जोड दिने बताउनुभयो। उहाँका अनुसार झापामा पनि नाटक कार्यशाला र मञ्चन गरिएको थियो। उहाँले कार्यशालामा सिक्ने काम मात्र हुने भएकाले नाटक निर्माण गरिएमा दर्शकले हेर्न पाउने बताउनुभयो। उहाँका अनुसार यी गतिविधि वार्षिक कार्यक्रमबमोजिम भएका थिए। आउँदो वर्ष फेरि पनि रङ्गमञ्चसम्बन्धी कार्यशाला सञ्चालन गरिने छ। जुम्लामा ४० जना अट्ने एउटा सानो कोठामा कार्यशालासँगै नाटक मञ्चन गरिएको छ। नाटक नाट्य प्रतिष्ठानले गरोस् या अन्य कुनै संस्थाले नाटक कहिले पनि सित्तैमा देखाउनु हुँदैन भन्ने धारणा कुलपति शर्माको छ। जुम्लामा नाटक मञ्चन गर्ने कलाकारलाई दर्शक आफैँले केही पैसा उठाएर दिएका थिए। त्यसैले नाटक सित्तैमा देखाउनु हुन्न भन्ने पक्षमा आफू रहेको उहाँको भनाइ छ।

मण्डला थिएटर, गुरुकुल, कौसी थिएटर, शिल्पी थिएटर, कुञ्ज थिएटर अहिले काठमाडौँमा चलेका थिएटर हुन्। काठमाडौँबाहिर सीमित मात्रामा मात्र थिएटर सञ्चालनमा छन्। पोखराको पोखरा थिएटर, झापाको परिवर्तन थिएटर, दमकको कदम थिएटर अहिले नाम चलेका थिएटर हुन्। झापाको परिवर्तन थिएटरका संयोजक काबु नेपाल नाट्य प्रतिष्ठानले नाटकका लागि यस पटक केही बजेट छुट्याइदिएकाले काम गर्न जोश जाँगर आएको बताउनुभयो। अहिले पनि रङ्गमञ्चमा खासै सुधार नभएको उहाँको गुनासो छ। काठमाडौँमा त नाटकबाट लगानी उठाउन सकिन्छ तर काठमाडौँबाहिरका थिएटरमा धेरै गाह्रो छ। नाटक मञ्चन गरेर लगानी उठ्न नै हम्मे हम्मे हुन्छ। पोखरा थिएटरका अध्यक्ष परिवर्तनले पोखराकै प्रतिष्ठानबाट सहयोग हुन्छ, केन्द्रको प्रतिष्ठानबाट खासै सहयोग नभएको बताउनुभयो। केन्द्रबाट हरिहर शर्माका बेलामा केही सहयोग भएको तर अहिले त झन् प्रदेशबाट नै सहयोग भइहाल्छ नि भनेर पनि खासै मतलब नगरेको हो कि ? अहिले दर्शकको पनि नाटकघरमा चाप बढेको उहाँ स्विकार्नुहुन्छ।

# सिन्धुलीमा शास्त्रीको सम्झना

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २३ गते*

उमानाथ शास्त्री सिन्धुलीयको १०३ औँ जन्मजयन्ती सिन्धुलीमाढीमा मनाइएको छ।

सिन्धुलीमाढीस्थित उमानाथ शास्त्री सिन्धुलीय साहित्य प्रतिष्ठानको भवनमा बुधबार आयोजित कार्यक्रममा कविको सालिकमा माल्यार्पणपछि रचना वाचन गरिएको थियो।

कार्यक्रममा बाबुराम फुयाँल, केशव फुयाँल, केदार देवकोटा, धनमाया राई, हरि अधिकारी, महेश्वर कोइरालालगायतले कविता वाचन गर्नुभएको थियो।

प्रतिष्ठानका अध्यक्ष तुलसी ढकालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा शास्त्रीजीको जीवनी र कृतित्त्वबारे लेखक फाल्गुणी शर्माले चर्चा गर्नुभएको थियो।

कमला हाईस्कुलका २०३१ सालका एसएलसी उत्तीर्ण ब्याजी विद्यार्थीले कमलामाई नगरपालिका मिलनचोकस्थित प्रतिष्ठानको प्राङ्गणमा कवि शास्त्रीजीको सालिक निर्माण गरेका छन्। कवि शास्त्रीको 'मकवानीवाला' महाकाव्य र 'मधुर सपना' गीतसङ्ग्रह प्रकाशित छन्।

# मन्थलीमा सांस्कृतिक सङ्ग्रहालय निर्माण गरिने

**रामेछाप समाचारदाता**
*रामेछाप, जेठ २३ गते*

रामेछाप सदरमुकाम मन्थलीमा सांस्कृतिक सङ्ग्रहालय निर्माण हुने भएको छ। मन्थली नगरपालिका–२, आकासेमा संस्कृति संरक्षण तथा सामाजिक विकास केन्द्र, काठमाडौँको सहजीकरणमा सांस्कृतिक सङ्ग्रहालय निर्माण हुने भएको हो।

सङ्घ, प्रदेश र स्थानीय सरकारसहित विभिन्न सङ्घ संस्थाको सहयोग र समन्वयमा केन्द्रले सांस्कृतिक सङ्ग्रहालय निर्माण गर्न लागेको केन्द्रका निर्देशक कृष्ण पाण्डेले बताउनुभयो। उहाँले भन्नुभयो, "नेपाली कला, मौलिकता, परम्परा र पहिचान गरी लोपोन्मुख सकारात्मक संस्कृतिको संरक्षण गर्ने उद्देश्यले सांस्कृतिक सङ्ग्रहालय निर्माण गर्ने अभियानको थालनी गरिएको छ। आकासेस्थित आपत्कालीन सेवा केन्द्र (सेफ हाउस) को पश्चिमतर्फको सात रोपनी जग्गामा सङ्ग्रहालय निर्माणका लागि नगरपालिकाले सिफारिस गरेको छ।" नगरपालिकाले सिफारिस गरेको स्थानमा सङ्ग्रहालय बनाउन केही समयपछि लागत स्टिमेड बनाउने तयारी भइरहेको उहाँले बताउनुभयो।

रामेछापमा पर्यटन विकास गर्ने र सांस्कृतिक अध्ययन स्थलका रूपमा विकास गरी सामाजिक चेतना र स्वास्थ्य स्तरमा सकारात्मक सुधार ल्याउन सहयोग पुग्ने उद्देश्यले सांस्कृतिक सङ्ग्रहालय बनाउन संस्थाले सहजीकरण गरेको केन्द्रकी अध्यक्ष सीता सुनुवारले बताउनुभयो। मन्थली नगरपालिका प्रमुख लव श्रेष्ठले संस्कृति संरक्षण तथा सामाजिक विकास केन्द्रले एक वर्षदेखि सङ्ग्रहालय निर्माणका लागि जग्गा उपलब्ध गराउन आग्रह गरेकाले नगरपालिकाले जग्गाका लागि सम्बन्धित निकायमा सिफारिस गरेको बताउनुभयो।

**नेपाल राष्ट्र बैङ्क**
केन्द्रीय कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभाग
**नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दर**
२०८१ साल जेठ २४ गते (जुन ६, २०२४) बिहीबारको विनिमय दर

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपियाँ | १०० को | रु १६०।०० | रु १६०।१५ |

खुला बजार विनिमय दर (नेपाल राष्ट्र बैङ्कको प्रयोजनका लागि)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| अमेरिकी डलर | १ को रु. | १३३।१० | १३३।७० |
| युरो | १ को रु. | १४४।५९ | १४५।२४ |
| पाउन्ड स्टर्लिङ | १ को रु. | १७०।०० | १७०।७६ |
| स्विस फ्रैङ्क | १ को रु. | १४९।१० | १४९।७७ |
| अस्ट्रेलियन डलर | १ को रु. | ८८।४३ | ८८।८३ |
| क्यानेडियन डलर | १ को रु. | ९७।३० | ९७।७४ |
| सिङ्गापुर डलर | १ को रु. | ९८।७९ | ९९।२६ |
| जापानी येन | १० को रु. | ८।५२ | ८।५६ |
| चिनियाँ युआन | १ को रु. | १८।३७ | १८।४५ |
| साउदी अरब रियाल | १ को रु. | ३५।४९ | ३५।६५ |
| कतारी रियाल | १ को रु. | ३६।५१ | ३६।६७ |
| थाई भाट | १ को रु. | ३।६३ | ३।६४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को रु. | ३६।२४ | ३६।४० |
| मलेसियन रिङ्गिट | १ को रु. | २८।३३ | २८।४६ |
| दक्षिण कोरियन वन | १०० को रु. | ९।६९ | ९।७४ |
| स्विडिस क्रोनर | १ को रु. | १२।७५ | १२।८१ |
| डेनिस क्रोनर | १ को रु. | १९।३८ | १९।४७ |
| हङकङ डलर | १ को रु. | १७।०४ | १७।१२ |
| कुवेती दिनार | १ को रु. | ४३४।३६ | ४३६।३१ |
| बहराइन दिनार | १ को रु. | ३५३।११ | ३५४।७० |

**नोट**: यो विनिमय दरलाई बैङ्कले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ।
* वाणिज्य बैङ्कहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ।
* अद्यावधिक विनिमय दर बैङ्कको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

गोरखापत्र संस्थानका लागि कार्यकारी अध्यक्ष **विष्णुप्रसाद सुवेदी** तथा महाप्रबन्धक **लालबहादुर ऐरी**द्वारा गोरखापत्रको छापाखाना, धर्मपथ, काठमाडौँमा मुद्रित तथा प्रकाशित। पो.ब.नं. २३, काठमाडौँ, नेपाल। द.नं. ०२। गो.हु.का.द.नं. २९/०५३/५४। निमित्त प्रधान सम्पादक **शिवकुमार भट्टराई**
सम्पादकीय : फोन नं. ०१-५३२२९२१, रिपोर्टिङ : ०१-५३४४४२९, डेस्क : ०१-५३५६०८४, **E-mail: gcreportin@gmail.com,** विज्ञापन शाखा : फोन नं. ०१-५३२७४९३, ०१-५३२६५२९, **E-mail: mgorkhapatra@gmail.com,** ग्राहक सेवा शाखा : ०१-५३२०६३८, टोल फ्री नं. १६६०-०१-९४४४४